
# राष्ट्रिय मानव अधिकार आयोग




# वार्षिक प्रतिवेदन २०६१/६२





**प्रतिवेदन तयारी समिति**

सूर्यबहादुर देउजा - संयोजक
माधव प्रसाद गौतम - सदस्य
दीपकजङ्गध्वज कार्की - सदस्य

**कभर डिजाइन तथा लेआउट**

सुबोध पोखरेल

**प्रकाशक**

**राष्ट्रिय मानव अधिकार आयोग**

पुल्चोक, हरिहरभवन, ललितपुर
पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
हटलाइनः ५५२५६५९, फ्याक्स ००९७७-१-५५४७९७३
इमेलः nhrc@nhrc-nepal.org.np वेबसाइट www.nhrcnepal.org

# मन्तव्य

मानव अधिकार आयोग ऐन, २०५३ मा व्यवस्था भएबमोजिम राष्ट्रिय मानव अधिकार आयोगको आ.व. २०६१/०६२ को पाँचौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ । संसद् नभएकोले आयोगको पहिलो बाहेक अन्य प्रतिवेदनहरु संसद्मा छलफल हुन नसके तापनि आयोगले आफ्ना वार्षिक प्रतिवेदनहरु प्रस्तुत गर्दै सर्वसाधारणको जानकारीको लागि प्रकाशनमा समेत ल्याएको छ ।

आयोगका पदाधिकारीहरुको पहिलो कार्यकाल यसै वर्ष समाप्त भएकोले दोस्रो कार्यकालका लागि २०६२ जेठ १३ गते नयाँ पदाधिकारीहरुको नियुक्ति भएको छ । आयोगका नयाँ पदाधिकारीहरुको नियुक्ति पश्चात् शुरुका दिनमा नियुक्तीको प्रक्रिया र यसको स्वतन्त्रतालाई लिएर विभिन्न टिका टिप्पणी भएता पनि आयोगले आफ्नो काम कारवाही अझ सक्रिय र प्रभावकारी बनाई सर्वसाधारणको आयोग प्रतिको विश्वासलाई अक्षुण राख्न सफल भएको छ ।

परिवर्तित अवस्थामा मानव अधिकारको क्षेत्रमा काम गर्नेहरुलाई विभिन्न वाधा व्यवधानहरु आएको भन्ने विषयलाई आयोगले गम्भीर रुपमा लिई उनीहरुले निर्वाध रुपमा काम गर्ने वातावरण सृजना गर्नको लागि आफ्ना प्रयाशलाई जारी राख्यो । आयोगले गैरसरकारी संस्थाका कार्यालयहरुको भ्रमण, उनीहरुसँग विभिन्न विषयमा केन्द्रीय र जिल्लास्तरमा अन्तरक्रिया गर्नुका साथै उनीहरुको कार्यमा वाधा परेको भन्ने विषयको अनुगमन गरी विभिन्न समयमा श्री ५ को सरकारलाई सजग गराउने कार्य गर्‍यो । आयोगको प्रयाशबाट केही खुकुलोपन आए पनि मानव अधिकार संरक्षकहरुले निर्वाधरुपमा काम गर्न पाउने वातावरण सृजना गर्नका लागि आयोगले आगामी दिनमा अझ प्रभावकारी कार्य गर्नुपर्ने महसुस गरेको छ ।

आयोगलाई ग्रामीण जनताको पहुँचसम्म पुर्‍याउन आवश्यक भएको परिप्रेक्ष्यमा युरोपियन युनियन (EU) को सहयोगमा विराटनगर, पोखरा र नेपालगञ्जमा आयोगका तीनवटा क्षेत्रीय कार्यालयहरु खुलिसकेका छन् भने निकट भविष्यमा नै धनगढीमा अर्को क्षेत्रीय कार्यालय खुल्दैछ । यसैगरी केही जिल्ला कार्यालयहरु खोल्ने तयारी पनि भइरहेको छ ।

विगत केही वर्षदेखि मानव अधिकार संरक्षणको कार्यमा विभिन्न चुनौतीहरु सामना गर्नुपरको सर्वविदितैछ । त्यसमा पनि विशेषगरी वेपत्ता, गैर न्यायिक हत्या, अपहरण, यातना, जवर्जस्ती चन्दा जस्ता मानव अधिकारका समस्याहरु प्रमुख रुपमा रहेका छन् । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पनि व्यापक रुपमा असर परेको छ र द्वन्द्वको कारणले विस्थापित हुनेहरुका मानव अधिकार सम्वन्धि समस्याहरुपनि आफ्नै खालका छन् । यसै अवधिमा संकटकालको स्थिति विद्यमान रहेकोले मानव अधिकारको संरक्षणमा थप चुनौतीहरु देखिए जसमा मुख्यगरी सूचना तथा संचारको क्षेत्रमा गरिएको रोक लगाइएको विषय अभिव्यक्ति तथा भेलाहुने स्वतन्त्रतामा अवरोध आएको विषय, व्यापक रुपमा राजनैतिक कार्यकर्ताहरुको गिरफ्तारी र स्थानहदको विषय र मानव अधिकारकर्मिहरुको काम कार्वाहीमा बाधा व्यवधान आएको विषय रहेका छन् । जटिल परिस्थितिमा पनि आयोगले मानव अधिकारका सवै विषयमा आफ्नो ध्यान केन्द्रित गरी आफ्ना कामकारवाहीलाई अझै प्रभावकारी वनाउन प्रयासरत रह्यो ।

देशमा द्वन्द्वको स्थितिमा कुनै सुधार नआए पनि आयोगले द्वन्द्वको शान्तिपूर्ण निकासको लागि विभिन्न सरोकारवालाहरुसँग आफ्नो अन्तरक्रियालाई कायमै राख्यो । यसै सन्दर्भमा सरकारको निमन्त्रणामा काठमाडौं आउनुभएकी संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्त लुइस आर्वर आयोगमा आउनुका साथै आयोगको आयोजनामा देशका विभिन्न ठाउँबाट आएका विभिन्न सरोकारवालाहरुको संलग्नतामा भएको शान्ति सम्मेलनमा भाग लिनु भई आयोगको काम कार्वाहीमा थप उर्जा प्रदान गर्नुभयो ।

वर्तमान अवस्थामा आयोगको निष्पक्षता, स्वतन्त्रता र प्रभावकारिताको विषयमा विभिन्न कोणबाट आएका चासोहरुलाई गम्भीर रुपमा लिई आफ्ना कार्यहरुलाई अझ प्रभावकारी बनाउनु पर्ने कुरालाई आयोगले महसुस गऱ्यो । राष्ट्रिय मानव अधिकार आयोगले प्रभावकारी भूमिका खेल्नुपर्छ भनी आयोगको क्षमता अभिवृद्धिको लागि दातृ संस्थाहरुबाट भएका प्रयाशहरुको पनि सकारात्मक परिणाम निस्कनुपर्छ भन्ने कुरामा आयोग सचेत छ । आयोगले सार्वजनिक वैधता प्राप्त गर्नुपर्ने कुरालाई आत्मसात गरी आफ्नो सक्रिय गतिविधि कायम राख्यो र मानव अधिकारको व्यापक रुपमा अनुगमन गऱ्यो । सार्वजनिक चासोका विषयहरु जस्तै- राजनैतिक गतिविधिमा आएका अवरोध, सञ्चार जगतलाई परेको अप्ठेरो, व्यापक गिराफ्तारी र गैरकानूनी थुना, मानव अधिकारकर्मीलाई काममा परेको व्यवधान जस्ता विषयलाई अझ सक्रिय रुपमा उठाई मानव अधिकारको एउटा सच्चा पहरेदारको रुपमा आफूलाई उभ्याउन आयोग प्रयाशरत रह्यो ।

समयभित्र प्रतिवेदन लेखनको कार्य प्रारम्भ गरी यसलाई मूर्त रुप प्रदान गर्न सफल रहेकोमा यस गहन कार्यमा संलग्न आयोगका कर्मचारीहरु सूर्यबहादुर देउजा, दीपकजङ्गध्वज कार्की तथा माधवप्रसाद गौतमलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, पुस्तक तयारीको क्रममा विभिन्न सूचना, तथ्याङ्क एवम् प्रतिक्रिया लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउने सम्पूर्ण आयोग परिवार एवम् अन्य महानुभावहरुलाई पनि धन्यवाद नदिइरहन सक्तिन ।

अन्त्यमा, मानव अधिकारको संरक्षण र सम्वर्द्धनको माध्यमबाट मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्ने जस्तो गहन कार्यमा समर्पित आयोगलाई यस अवधिसम्म निरन्तर रुपमा सहयोग प्रदान गरी क्रियाशील रहिरहन ऊर्जा प्रदान गर्ने मेरा सहकर्मीहरु, श्री ५ को सरकार, दातृ संस्थाहरु, मानव अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु, पत्रकार, कानून व्यवसायी, नागरिक समाज लगायत सम्पूर्ण शुभचिन्तक मित्रहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नयनबहादुर खत्री
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग

# विषय सूची


मन्तव्य

विस्तारीकरण

सारांश

| | पेज नं. |
|---|---|
| **खण्ड - १** | **१** |
| विषय प्रवेश | १ |
| १.१ नेपालको वर्तमान मानव अधिकारको स्थिति र आयोग | १ |
| **खण्ड-२** | **४** |
| आयोगका क्रियाकलापहरू | ४ |
| २.१ प्रशासनिक कार्य | ४ |
| २.२ योजना, आन्तरिक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य | ८ |
| २.३ विधि विषय परामर्श सम्बन्धी कार्य | ११ |
| २.४ मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्य | १६ |
| २.५ मानव अधिकारको संरक्षण सम्बन्धी कार्य | २८ |
| **खण्ड-३** | **६८** |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध | ६८ |
| ३.१ राष्ट्रिय सम्बन्ध | ६८ |
| ३.२ अन्तर्राष्ट्रिय सम्बन्ध | ७२ |

**खण्ड-४** **७५**

आयोग अन्तर्गतका परियोजनाहरू ७५
४.१ राष्ट्रिय मानव अधिकार आयोगको क्षमता विकास परियोजना ७५
४.२ चेलीबेटी बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय स्थापना सम्बन्धी परियोजना ७६
४.३ आयोगको पहुँच विस्तार परियोजना ७९
४.४ बाल अधिकार डेस्क सम्बन्धी परियोजना ८०

**खण्ड- ५** **८१**

उपलब्धि तथा चुनौती ८१
५.१ आयोगका उपलब्धिहरू ८१
५.२ प्रमुख चुनौतीहरू ८५

**खण्ड- ६** **९०**

६.१ स्रोत र साधनको बाँडफाँड ९०

# अनुसूचीहरू


**अनुसूची - १**

आयोगका अध्यक्ष तथा सदस्यहरूको संक्षिप्त परिचय ९२

**अनुसूची - २**

राष्ट्रिय मानव अधिकार आयोगको वर्तमान सांगठनिक संरचना ९५

**अनुसूची - ३**

आयोगद्वारा आयोजित मानव अधिकार तथा शान्ति सम्मेलनमा मानव अधिकारकालागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त महामहिम श्री लुइज आर्बरद्वारा व्यक्त भएको मन्तव्य ९६

**अनुसूची - ४**

जेनेभामा सम्पन्न संयुक्त राष्ट्र संघ मानव अधिकार आयोगको ६१ औं वार्षिक बैठकमा आयोगका अध्यक्ष नयनबहादुर खत्रीद्वारा व्यक्त सम्बोधन भाषण ९९

**अनुसूची - ५**

संकटकालमा विभिन्न थुनुवा केन्द्र तथा हिरासतहरूका सम्वन्धमा श्री ५ को सरकारमा गरिएका सिफारिसहरू १०१

**अनुसूची - ६**

मानव अधिकार तथा शान्ति सम्मेलन १०३

**अनुसूची - ७**

आयोगका पदाधिकारीहरूको विदेश भ्रमण तथा सहभागिता १०७

**अनुसूची - ८**

आर्थिक वर्ष २०६१ । २०६२ मा आयोगद्वारा गरिएका गरिएका अनुगमन तथा अनुसन्धानका विवरण ११०

## अनुसूची - ९


(क) बैदेशिक सहायता तर्फको आ.व. ०६१/०६२ को बार्षिक आर्थिक विवरण ११८
(ख) आ.व. ०६१/०६२ को केन्द्रीय आर्थिक बार्षिक विवरण ११९
(ग) धरौटी बार्षिक आर्थिक विवरण १२०
(घ) आ.व. ०६०/०६१ को अन्तिम लेखा परीक्षणबाट देखिएको वेरुजुको व्यहोरा १२१


## अनुसूची - १०


आयोगद्वारा विभिन्न समयमा जारी गरिएका प्रेस विज्ञप्ति तथा ध्यानाकर्षणहरू/प्रेस-विज्ञप्ति १३१

(क) बालबालिकाको अधिकारको अवस्थाको विषयमा आयोगले ११ जिल्लाको अनुगमन गरे पश्चात प्राप्त तथ्यको आधारमा सम्वन्धित पक्षहरूलाई गरेको सिफारिश तथा सुझावहरू १३१
(ख) आयोगले विभिन्न मितिमा प्रेस विज्ञप्ति मार्फत मानव अधिकार संरक्षण र सम्बर्द्धनको निमित्त गराएको ध्यानाकर्षण १३४


## विविध


आयोगका क्रियाकलापहरूको एक झलक १४७

**संक्षिप्त रूप** **विस्तृतीकरण**

| | |
|---|---|
| APF | = Asia Pacific Forum of National Human Rights Institution |
| CAT | = Convention against Torture |
| CDNHRC | = Capacity Development of National Human Rights Commission |
| CEDAW | = Convention on the Elimination of All kinds of Discrimination against Women |
| CERD | = Convention on the Elimination of All Kinds of Racial Discrimination |
| CHRF | = Canadian Human Rights Foundation |
| CIDA | = Canadian Interanation Development Agency |
| CMS | = Complaints Management System |
| CRC | = Convention on the Rights of Child |
| DANIDA | = Danish International Development Agency |
| DIHR | = Danish Institute for Human Rights |
| EU | = European Union |
| ICC | = International Coordination Committee |
| ICCPR | = International Covenant on Civil and Political Rights |
| ICRC | = Interanational Committee of Red Cross |
| IESCR | = International Covenant on Economic, Social and Culture Rights |
| IT | = Information Technology |
| NHRC | = National Human Rights Commission |
| OHCHR | = Office of the High Commissioner for Human Rights |
| SCN-N | = Save the Children Norway , Nepal |
| UNDP | = United Nations Development Programme |
| UNICEF | = United Nations International Children Emergency Fund |
| WHO | = World Health Organization |

# सारांश

## साङ्गठनिक संरचना

आयोग गठनपश्चात् ऐनप्रदत्त मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने दायित्व वहन गर्ने सिलसिलामा आयोगले विभिन्न समयमा आयोगको सङ्गठन तालिकालाई परिष्कृत एवम् परिमार्जन गर्दै आएको छ । मानव अधिकार आयोग ऐन, २०५३ को दफा ४ बमोजिम पाँच वर्षे कार्यकालको २०५७ साल जेठ १३ गते नियुक्त भएका पदाधिकारीहरूको कार्यकाल मिति २०६१ जेठ १२ गते समाप्त भई २०६२ जेठ १३ गते नयाँ पदाधिकारीहरूको नियुक्ती भए पश्चात् आयोगले नव नियुक्त पदाधिकारीहरु, केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय, परियोजना अन्तर्गत कर्मचारीहरू तथा श्री ५ को सरकारबाट काजमा झिकाएका कर्मचारीहरू समेतलाई समावेश गरी साङ्गठनिक संरचना निर्माण गरेको छ ।

## आयोगको बैठक

आयोगद्वारा नियमित एवम् आकस्मिक बैठकबाट आयोगमा प्राप्त उजुरीहरुको अनुगमन तथा अनुसन्धान पश्चात् प्राप्त तथ्य प्रमाणका आधारमा विभिन्न निर्णयहरु गरिनुका साथै मानव अधिकार उल्लघंन तथा ज्यादतीका घटनाहरुका सम्वन्धमा द्वन्द्वरत पक्षहरूलाई मानव अधिकार एवम् मानवीय कानुन परिपालनको लागि गम्भीर ध्यानाकर्षणका समेत निर्णय निरन्तर रूपमा गरिँदै आएको छ ।

## कर्मचारी नियुक्ति

आयोगद्वारा यस प्रतिवेदन अवधिमा आयोगको केन्द्रीय कार्यालयलगायत 'पहुँच विस्तार सम्बन्धी' परियोजना अन्तर्गत स्थापना गर्न लागिएका क्षेत्रीय कार्यालयहरूका निमित्त आवश्यक कर्मचारीहरू नियुक्ति गरिएको छ । साथै जिल्ला सम्पर्क कार्यालय तथा थप क्षेत्रीय कार्यालयका निमित्त आवश्यक कर्मचारी नियुक्ति सम्बन्धी प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

## उजुरी, छानबिन तथा अनुसन्धान

मानव अधिकार आयोग ऐन बमोजिम आयोगमा दर्ता हुन आएका तथा आयोगको आफ्नै सक्रियतामा उठान गरिएका उजुरीहरू उपर छानबिन तथा अनुसन्धान गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ । यो प्रतिवेदन अवधिमा आयोगको केन्द्रीय कार्यालयबाहेक पनि तीनवटा क्षेत्रीय कार्यालयहरूले उजुरी ग्रहण गर्ने र अनुसन्धान गर्ने कार्य गरिरहेका छन् । यस अवधिमा कूल १७८२ वटा उजुरीहरू परेका थिए । जसमध्ये नागरिक तथा राजनैतिक अधिकारको हननका उजुरीको संख्या अत्यधिक देखिन्छ । त्यसैगरी देशमा विद्यमान आन्तरिक सशस्त्र द्वन्द्वको परिणामस्वरूप सुरक्षाकर्मीद्वारा नागरिकलाई बेपत्ता परिएको, गैरन्यायिक हत्या र यातना सम्बन्धी उजुरीको संख्या तुलनात्मक रूपमा बढी छ । त्यस्तै माओवादीको तर्फबाट पनि सर्वसाधारण, पत्रकार, राजनैतिक दलका कार्यकर्ता, शिक्षक, विद्यार्थीको अपहरण, कुटपिट, अङ्गभङ्ग एवम् हत्या गरिएको भन्ने जस्ता उजुरीको संख्या पनि बढ्दो रूपमा रहेका छन् । यी बाहेक जातीय भेदभाव, आन्तरिक विस्थापन, बाल अधिकार, घरेलु हिंसा, पुन गिरफ्तारी, शरणार्थीका अधिकारका विषयमा समेत उजुरीहरू पर्न आएका छन् । आयोगद्वारा मानव अधिकार उल्लंघनका विभिन्न घटनाहरूको छानबिन तथा अनुसन्धान पश्चात्

२९३ वटा उजुरीहरूमा आयोगद्वारा निर्णय भएको छ । जसमध्ये कूल ३३ वटा उजुरीहरूमा क्षतिपूर्ति तथा दोषीलाई कारवाहीको कार्यान्वयनको लँगि श्री ५ को सरकारमा लेखी पठाइएको छ र सो कार्यान्वयन भए नभएको विषयमा समेत आयोगले अनुगमन गरिरहेको छ ।

## अनुगमन

आयोगले अघिल्ला वर्षहरूमाझैँ यस प्रतिवेदन अवधिमा पनि मानव अधिकारको अनुगमनको कार्यलाई तीव्रता दिएको छ । यस अवधिमा आयोगले ३० जिल्लाहरूको मानव अधिकारको स्थितिको बारेमा अनुगमन गरिसकेको छ । यसै अवधिमा आयोगको क्षेत्रीय कार्यालयहरू समेत स्थापना भएको कारणले गर्दा आयोगको अनुगमन कार्यमा विस्तार हुन गएको छ । सर्वसाधारणको आयोग समक्ष पहुँच पुगोस् भन्नाका निमित्त अनुगमनका क्रममा उजुरीहरू समेत लिने गरिएको छ । यस प्रतिवेदन अवधिमा आयोगले अनुगमन गरेका जिल्लाहरूमा रहेका कारागार, पुनर्स्थापना केन्द्र, अनुसन्धान तथा छानबिन केन्द्र, शाही नेपाल सेनाका विभिन्न गण तथा गुल्महरूसमेत अनुगमन गरेको थियो । यस प्रतिवेदन अवधिमा मुलुकमा संकटकाल लागेको हुँदा आयोगले मानव अधिकारको अनुगमनको कार्यलाई अझ तिव्रता दिँदै कारागार, अस्थायी थुनुवा केन्द्रहरू, आफ्नै घरमा नजरबन्दमा राखिएका राजनैतिक पार्टीका नेता तथा कार्यकर्ताहरूको अवस्थाको अवलोकन लगायत विभिन्न माग राखी गरिएका जुलुसहरूको समेत अनुगमन गरी त्यसबाट प्राप्त तथ्यहरूका आधारमा सरकारलाई विभिन्न सिफारिस समेत गरेको थियो । त्यसैगरी नेकपा माओवादीबाट भएका मानव अधिकार ज्यादतीहरूका सम्वन्धमा समेत आयोगले अनुगमनबाट प्राप्त तथ्यहरू लगातार सार्वजनिक गरी विद्रोही पक्षको ध्यानाकर्षण गराएको थियो ।

यस प्रतिवेदन अवधिमा आयोगले अनुगमन कार्यलाई व्यवस्थित गरी अझ प्रभावकारी बनाउन कर्मचारीहरूलाई अनुगमन सम्बन्धी विशेष तालिम दिई अनुगमन कार्यको निश्पक्षता तथा गोपनीयतालाई विशेष जोड दिँदै आएको छ । सोको लागि अनुगमन नियमावलीको तर्जुमा समेत गरेको छ । आयोगले यस प्रतिवेदन अवधिको अन्त्यतिर ११ वटा जिल्लाहरूमा बाल अधिकारको अनुगमन गर्नुका साथै विभिन्न जिल्लामा गई गर्ने अनुगमनहरूमा व्यक्तिको शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवासको अवस्था लगायत भूमिहिन कमैयाहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमन गर्ने कार्य समेतको सुरुवात गरेको छ । द्वन्द्वका कारण दिन प्रतिदिन विस्थापित हुनेहरूको संख्या बढिरहेको सन्दर्भमा आयोगले विस्थापितहरूको अवस्थाको बारेमा अनुगमन गरी श्री ५ को सरकारलाई विस्थापितको अधिकारको रक्षाको निमित्त सिफारिस समेत गरेको छ । आयोगले गरेको अनुगमनबाट प्राप्त भएका विभिन्न तथ्यहरूका आधारमा श्री ५ को सरकार तथा सम्बन्धित पक्षहरूलाई मानव अधिकार तथा मानवीय कानुनको परिपालना गर्न सिफारिस गरेको छ भने ने.क.पा. माओवादीलाई मानवीय कानूनको सम्मान गर्न आम सञ्चारमार्फत आव्हान गरिएको छ ।

## कानुन पुनरावलोकन तथा महासन्धि सम्बन्धी कार्य

यस प्रतिवेदन अवधिमा आयोगद्वारा मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकार आयोग ऐनको दफा ९ बमोजिम विभिन्न राष्ट्रिय कानुनहरूको पुनरावलोकन गर्ने सिलसिलामा सुरक्षा सम्बन्धी कानुन, महिला विरूद्ध हुने हिंसा सम्बन्धी कानुन लगायत मानव बेचबिखन सम्बन्धी विभिन्न कानुनहरूको पुनरावलोकन गरी सो को मस्यौदा प्रतिवदेनहरू तयार गरेको छ । महिला विरूद्ध हुने हिंसा सम्बन्धी कानुनका सम्बन्धमा श्री ५ को सरकारलाई सुझाव समेत प्रस्तुत गरिएको छ । त्यसैगरी नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरूलाई राष्ट्रिय कानुनमा गरिएका समावेशीकरणको स्थितिको बारेमा अध्ययन गर्ने कार्य भइरहेको छ ।

## प्रवर्द्धनात्मक कार्य

मानव अधिकार आयोग ऐन, २०५३ ले मानव अधिकारको संरक्षण र सम्वर्द्धनको गहन दायित्व प्रदान गरे बमोजिम आयोगबाट मानव अधिकार सम्बन्धी विभिन्न प्रवर्द्धनात्मक कार्यहरू हुँदै आएका छन् । यस्ता कार्यहरूअन्तर्गत मानव अधिकार सम्बन्धी विभिन्न छलफल तथा अन्तरक्रियाहरू, तालिम तथा गोष्ठीहरू, शान्ति र्‍यालीहरू, विभिन्न मानव अधिकार विषयहरूसँग सम्बन्धित सूचना, सञ्चार तथा शिक्षामूलक सामग्रीहरूको उत्पादन, प्रकाशन, तथा वितरण जस्ता कार्यहरू हुँदै आएका छन् । आयोगले मानव अधिकार संस्कृतिको निर्माणको लागि श्री ५ को सरकारका निकायहरू, मानव अधिकारवादी गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी मानव अधिकार प्रवर्द्धनलाई महत्व दिई विभिन्न कार्यशाला गोष्ठी, तालिममार्फत मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिएको छ । यसैगरी मानव अधिकारको अवस्थाको अनुगमन गर्ने सिलसिलामा ने.क.पा. (माओवादी) हरूलाई समेत आमसञ्चारको माध्यमबाट मानव अधिकार तथा मानवीय कानुनको प्रचार प्रसार समेत गर्ने गरिएको छ ।

## नीति निर्माण

यस प्रतिवेदन अवधिमा आयोगको दोस्रो रणनीतिक योजना (२००४-२००८) बमोजिम विभिन्न विषयहरूमा स्पष्ट नीति बनाई तदारुकताका साथ लागू गर्नका लागि अनुगमन नियमावली, आयोगको सञ्चार कार्यनीति, लैङ्गिक नीति लगायतका महत्वपूर्ण विषयमा नीति निर्माण कार्य सम्पन्न गरेको छ । त्यसैगरी समावेशीकरण नीति तयार भई कार्यान्वयको अवस्थामा रहेको छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध

आयोगले आफ्नो ऐनप्रदत्त दायित्व वहन गर्ने क्रममा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विभिन्न निकायसँग सम्बन्ध विकास गर्नुका साथै कतिपय निकायसँगहरू सहकार्य समेत गर्दै आएको छ ।

त्यस्तै मानव अधिकारका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संघसंस्थाहरूले नेपालको मानव अधिकारको स्थितिको सम्बन्धमा चासो प्रकट गर्नुका साथै राष्ट्रिय मानव अधिकार आयोगले खेलेको भूमिकाको सराहना गर्दै आएका छन् । यस प्रतिवेदन अवधिमा आयोगमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्त, संयुक्त राष्ट्र संघीय यातना तथा बेपत्ता सम्बन्धी समाधीक्षकहरू, नेपालका लागि बेलायतका विशेष दूत, संयुक्त राज्य अमेरिकाका दक्षिण एसिया मामिला प्रमुख तथा विभिन्न देशका राजदूतहरूले भ्रमण गरी आयोगका गतिविधि सम्बन्धमा जानकारी लिनुभएको थियो । आयोगले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत सक्रिय सहभागिता जनाउने क्रममा संयुक्त राष्ट्र संघको ६१ औं साधारण सभा तथा मानव अधिकार संस्थाहरूको एसिया प्रशान्त मञ्चमा समेत नवौं बैठकमा भाग लिएको थियो । यस्तै आयोगको अन्य देशका मानव अधिकार आयोगहरू र अन्तर्राष्ट्रिय मानव अधिकारवादी संघसंस्थाहरूसँग निकटतम सम्बन्ध रहिआएको छ ।

## आयोगको संस्थागत विकास

आयोगद्वारा तर्जुमा गरी कार्यान्वयनमा आएको रणनैतिक योजना (२००४-२००८) बमोजिमको रणनीतिक उद्देश्यहरूको प्राप्तिको लागि वार्षिक कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिँदै आएको छ । यसबाट आयोगको संस्थागत विकासमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# उपलब्धि तथा चुनौती

यस अवधिमा आयोगले मानव अधिकारको अनुगमन तथा अनुसन्धान, क्षेत्रीय कार्यालय मार्फत पहुँच विस्तार एवम् संस्थागत क्षमता अभिवृद्धिका क्षेत्रमा महत्वपूर्ण फड्को मार्न सफल भएको छ । मानव अधिकार तथा मानवीय कानुनको सम्मान गर्न सरकार तथा विद्रोही पक्षलाई सचेत गराउँदै आएको सन्दर्भमा दुवै तर्फबाट मानव अधिकार तथा मानवीय कानुनको परिपालना गर्ने प्रतिवद्धता आएको थियो । सशस्त्र द्वन्द्वको समयमा मानव अधिकारको संरक्षण गर्नका लागि आयोगले खेलेको भूमिकालाई संयुक्त राष्ट्र संघ लगायतका अन्तर्राष्ट्रिय निकायहरूबाट सरहना समेत गरिएको छ । यसैगरी अन्तर्राष्ट्रिय समन्वय समितिको एशिया प्रशान्त क्षेत्रको सदस्यको रूपमा समेत सक्रिय भूमिका निर्वाह गरिरहेको छ । आयोगले मानव अधिकार उल्लघंन र ज्यादतीको अनुगमन तथा अनुसन्धानलाई तीव्र बनाएको कारण केही घटनाहरूका पीडितहरूले क्षतिपूर्ति पाएका छन् भने केही उल्लंघनकर्ताहरूलाई कारवाही गरिएको जानकारी आएका छन् । आयोगद्वारा आयोजित शान्ति सम्मेलन, महत्वपूर्ण व्यक्तित्वहरुको आयोग भ्रमण, आयोगका क्षेत्रीय कार्यालयहरूको स्थापना तथा कर्मचारीको संख्यामा उल्लेखनीय वृद्धि जस्ता आयोगका प्रमुख उपलब्धिहरू हुन् । यस प्रतिवेदन अवधिमा आयोगले आफनो कर्मचारी संख्यालाई उल्लेखनीय रूपमा वृद्धि गर्नुका साथै अनुसन्धान एवम् अनुगमनको कार्यलाई अझ व्यस्थित गर्नको लागि अनुगमन नियमावलीको तर्जुमा, उजुरी व्यवस्था सम्बन्धी सफ्टवेयरको सहायताले उजुरीलाई अद्यावधिक गर्ने कार्य, अनुगमन सम्बन्धी दिग्दर्शन तथा कर्मचारीहरूलाई तालिम दिने जस्ता कार्यहरू सम्पन्न गरेको छ । यसबाट मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धनको कार्यमा आयोगको पहुँच वृद्धि हुने अपेक्षा गरिएको छ ।

आयोगले रणनीतिक योजना (२००४-२००८) अनुरूप आफनो पहुँच विस्तार गर्ने क्रममा पूर्वाञ्चलको विराटनगर तथा मध्यपश्चिमाञ्चलको नेपालगञ्ज र पश्चिमाञ्चलको पोखरामा समेत गरी तीन वटा क्षेत्रीय कार्यालय स्थापना गरिसकेको छ । त्यसैगरी सूदर पश्चिमाञ्चलको धनगढीमा एक क्षेत्रीय कार्यालय तथा नेपालका द्वन्द्व प्रभावित विकट पहाडी जिल्लाहरू क्रमशः रोल्पा, जुम्ला तथा खोटाङ्गमा जिल्ला सम्पर्क कार्यालय स्थापना गर्ने तयारी अन्तिम चरणमा पुगको छ ।

मुलुकमा हिंसात्मक द्वन्द्वले निरन्तरता पाइरहेको कारणले पनि आयोगलाई मानव अधिकारको संरक्षणमा विभिन्न चुनौतीहरूको सामना गर्नुपर्‍यो । आयोगले विगतका वर्षहरूमा गरेका सिफारिसहरूको पूर्ण कार्यान्वयन नभएकाले पनि मानव अधिकारको संरक्षणमा विविध कठिनाई आइपरे । लामो समयसम्म संसद्विहीनताको कारणले आयोगको वार्षिक प्रतिवेदन उपर संसद्मा छलफल भई आवश्यक मार्ग निर्देशन प्राप्त हुने अवसरबाट समेत आयोग वञ्चित रह्यो । आयोगको सञ्चार जगतसँग निरन्तर र सुमधुर सम्बन्ध रहेको भए तापनि आयोगका सम्बन्धमा समय समयमा केही सञ्चार माध्यमबाट प्रकाशित भ्रमात्मक र विवादस्पद समाचारहरूले आयोगलाई आफ्नो दायित्व निर्वाह गर्ने क्रम केही असजिलो महसुस भएको थियो । जबर्जस्ती मानिसलाई बेपत्ता पारिने घटनाहरूमा वृद्धि भइरहेको सन्दर्भमा सो सम्बन्धी उजुरीहरू आयोगमा अत्यधिक रूपमा दर्ता हुन गए भने त्यसउपर कारवाही गर्ने सिलसिलामा श्री ५ को सरकारका सम्बन्धित निकायबाट समयमै जानकारी नपठाइने, थुनुवा केन्द्रको आकस्मिक भ्रमणमा आइपरेका कठिनाई एवम् आयोगका सुझाव कार्यान्वयनमा देखिएको अपर्याप्त संवेदनशीलता जस्ता कारणले गर्दा वेपत्ताको स्थिति पत्ता लगाउन गाह्रो पर्‍यो । आयोगलाई ऐनप्रदत्त मानव अधिकारको संरक्षण र सम्वर्द्धन दुवैको दायित्व प्रदान गरिए तापनि आयोगका पहलहरू द्वन्द्वमा बढी केन्द्रित हुनु परेको कारणले मानव अधिकार शिक्षा, सचेतना कार्यक्रमलगायत प्रवर्द्धनात्मक कार्यलाई अझ वढि गति दिन सकिएन ।

# खण्ड - १
# विषय प्रवेश

## १.१. नेपालको वर्तमान मानव अधिकारको स्थिति र आयोग

विगतका वर्ष भैँ यस प्रतिवेदन अवधिमा समेत द्वन्द्वले निरन्तरता पाएका कारण मानव अधिकारको स्थिति नाजुक नै रह्यो । राज्य पक्ष तथा माओवादी दुवैले मौखिक रूपमा मानव अधिकार तथा मानवीय कानुनप्रति प्रतिवद्धता देखाएको भए तापनि व्यवहारमा आफ्ना क्रियाकलापहरूलाई मानव अधिकारको सम्मान हुने किसिमले रूपान्तरण गर्न नसक्दा मानव अधिकार उल्लंघन र ज्यादतीका घटनाहरू बढिरहेका छन् । राज्यले विधिको शासनको अवधारणा अनुरूपको कानुनी प्रक्रियाहरू पालन नगर्दा गैरकानुनी गिरफ्तारी, गैरन्यायिक हत्या, यातना लगायतका घटनाहरू हुन गई मानव अधिकार उल्लंघन भइरहेको छ । अर्कोतर्फ माओवादीहरूले सुराकीको आरोप तथा फरक आस्था राखेको आधारमा व्यक्तिको हत्या गर्ने, मानव ढाल बनाउने, अपहरण, शारीरिक कष्ट तथा अंग भंग पार्ने, बलजफ्ती सम्पत्ति कब्जा गर्ने, शैक्षिक संस्थानहरूमा हड्ताल, यातायातमा नाकाबन्दी जस्ता विभिन्न क्रियाकलापहरूले गर्दा सर्वसाधारण गम्भीर रूपमा प्रभावित भएका छन् ।

यसै अवधिमा कपिलवस्तु, नवलपरासी, दैलेख, बाग्लुङ, दोलखा, मकवानपुरलगायत देशका विभिन्न भागमा माओवादी र प्रतिकार समितिका नाममा विभिन्न भडप हुँदा ठूलो संख्यामा निर्दोष जनताहरूको धनजनको क्षति भएको र हत्या समेत भएको पाइन्छ । यसैगरी कतिपय ठाउँहरूमा गाउँ सुरक्षा समितिको नाममा गरिएका हत्या हिंसाको कारणले गर्दा ठूलो समुदाय नै प्रभावित भएको पाइन्छ । यसै वर्ष कपिलवस्तुको हल्लानगरमा भएको हिंसामा भण्डै ५० जनाले ज्यान गुमाउन पुगेको घटनाले स्थानीय समुदाय नै स्तब्ध हुन पुगको थियो । कतिपय ठाउँहरूमा तथाकथित प्रतिकार समितिहरूलाई उत्तेजित गराउने किसिमले सरकारी निकायका उच्चपदस्थ व्यक्तिहरूले दिएका अभिव्यक्तिले घटनालाई चर्काउनमा थप मद्दत पुऱ्यायो । विशेष गरी तराईका कतिपय ठाउँहरूमा आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरूलाई माओवादी तथा सुरक्षा निकायले आफ्नो निहित स्वार्थको लागि प्रयोगमा ल्याएको समेत खबरहरूले यस वर्ष चर्चा पायो । यसरी सुरक्षा निकाय, माओवादी एवम् तथाकथित प्रतिकार समितिका विभिन्न नकारात्मक क्रियाकलापहरूले नागरिकहरूको शान्तिपूर्वक बाँच्न पाउने अधिकारमा खतरा उत्पन्न हुन पुगको थियो ।

यसै प्रतिवेदन अवधिमा माघ १९ गते जारी भएको संकटकालको अवस्थामा राजनैतिक दलका नेताहरूको गिरफ्तारी र स्थानहद, विभिन्न मानव अधिकारकर्मी, बुद्धिजीवी, नागरिक समाजका व्यक्तिहरूलाई गरिएका अघोषित स्थानहद, तथा आयोगका सदस्यहरूलाई समेत आयोगको कामको सिलसिलामा गरिने यात्रामा रोक लगाइको अवस्थाले गर्दा संकटकाल पश्चात्का केही महिना मानव अधिकार संरक्षणको दृष्टिले चुनौतीपूर्ण रह्यो । श्री ५ को सरकारद्वारा संकटकालको घोषणा तथा निलम्बन गरिएका अधिकारहरूको जानकारी संयुक्त राष्ट्र संघका महासचिव मार्फत संयुक्त राष्ट्र संघलाई करीब १५ दिन पछाडि मात्रै गराइँदा नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा जनाएको मानव अधिकारप्रतिको प्रतिवद्धतामा नै प्रश्नचिह्न खडा भयो ।

संकटकालकै समयमा ने.क.पा. (माओवादी) ले राजधानी लगायत देशका विभिन्न स्थानमा नाकाबन्दी गर्ने, बन्द गर्ने, सार्वजनिक यातायात अवरुद्ध पार्ने, सर्वसाधारणहरू आवतजावत गर्ने सार्वजनिक स्थानहरूमा विष्फोटक पदार्थ राख्ने जस्ता कार्य गरी सर्वसाधारणको आवतजावतमा अवरोध खडा गरेको पाइएको थियो । माओवादीहरूबाट यसै वर्षको अन्त्यतिर चितवनको माडीमा सार्वजनिक यातायातको साधनमा गरिएको

आक्रमणबाट ३९ जना सर्वसाधारणको ज्यान गएको विषय होस् वा विद्यालयबाट विद्यार्थीहरूलाई इच्छा विपरीत अज्ञात ठाउँमा लग्ने विषय, बन्दी वा नाकाबन्दीलगायत व्यक्तिहत्या, अपहरण र सुरक्षाकर्मीको परिवारलाई असर पारिएको विषयलाई आयोगले प्रेसनोट मार्फत सार्वजनिक रूपमा उठाई माओवादीहरूका कार्यको भर्त्सना गर्दै मानव अधिकार र मानवीय कानुनको विपरीत हुने कार्य नगर्न पटक पटक आग्रह गरेको थियो । यसका अलावा पनि बालबालिकालाई युद्धको लागि प्रयोग गर्ने, सर्वसाधारणलाई निर्मम यातना दिने, जबर्जस्ती चन्दा असुल गर्ने, विद्यालयहरूमा बिस्फोट गराउने, लामो समयसम्म विद्यालयहरू बन्द गर्न लगाउने, सरकारी कार्यालयहरूमा बिष्फोट गराउने कार्यहरूलाई माओवादीले निरन्तरता दिएको हुँदा यी कुराहरूलाई समेत आयोगले गम्भीर रूपमा उठाई नै रह्यो ।

यसै वर्ष द्वन्द्वको रूपान्तरण शान्तिपूर्ण ढंगबाट हुन नसकेको कारण हत्या, स्वेच्छाचारी गिरफ्तारी, अमानवीय यातना, बेपत्ता पार्ने र अपहरण जस्ता मानव अधिकार उल्लंघनका गम्भीर प्रकृतिका घटनाहरू अझ व्यापक वढेको भनी संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको ६१ औं वार्षिक बैठकमा व्यापक वहस एवम् छलफल भई नेपाल सरकार तथा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालय बीच नेपालमा अन्तराष्ट्रिय मानव अधिकार अनुगमन कार्यालय राख्ने सम्बन्धमा सम्झौता भई आइटम १९ पारित भई सोही बमोजिम अन्तराष्ट्रिय अनुगमन कार्यालय स्थापना भएको छ । संकटकालको अवधिमा मानव अधिकारकर्मी, पत्रकार तथा राजनैतिककर्मीहरूको गैर कानुनी गिरफ्तारीले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा निकै चर्चा पायो । संयुक्त राष्ट्र संघ, एम्नेष्टि ईन्टरनेशनल, एफ.एन.जे, भारत, अमेरिका, बेलायत, युरोपेली युनियन लगातका मित्र राष्ट्रहरूले नेपालको मानव अधिकारको अवस्थाप्रति चिन्ता व्यक्त गरेका थिए । यसै वर्ष नेपालमा बेपत्ता पारिएकाहरूको स्थिति अध्ययन गर्न संयुक्त राष्टसंघका बेपत्ता सम्बन्धी हेर्ने कार्यदलका प्रमुख लगायत अन्य सदस्यहरूले नेपालमा आई स्थितिको जानकारी लिनुभएको थियो भने आयोगसँग पनि सो विषयमा बृहत छलफल भएको थियो ।

मानव अधिकार उल्लंघनको विषयलाई आयोगले गम्भीररूपमा उठाए पनि त्यसमा अपेक्षित सुधार आउन सकेको छैन । हिरासतमा रहेका कतिपय व्यक्तिहरूलाई अदालतबाट थुना मुक्त गर्ने आदेश भएलगत्तै कतिपय अवस्थामा अदालत परिसरबाटै विना पुर्जी गिरफ्तार गर्ने र यस्तो घटना आयोगका प्रतिनिधिहरूकै अगाडि पनि हुने गरेको विषयलाई गम्भीररूपमा लिई यस्ता क्रियाकलापहरु नदोहोर्‍याउन र कसैलाई पनि गिरफ्तार गर्दा कानुनले निर्दिष्ट गरेका कार्यविधिहरू अनिवार्यरूपमा पुरा गर्न श्री ५ को सरकारलाई पटक पटक ध्यानाकर्षण गर्दा पनि अदालतबाट थुनामुक्त गर्ने आदेश भएका कतिपयलाई गैरकानुनी रूपमा पुनः गिरफ्तार गर्ने कार्यले निरन्तरता पाएको छ ।

आयोगमा पर्न आएका उजुरीहरूमध्ये बेपत्ता परिएको भन्ने विषयका उजुरीहरू अत्यधिक छन् । आयागले केही वर्ष देखि यो विषयलाई प्राथमिकता दिई आएको छ । बेपत्ता भएका भनिएका मानिसहरूको खोजीको सिलसिलामा सुरक्षा निकायसँग अन्तरक्रिया, आयोगले लगाताररूपमा शाही नेपाली सेनाको व्यारेक, प्रहरीको थुनुवा केन्द्र तथा अन्य कारागारहरूमा समेत कतिपय अवस्थामा आकस्मिक भ्रमण गरी जानकारीमा लिएको तथ्यहरू विभिन्न समय गरिएको स्थलगत अनुगमन तथा श्री ५ को सरकारले यो विषयमा खडा गरेको समितिले सार्वजनिक गरेका नामहरूका आधारमा कतिपय बेपत्ता पारिएका भनिएका केही मानिसहरूको स्थिति सार्वजनिक भएको छ । हाल पनि ठूलो संख्यामा मानिसहरू बेपत्ता भइरहेका भन्ने उजुरीहरु आयोगमा दर्ता भएका छन् । सुरक्षाकर्मीबाट पक्राउ गरेपछि मारिएको वा निर्दोष मानिस मारिएको भनी आयोगमा परेका कतिपय उजुरीहरूको अनुसन्धान पुरा गरी आयोगले सम्बन्धित अधिकारीलाई कारबाही तथा पीडितको परिवारलाई क्षतिपूर्तिको लागि सिफारिस समेत गरेको छ । यसैगरी माओवादीद्वारा अपहरण गरिएको भनिएको विषयमा समेत दैनिक जसोनै उजुरीहरू प्राप्त हुन गरेकामा यस विषयमा आयोगले स्थलगतरूपमा अनुगमन गर्ने, सम्बन्धित पक्षसँग छलफल गर्ने तथा प्रत्येक हप्ता सञ्चार जगत मार्फत ध्यानाकर्षण गर्ने गरिएको छ ।

जसले गर्दा अपहरणमा परेका व्यक्तिहरूको स्थिति पत्ता लगाउन केही सहज भएको छ तरपनि समग्ररूपमा अपहरणले व्यक्तिको जीवन, मान मर्यादा, आत्म सम्मान समेत चोट पुऱ्याएको छ । द्वन्द्वका कारण आन्तरिकरूपमा विस्थापन भएका व्यक्तिहरूको संख्या अत्यधिक रूपमा रहेको र उनीहरूको अधिकारका निमित्त कतैबाट पनि खासै पहल नहुदाँ उनीहरुको अवस्था नाजुक रहेको छ । विस्थापितहरूले आफ्ना अधिकारहरूको संरक्षणको लागि विभिन्न माग राखी सम्बन्धित पक्षहरूलाई गराएको ध्यानाकर्षणमा खासै सुनवाई हुन सकेको छैन । जसले गर्दा विस्थापितहरू मध्ये पनि महिला, बालबालिक, वृद्धवृद्धाको स्थिति अझ दयनीय रहेको छ । यस विषयमा सरकार मात्र हैन मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले समेत यथेष्ट ध्यान पुयाउन सकेको पाइदैन ।

समग्र मानव अधिकारको अवस्था निराशाजनक बन्न सक्ने स्थितिप्रति सम्बद्ध सबै क्षेत्रको संवेदनशीलता देखिनु अत्यन्त जरूरी भइसकेको छ । विगतमा जस्तै गैरराज्य पक्षबाट सर्वसाधारण, बृद्ध-बृद्धा, महिला, बालबालिका, मेला पर्वमा गएका र बसमा यात्रा गरिरहेका यात्रुहरूको नृशंस ढंगले हत्या गर्ने, अपहरण गर्ने, अङ्ग भङ्ग गर्ने एवम् बलजफ्ती चन्दा असुल गर्ने जस्ता घटनाहरू दोहोरिन नदिन तर्फ सबै सचेत हुनु पर्दछ । मानव अधिकारको सम्मान एवम् परिपालनातर्फ व्यक्त प्रतिबद्धता इमान्दारिताका साथ कार्यान्वयन गरिनु पर्दछ र व्यक्तिको बाँच्न पाउने अधिकारलाई कुनै पनि बहानामा हनन गरिनु हुँदैन भन्ने धारणामा सबैको प्रतिबद्धताको अपरिहार्यता महसुस भएको छ । मानव अधिकारको संरक्षणको विषयमा द्वन्द्वको कारण नागरिक र राजनैतिक अधिकारको विषयहरूले प्रमुखता पाएको तर  महिलाका अधिकार, दलित, अपांग,कमैया, भूमिहीन किसान, पिछडवा वर्ग, लोपोन्मूख जनजाति विषय, जेष्ठ नागरिक र विस्थापित व्यक्तिहरूको अधिकार लगायत अन्य आर्थिक तथा सामाजिक अधिकारको विषयमा सम्बन्धित पक्षहरूले ध्यान दिएका छैनन् । त्यसैगरी आयोगले समेत यी विषयहरूमा येथेष्ट आवाज उठाउन नसकेकाले आझेलमा परेका छन् । तसर्थ आयोगले आगामी दिनमा यी विषयहरूलाई बढी प्राथमिकता दिनु पर्ने खाँचो रहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले द्वन्द्वको शान्तिपूर्ण रूपान्तरणमा आफ्नो भूमिका सशक्त बनाउने क्रममा विभिन्न पहलहरू गरी रहेको छ । शान्ति वार्तामा मानव अधिकारलाई प्रमुख एजेन्डा बनाउनु पर्दछ र यसका लागि विभिन्न समूहहरू जस्तै- राजनैतिक दलहरू, सरकार, नागरिक समाज एवम् विद्रोही पक्षको संवेदनशीलता आवश्यक पर्ने कुरालाई मनन गरी आयोगले आयोजना गरेको शान्ति सम्मेलनमा मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय उच्चायुक्त लुइस आर्वरले आयोगको शान्ति प्रयासमा खेल्ने भूमिकालाई सहयोग उपलब्ध हुने जनाउनु भएको थियो ।

द्वन्द्वरत पक्षहरूले मानव अधिकार तथा मानवीय कानुन परिपालन गर्नका लागि चालिनु पर्ने न्यूनतम कदमहरूप्रति ईमान्दार भई विश्वासको वातावरण सिर्जना गर्न सकेमा मात्र मानव अधिकार संरक्षण कार्यमा सहयोग मिल्न पुग्ने देखिन्छ । विश्वमा भएका आन्तरिक द्वन्द्व एवम् त्यसका समाधानका लागि भएका प्रयास एवम् अनुभवहरूलाई समेत विचार गर्दै सबै क्षेत्रबाट संवेदनशील भई दवाव सृजना गर्दै गरिबी, अशिक्षा, जातीय उत्पीडन, विभेद जस्ता द्वन्द्वका मूल जराहरूलाई पहिचान गरी शान्तिपूर्ण माध्यमद्वारा उपयुक्त निकास निकाल्न सकेमा मात्र जनताका नागरिक तथा राजनैतिक अधिकार एवम् आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभूतिको दिशामा ठोस प्रगति हासिल हुन सक्दछ ।

# खण्ड - २
# आयोगका क्रियाकलापहरू

## २.१ प्रशासनिक कार्य

### २.१.१ आयोगका नयाँ पदाधिकारीहरूको नियुक्ति

मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम २०५७ साल जेठ १३ गते नियुक्त भएका पदाधिकारीहरूको पाँच वर्षको पदावधि २०६१ जेठ १२ गते समाप्त भएको थियो । आयोगलाई निरन्तरता दिने क्रममा २०६१ जेठ ८ गते जारी गरिएको अध्यादेश मार्फत मानव अधिकार आयोग ऐन, २०५३ को दफा ४ मा रहिआएको सिफारिस समितिमा फेरबदल भई प्रधान न्यायाधीशको अध्यक्षतामा सभामुख र परराष्ट्र मन्त्री सदस्य रहेको समितिको व्यवस्था गरिएको थियो । सोही समितिको सिफारिसमा २०६२ जेठ १३ गते श्री ५ महाराजधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेबबाट नियुक्ति भई गठन भएको आयोगको वर्तमान संरचना यस प्रकार रहेको छ :

| | |
|---|---|
| श्री नयन बहादुर खत्री | - अध्यक्ष |
| श्री सुशीला सिंह सिलु | - सदस्य |
| श्री सुदीप पाठक | - सदस्य |
| श्री गोकुल पोखरेल | - सदस्य |
| डा. राम दयाल राकेश | - सदस्य |

आयोगका वर्तमान अध्यक्ष नयन बहादुर खत्रीले अघिल्लो कार्यकालमा समेत अध्यक्षको हैसियतले आयोगको सफल नेतृत्व प्रदान गरिसक्नु भएको छ भने आयोगका नयाँ चार सदस्यहरू कानून, मानव अधिकार, पत्रकारिता तथा साहित्यको क्षेत्रमा लामो समयसम्म अनुभव सँगाल्नु भएका व्यक्तित्वहरू हुनुहुन्छ । आयोगका अध्यक्ष तथा पदाधिकारीहरूको जीवनीका सम्बन्धमा अनुसूचीमा संक्षिप्त प्रकाश परिएकोछ ।

### २.१.२ कार्य विभाजन

विगतको पहिलो आयोगझैं आयोगको दोश्रो कार्यकालको लागि नियुक्ति भएका पदाधिकारीहरूलाई आयोगका विभिन्न महाशाखाहरूको काम कारवाही हेर्ने जिम्मेवारी प्रदान गरिएको छ । नवनियुक्त पदाधिकारीहरूको शपथ ग्रहण पश्चात् वसेको आयोगको प्रथम बैठकबाट देहायबमोजिम कार्य विभाजन गर्ने निर्णय गरिएको थियो ।

| | |
|---|---|
| (क) नयन बहादुर खत्री | - आयोगको प्रशासन तथा अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी काम कारबाही हेर्ने |
| (ख) सुशीला सिंह सिलु | - आयोगको विधि विषय परामर्श महाशाखा सम्बन्धी काम कारबाही हेर्ने |
| (ग) सुदीप पाठक | - आयोगको संरक्षण तथा अनुगमन महाशाखा सम्बन्धी काम कारबाही हेर्ने |
| (घ) गोकुल पोखरेल | - आयोगको प्रवर्द्धन महाशाखा सम्बन्धी काम कारबाही हेर्ने |
| (ङ) डा. रामदयाल राकेश | - आयोगको योजना, आन्तरिक अनुगमन, मूल्याङ्कन महाशाखा सम्बन्धी काम कारबाही हेर्ने |

यसका अतिरिक्त सो बैठकबाट आयोगले स्वीकृत गरको कार्यविभाजनको अधीनमा रही सम्बन्धित कारबाही गर्ने र कार्यका सम्बन्धमा देखिएका महत्वपूर्ण विषयमा समय समय आयोगलाई जानकारी गराउने, सदस्यहरूले आफूले गरेका काम कारबाहीहरूको बारेमा प्रत्येक २/२ महिनामा प्रतिवेदन पेस गर्ने तथा आयोगका सबै पदाधिकारीहरूले आयोगको अचारसंहिता सम्बन्धी नियम, २०६० लाई पालना गर्नुपर्ने सम्बन्धमा निर्णय भएको थियो ।

## २.१.३ सङ्गठनात्मक स्वरूप

आयोगले पदाधिकारीहरु, केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय, परियोजना अन्तर्गत कर्मचारीहरू तथा श्री ५ को सरकारबाट काजमा झिकाएका कर्मचारीहरू समेतलाई समावेश गरी साङ्गठनिक संरचना निर्माण गरी यसमा विभिन्न समयमा पुनरावलोकन समेत गर्दै आएको छ । आयोगको वर्तमान सांगठनिक संरचना सम्बन्धी तालिका अनुसूचीमा समावेश गरिएको छ ।

## २.३.४ आयोगको बैठक

यस प्रतिवेदन अवधिमा राष्ट्रिय मानव अधिकारको आयोगको बैठक सम्बन्धी (कार्यविधि) नियम, २०५७ बमोजिम नियमित रूपमा हरेक मंगलबार गरिने बैठकहरूका अतिरिक्त आयोगले आवश्यक ठानेको मितिमा हुने आकस्मिक बैठक समेत गरी जम्मा ३४ पटक बैठक बसी मानव अधिकार संरक्षण, सम्वर्द्धनलगायत अन्य नीतिगत विषयमा समेत छलफल गरी विभिन्न निर्णयहरू गरिएका छन् । यस प्रतिवेदन अवधिमा आयोगका बैठकबाट भएका केही महत्वपूर्ण प्रशासनिक निर्णयहरूका सम्बन्धमा देहाय बमोजिम चर्चा गरिएका छन् ।

**(क) क्षेत्रीय कार्यालयहरूको स्थापना र अधिकार प्रत्यायोजन**
यस प्रतिवेदन अवधिमा आयोगको मानव अधिकार संरक्षण  सम्बन्धी कार्य अन्तर्गत उजुरी व्यवस्थापन, मानव अधिकार अनुगमन तथा अनुसन्धान एवम् विभिन्न सम्वर्द्धनात्मक क्रियाकलापहरूलाई क्षेत्रीय तथा जिल्लास्तरसम्म पहुँच विस्तार गर्ने उद्देश्यले आयोगको निर्णयानुसार नेपाल अधिराज्यका तीन विकास क्षेत्रहरूमा क्षेत्रीय कार्यालयहरू स्थापना गरिएका छन् । जस अनुसार आयोगको प्रथम क्षेत्रीय कार्यालयको रूपमा मिति २०६१/०८/०७ मा मध्य पश्चिमाञ्चल विकास क्षेत्रको नेपालगंजमा उद्घाटन भई कार्य सञ्चालनमा आएको छ । त्यसैगरी आयोगको दोस्रो क्षेत्रीय कार्यालयको रूपमा पूर्वाञ्चल विकास क्षेत्रको विराटनगरमा मिति २०६१/१०/२६ मा र तेस्रो क्षेत्रीय कार्यालयको रूपमा पश्चिमाञ्चल विकास क्षेत्रको पोखरामा मिति २०६२/१/२१ मा उद्घाटन भई कार्य सञ्चालनमा आएका छन् । सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको धनगढी तथा केही जिल्लामा कार्यालय स्थापना गर्ने सम्बन्धमा आयोगको तयारी अन्तिम चरणमा पुगेको छ ।

आयोगद्वारा स्थापित  भइसकेका तथा भविष्यमा स्थापना हुने क्षेत्रीय कार्यालयहरू सञ्चालन गर्न सरल होस् भन्ने दृष्टिकोणले ऐन बमोजिम आयोगमा निहित रहेका मानव अधिकार संरक्षण र सम्वर्दन तथा आर्थिक र प्रशासनिक अधिकारहरू ती क्षेत्रीय कार्यालयहरूलाई प्रत्यायोजन गर्ने क्रममा आयोगको मिति २०६१-०७-१७ को निर्णयानुसार उजुरी कारवाहीका सम्बन्धमा निम्नानुसारका अधिकारहरू प्रत्यायोजन गरिएका छन् ।

१. मानव अधिकार आयोग ऐन, २०५३ दफा ९ अन्तर्गत मानव अधिकारको विषयमा उजुरी लिने ।
२. उक्त उजुरीमा प्रारम्भिक छानबिन गर्ने ।

३. उक्त उजुरीमा विस्तृत अनुसन्धान गर्नुपर्छ भन्ने लागेमा अनुसन्धान गर्ने ।
४. अनुसन्धानको सिलसिलामा मानव अधिकार आयोग ऐनको दफा ११ (१,२,३) समेतमा उल्लेखित प्रक्रिया अवलम्बन गर्ने ।
५. दफा ११ (६ र ७) अन्तर्गत विशेषज्ञको सेवा लिने वा समिति गठन गर्नुपर्ने भएमा आयोगमा लेखी निकासाभई आए बमोजिम गर्ने ।
६. दफा ११ (५) अन्तर्गतका कारबाही गर्नु परेमा आयोगमा लेखी निकासा भई आए बमोजिम गर्ने ।
७. उजुरी खारेजी वा तामेलीमा राख्नुपर्ने देखिए वा अनुसन्धान पश्चात् अङ्ग पुगेपछि फाइल आयोगमा पठाउने र निकासा भए वमोजिम गर्ने ।
८. आयोगले स्वीकृत गरेको कार्ययोजना अनुसार मानव अधिकारको अनुगमन गर्ने ।
९. आयोगले निर्देशन दिएका मानव अधिकारको उजुरीहरूमा छानबिन अनुसन्धान गर्ने ।
१०. दफा ९ (२) अन्तर्गत स्वविवेकमा अनुसन्धान र छानबिन गर्नुपर्दा आयोगको स्वीकृति लिई गर्ने ।
११. आवश्यकता अनुसार कारागार, थुनुवा केन्द्र वा थुनामा राखेको आशंका लागेमा जुनसुकै ठाउँको अनुगमन, निरीक्षण इत्यादि गर्ने
१२. मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९ (२) (झ),(ट),(ड) मा उल्लेखित कार्यहरू आवश्यकता अनुसार गर्ने ।
१३. आयोगले समय समयमा दिएको निर्देशन अनुसारको अन्य काम गर्ने ।
१४. पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगरलाई पूर्वाञ्चल क्षेत्रका निवेदन लिन र मध्य पश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्जलाई मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रका निवेदनहरू लिन अधिकार दिने ।
१५. आफ्नो क्षेत्र बाहिरको जिल्लाबाट पनि उजुरी दर्ता गर्न आएमा दर्ता गरी आयोगबाट निकासा भए बमोजिम गर्ने ।

**(ख) सार्वजनिक बिदाको दिन उजुरी लिने व्यवस्था**

मुलुकमा चलिरहेको आन्तरिक सशस्त्र द्वन्द्वका कारण मानव अधिकार तथा मानवीय कानुनको उल्लंघनका घटनाहरू श्रृङ्खलाबद्ध रूपमा दिनहुँ घटिरहेका अवस्थामा हत्या, यातना, अपहरण, बेपत्ता, बारुदी सुरुङ्गको प्रकोप, यौनजन्य हिंसा जस्ता गम्भीर प्रकृतिका घटनाहरूले देशको मानव अधिकारको स्थिति गम्भीर बन्दै गएको तर्फ संवेदनशील हुदै २०६१ साल श्रावण १ गतेदेखि शनिबार, आइतबार तथा अन्य सार्वजनिक बिदाको दिनमा पनि मानव अधिकारको उल्लंघनका घटनाहरूको उजुरी लिनका लागि आयोग खुला रह्ने व्यबस्था मिलाएको छ ।

**(ग) मानव अधिकार संरक्षणका निमित्त आयोगका केही महत्वपूर्ण नीतिगत निर्णयहरू**

नयाँ पदाधिकारी गठन पश्चात् आयोगको पहिलो बैठकबाट मानव अधिकारको संरक्षणमा देखा परेका चुनौतीहरूको सामना गर्दै नेपाली जनताहरूको मानव अधिकारको संरक्षण गर्न निम्न कुराहरूलाई अझ बढी प्राथमिकता दिई आयोगको छविलाई अझ उच्च बनाउन प्रयासरत रहने निर्णय गरियो ।

१. निष्पक्षता, स्वतन्त्रता, समानता, पारदर्शिता जस्ता आयोगका मूल्य र मान्यतालाई सदैव आत्मसात गर्दै यी आदर्श र मूल मर्महरू प्रतिबिम्बित हुने गरी आयोगका क्रियाकलापहरू सञ्चालन गर्ने र मानव अधिकार संरक्षणको सवालमा कुनै पनि सम्झौता नगरी निर्भीकताका साथ ऐनप्रदत्त दायित्व निर्वाह गर्ने ।
२. आयोगले विगतमा सुरु गरेका मानव अधिकार संरक्षण र सम्वर्द्धनका कार्यलाई निरन्तरता दिई आफ्ना कार्यलाई अझ प्रभावकारी बनाउनको लागि अन्य उपायहरूको पनि खोजी गर्ने र सबै क्रियाकलापहरूमा व्यवसायिक दक्षता र प्रभावकारिता वृद्धि गर्ने कुरामा सदैव सचेत रहने ।

३. आयोगको रणनीतिक योजनाको कार्यान्वयनलाई निरन्तरता दिने र यसै क्रममा अपाङ्ग, महिला तथा बालबालिका, दलित, आदिवासी एवम् पिछडिएका समुदाय लगायत विस्थापित भएका व्यक्तिहरूको मानव अधिकारको रक्षाको लागि अझ बढी पहल गर्ने ।
४. नेपालमा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित अनुगमन कार्यालयले समेत काम सुरु गरिसकेको हुँदा मानव अधिकारको अनुगमनमा अन्तर्राष्ट्रिय अनुभव लिने सम्बन्धमा समेत छलफल गरी सहकार्यका आधारहरू तय गरी मानव अधिकार संरक्षणको साझा कार्यलाई अझ प्रभावकारी बनाउने ।
५. मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरू, सञ्चार जगत् तथा नागरिक समाजसँग अझ प्रभावकारी रूपमा सहकार्यको क्षेत्र विस्तार गर्दै लाने ।
६. हालै अभिव्यक्ति स्वतन्त्रताको प्रचलनमा देखा परेका व्यवहारहरू निवारण गर्न र कुनै विचारधाराप्रति आस्थावान् रहेको आधारमा मात्र हिरासतमा राखिएका बन्दीहरूको रिहाइका लागि तत्काल आवश्यक कदम चाल्ने
७. विगतमा आयोगले गरेका मानव अधिकर सम्बन्धी विभिन्न सिफारिसहरूको कार्यान्वयनका विषयमा अबिलम्ब पहल गर्ने ।
८. आयोगले बनाएको आचारसंहिताको पूर्ण परिपालना गर्ने ।

## २.२ योजना, आन्तरिक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य

यस प्रतिवेदन अवधिमा आयोगको दोस्रो रणनीतिक योजना २००४- २००८ बमोजिम मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि आयोगले आगामी ५ वर्षमा गर्नुपर्ने कार्यहरूलाई निर्देशित गरी पाँच वर्षे कार्य योजनालाई मिति २०६१।६।२८ को निर्णय पारित तयार गरी ल्याइएको छ ।

मानव अधिकार संस्कृति विकासको निमित्त विश्वव्यापी रूपमा आत्मसात गरिएका मानव अधिकार सिद्धान्तहरूका आधारमा एउटा स्वतन्त्र तथा निष्पक्ष संस्थाको रूपमा मानव अधिकार संरक्षण र सम्वर्द्धनका निम्ति नेतृत्वदायी भूमिका बहन गर्नु भन्ने ध्येय रहेको उक्त पाँच वर्षे कार्ययोजना अन्तर्गत वार्षिक कार्यक्रम स्वीकृत भई सोही बमोजिम आयोगका क्रियाकलापहरू सञ्चालन भइरहेको छ ।

आयोगको रणनीतिक योजनामा अन्तर्गत रहेका समानता, निष्पक्षता सर्वसुलभता, उत्तरदायित्व, पारदर्शी, स्वतन्त्र तथा स्वायत्त जस्ता सिद्धान्तहरूलाई अनुगमन गर्न आधारभूत मूल्य मान्यता अनुगमन समिति गठनको प्रक्रियामा रहेको छ ।

### २.२.१ श्री ५ को सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनासँगको सहकार्य

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सहयोगमा श्री ५ को सरकारद्वारा तर्जुमा भएको राष्ट्रिय मानव अधिकार कार्ययोजनाको कार्यान्वयन सिलसिलामा आयोजित बैठकहरूमा आयोगले सहभागिता जनाउँदै रचनात्मक सुझावहरू प्रस्तुत गर्दै आएको छ । उक्त कार्य योजनाको कार्यान्वयनको लागि श्री ५ को सरकारद्वारा सम्पादित हुने कार्यहरूको अनुगमन गर्ने जिम्मेवारी यस आयोगलाई प्राप्त भए अनुरूप आयोगले सो कार्ययोजनाको अनुगमन गर्ने सम्बन्धमा कार्य गर्दै आएको छ ।

### २.२.२ नीति निर्माण

नीति निर्माणको दृष्टिकोणले यस प्रतिवेदन अवधिमा महत्वपूर्ण पहलहरू भएका छन् । अनुगमन नियमावली, आयोगको सञ्चार रणनीति जस्ता नीति तयार भई कार्यान्वयमा आइसकेका छन् भने लैङ्गिक नीति, सूचना प्रवधि नीति तथा सुरक्षा रणनीति तर्जुमा सम्बन्धी कार्य अन्तिम चरणमा पुगेको अवस्था छ । आयोगद्वारा यस्ता नीति निर्माणको तयारीको क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सल्लाहकारको सेवा समेत लिने गरिएको छ । आयोगद्वारा तयार भएका यस्ता नीति नियमहरूबाट कार्य सम्पादन व्यबस्थित भई आयोगको संस्थागत क्षमता विकास हुदै जाने अपेक्षा गरिएको छ । आयोगद्वारा यस प्रतिवेदन अवधिमा नीति निर्माणका क्षेत्रमा भए गरेका कार्यहरूलाई देहायका बुँदाहरूमा संक्षिप्त चर्चा गरिएको छ ।

### २.२.३ आयोगको सञ्चार कार्यनीति

राष्ट्रिय मानव अधिकार आयोगद्वारा आम सञ्चारजगत्लाई मानव अधिकार अवधारणातर्फ उन्मुख गराउनु पर्ने आवश्यकता महसुस गरी आयोगले छुट्टै सञ्चार रणनीति बनाउने प्रक्रिया सुरु गरेको थियो । सोही क्रममा आयोगद्वारा यस प्रतिवेदन अवधिमा आयोगको सञ्चार कार्यनीतिको तर्जुमा भई कार्यान्वयनमा आइसकेको छ । सूचनामा पहुँच विस्तार मार्फत सरोकारवालाहरूलाई सशक्तीकरण गर्दै सञ्चार तथा वकालती सम्बन्धी कार्यक्रमहरूलाई एक प्रभावकारी उत्प्रेरकको रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले उक्त सञ्चार कार्यनीतिको तर्जुमा गरिएको थियो ।

आयोगद्वारा २०६१।१२।१८ मा स्वीकृत गरिएको यस सञ्चार कार्यनीतिमा मानव अधिकार सम्बन्धी कार्यक्रमहरू मार्फत जनचेतना अभिवृद्धि गर्ने, आयोगका क्रियाकलापहरू प्रति विश्वसनीयता अभिवृद्धि गर्ने एवम् मानव अधिकारसँग सम्बन्धित सूचना र सञ्चारको विकास एवम् सुदृढीकरणको निमित्त अपनाइनु पर्ने सुधारका सम्वन्धमा सरोकारवालाहरूलाई सुझाव प्रदान गर्ने लगायतका विशिष्ट उद्देश्यहरू समेत समावेश गरिएका छन् । यस कार्यनीतिमा समाजका तल्लो तहसम्म मानव अधिकार सम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले आमसञ्चारसँग सम्बन्धित सञ्चारकर्मीहरूलाई तालिम प्रदान गर्ने सम्बन्धमा समेत उल्लेख गरिएको छ । सञ्चार रणनीतिको कार्यान्वयबाट आयोगको सञ्चार क्षेत्रसँगको सम्बन्धमा एकद्वार नीति लागू गर्नमा र आयोगद्वारा मानव अधिकारका सम्बन्धमा सम्पन्न भएका कार्यहरूका सम्बन्धमा सर्वसाधारण समक्ष जानकारी प्रदान गर्न एवम् सञ्चारकर्मीहरूलाई मानव अधिकार अवधारणा तर्फ उन्मुख गर्ने कार्यमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २.२.४ नियमावली तथा निर्देशिका

यस अवधिमा आयोगले मानव अधिकार आयोग ऐन, २०५३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने सिलसिलामा विभिन्न नियमावली तथा निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

यसै क्रममा राष्ट्रिय मानव अधिकार आयोगको आन्तरिक काम कारवाहीलाईं व्यवस्थित रूपले सञ्चालन गर्नका लागि व्यवस्थापन समितिको गठन गर्ने सम्बन्धमा आयोगको मिति २०६१।१०।२१ मा भएको निर्णय बमोजिम व्यवस्थापन समिति गठन गरी सोको  कार्यविधि सम्बन्धी निर्देशिका बनाई लागू गरिएको छ । यसबाट आयोगका काम कारवाहीलाई छिटो छरितो ढङ्गले सम्पादन गर्नमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै मानव अधिकार अनुगमन नियमावली, २०६१ समेत लागू गरिएको छ ।

यसै गरी सेभ द चिल्ड्रेन नर्वेको सहयोगमा श्री ५ को सरकारले गठन गरेको सरकारी समिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको प्रतिनिधिसमेतको सहयोगमा आयोगले २०६१ श्रावण २५ गते बर्तमान द्वन्द्वको समयमा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरूले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धी निर्देशिका जारी गरेको थियो । जस अन्तर्गत गर्न हुने र नहुने कार्यका सम्बन्धमा निर्देशिका जारी भएको छ ।

## २.२.५ सुरक्षा रणनीति

यस प्रतिवेदन अवधिमा सुरक्षा तथा सावधानी सम्बन्धमा आयोगद्वारा महत्वपूर्ण पहलहरू सुरु गरिएका छन् । यसै क्रममा आयोगका कर्मचारी तथा आयोगको भौतिक सम्पति सुरक्षा एवम् सावधानीका उपायहरुको सम्बन्धमा सहयोग पुऱ्याउने उद्देश्यले सुरक्षा सम्बन्धी व्यवस्थापन प्रक्रिया प्रारम्भ गरिएको छ । आयोगले ऐन प्रदत्त अनुगमन तथा अनुसन्धानको दायित्व निर्वाह गर्ने  क्रममा अधिराज्यभर स्थलगत भ्रमण गर्नुपर्ने कार्य प्रकृतिलाई मध्यनजर गर्दा सुरक्षा व्यवस्थालाई समेत विशेष ध्यान दिनु पर्ने आवश्यकता महसुस गरिएको थियो । यसै सिलसिलामा सुरक्षाको रणनीति विकास, सुरक्षा व्यवस्थामा सहयोग गर्ने लगायतका अन्य सावधानीका उपायहरु सम्वन्धी कार्यकोलागि एक राष्ट्रिय स्तरको सुरक्षा अधिकृत तथा अन्तर्राष्ट्रिय सुरक्षा विशेषज्ञको नियुक्ति गरिएको थियो । आयोगका सुरक्षा सम्बन्धी सवालहरूलाई सम्वोधन गर्ने क्षमता विकास गर्ने उद्देश्यले प्रथम चरणमा कर्मचारी तथा सम्पति सुरक्षा सम्बन्धी आवश्यकता पहिचान, क्षेत्रीय कार्यालयका कर्मचारीहरूलाई सुरक्षा तालिम प्रदान गरिएको छ ।

आयोगको केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयहरूमा चौबीसै घण्टा सुरक्षा गार्डहरूबाट कार्यालय सुरक्षा गर्ने व्यवस्थाको शुरूवात भइसकेको छ । सुरक्षा अवधारणालाई बिकास गर्दै लैजानको निमित्त सुरक्षा सम्बन्धी सत्रवटा स्थायी कार्यादेश (Standing Order Procedure) तयार गरी सो बारे ज्ञान दिलाउने उद्देश्यले काठमाडौं, नेपालगन्ज र बिराटनगरमा तालिम सञ्चालन गरी हाल सम्म ६५ जना कर्मचारीहरूलाई तालिम प्रदान गरिएको थियो । यसैगरी हप्तावारी रूपमा सुरक्षा तथा सावधानी अवस्था प्रतिवेदन (Safety and Security Situation Report) तयार गरी सबै कर्मचारीहलाई जानकारी गराउने परिपाटीको बिकास गरिएको छ ।

## २.२.६ लैङ्गिक नीति

आयोगका ऐन प्रदत्त दायित्व वहन गर्ने क्रममा संस्थाभित्रका क्रियाकलापहरूमा लैङ्गिक समानता र लैङ्गिक मूल प्रवाहीकरण गर्दै आयोगको रणनीतिक योजना २००४-२००८ को रणनीतिक उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन लैङ्गिक नीति तर्जुमा गरिएको छ । यस नीतिबमोजिम आयोगका गतिविधिलाई लैङ्गिक मूल प्रवाहीकरण तर्फ उन्मुख गराउने खालको कार्य योजना विकास गरिने कार्यक्रम रहेको छ ।

## २.२.७ सूचना प्रविधि सम्वन्धी कार्य

राष्ट्रिय मानव अधिकार आयोगमा सूचना प्रविधिको पहुँच विकास गर्न सूचना प्रविधि सम्बन्धी छुट्टै सूचना प्रविधि इकाईको व्यवस्था गरिएको छ । यसकालागि चाहिने उपकरणहरू तथा कर्मचारीहरू आयोगको क्षमता विकास परियोजनाले उपलब्ध गराएको छ । आयोगका क्षेत्रीय कार्यालयहरूमा पनि इन्टरनेट तथा इमेलको व्यवस्था मिलाइएको छ । आयोगद्वारा सूचना प्रविधि सम्बन्धी छुट्टै नीति तयार गर्ने सम्बन्धमा आवश्यक कार्य भइरहेको छ । साथै एसिया फाउण्डेशनको सहयोगमा इनरनेट मार्फत सूचना अदान प्रदान गर्नको लागि मार्टश प्रणाली लागू गर्ने सम्वन्धमा समेत कार्य शुरु भइसकेको छ ।

# २.३ विधि विषय परामर्श सम्बन्धी कार्य

## २.३.१ राष्ट्रिय कानुनको पुनरावलोकन

मानव अधिकारको संरक्षण र सम्वर्द्धनकालागि मानव अधिकार आयोग ऐनको दफा ९ बमोजिम गर्नुपर्ने कार्यहरूमध्ये विधि विषयसँग सम्बन्धित कार्यहरू महत्वपूर्ण कार्यहरूको रूपमा रहेका छन् । जसमा संविधान तथा प्रचलित कानुनद्वारा दिइएको संरक्षण सम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्ने तथा मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा दस्तावेजहरूको अध्ययन गरी श्री ५ को सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक र उपयुक्त सुझाव दिने दायित्व तोकिएको छ ।

आयोगले यस प्रतिवेदन अवधिमा रणनीतिक योजना (२००४-२००८) बमोजिम सुरक्षा सम्बन्धी कानुन, महिला विरूद्ध हुने हिंसा सम्बन्धी कानुनलगायत मानव बेचबिखन सम्बन्धी विभिन्न कानुनहरूको पुनरावलोकन गरी सो को मस्यौदा प्रतिवदेनहरू तयार गरिसकेको छ भने महासन्धीका विविध पक्षमा अध्ययन गर्ने सिलसिलामा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी महासन्धिका राष्ट्रिय कानुनमा समावेशीकरण (Domestication) का स्थितिको अध्ययन गर्ने कार्य भइरहेको छ । उक्त कार्यमा आयोगको क्षमता अभिवृद्धि परियोजनाअन्तर्गत डेनिस इस्टिच्यूट फर ह्यूमन राइट्स (DIHR) ले सहयोग पुऱ्याउदै आएको छ । आयोगले गरेको राष्ट्रिय कानुनहरूको पुनरावलोकन सम्बन्धी महत्वपूर्ण क्रियाकलापका सम्बन्धमा वुदाँगत रूपमा देहाय बमोजिम चर्चा गरिएको छ ।

### २.३.१.१ आतंककारी तथा विध्वंशात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेश, २०६१ को अध्ययन पुनरावलोकन

यस प्रतिवेदन अवधिमा आयोगले विभिन्न राष्ट्रिय पुनरावलोकन गर्ने क्रममा आतंककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को पुनरावलोकन गरी मस्यौदा प्रतिवेदन तयार गरेको थियो । उक्त मस्यौदा प्रतिवेदनलाई अन्तिम रूप दिनका लागि सम्बन्धित सवै पक्षहरूको राय, सुझाव र प्रतिक्रिया लिने उद्देश्यले २०६२/०३/०९ मा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा आयोगका माननीय सदस्यहरू सुशीला सिंह सिलु, सुदीप पाठक र डा. राम दयाल राकेश, श्री ५ को सरकारका विभिन्न मन्त्रालयहरूका प्रतिनिधिहरू, कानुन सुधार आयोग, नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालय, शाही नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका अधिकृतहरू, विभिन्न गैससका प्रतिनिधिहरू, एम्नेष्टी इन्टरनेसनल्का सभापति, त्रिभुवन विश्वविद्यालय कानुन संकायका डिन, काठमाडौं स्कुल अफ लका प्राचार्य, अधिवक्ताहरू र पत्रकारहरूको सहभागिता थियो ।

उक्त अन्तरक्रिया कार्यक्रम मूलत पक्राउ पुर्जी विना गिरफ्तार गर्न सकिने, जुनसुकै स्थान र समयमा गिरफ्तार गर्न सकिने, तालाबन्दी वा नाकाबन्दी गर्न सकिने, व्यक्ति संघ संस्थालाई आतंककारी घोषणा गर्न सकिने, एक वर्षसम्म निवारक नजरबन्दमा राख्न सकिने, सामान्यतयाः थुनामा राखी पुर्पक्ष गरिने, बैक खाता र राहादानी रोक्का गर्न सकिने, आवश्यक वल र हातहतियार प्रयोग गर्न सकिने, असल नियतले गरेकोमा सजाय नहुने भनी अध्यादेशले गरेका व्यवस्थाहरू उपर केन्द्रित भएको थियो । कार्यक्रमका सहभागीहरूले अध्यादेशका धेरै जसो व्यवस्थाहरू संविधान र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी सन्धिहरूका प्रावधानहरूसँग बाझिएका र अध्यादेशले सम्बोधन गर्न खोजेका विषयहरू अन्य प्रचलित कानुनहरूद्वारा नै समेटिएको हुँदा यसको निरन्तरता आवश्यक छैन भनेका थिए भने केही सहभागिहरूले अध्यादेशलाई संविधान र

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूका प्रावधानहरू अनुकुल बनाउन आवश्यक संशोधन हुनु पर्ने विचार व्यक्त गरेका थिए । आयोगले उक्त अन्तरक्रिया कार्यक्रमका सहभागीबाट प्राप्त राय सुझावलाई समेत प्रतिवेदनमा समावेश गरी आवश्यक सिफारिस श्री ५ को सरकार समक्ष पठाउने तयारी गरिरहेको छ ।

### २.३.१.२ सुरक्षासँग सम्बन्धित विभिन्न नेपाल कानुनहरूको पुनरावलोकन

यस आर्थिक वर्षमा आयोगको विधिविषय परामर्श महाशाखाले सुरक्षासँग सम्बद्ध राष्ट्रिय कानुनहरूमा रहेका व्यवस्थाहरू मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिहरू लगायतका मानव अधिकार सम्बन्धी प्रतिपादित सिद्धान्तहरू एवम् मापदण्डहरू अनुरूप रहे नरहेको सम्बन्धमा अध्ययन पुनरावलोकन गरी मस्यौदा प्रतिवेदन तयार गरेको थियो । मस्यौदा प्रतिवेदनमा पुनरावलोकन गरिएका सुरक्षासँग सम्वद्ध राष्ट्रिय कानुनहरूमा कारागार ऐन, प्रहरी ऐन, सैनिक ऐन, सशस्त्र प्रहरी ऐन, स्थानीय प्रशासन ऐन, विष्पोटक पदार्थ ऐन, हातहतियार तथा खरखजाना ऐन, आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, नेपाल विशेष सेवा ऐन, आवश्यक सेवा सञ्चालन ऐन, केही सार्वजनिक (अपराध र सजाय) ऐन, राज्य विरुद्वको अपराध र सजाय ऐन, सार्वजनिक सुरक्षा ऐन, सरकारी मुद्दा सम्बन्धी ऐन, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, चन्दा ऐन, जासुसी ऐन, लिखतहरूको गोप्यता सम्बन्धी ऐन, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन र केही फौजदारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐनका साथै ती ऐनहरूका नियमावलीहरू रहेका छन् । उक्त मस्यौदा प्रतिवेदन उपर विभिन्न सरोकारवालाहरूको राय, सुझाव र प्रतिक्रियाहरू संकलन गरी प्रतिवेदनलाई अन्तिमरूप दिन उद्देश्यले मिति २०६२ असार २७-२८ मा दुई दिवसीय आवासीय कार्यशालाको आयोजना गरिएको थियो । आयोगका तर्फबाट माननीय सदस्यहरू सुशीला सिंह सिलु र डा. राम दयाल राकेश, आयोगका सचिव केदार प्रसाद पौड्याल, आयोगको क्षमता अभिवृद्धि कार्यक्रमका राष्ट्रिय कार्यक्रम व्यवस्थापक विक्रम क्षेत्री, सहभागीको रूपमा आयोगका अधिकृतहरू, विभिन्न मन्त्रालयहरू (रक्षा, कानुन, गृह), सर्वोच्च अदालत, पुनरावेदन अदालत पाटन, कानुन सुधार आयोग, महान्याधिवक्ताको कार्यालय, शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, काठमाडौं जिल्ला प्रशासन कार्यालय, कारागार व्यवस्थापन विभागका अधिकृतहरू, नेपाल वार एशोसिएसन् र विभिन्न गैसस (सेलर्ड, नेपाल मानव अधिकार सँगठन, महिला, कानुन र विकास मञ्च, एम्नेष्टी इन्टरनेश्नल्) का प्रतिनिधिहरू, कानुन व्यवसायीहरू र कानुनी पत्रकारहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा मस्यौदा प्रतिवेदन प्रस्तोताको रूपमा आयोगका राष्ट्रिय परामर्शदाता भिमार्जुन आचार्य, टिप्पणीकर्ताको रूपमा सर्वोच्च अदालतका पूर्व न्यायाधीश माननीय टोप बहादुर सिंह र प्राध्यापक डा. रजित भक्त प्रधानाङ्ग रहेका थिए ।

कार्यशालामा सुरक्षासँग सम्बद्ध राष्ट्रिय कानुनहरूमा रहेका व्यवस्थाहरूको छलफल गर्ने क्रममा टिप्पणीकर्ताहरूले र सहभागीहरूले सवै अवस्थामा संभव नभए पनि विना पुर्जी पक्राउ गरिनु उचित नहुने, सैनिकद्वारा गैरसैनिक माथि गरिएको अपराध सैनिक अदालतबाट हेरिनु उचित नहुने, जिल्ला प्रशासन कार्यालय, जिल्ला बन कार्यालय लगायतका विभिन्न अर्थ न्यायिक निकायले कानुनी प्रक्रिया पूरा नगरी निर्णय गर्ने पाइएको र ती निकायहरूद्वारा कतिपय फौजदारी प्रकृतिका निर्णय समेत गर्न सक्ने कानुनी व्यवस्था भएबाट निष्पक्ष सुनवाई हुन नसक्ने भएकोले त्यस्ता व्यवस्थाहरूलाई साधारण अदालतमा सारिनु पर्ने, विशेष सेवा नियमावली प्रकाशन नगरिएको जसमा मृत्यदण्ड दिने व्यस्था समेत रहेकोले त्यसको प्रकाशन र पुनरावलोकन गरिनु पर्ने, जेलमा कैदीहरूसँग भेटघाट र काउन्सिलिङ्गको लागि छुट्टै कोठाको व्यवस्था हुनु पर्ने, सैनिक अदालतको फैसला उपर सामान्य अदालतमा पुनरावेदन लाग्ने व्यवस्था हुनु पर्ने, निवारक नजरबन्दको अवधि छोटो हुनु पर्ने र सो उपर अदालतको नियन्त्रण हुनु पर्ने, यातनालाई फौजदारी अपराध मानिनु पर्ने, राष्ट्रिय हित भन्ने शब्द संविधानको प्रतिबन्धात्मक वाक्यांशमा प्रयोग नभएकोले प्रकाशनसम्बन्धी ऐनमा यस्तो शब्द प्रयोग गरी प्रकाशनमा अनुचित बन्देज लगाउन नहुने आदि सुझावहरू प्रस्तुत गरेका थिए । आयोगले उक्त छलफबाट

प्राप्त निष्कर्ष समेतका आधारमा श्री ५ को सरकार समक्ष प्रतिवेदन सहित आवश्यक सिफारिस पठाउने तयारी गरिरहेको छ ।

### २.३.१.३ महिलाविरुद्धको हिंसाको रूपमा बोक्सी प्रचलन र तत्सम्बन्धी कानुनी व्यवस्थाहरूको सम्बन्धमा श्री ५ को सरकारलाई सिफारिस

आयोगबाट महिलाविरुद्धको हिंसाकोरूपमा बोक्सी प्रचलन र तत्सम्बन्धी कानुनी व्यवस्थाहरूको पुनरावलोकन गरी तयार पारिएको प्रतिवेदनको सम्बन्धमा मिति ०६२ चैत्र ३० मा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त अन्तरक्रियाबाट प्राप्त सुझाव तथा सल्लाह समेत समावेश गरी आयोगको मिति २०६२/०१/२७ को निर्णय अनुसार निम्न बमोजिमका कार्यहरू अविलम्ब गर्न गराउन श्री ५ को सरकारमा सिफारिस गरिएको छ ।

१) हाल विद्यमान रहेका कानुनहरू बोक्सीको आरोपमा महिलाविरुद्ध हुने गरेका दुर्व्यवहार एवम् हिंसाका घटनालाई रोकथाम तथा नियन्त्रण गर्न र दोषीलाई सजाय गर्न पर्याप्त एवम् प्रभावकारी नहुनुका साथै प्रचलित कानुनमा त्यस्तो दुर्व्यवहार एवम् हिंसाका घटनाबाट पीडित भएको व्यक्तिलाई उचित क्षतिपूर्ति र पुन:स्थापनाको व्यवस्था सम्बन्धमा कुनै प्रावधान नभएको देखिएकाले यस सम्बन्धमा आवश्यक कानुनको तर्जुमा गर्ने । साथै, महिलाविरुद्ध बोक्सीको आरोपका अतिरिक्त अन्य माध्यमबाट पनि हिंसाजन्य घटनाहरू हुने गरेकाले महिलाविरुद्ध हुने सबै प्रकारका हिंसाजन्य घटनाहरूको रोकथाम तथा नियन्त्रण गर्न र दोषी उपर सजाय गर्न एकीकृत कानुनको तर्जुमा गर्ने,

२) बोक्सीको आरोपमा महिलाविरुद्ध हुने गरेका दुर्व्यवहार एवम् हिंसाका घटनाको रोकथाम तथा नियन्त्रण गर्न र दोषी उपर सजाय गर्न पर्याप्त एवम् प्रभावकारी कानुन बनी लागू नभएसम्मको अवधिका लागि अन्तरिम उपायको रूपमा देहायका कुराहरूलाई समेट्ने निर्देशिका जारी गरी सोको कार्यान्वयन गर्नकालागि श्री ५ को सरकार मातहतका कानुन कार्यान्वयन गर्ने सम्पूर्ण निकायहरूमा यथाशीघ्र परिपत्र गर्ने:-

   क) बोक्सीको आरोपमा महिलाविरुद्ध गरिने दुर्व्यवहार एवम् हिंसाजनक कार्यहरूलाई अपराध मानिएको घोषणा गरिनु पर्ने,

   ख) त्यस्तो अपराधमा संलग्न व्यक्तिलाई कानुन बमोजिम कारवाही चलाई दण्डित गरिनु पर्ने,

   ग) त्यस्तो घटनाका सम्बन्धमा मुद्दा चली अन्तिम निर्णय नभएसम्मको अवस्थामा अन्तरिम राहत स्वरूप पीडितको अवस्थालाई मध्यनजर गरी स्वास्थ्य उपचार, खाने बस्ने लगायत अन्य आवश्यक कुराहरूको व्यवस्था मिलाइनु पर्ने,

   घ) हाल प्रचलित कानुन अनुसार बोक्सीको आरोपमा गरिएको हिंसाबाट पीडित भएको व्यक्तिले राज्यको कोषबाट क्षतिपूर्ति पाउने व्यवस्था नभएको हुँदा यससम्बन्धमा तुरुन्त आवश्यक व्यवस्था गरी मुद्दाको किनारा गर्दा राज्यको कोषबाट समेत पीडितलाई उचित क्षतिपूर्ति दिने व्यवस्था मिलाइनु पर्ने,

   ङ) यस प्रकारको हिंसालाई निरुत्साहित गर्नकालागि व्यापकरूपमा सचेतना कार्यक्रम सञ्चालन गर्ने गराउने ।

### २.३.१.४ मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रणसम्बन्धी कानुनी व्यवस्थाहरूको पुनरावलोकन

आयोगको विधिविषय परामर्श महाशाखाले मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रणसम्बन्धी कानुनी व्यवस्थाहरूको पुनरावलोकन गर्ने सम्बन्धमा तयार गरिएको मस्यौदा सम्बन्धमा छलफल गर्न मिति २०६२ असार १७ गते एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । मस्यौदा प्रतिवेदनलाई अन्तिम रूप दिन सरोकारवालाहरूको राय, सुझाव र प्रतिक्रियाहरू संकलन गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा आयोगका माननीय सदस्यहरू सुशीला सिंह सिलु, सुदीप पाठक र डा. राम दयाल राकेश, आयोगका का.मु.

सचिव केदार प्रसाद पौड्याल र अन्य अधिकृतहरू, विभिन्न मन्त्रालयहरू, कानुन सुधार आयोग, महान्यायाधिवक्ताको कार्यालयका अधिकृतहरू, नेपाल वार एशोसिएसन्, नेपाल पत्रकार महासंघ र विभिन्न गैससका प्रतिनिधिहरू, कानुनका प्राध्यापकहरू, अधिवक्ताहरू र पत्रकारहरूको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी विद्यमान कानुनमा रहेका कमीकमजोरीहरू हटाई शसक्त कानुन निर्माण गर्नु पर्ने विषयमा गहन छलफल भएको थियो । कार्यक्रमका सहभागीहरूले मानव बेचबिखन तथा ओसार पसार संगठित अपराध भएको र यसको निवारणका लागि पर्याप्त र उपयुक्त कानुनी व्यवस्था नभएकोले गर्दा नेपालबाट बर्सेनी हजारौंको सख्यामा चेलीवेटी बेचबिखन र ओसार पसारको सिकार भए तापनि नगन्य रूपमा मुद्दाहरू मात्र अदालतमा दर्ता हुने गरेको निष्कर्ष निकालेका थिए ।

आयोगबाट मानव बेचबिखन तथा ओसार-पसार कार्य नियन्त्रण सम्बन्धी कानुनी व्यवस्थाहरूको पुनरावलोकन विषयमा गरिएको अध्ययन प्रतिवेदनको निष्कर्ष एवम् अन्तरक्रियाबाट प्राप्त राय सुझाव समेतका आधारमा श्री को सरकारमा आवश्यक सिफारिस पठाउने तयारी भइरहेको छ ।

## २.३.२ महासन्धि सम्बन्धी कार्य

### २.३.२.१ महासन्धि उपर प्रतिवेदन लेखन तालिम

अन्तर्राष्ट्रिय प्रचलन एवम् मापदण्ड बमोजिम लेखन तथा नियमित एवम् ब्यबस्थित ढंगले पठाउने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले डेनिस इन्सटिटि्युट फर ह्युमन राइटस (DIHR) को सहयोगमा श्री ५ को सरकारका विभिन्न निकायका प्रतिनिधिहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू तथा आयोगका कर्मचारीहरूलाई विभिन्न महासन्धिका प्रतिवेदन लेखनका सैद्धान्तिक, प्राविधिक तथा व्यवहारिक पक्षहरू सम्बन्धमा (१२-१६) जनवरी २००५ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICESCR) मा तालिम प्रदान गरिएको थियो ।

### २.३.२.२ महासन्धि उपरको दायित्व सम्बन्धमा ध्यानाकर्षण

मानव अधिकार आयोग ऐन २०५३ को दफा ९ (२) (ठ) र ९ (३) बमोजिम श्री ५ को सरकारले नेपालपक्ष भएको विभिन्न महासन्धिहरूमा पठाउनु पर्ने प्रतिवेदनहरूका सम्बन्धमा आयोगको सुझाव लिनु पर्ने ब्यवस्था भए तापनि श्री ५ को सरकारले विगतमा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ को दोस्रो र तेस्रो प्रतिवेदन, बाल अधिकार महासन्धि १९८९ को दोस्रो र तेश्रो प्रतिवेदन र सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धि महासन्धि १९६५ को पन्ध्रौ र सोह्रौ प्रतिवेदनहरू सम्बन्धित समिति समक्ष पठाउनु अगाडि आयोगको राय सुझाव नलिएको बिषयमा मिति २०६२।३।७ मा श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको ध्यानआकर्षण गराई आईन्दा त्यस्ता प्रतिवेदनहरूमा आयोगको राय समेत लिएर पठाउन आवश्यक ब्यवस्था मिलाउन श्री ५ को सरकारलाई लेखी पठाएको छ ।

### २.३.२.३ नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी महासन्धिको राष्ट्रिय कानुनमा समावेशीकरण (Domestication) को स्थितिको अध्ययन

नेपाल पक्ष भएका महासन्धिहरूको प्रवाधान अनुरूप सरकारले गर्नुपर्ने प्रशासनिक, न्यायिक तथा कानुनी उपायहरूका साथै सरकारले अख्तियार गरेका नीतिहरू, योजनाहरूको अध्ययन गर्ने उद्देश्यले नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी महासन्धिको राष्ट्रिय कानुनमा समावेशीकरण (Domestication) का स्थितिको अध्ययन गर्ने कार्य अगाडि बढाइरहेको छ ।

## २.४ मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्य

मानव अधिकार आयोग ऐन, २०५३ ले मानव अधिकारको संरक्षण र सम्वर्द्धनको गहन दायित्व प्रदान गरे बमोजिम आयोगबाट मानव अधिकार प्रबर्द्धन सम्बन्धी विभिन्न कार्यक्रम हुदै आएका छन् । आयोगको छविलाई निरन्तर उच्च राखी जनमानस समक्ष चिरपरिचित गराइराख्न, मानव अधिकार सम्बन्धी विभिन्न सन्देशलाई प्रवाह गर्न, मानव अधिकारको संरक्षणसम्वर्द्धन र प्रचलनका लागि सहयोग पुग्ने एवम् गैरसरकारी क्षेत्रमा कार्यरत मानव अधिकार सम्बन्धी संघ संस्थाहरूसँग सहकार्य हुने खालका विभिन्न प्रवर्द्धनात्मक कार्यहरू सम्पन्न गरिएका छन् । यसै सिलसिलामा मानव अधिकारसम्बन्धी विभिन्न छलफल तथा अन्तरक्रियाहरू, तालिम तथा गोष्ठीहरू, चेतनामूलक कार्यक्रमहरू, मानव अधिकार तथा शान्ति सम्मेलन, मानव अधिकारका विभिन्न विषयहरूसम्बन्धी प्रकाशन, सूचना सञ्चार तथा शिक्षा मूलक सामग्रीहरूको उत्पादन तथा वितरण कार्य हुदै आएका छन् ।

यस प्रतिवेदन अवधिमा आयोगद्वारा सम्पादित संरक्षणात्मक र प्रवर्द्धनात्मक गतिविधिहरू, सन्देश एवम् सूचनालाई आमसञ्चारका माध्यमद्वारा प्रभावकारी रूपमा प्रचार प्रसार गर्नको निम्ति आयोगको सञ्चार कार्यनीति बमोजिम आयोगमा प्रवक्ताको नियुक्ति गरिनुका साथै एक सञ्चार अधिकृतको समेत व्यवस्था गरिएको छ । यस अवधिमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग विभिन्न अवसरमा छलफल तथा अन्तरक्रियाहरू निरन्तर रूपमा सञ्चालन गरिदै आएको छ । श्री ५ को सरकारका विभिन्न निकायका प्रतिनिधिहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, पत्रकार लगायत नागरिक समाजका प्रबुद्ध वर्गसँग समय समय मानव अधिकारका संरक्षण, सम्वर्द्धन र कानुन पुनरावलोकन जस्ता विभिन्न विषयहरूमा छलफल, अन्तरक्रिया तथा गोष्ठी मार्फत सारोकारवालाहरूमा सूचना आदान प्रदान गर्ने तथा विभिन्न विषयहरूमा राय सुझावहरू प्राप्त गर्दै आएको छ ।

यस प्रतिवेदन अवधिमा आयोगद्वारा गरिएका प्रवर्द्धनात्मक कार्यका सम्बन्धमा देहाय बमोजिम चर्चा गरिएको छ ।

### २.४.१. मानव अधिकार सम्बन्धी प्रकाशन

यस प्रतिवेदन अवधिमा आयोगद्वारा सम्पादित संरक्षणात्मक र प्रवर्द्धनात्मक गतिविधिहरू, सन्देश एवम् सूचनालाई सर्वासाधारणमा जानकारी गराउने एवम् मानव अधिकार शिक्षालाई प्रकाशन मार्फत प्रचार प्रसार गरी मानव अधिकार संस्कृति निर्माणको दिशामा तर्फ उन्मुख हुन सहयोग पुर्‍याउने मानव अधिकारसँग सम्बन्धित विभिन्न विषयहरूसँग सम्बन्धित समाग्रीहरू प्रकाशनहरू गर्दै आएको छ । कतिपय प्रकाशित सामाग्रीहरूको अन्य संघ-संस्थाबाट पनि प्रवर्द्धनात्मक कार्यक्रमहरूमा वितरण गर्न आयोगमा अनुरोध भई आए बमोजिम आयोगले पुनः प्रकाशन गरी वितरण समेत गरेको छ । त्यसैगरी मानव अधिकारका विभिन्न सवालमा चेतना जागृत गर्ने उद्देश्यले रेडियो तथा टेलिभिजनमा सन्देश प्रशारण गर्न समेत केही श्रव्य दृश्य सामाग्रीहरू उत्पादन गरिएको छ । आयोगद्वारा आफ्नो वार्षिक प्रतिवेदन, बुलेटिन, आयोगबारे जानकारी पुस्तिका जस्ता समाग्रीहरू नेपाली र अंग्रजी दुबै भाषामा प्रकाशित गरी विभिन्न संघसंस्था तथा महानुभावहरूलाई वितरण गर्दै आएको छ । त्यसै गरी मानव अधिकार सम्बन्धी प्रश्नोत्तर, चेतनामूलक पोष्टर एवम् वार्षिक क्यालेण्डर प्रकाशन गरी वितरण गर्दै आएको छ । यस प्रतिवेदन अवधिमा आयोगद्वारा प्रकाशित मानव अधिकारसँग सम्बन्धित सामग्रीहरू निम्न अनुसार रहेका छन् ।

१. राष्ट्रिय मानव अधिकार आयोग, २०६१/०६२ बार्षिक प्रतिवेदन
२. National Human Rights Commission Annual Report 2004

३. आयोगको ४ वर्षको उपलब्धी : एक नजर (मैथिली संस्करण)
४. आयोगको पाँच वर्ष (२०५७ जेष्ठ १३ देखि २०६२ जेष्ठ १२)
५. An Assessment of Human Rights Protection Mechanism at Police Women & Children Cell in Nepal.
६. बोक्सी प्रचलन र तत्सम्वन्धी कानुनी व्यवस्थाहरूको पुनरावलोकन
७. मानव अधिकार बुटेलिन
८. क्यालेण्डर २०६२
९. मानव अधिकार प्रश्नोत्तर (पुनः प्रकाशन)
१०. बाल जिज्ञासा र जवाफहरू (पुनः प्रकाशन)
११. राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रस्तावित श्री ५ को सरकार र नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) वीचको मानव अधिकार सम्झौता पत्रको मस्यौदा ।
१२. राष्ट्रिय मानव अधिकार आयोग : एक चिनारी
१३. बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरूले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धी निर्देशिका
१४. महिला,बालबालिकाको अधिकार सम्बन्धी ब्रोसर्स
१५. प्रमुख ७ वटा अन्तराष्ट्रिय मानव अधिकार र इच्छाधीन आलेखहरू सम्बन्धी हाते पुस्तिका

यस प्रकार मानव अधिकारसँग सम्बन्धित विभिन्न विषयहरूमा आयोगद्वारा प्रकाशित तथा वितरित प्रवर्द्धनात्मक सामाग्रीहरूले मानव अधिकार शिक्षा, चेतना अभिवृद्धिमा महत्वपूर्ण सहयोग पुग्दै आएको छ ।

## २.४.२.श्रव्यदृश्य कार्यक्रम

यस प्रतिवेदन अवधिमा आयोगले श्रव्यदृश्य मार्फत सन्देश फैलाउने उद्देश्यले मानव अधिकारका विभिन्न विषय वस्तुहरुलाई समेटेर श्रव्यदृश्य सामग्रीहरू तयार गरी प्रशारण गर्दै छ । आयोगमा परेका अत्याधिक बेपत्ता/अपहरण सम्बन्धी उजुरीहरू तथा व्यापकरूपमा यस्ता घट्नाहरू भइरहेको सन्दर्भमा बेपत्ता/अपहरण गर्ने परिपाटीलाई निरुत्साही बनाउने तथा आफ्नो अधिकार प्रति सर्वसाधारणलाई चेतना जगाउने उद्देश्यले उक्त सन्देशमूलक श्रव्य दृश्य सामाग्री तयार पारिएको हो । टेलिभिजनको लागि तयार पारिएको ३० सेकेण्डको उक्त सन्देश विभिन्न टेलिभिजनहरूबाट प्रशारण भैसकेका छन् भने १ मिनेट र ४० सेकेण्ड समयावधिको रहेको बेपत्ता/अपहरण सम्बन्धी अरू दुई श्रव्यदृश्य सामग्रीहरू प्रशारण गरिने कार्यक्रम रहेको छ ।

## २.४.३ इ-वुलेटिन

आयोगद्वारा सन् २००२ देखि इ-मेलको माध्यमबाट पाक्षिकरूपमा अंग्रेजी भाषामा बुलेटिन वितरण गरिदै आएको छ । आयोगका गतिविधिहरू, योजनाहरू तथा महत्वपूर्ण प्रेस विज्ञप्तिहरूलाई समेत समावेश गरी छिटो र छरितो रूपमा सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले यस इलेक्ट्रोनिक वुलेटिन इ-मेलबाट वितरण गर्न थलिएको हो । आयोगका दैनिक गतिविधिहरू जस्तै अनुसन्धान, अनुगमन, अन्तरक्रिया, छलफल, आयोगका पदाधिकारीहरूसँगको भेटघाट, तालिम/गोष्ठी, कानुन पुनरावलोकन सम्बन्धी कार्यहरू, आयोगका पदाधिकारीहरूबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी सम्मेलनमा व्यक्त महत्वपूर्ण मन्तव्यहरू, आयोगका निर्णयहरु एवम् आयोगद्वारा जारी गरेका महत्वपूर्ण प्रेस विज्ञप्तिहरूलाई मुख्य विषयवस्तु वनाई बुलेटिनका सामग्रीहरू तयार गर्ने गरिएको छ । विचार तथा अन्तर्वार्तालाई पनि मुख्य विषय वस्तुको रूपमा समावेश गरिदै आएको छ ।

इ-मेलबाट पठाइने यस बुलेटिनका मुख्य सरोकारवालाहरू नेपाल स्थित मानव अधिकार क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था, सरकारी संघ संस्था, सञ्चार जगत, संयुक्त राष्ट्रसंघीय निकायहरू, कुटनैतिक नियोगहरू, दातृराष्ट्रका कार्यालयहरू, क्षेत्रीयस्तरका मानव अधिकार सम्बन्धी संजालहरू, अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी संघ संस्थाहरू लगायत इच्छुक व्यक्तिहरू समेत रहेका छन् । गत प्रतिवेदन वर्ष सम्ममा करिव १००० व्यक्ति तथा संघ संस्थाहरूलाई पठाइने गरेको यस बुलेटिनमा यस प्रतिवेदन वर्षमा करिव ४०० नयाँ इ-मेलहरू थपिएका छन् । इ-वुलेटिन आयोगका क्रियाकलापहरूको वारेमा आयोगलाई तत्कालै प्रतिक्रिया दिने एउटा माध्यम समेत बनेको छ । यसबाट आयोगलाई आफ्नो काम, कारबाहीमा सुधार ल्याउन र आयोगका बारेमा अरूको धारणा वुझ्न पाउने छिटो माध्यम समेत वनेको छ । यस इ-बुलेटिन प्राप्त गर्न चाहने व्यक्ति तथा संघ संस्थाहरूलाई आयोग www.nhrcnepal.org ठेगाना आफ्नो विवरण तथा इ-मेल पठाई इ-बुलेटिन प्राप्त गर्न सक्नेछन् ।

## २.४.४ प्रलेख केन्द्रको स्थापना

आयोगले यस प्रतिवेदन अवधिमा मानव अधिकार स्रोत केन्द्रलाई सुव्यवस्थित एवम् विस्तार गर्ने कार्यलाई निरन्तरता दिएको छ । आयोगको प्रवर्द्धन महाशाखा अन्तर्गत राखिएको यस केन्द्रमा मानव अधिकार, महिला तथा लैङ्गिक समानता, बाल अधिकार, शान्ति, द्वन्द्व, अन्तर्राष्ट्रिय कानुन, राष्ट्रिय कानुन, शरणार्थी, न्याय, बातावरण, प्रजातन्त्र, रानीतिक शास्त्र लागयतका विषयका करीब १७५० पुस्तकहरू रहेका छन् । यसका अलावा विभिन्न संस्थाका प्रतिवेदनहरू, Journals हरू, प्रतिवेदन, बुलेटिन तथा अन्य पाठ्य सामाग्रीहरू रहेका छन् । जसका लागि Danish Institute for Human Rights बाट प्राप्त सहयोग उल्लेखनीय रहेको छ । केन्द्रमा रहेका समाग्रीहरूलाई कम्प्युटरमा अभिलेख राख्ने कार्य सम्पन्न भइसकेको छ ।

यस स्रोत केन्द्रलाई थप आधुनिकीकरण र सुविधा सम्पन्न गर्ने उद्देश्यले स्रोत केन्द्रमा फोटोकपी मेसिन, टि.भी तथा डि.भी.डी, कम्प्यूटर तथा सुरक्षा सम्बन्धी उपकरणहरू जडान गरिएका छन् । आयोगले स्रोत केन्द्रकोसेवा लाई थप प्रभावकारी बनाउनको लागि रणनीतिक योजना समेत तयार गरिसकेको छ ।

## २.४.५ दिवस/समारोह

मानव अधिकार सम्बन्धी प्रमुख अन्तराष्ट्रिय दिवसहरूका उपलक्ष्यमा आयोगले विभिन्न कार्यक्रमहरू आयोजना गरी मानव अधिकार सम्बन्धी विशेष सन्देश प्रवाह गर्ने एवम् जनचेतना अभिवृद्धि गर्नुका साथै अन्य संघ-संस्थाहरूले आयोजना गरिएका कार्यक्रमहरूमा सहभागी भएर ऐक्यवद्धता जनाउँदै आएको छ । मानव अधिकार संस्कृतिको निर्माण गर्ने लक्ष्य हासिल गर्नका लागि उपयुक्त वातावरण निर्माण गर्ने कार्यमा समेत यस्ता दिवस तथा समारोहमार्फत प्रवाह गरिने सकारात्मक सन्देशले महत्वपूर्ण भूमिका खेल्नुका साथै यस्ता दिवस समारोहहरूबाट आयोग र अन्य संघ-संस्था बीचको समन्वय र कार्यगत एकतामा महत्वपूर्ण सहयोग पुग्न गएको छ । साथै मानव अधिकार क्षेत्रमा कार्यरत संघ-संस्थाहरू सरकारका उच्च पदस्थ अधिकारीहरू, सुरक्षा निकायका प्रमुखहरू, पत्रकार, बुद्धिजीवी, विदेशी कुटनैतिक नियोगका प्रतिनिधिहरू एवम् दातृसंस्थाका प्रतिनिधिहरू समेतलाई निमन्त्रणा गरी आयोगले हासिल गरेका उपलब्धि एवम् व्यहोर्नु परिरहेका चुनौतीहरूबारेमा समेत आफ्नो अनुभव आदान प्रदान गर्ने महत्वपूर्ण अवसरको रूपमा उक्त समारोहहरूलाई लिने गरिएको छ ।

केन्द्रमा गरिने कार्यक्रमबाट मात्र मानव अधिकारका सन्देश विभिन्न क्षेत्रमा पुग्न नसक्ने कुरालाई मध्यनजर गरेर क्षेत्रीय तथा जिल्ला स्तरमा मानव अधिकार सम्बन्धी दिवस तथा समारोहहरू सञ्चालन गरिदै आएको छ ।

आयोगद्वारा यस प्रतिवेदन अवधिमा सम्पन्न भएका केही महत्वपूर्ण दिवस तथा समारोह सम्बन्धी गतिविधिका सम्बन्धमा देहायका बुदाँहरूमा संक्षिप्त प्रकाश परिएको छ ।

**क) ५६ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस**

५६ औं अन्तर्राष्ट्रिय उपलक्ष्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरी संयुक्त राष्ट्रसंघीय मानव अधिकार शिक्षा दशक (१९९५-२००४) लाई सफल पार्न संसारभरका मानव अधिकारकर्मीहरू तल्लीन रहेको बेलामा आयोगले पनि विद्यमान अवस्थामा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न भोग्नुपरेका चुनौतीहरू लगायत मानव अधिकारका समसामयिक विषयवस्तको बारेमा प्रधानमन्त्री, सुरक्षानिकाय एवम् श्री ५ को सरकारका उच्चपदस्थ पदाधिकारीलाई अवगत गराई मानव अधिकार स्थितिमा सुधार हुन सकोस् एवम् सोही दिबस परी प्रकाशित गरिएका समाग्रीहरूमार्फत मानव अधिकार शिक्षाको प्रचार प्रसार एवम् चेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोगले मानव अधिकार दिवस १० डिसेम्वर २००४ अवसरमा कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा प्रधानमन्त्रीलगायत सरकारी उच्चपदस्थ अधिकारी, मानवअधिकारकर्मी, नेपाल स्थित संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका आवाशीय प्रतिनिधि, स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधि, विदेशी कुटनैतिक नियोगका प्रमुख लगायत दातृ राष्ट्रका प्रतिनिधिहरूको उपस्थिति थियो । उक्त समारोहलाई सम्वोधन गर्दै आयोगका अध्यक्ष नयनवहादुर खत्रीले आयोग जस्तोसुकै परिस्थितिमा समेत आफ्नो अधिकारक्षेत्रलाई ख्याल गर्दै नेपालीजनताको मानव अधिकार संरक्षण गर्न दृढ गरेको कुरामा जोड दिनु भएको थियो । मन्तव्यका क्रममा उहाँले मानव अधिकार र मानवीय कानुनको पालना, सम्मान, संरक्षण गर्ने मुख्य दायित्व सरकारको हुने भएकोले यस सम्बन्धमा संवेदनशील हुनु श्री ५ को सरकारलाई आग्रह गर्नुभयो । विद्रोही माओवादीहरूले पटक पटक मानवीय कानुनको पालना गर्ने प्रतिवद्धता दोहोऱ्याएता पनि व्यवहारमा कार्यान्वयन भएको नदेखिएकाले मानव अधिकार र मानवीय कानुनको पालना गर्न समेत अपील गर्नुभयो ।

त्यसैगरी संयुक्तराष्ट्रसंघीय विकास कार्यक्रमका वरिष्ठ मानव अधिकार सल्लाहकार डेभिड जोन्सनले वर्तमान अवस्थामा नेपालमा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न शन्तिको आवश्यकता रहेको औंल्याउँदै राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रस्तावित मानव अधिकार सम्झौतापत्रमा हस्ताक्षर गर्न द्वन्द्वरत पक्षहरूलाई आग्रह गर्नुभयो । राष्ट्रिय मानव अधिकार आयोगले थुप्रै चुनौतीहरूका वावजुद पनि आफ्ना कार्यहरूलाई अगाडि बढाएको स्मरण गर्दै भविष्यमा आयोगका मानव अधिकार संरक्षण कार्यमा निरन्तर सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथिका रूपमा तात्कालिन सम्माननीय प्रधानमन्त्री शेरवहादुर देउवाले सरकार सदैव मानव अधिकार संरक्षण र सम्वर्द्धनमा कटिवद्ध रहेको परिपेक्ष्यमा माओवादीहरूले हत्या हिंसा र आतंककारी गतिविधीहरू जारी राखिरहेकोले मानव अधिकारकर्मीहरूले उनीहरू प्रति पनि औंला ठड्याउने वेला भएको छ भन्ने धारणा राख्दै आयोगलाई सवल, स्वतन्त्र र सहयोग गर्न सरकार सदैव तयार रहेको प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

## ख) आयोगको पाँचौं बार्षिकोत्सव समारोह

आयोग स्थापना भएको पाँचौं वर्षको उपलक्ष्यमा आयोगले जुन १०, २००५ मा आफ्नो पाँचौ बार्षिकोत्सव मनायो । कार्यक्रममा मानव अधिकारकर्मी, मन्त्री परिषदका उपाध्यक्ष लगायत श्री ५ को सरकारका मन्त्रीहरू, उच्चपदस्थ अधिकारीहरू, कुटनीतिक नियोगका प्रमुखहरू, पत्रकार, बुद्धिजीवी मानवअधिकारवादी लगायत दातृराष्ट्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । आयोगले अघिल्लो वर्षमा गरेका क्रियाकलापहरू लगायत आयोगले भोग्नु परेका चुनौतीहरू वारेमा विस्तृत जानकारी दिंदै आयोगका अध्यक्ष नयनवहादुर खत्रीले आयोग

जस्तोसुकै परिस्थितिमा पनि ऐन प्रदत्त आफ्नो दायित्व पुरा गर्न आयोग सक्षम र कटिवद्ध रहेको विश्वास दिलाउनु भयो ।

आयोगका पछिल्ला दिनहरू मानव अधिकार संरक्षण गर्ने सवालमा अति नै चुनौतीपूर्ण भएपनि संकटकालको अवधिमा हिरासत लिएका राजनैतिक दलका नेता, कार्यकर्ता, मानव अधिकारकर्मी, पत्रकार लगायत सबै वर्गका व्यक्तिहरूको वारेमा जानकारी लिई सरकारलाई सोही बमोजिमको सिफारिस गरेको जानकारी दिलाउनु भयो । कार्यक्रममा मन्त्रीपरिषदका उपाध्यक्ष डा. तुलसी गिरीले प्रमुख अतिथिको हैसियतले आफनो मन्तव्य व्यक्त गर्दै आयोगलाई सरकारको तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । आयोगका अध्यक्ष लगायत सदस्यहरूको ५ वर्षे कार्यकाल समाप्त भै नयाँ सदस्यहरू समेत नियुक्ति भएकोले उक्त कार्यक्रममा नयाँ सदस्यहरूलाई स्वागत समेत गरिएको थियो ।

## २.४.६. **मानव अधिकार तथा शान्ति सम्मेलन**

राष्ट्रिय मानव अधिकार आयोगले देशमा व्याप्त रहेको हिंसात्मक द्वन्द्वलाई शान्तिपूर्ण तरिकाले समाधान गर्न सम्वद्ध पक्षलाई अभिप्रेरित गरी शान्ति प्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्यले २०६१ माघ ११ देखि १२ गतेसम्म मानव अधिकार तथा शान्ति सम्मेलनको आयोजना गऱ्यो । राष्ट्रिय स्तरको यस सम्मेलनमा विभिन्न मन्त्रालय तथा सुरक्षा निकायका प्रतिनिधिहरू, कुटनीतिक नियोगका प्रतिनिधिहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरू, सरकार- माओवादी वार्ताका पूर्व सहजकर्ताहरू, नागरिक शान्ति आयोगका प्रतिनिधिहरू, सर्वोच्च अदालतका पूर्वन्यायाधीशहरू, चिकित्सा क्षेत्रमा कार्यरत व्यक्तित्वहरू, मानव अधिकारको क्षेत्रमा कार्यरत केन्द्र तथा जिल्ला स्थित विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, २२ जिल्लाका मानव अधिकार संजालका प्रतिनिधिहरू, कानुन व्यवसायीहरू, पत्रकारहरू, बुद्धिजीवी तथा नागरिक समाजका प्रतिनिधिहरूसमेत कूल १४० जनाको सहभागिता रहेको थियो । सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा, मानव अधिकारकालागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त महामहिम लुइस आर्वर, आयोगका अध्यक्ष सम्माननीय नयन बहादुर खत्री तथा आयोगका सदस्य सम्माननीय डा. गौरीशंकर लाल दासले उद्घाटन समारोहलाई सम्बोधन गर्दै राष्ट्रिय मानव अधिकार आयोगद्वारा तयार पारिएको मानव अधिकार संझौतापत्रमा द्वन्द्वरत दुवै पक्षलाई हस्ताक्षर गरी मानव अधिकार तथा मानवीय कानुनको सम्मान गर्न आह्वान गर्नु भएको थियो । उक्त अवसरमा सम्माननीय प्रधानमन्त्रीले मानव अधिकार संझौतापत्रको अध्ययन भइरहको जानकारी गराउनु भएको थियो । उक्त सम्मेलन कार्यसमूहहरूले मानव अधिकार संझौतापत्र सम्बन्धमा, आयोगले शान्ति प्रक्रियामा खेल्नु पर्ने भूमिका तथा मानव अधिकारको संबोधन सम्बन्धमा छलफल गरी श्री ५ को सरकार, ने.क.पा.(माओवादी) तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरूले शान्ति प्रक्रियामा चाल्नुपर्ने कदमहरूको सम्बन्धमा विभिन्न सुझावहरू प्रस्तुत गरिएको थियो । समापन विज्ञप्ति अनुसूचीमा राखिएको छ ।

## २.४.७ **आयोगद्वारा अनुगमन तथा अनुसन्धानका क्रममा जिल्लास्तरमा भएका अन्तरक्रिया/छलफल**

आयोगद्वारा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने सिलसिलामा विभिन्न समयमा अन्तरक्रिया एवम् गोष्ठीमार्फत सारोकारवालाहरूमा सूचना अदान प्रदान गर्ने तथा विभिन्न विषयहरूमा राय सुझावहरू प्राप्त गर्दै आएको छ । आयोगद्वारा विभिन्न जिल्लाको समग्र मानव अधिकारको अवस्थाको वारेमा अनुगमन गर्न खटाइ पठाइएका अनुगमन टोलीले घटनाहरूको बारेमा थप तथ्य संकलन गर्ने उद्देश्यले सरकारी/सुरक्षा निकायहरू र नागरिक समाजका प्रतिनिधिहरू (गैरसरकारी संस्था, पत्रकार, बुद्धिजीवी लगायत राजनैतिक पार्टीका कार्यकर्ताहरू) अन्य सरोकारवालासँग अन्तरक्रिया/छलफल आयोजना गर्दै आएको छ । अन्तरक्रिया/छलफल कार्यक्रममा खासगरी मानव अधिकार संरक्षण र सम्वर्द्धन कार्यमा मानव अधिकार रक्षकहरूले भोग्नु परेका

समस्याहरू, त्यस क्षेत्रका प्रमुख मानव अधिकारका सवालहरू र आयोगले खेल्नु पर्ने भूमिकाहरूको तथा आयोगद्वारा प्रस्तुत गरिएका सुझावहरूको प्रभावकारी कार्यान्वयन जस्ता विषयहरू सामावेश हुने गरेका छन् ।

आयोगले यस प्रतिवेदन वर्ष भित्र उल्लेखित, चितवन पाल्पा, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, तनहुँ, दाङ, बाँके, रूपन्देही, कैलाली धनुषा, सर्लाही, मकवानपुर, कालिकोट, वाग्लुङ्ग, म्याग्दी, दोलखा, मोरङ्ग, कास्की, काभ्रेपलान्चोक, र काठमाडौँ लगायतका जिल्लाहरूमा अन्तरक्रिया छलफल सम्पन्न गरिसकेको छ ।

आयोगले मानव अधिकारको संरक्षणको सिलसिलामा गरिने अनुगमन तथा आयोगमा परेका उजुरीकर्ता पीडित एवम् आफन्त सँत गरिएका अन्तरक्रियालाई संक्षिप्तरूपमा देहायबमोजिम चर्चा गरिएको छ ।

- राष्ट्रिय मानव अधिकार आयोगले सुरक्षा निकायद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था एवम् बेपत्ता सम्बन्धी आयोगको काम कारबाही बारेमा जानकारी दिने उद्देश्यले पीडितका परिवार आफन्तहरूसँग July 15, 2004 मा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा विभिन्न तथ्य प्राप्त भएको थियो भने आयोगले यस विषयमा गरेका पहलहरूको सम्बन्धमा जानकारी दिएको थियो । आयोगद्वारा यस विषयमा सरकार र सुरक्षा निकायका अधिकारीहरूसँग थप छलफल गरिने, बेपत्ताको स्थिति पत्ता लगाउन हिरासतको अवलोकनको कार्यलाई तीव्र बनाउने जानकारी दिएको थियो

- आयोगद्वारा जिल्ला तथा क्षेत्रीयस्तरका कानुनको कार्यान्वयन गर्ने निकायहरूद्वारा मानव अधिकार संरक्षणको प्रभावकारी कार्यान्वयन देखा परेका कठिनाईहरू एवम् चाल्नु पर्ने कदमहरूका संबन्धमा सरकारी उच्चस्तरीय अधिकारीहरूसँग छलफल गर्ने उद्देश्यले काठमाडौँमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । आयोगद्वारा ५ वटा विकास क्षेत्रमा आयोजित मानव अधिकार अभिमुखीकरण कार्यक्रमहरूबाट प्राप्त व्यवहारिक सुझावहरूको आधारमा केन्द्रिय नीति निर्माण तहमा रहेका अधिकारीहरूसँग छलफल गर्न उक्त अन्तरक्रिया आयोजना गरिएको थियो । कार्यक्रममा आयोगद्वारा सुरक्षा निकायका तल्लो स्तरमा काम गर्ने जवानलाई मानव अधिकार र मानवीय कानुनका कार्यान्वयन सम्बन्धमा प्रभावकारी तालिम दिइनुपर्ने, जिल्लास्तरीय निकायहरूका बीच सहयोग अदान प्रदान वृद्धि हुनु पर्ने लगायत कानुनको कार्यान्वयन गर्ने सम्बन्धमा स्पष्ट निर्देशिका हुनपर्ने जस्ता सुझावहरू क्षेत्रीयस्तरमा सञ्चालन गरिएको अभिमुखीकरण कार्यक्रमबाट प्राप्त भएको कुरा उच्चस्तरीय अधिकारीहरूलाई जानकारी गराइएको थियो । यस्ता विषयहरूमा नीति निर्माण तहमा रहेका सरकारी/सुरक्षा निकायका प्रमुखहरूले गम्भीर रूपमा लिई सोही अनुरूप जिल्ला तथा क्षेत्रमा काम गर्ने अधिकारीहरूलाईं निर्देशन दिनुपर्ने भनी आयोगद्वारा आफ्नो धारणा स्पष्ट पारिएको थियो । छलफलमा गृह, रक्षा, न्याय परिषद्, कानुन,न्याय तथा संसदीय मन्त्रालयका सचिव लगायत सर्वोच्च अदालत र सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

- आछाम जिल्लामा सुरक्षाकर्मीद्वारा हेलिकप्टरबाट बम आक्रमण गरिएको भन्ने विषयमा जिल्लाको मानब अधिकारको स्थितिको बारेमा थप जानकारी लिन आयोगका सदस्यहरू डा.गौरी शंकर लाल दास र शुशील प्याकुरेल सम्मिलित एक टोलीले नेपालगंजमा August 13-14 मा नागरिक समाज र सुरक्षा निकायसँग छुट्टाछुट्टै अन्तरक्रिया आयोजना गरेको थियो । नागरिक समाजका प्रतिनिधिहरूसँग भएको अन्तरक्रिया कार्यक्रममा हवाई आक्रमणमा भएको क्षतिको थप विवरण समेत संकलन गरिनुका साथै त्यस क्षेत्रको समग्र मानव अधिकारको अवस्था, मानव अधिकार संरक्षण र सम्वर्द्धनमा मानव अधिकारकर्मीहरूले भोग्नु परेको समस्याहरू एवम् आयोगद्वारा चालिनु पर्ने प्रभावकारी कदमहरूको बारेमा समेत छलफल भएको थियो । नागरिक समाजद्वारा आयोगले आफ्नो पहुंच अरू बढाई तत्काल घट्नाहरूको छानबिन गर्नुपर्ने

सुझाव प्राप्त भएको थियो । सुरक्षा निकायसँग गरिएको कार्यक्रममा मानव अधिकार र मानवीय कानुनको पूर्ण परिपालन गर्न सेना/प्रहरीले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने विषयमा आग्रह गरिएको थियो ।

- संकटकालको अवस्थामा मानव अधिकार रक्षकहरूले भोग्नु परेका समस्या लगायत समग्र मानव अधिकारको स्थिति माथि छलफल गर्ने उद्देश्यले मानव अधिकारका क्षेत्रमा कार्यरत गैर सरकारी संघ सस्थाका प्रतिनिधिहरू तथा  नागरिक समाजका प्रतिनिधिहरूको सहभागितामा २०६१ साल माघ २८ गते एक छलफल कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा मुलुकको बदलिदो परिस्थितिमा मानव अधिकार रक्षकहरूको सुरक्षा र त्यसमा आयोग तथा अन्तराष्ट्रिय समुदाय समेतको भूमिका माथि जोड दिइएको थियो । सोही अवसरमा मानव अधिकार रक्षकको  सुरक्षा, मानव अधिकार रक्षकले निर्वाद रूपले आफनो कार्य गर्न पाउने वातावरणको सृजना गर्ने लगायत मानव अधिकारका अन्य विषयहरूमा समेत संवेदनशील हुन सरकारलाई आग्रह गरिएको थियो ।

- २०६१ साल चैत ६ गते मानव अधिकार संरक्षण र संबर्द्धनमा मानव अधिकार आयोगको भुमिका सम्बन्धमा गैर सरकारी निकाय र सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । संकटकालमा मानव अधिकार रक्षकहरूको सुरक्षा, उनीहरूले भोग्नु परेका समस्या लगायत समग्र मानव अधिकारको स्थितिमाथि छलफल केन्द्रित रहेको थियो । छलफलका क्रममा आयोगसँग सम्बन्धित विविध जिज्ञासाहरूको बारेमा आयोगका माननीय सदस्यले प्रष्ट पार्नु भएको थियो । त्यसैगरी  चैत ७ गते सुरक्षा निकाय र सरकारी अधिकारीहरूसँग पूर्वान्चल विकास क्षेत्रको मानव अधिकार अवस्था र प्रभावकारी मानव अधिकार संरक्षण र प्रबद्धनका लागि आयोग, सरकार र सुरक्षा निकाय बीच आपसी सहकार्य बारेमा छलफल भयो । कार्यक्रममा आयोगका  सदस्यहरू, सचिव तथा अधिकृतहरूको समेत उपस्थिति रहेको थियो ।

## २.४.८ जेष्ठ नागरिकको स्वाथ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग र  जेष्ठ नागरिक संघ संजालसँगको संयुक्त आयोजनामा जेष्ठ नागरिकले स्वाथ्य सम्बन्धी भोग्नु परेका प्रमुख समस्या र चुनौतीमाथि छलफल गरी ती समस्या समाधानका  उपायहरू औल्याउने उद्देश्यले ७ पुस २०६१ गते **ज्येष्ठ नागरिकका लागि स्वाथ्य सेवा** बिषयक एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा  विशेष गरेर जेष्ठ नागरिक सम्बन्धी सरकारी नीति तथा योजनाहरू, ती नीति तथा योजनाहरूको कार्यान्वयन अवस्था, स्वास्थ्य सम्बन्धी प्रमख समस्या तथा निशुल्क स्वास्थ्य सेवामा देखा परेका चुनौतीहरूका सम्बन्धमा छलफल गरिएको थियो ।

छलफल कार्यक्रमबाट जेष्ठ नागरिकका लागि अस्पतालहरूमा अलग्गै शैय्याको स्थापना हुनपर्ने तथा जेष्ठ नागरिकको निशुल्क स्वास्थ्य सेवाको पहुचका लागि पर्याप्त बजेट विनियोजनका गरिनुपर्ने, सरकारी नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिनु पर्ने तथा जेष्ठ नागरिकको हितका लागि समेत नागरिक समाज र सरकार बीच बलियो संजाल स्थापित हुनुपर्ने कुरा निष्कर्षको रूपमा आएको थियो ।

कार्यक्रममा आयोगका अध्यक्ष,सदस्यहरू,सचिव, सम्बधित मन्त्रालयका उच्च अधिकारीहरू, नागरिक समाज तथा गैर सरकारी संघ सस्थाका प्रतिनिधिहरू, चिकित्सक, पत्रकारहरूको उपस्थिति रहेको थियो ।

## २.४.९ मानव अधिकार शिक्षासम्बन्धी छलफल कार्यक्रम

मानव अधिकार शिक्षालाई प्रचार प्रसार गरी मानव अधिकार संस्कृति निर्माणको दिशामा अघि बढ्न सहयोग पुगोस् भन्ने उद्देश्यले आयोगले मानव अधिकार शिक्षाको निमित्त विभिन्न प्रवर्द्धनात्मक कार्य गर्दै आएको छ ।

यसै सिलसिलामा विगतका वर्षमा आयोगले विभिन्न विद्यालयहरूमा मानव अधिकार सचेतना कार्यक्रमहरू संचालन गरेको थियो । आयोगले विराटनगर, नवलपरासी, पाल्पा तथा कास्की लगायतका जिल्लामा विद्यालय स्तरीय मानव अधिकार सचतेना कार्यक्रम तथा निबन्ध एवम् कविता प्रतियोगिता सञ्चालन गरेको थियो । आयोगको रणनीतिक योजना बमोजिम विद्यालयका पाठ्यक्रममा मानव अधिकार शिक्षाको समावेशीकरण तथा सुरक्षाकर्मी तथा कानुन कार्यान्वयन गर्ने अधिकारीलाई दिइने आधारभूत तालिमको पाठ्यक्रममा मानव अधिकार शिक्षालाई समावेश गर्ने जस्ता कार्यतर्फ आयोगले आफ्ना क्रियाकलापहरू अगाडि बढाइरहेको छ । सोही सिलसिलामा विभिन्न सरोकारवालासँग छलफल अन्तरक्रिया पनि गरिएको थियो । यसबाट मानव अधिकार संस्कृतिको निर्माण एवम् मानव अधिकार शिक्षाको प्रचार प्रसारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

आयोगको रणनीतिक योजना बमोजिम बिद्यालय स्तरीय पाठ्य सामग्रीहरूमा मानव अधिकार शिक्षा समावेश गर्नको लागि पहल गर्ने सिलसिलामा मिति २०६१ साल फागुन १८ गतेका दिन उच्च माध्यमिक तहको विषयहरूका सम्बन्धमा आयोगमा एक छलफल कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमका सहभागीहरूले मानव अधिकार शिक्षाको लागि आयोगले गरेको प्रयासमा पूर्ण रूपमा समर्थन एवम् सहयोग हुने जनाउँदै विद्यालय स्तरमा मानव अधिकारको प्रभावकारी प्रर्बद्धन गर्नका लागि शिक्षकहरूलाई मानव अधिकार सम्बधी तालिमको खाँचो रहेको सम्बन्धमा जोड दिएका थिए ।

कार्यक्रममा शिक्षा क्षेत्रमा कार्यरत सरकारी निकायका प्रतिनिधिहरू, गैर सरकार युनिसेफका प्रतीनिधिहरू तथा सेफ द चिल्र्डेन नेपालका प्रतिनिधिहरूको उपस्थिति थियो ।

## २.४.१० विकास साझेदारहरूसँगको छलफल

मानव अधिकार आयोगले गर्दै आईरहेका कामहरूको पुनरावलोकन तथा वर्तमान अवस्थामा आयोगले सामना गर्नु परेका चुनौतीहरूका बारेमा आयोग र विकास साझेदारहरूसँग मिति २०६१ चैत्र ११ गते एक छलफल कार्यक्रम भएको थियो । उक्त छलफलमा आयोगका सम्माननीय अध्यक्षले आयोगले गरेका प्रमुख क्रियाकलापहरू माथि प्रकाश पार्दै आयोगले आगामी दिन गर्ने मानव अधिकार संरक्षण र सम्बर्द्धन कार्यको सम्बन्धमा प्रकाश पार्नु भएको थियो । मानव अधिकार उल्लंघन सम्वन्धी घटनाहरूको अनुसन्धान र अनुगमन जस्तो गम्भीर जिम्मेवारी बोकेको आयोगको क्षमता बृद्धिमा मात्र नभएर यसलाई स्वतन्त्र र निष्पक्ष निकायका रूपमा स्थापित गराउन राष्ट्रिय साथसाथै अन्तराष्ट्रिय सहयोगको समेत उत्तिकै आवश्यकता रहेको कुरा राख्दै सदा झै आयोगलाई अन्तराष्ट्रिय समुदायको साथ र सहयोग निरन्तर रूपमा मिलिरहने विश्वास राख्नु भयो । जबसम्म मानव अधिकार आयोग जस्तो राष्ट्रिय स्तरको निकायले सहज ढंगले काम गर्न सक्दैन तब सम्म श्री ५ को सरकारको मानव अधिकारप्रतिको प्रतिबद्धता पूर्ण हुदैन भन्ने तर्क पनि सोही अवसरमा राख्नु भयो ।

कार्यक्रममा छलफमा सहभागी विभिन्न विकास साझेदारका प्रतिनिधिहरूले आयोगलाई पूर्णरूपले सहयोग गर्ने प्रतिवद्धता जाहेर गरेका थिए । छलफलमा उठेका जिज्ञासाहरूका सम्बन्धमा पनि आयोगद्धारा स्पष्ट पारिएको थियो । उक्त कार्यक्रममा कुटनीतिक नियोगका प्रतिनिधिहरू, विकास नियोगका प्रतिनिधिहरू तथा UNDP प्रतिनिधिहरू तथा आयोगका कर्मचारीहरूको उपस्थिति थियो।

## २.४.११ बाल अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी अर्न्तक्रिया

- राष्ट्रिय मानव अधिकार आयोग अन्तर्गतको बाल अधिकार डेस्कले बाल अधिकार तथा विद्यालय सँग सम्बन्धित सघं, संस्थाहरूका प्रतिनिधिहरूसँग मिति २०६२।३।१० गते शुक्रवारका दिन आयोगको सभाकक्षमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरको थियो । बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरूसँग सहयोग, समन्वय स्थापना तथा बिस्तार गर्न, सूचना तथा तथ्य संकलन गर्न जस्ता विषयमा अन्तरक्रिया केन्द्रित रहेको थियो । कार्यक्रममा हातेमालो बाल क्लवका प्रतिनिधिका साथै बाल बचाउ नर्वे तथा जापान, मानव अधिकार प्रवर्द्धन केन्द्र, वर्ल्ड भिजन नेपाल, प्रो-पव्लिक, सिविस, कन्सर्न नेपाल, साथी, माइती नेपाल, केन्द्रीय बाल कल्याण समिति आदि संघ संस्थाका प्रतिनिधिको उपस्थिति थियो ।

- २०६१ साल चैत १३ गते बाल अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । बाल अधिकार सम्बन्धमा आयोगले गर्नुपर्ने कार्यहरू तथा अपनाउनु पर्ने रणनीतिका सम्बन्धमा छलफल गर्नुका साथै द्वन्द्वमा बाल अधिकार संरक्षण र सम्बर्द्धन विषयमा छलफल गर्ने कार्यक्रमको उद्देश्य रहेको थियो । कार्यक्रमका सहभागीहरूले बाल अधिकारको क्षेत्रमा कार्यरत संघ सस्था बीचमा सहकार्य तथा सहमतिमा बृद्धि गर्नु पर्ने उल्लेख गर्दै उक्त कार्यका लागि आयोगले प्रमुख भूमिका खेल्नु पर्ने सुझाव समेत दिइएको थियो । बाल अधिकारका विषयलाई गहनताका साथ नलिने हो भने भोलि राष्ट्रमा मानवीय संकट आउन सक्ने भएकोले सम्बन्धित संस्था सचेत रहनु पर्ने कुरामा जोड दिएको थियो । कार्यक्रममा सरकारी अधिकारीहरू, बाल अधिकार सम्बन्धी संस्थाका प्रतिनिधिहरू तथा बाल क्लबका प्रतिनिधिहरूको संलग्नता थियो ।

- २०६२ साल वैशाख २७ गते सेभ द चिर्ल्डेन नर्वेका प्रतिनिधिहरूले आयोगको भ्रमण गरी आयोगको बाल अधिकार एकाईको कार्य बारेमा छलफल भएको थियो । भ्रमण टोलीमा नर्वेका तर्फबाट सल्लाहकार एलिजावेथ जारेग र वरिष्ठ व्यवस्थापक भोला दाहाल हनुहुन्थ्यो भने सो अवसरमा बाल अधिकार संरक्षण र सम्बर्द्धन सँग सम्बन्धित विषयवस्तुमा छलफल भएको थियो । आयोगका तर्फबाट बाल अधिकार एकाइमा कार्यरत आयोगका कर्मचारीले हाल एकाइबाट भईरहेको काम कारबाही र भविष्यमा एकाइले गर्ने कार्यका बारेमा प्रकाश पार्नु भएको थियो ।

- २०६२ साल जेठ २३ देखि २५ गते सम्म **सशस्त्र द्वन्द्वमा बाल अधिकार संरक्षण विषयक कार्यशाला** ललितपुरमा सम्पन्न गरियो । बाल अधिकार संरक्षण र सम्वर्द्धन कार्यमा आयोगका कर्मचारीहरूको क्षमता र ज्ञान बढाउनु नै कार्यक्रमको प्रमुख उद्देश्य थियो । सो कार्यक्रममा आयोगका २३ जना कर्मचारीहरूको सहभागिता रहेको थियो। आयोगले यसको रणनीतिक योजना अन्तर्गत विशेष गरेर द्वन्द्वमा बालबालिकाको मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा प्राथमिकता दिइएको थियो । रणनीतिक योजनामा उल्लेखित बालबालिकाको हक हित सम्वन्धी क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयनका लागि आयोगमा बाल अधिकार एकाइको स्थापना गरिएको छ । उक्त बाल अधिकार एकाइमा आयोगको केन्द्रीय कार्यालयका प्रत्येक विभागबाट बाल अधिकार केन्द्रहरू र तिनवटा क्षेत्रीय कार्यालयहरू क्रमशः नेपालगन्ज, विराटनगर र पोखरामा पनि एक एक वटा बाल अधिकार केन्द्र तोकिएका छन् । बाल अधिकार एकाइ आयोग र सेभ द चिर्ल्डेन नर्वे बीच भएको सम्झौता अन्तर्गत स्थापित भएको हो । आयोगका तालिम सल्लाहकार तथा तालिम अधिकृतद्वारा यस कार्यक्रम सहजीकरण गरिएको थियो ।

## २.४.१२ आयोगद्वारा संचालन गरिएका तालिमहरू एवम् तालिम उपकरणको विकास

आयोगको मानवश्रोत विकास तथा तालिम सम्बन्धी नीतिहरू विकास गरी रणनीतिक योजनाका उद्देश्यहरू हाँसिल गर्नका निमित्त विभिन्न तालिम सञ्चालन गरिदै आएका छन् । यस प्रतिवेदन अवधिमा आयोग भित्र सञ्चालन गरिने तालिमहरूको संयोजन एवम् व्यवस्थापन कार्यमा सहयोग पु¥याउने उद्देश्यले आयोगभित्र तालिम अधिकृतको व्यवस्था गरिएको छ । यसबाट आयोगका तालिम व्यवस्थापन कार्यमा सुधार आउने अपेक्षा गरिएको छ । आयोगद्वारा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यस अवधिमा कर्मचारीहरूलाई सेवाकालीन तालिमका अतिरिक्त मानव अधिकार तथा मानवीय कानुन, नेतृत्व विकास, सुरक्षा, लेखा, लैङ्गिक, कम्प्युटर, विषयमा आधारभूत तालिम प्रदान गरिएको छ भने मानव अधिकार अनुगमन तथा अनुसन्धान सम्बन्धमा प्रशिक्षक प्रशिक्षण तालिम समेत प्रदान गरिएको छ । यसै गरी कर्मचारीहरूलाई स्वदेश तथा विदेशका विभिन्न निकायहरूमा समेत तालिमको अवसर प्रदान गरिदै आएको छ । यसबाट कर्मचारीका सीप तथा ज्ञान अभिवृद्धि गर्नमा महत्वपूर्ण सहयोग पुग्न गएको छ । त्यसै गरी श्री ५ को सरकारका विभिन्न निकाय तथा मानव अधिकारवादी संघसंस्थाका प्रतिनिधिहरूलाई अन्तराष्ट्रिय महासन्धिहरूको प्रतिवेदन लेखन सम्बन्धी तालिमहरूका साथै मानव अधिकारका विभिन्न विषयहरूमा तालिम प्रदान गरिदै आएको छ ।

यस प्रतिवेदन अवधिमा आयोगद्वारा मानव अधिकार सम्बन्धी विभिन्न विषयहरूमा ज्ञान, सीप तथा चेतना अभिवृद्धि गर्ने उद्देश्यले सम्पन्न गरिएका महत्वपूर्ण तालिम सम्बन्धमा देहायका बुँदांहरू मार्फत संक्षिप्त चर्चा गरिएको छ ।

### २.४.१२.१ आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सम्बन्धी तालिम

राष्ट्रिय मानव अधिकार आयोग र क्यानेडियन ह्यूमन राइट्स फाउण्डेसनको संयुक्त तत्वाधानमा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय रूपमा प्रतिपादित गरिएका सिद्धान्तहरूको प्रयोग सम्बन्धमा ज्ञान, सीप हासिल गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी संयन्त्रहरूको तुलनामा नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको अवस्थालाई जाँच्दै ती अधिकारहरूको संरक्षण र सम्वर्द्धन गर्न साझा रणनीति तय गर्ने उदेश्यले आयोग, गैर सरकारी संघ-संस्था /नागरिक समाज र सरकारी निकायका नीति निर्माण तहमा कार्यरत प्रतिनिधिहरूलाई समेटेर २१-२५ जुलाई सम्म राष्ट्रिय स्तरको एक तालिम कार्यशाला आयोजना गरियो ।

उक्त तालिम कार्यशालामा नेपालले प्रमुख रूपमा सम्बोधन गर्नुपर्ने आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारका विभिन्न सवालहरू पहिचान गर्दै आ-आफ्नो क्षेत्रबाट के कस्तो भूमिका निर्वाह गर्न सकिन्छ भन्ने बारेमा वृहत छलफल भएको थियो । खाद्यान्न, स्वास्थ्य, शिक्षा, बसोबास, रोजगारी आदि सवालमा जनता समक्ष पहुँच बढाउने र बिस्तारै क्रमिक रूपले त्यस्ता अधिकारहरूको पूर्ण ग्यारेण्टीको लागि सम्बोधन गर्न सरकारले उपयुक्त वातावरण र नीति निर्माण र कार्यक्रमहरू तय गर्दै जानुपर्छ भन्ने कुरामा समेत समूहगत छलफल भएको थियो ।

कार्यशाला गोष्ठीमा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरू उल्लंघनका मुद्दाहरूलाई सम्बोधन गर्ने तरिका तथा संयन्त्रहरू, अनुगमन प्रणाली तथा अन्य देशका अनुभव सम्बन्धमा समेत सहभागीहरूले समूहगत छलफल गरी आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूको संरक्षण र सम्वर्द्धनमा रणनीतिहरू तय गर्दै भावी

कार्ययोजना समेत बनाएका थिए । तालिममा प्रशिक्षकको रूपमा क्यानाडा, श्रीलंका तथा नेपालका विशेषज्ञहरू हुनु हुनथ्यो ।

### २.४.१२.२ आयोगका नयाँ कर्मचारीहरूलाई तालिम

राष्ट्रिय मानव अधिकार आयोगले क्षेत्रीय कार्यालयका लागि छनौट भएका कर्मचारीहरूलाई कार्यालयमा नियुक्ति हुनु पूर्व मानव अधिकार सम्बन्धी सैद्धान्तिक ज्ञान, व्यवहारिक सीप/कौशल व्यवस्थापन सम्बन्धी र आन्तरिक संरचना एवम् कार्यशैलीका बारेमा अवगत गराउने उद्देश्यले मानव अधिकारका विभिन्न पक्षहरू समेटेर एक महिने प्रशिक्षण/तालिम सञ्चालन गरिएको थियो । तालिममा समावेश गरिएका अन्य विषय वस्तुहरूमा अनुगमन, अनुसन्धान तथा संरक्षण सम्बन्धी ज्ञान, शीप, सम्वर्द्धन कार्य सम्बन्धी अधिकार क्षेत्र तथा कार्यहरू, उजुरी ग्रहण तथा कारबाही प्रक्रिया सम्बन्धी विस्तृत ज्ञान, मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय व्यवस्थाहरू, संयन्त्रहरू, अन्तराष्ट्रिय दस्तावेजहरूले सृजना गरेको राज्यको दायित्व, लैङ्गिक विभेदता, नेतृत्व विकास र कम्प्यूटर सम्बन्धी रहेका थिए ।

प्रशिक्षण कार्यमा आयोगका अन्तर्राष्ट्रिय सल्लाहकार, विषयमा दक्ष भएका राष्ट्रिय विशेषज्ञ एवम् आयोगका कर्मचारीहरू संलग्न रहेका थिए ।

### २.४.१२.३ आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार प्रतिवेदन लेखन सम्बन्धी तालिम

राष्ट्रिय मानव अधिकार आयोग र डेनिस इस्टिच्यूट फर ह्यूमन राइट्सको संयुक्त आयोजनामा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको संयुक्त राष्ट्रसंघ मानव अधिकार समितिमा पेस गर्नुपर्ने प्रतिवेदनको लेखन सम्बन्धी तालिम/कार्यशाला गोष्ठी जनवरी १२-१६ मा आयोजना गरियो । यस अन्तर्राष्ट्रिय अनुबन्धको प्रतिवेदन संयुक्त राष्ट्रसंघ मानव अधिकार समितिमा सन २००६ जुन ३० मा पेश गर्नुपर्ने सन्दर्भमा श्री ५ को सरकारका विभिन्न मन्त्रालयका कर्मचारीहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू लगायत मानव अधिकार आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धि गराउने उद्देश्यले आयोजना गरिएको हो ।

कार्याशालामा श्री ५ को सरकारले राज्यको तर्फबाट पेस गर्नुपर्ने राज्यको प्रतिवेदन र नागरिक समाजबाट पेस गरिने छायाँ प्रतिवेदनको बारेमा विस्तृत कार्यविधि (Procedures) हरूको बारेमा समेत प्रतिवेदन लेखन अभ्यास गरिएको थियो । तालिम/कार्यशालामा प्रतिवेदन लेखनको उद्देश्य, प्रतिवेदन लेखन निर्देशिका, श्री ५ को सरकारको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सम्वोधन गर्ने योजना, नीति, कार्यक्रम, कार्यशैली/कार्यविधि, तथ्य संकलन विधि, समायोजना आदि विषयमा केन्द्रित रहेको थियो । द्वन्द्वको अवस्थामा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका विविध पक्षहरू कसरी समावेश गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्दै प्रतिवेदन लेखनमा चाहिने ज्ञान, सीपका विविध पक्षहरूमा समेत कार्यशालामा छलफल गरिएको थियो । तालिम/कार्यशाला गोष्ठीमा प्रशिक्षकको रूपमा डेनमार्क तथा नेपालका विशेषज्ञहरू रहेका थिए ।

### २.४.१२.४ मानव अधिकार शिक्षा तथा सम्वर्द्धन विषयमा तालिम/कार्यशाला गोष्ठी

राष्ट्रिय मानव अधिकार आयोगले क्यानेडियन ह्यूमन राइट्स फाउण्डेसन तथा क्यानेडियन ह्युमन राइट्स कमिसनको आर्थिक तथा प्राविधिक (टेक्निकल) सहयोगमा आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मानव अधिकार शिक्षा तथा विविध सम्वर्द्धनात्मक कार्यहरू विषयहरूमा ७-११ मार्च, २००५ मा पाँच दिवसीय तालिम सञ्चालन गरिएको थियो । उक्त तालिम कार्याशालामा प्रभावकारी रूपमा तालिम सञ्चालन

गर्ने विधि, चेतनामूलक कार्यक्रम उत्पादन तथा सञ्चालन, मानव अधिकार पाठ्यक्रम, मानव अधिकार शिक्षा, आवश्यकता पहिचान, वकालती सम्बन्धी विषयमा केन्द्रित रहेको थियो । सहभागीहरूले सम्वर्द्धनात्मक कार्यहरू गर्दा अन्य महाशाखाका कार्यहरूसँग कसरी समायोजन गर्न सकिन्छ र सम्पूर्ण सम्वर्द्धनात्मक कार्यहरूको एकीकृत परिचालन गर्ने सम्बन्धमा समेत आयोगका महाशाखाहरू बीच छलफल गरिएको थियो । तालिममा आयोगको सारोकारवालाको रूपमा रहेका गैर सरकारी संस्था, सुरक्षा निकाय र अदालत सँग मानव अधिकारको संरक्षण र सम्वर्द्धनात्मक कार्यको प्रचार प्रसार एवम् वकालती गर्ने सम्बन्धमा व्यवहारिक ज्ञान, सीप समेत प्रदान गरिएको थियो ।

फिलिपिन्स र क्यानाडाबाट आएका विशेषज्ञले तालिम अवधिभर स्रोत व्यक्तिका रूपमा तालिममा भाग लिएका थिए ।

## २.४.१३ तालिम सामग्री/उपकरण विकास

आयोगमा दर्ता हुने उजुरीहरूको व्यवस्थापन गर्न, आयोगद्वारा गरिने अनुगमन एवम् अनुसन्धानलाई अझ प्रभावकारी बनाउन आयोगले यस प्रतिवेदन अवधिमा विभिन्न तालिम सामाग्रीको विकास गरेको छ ।

### २.४.१३. १ उजुरी व्यवस्थापन दिग्दर्शन :

आयोगले प्राप्त उजुरीहरूलाई व्यवस्थित तथा एक रूपले कार्यान्वयन गर्न सजिलो होस् भन्नाका निमित्त आयोगको ऐन तथा उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावलीको आधारमा रही उजुरी व्यवस्थापन दिग्दर्शन तयारीको क्रममा रहेको छ ।

### २.४.१३.२ अनुगमन जाँचबुझ तथा अनुसन्धान निर्देशिका निर्माण :

आयोगद्वारा ऐनप्रदत्त दायित्व निर्वाह गर्ने क्रममा अनुगमन जाँचबुझ तथा अनुसन्धान निर्देशिका विकास गर्ने सिलसिलामा व्यवस्थित पद्धति एवम् सीप विकासमा सहयोग पुऱ्याउने उद्देश्ले २० वटा बुँदाहरूमा निर्देशिका ढाँचा तथा रूजुसूची समेत विकास गरिएको छ । यसमा अनुगमन टोली, अनुसन्धान पद्धति, उजुरी व्यवस्थापन, अन्तवार्ता, थुनुवा केन्द्र भ्रमण तथा प्रतिवेदन तयारी जस्ता विषयहरू समावेश गरी अनुगमन जाँचबुझ तथा अनुसन्धान उपकरण निर्माणको क्रममा रहेको छ । यस निर्देशिकाको तयारीको सिलसिलामा विभिन्न चरणमा तालिम एवम् अन्तरक्रिया कार्यक्रम सञ्चालनमा विभिन्न चरणमा तालिम एवम् अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । यस उपकरणको विकासबाट आयोगको अनुगमन, छानबिन तथा अनुसन्धान क्षमता विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### २.४.१३.३ आयोगको अनुगमन प्रशिक्षक दिग्दर्शन

यस प्रतिवेदन अवधिमा आयोगद्वारा अनुगमन प्रशिक्षक प्रशिक्षण दिग्दर्शन तयार गरिएको छ । उक्त प्रशिक्षक प्रशिक्षण दिग्दर्शन तयारीको सिलसिलामा विगतमा आयोगद्वारा संचालित अनुगमन सम्वन्धी तालिमहरूको मुल्यांकनबाट प्राप्त निष्कर्षहरू, आयोगद्वारा नियुक्त विदेशी परामर्शदाताहरूको सल्लाह तथा संयुक्त राष्ट्रसंघीय मानव अधिकार अनुगमन दिग्दर्शन समेतलाई समेत आधार लिई तयार गरिएको थियो । उक्त दिग्दर्शन उपर विभिन्न चरणको छलफल पश्चात् अन्तिम रूप प्रदान गरी कार्यान्वयनको अवस्थामा रहेको छ । यस दिग्दर्शनबाट आयोगका प्रशिक्षकहरूको कार्यकुशलता तथा व्यवसायिक सीपको विकासमा सहयोग पुग्नुको साथै आयोगको अनुगमन सम्बन्धी ऐन प्रदत्त दायित्व वहन कार्यमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २.५ मानव अधिकारको संरक्षण सम्बन्धी कार्य

मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम आयोगलाई मानव अधिकारको संरक्षण गर्ने दायित्व रहेको सन्दर्भमा आयोगमा प्राप्त उजुरीहरू तथा आयोग आफैले स्वयं उठान गरको उजुरी उपर कारवाही गरी मानव अधिकारको संरक्षणलाई निरन्तरता दिइरहेको छ । मानव अधिकारको संरक्षणका निमित्त विभिन्न स्थानहरूको स्थलगत भ्रमण गरी अनुगमन गर्ने, कारागार तथा थुनुवा केन्द्रको अवलोकन भ्रमण गर्ने लगायत मानव अधिकारको उल्लघंन तथा दुरूत्साहन सम्बन्धी उजुरीको आधारमा अनुसन्धान गर्ने कार्यलाई तीव्र बनाएको छ । अनुसन्धान पश्चात् आयोगले निर्णय गरी श्री ५ को सरकारलाई विभिन्न सिफारिसहरू समेत गर्दै आइरहेको छ । यस प्रतिवेदन अवधिमा आयोगले मानव अधिकारको संरक्षण अन्तर्गत गरेको कार्यहरूलाई देहायको बुदाँहरूमा संक्षिप्त चर्चा गरिएको छ ।

### २.५.१ आयोगमा दर्ता भएका उजुरीहरूको विवरण

राष्ट्रिय मानव अधिकार आयोगमा यस प्रतिवेदन अवधिमा कूल १७८२ वटा उजूरी पर्न आएका थिए । आयोगमा दर्ता रहेका उजुरीहरूको विश्लेषण गर्दा आयोगमा राजनीतिक र नागरिक अधिकारको हननका सम्बन्धी उजुरीको संख्या अत्यधिक देखिन्छ । आयोगमा परेका उजुरीहरूको प्रकृति हेर्दा अधिकांश उजुरीहरू जीवनको अधिकार र स्वतन्त्रताको अधिकारसँग सम्बन्धित छन् । बेपत्ता, गैरकानुनी थुना तथा गैरकानुनी हत्यासँग सम्बन्धित उजुरीहरू पनि उल्लेख्य मात्रामा छन् भने विस्थापितहरूको हक अधिकारको रक्षार्थ पहल गरी पाउन तथा आर्थिक, सामाजिक अधिकारको संरक्षण एवम् प्रचलनको निमित्त समेत आयोगमा उजुरीहरू प्राप्त भएका छन् । यसबाहेक बालअधिकार, भेदभाव, पेसा रोजगार गर्न पाउने स्वतन्त्रता, तथा नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेको अन्य हक, अधिकारको प्रचलनको निमित्त समेत आयोगमा उजुरीहरू प्राप्त भएका छन् । २०६१ माघ १९ पश्चात् संकटकालको अवस्थामा राजनीतिज्ञ, मानवअधिकारवादीहरू, प्राध्यापक, विद्यार्थीहरू पत्रकार,वकिल, नागरिक समाजका प्रतिनिधिहरूलाई आफना गतिविधिहरू निर्वाध सञ्चालन गर्न अवरोध पुऱ्याइएको भन्ने उजुरी पनि दर्ता भएका छन् । त्यसैगरी संकटकालको अवस्थामा बन्दीहरूले प्राप्त गर्नुपर्ने हक अधिकार नपाएको भन्ने जस्ता उजुरीहरू आयोगमा पर्न आएका थिए ।

त्यस्तै ने.क. पा माओवादी पक्षबाट पनि गैर सरकारी संस्थाहरू, राजनीतिक पार्टीहरू तथा नागरिक समाजलाई राजनीतिक अधिकारको निर्वाध उपयोगमा अवरोध पुऱ्याएका उजुरीहरू समेत आयोगमा प्राप्त हुन आएका छन् । त्यसैगरी सुरक्षाकर्मीका परिवार, सर्वसाधारण, मानव अधिकारकर्मी, पत्रकार, राजनैतिक दलका कार्यकर्ता, शिक्षक, बिद्यार्थीको अपहरण गरिएको भन्ने उजुरीको संख्या पनि बढ्दो रूपमा रहेका छन् । त्यस्तै द्वन्दमा असंलग्न पक्षहरूलाई समेत जबरजस्ती सशस्त्र अभियानमा संलग्न गराउने, यातना दिने, आतंङ्कित बनाउने, घर जग्गा कब्जा गर्ने आर्थिक दण्ड जरिवाना गरिएको विषयमा समेत आयोगमा उजुरीहरू पर्न आएका छन् । द्वन्द्वका कारणले आन्तरिक रूपमा विस्थापित हुन पुगेका पीडितको उजुरीको संख्या पनि उल्लेखनीय रहेको छ ।

यस प्रतिवेदन अवधिका आयोगमा पर्न आएका उजुरीहरूलाई निम्न तालिका मार्फत प्रस्तुत गरिएको छ ।

आर्थिक वर्ष २०६१ /२०६२ मा आयोगको कन्द्रीय कार्यलय तथा क्षेत्रीय कार्यालयमरुमा परेका उजुरीहरूको विवरण

| कार्यालय रहेको स्थान | वेपत्ता/ अपहरण | | हत्या | | | यातना तथा अमानवीय व्यवहार | | आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | | | | गैरकानूनी थुना | विस्थापन | धम्की द्वन्द्वरतपक्षबाट | भेदभाव | बाल अधिकार हनन् | महिला अधिकार | बमविस्फोट गोली लागी घाइते | न्यायमा ढिलाई | अन्य* | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुरक्षाकर्मीद्वारा वेपत्ता | माओवादी द्वारा अपहरण | सुरक्षाकर्मीद्वारा हत्या | माओवादीद्वारा हत्या | प्रतिकार समितिद्वारा हत्या | सुरक्षाकर्मीद्वारा यातना | माओवादीद्वारा कुटपिट | शिक्षा सम्बन्धी अधिकार | सम्पत्ति सम्बन्धी | स्वास्थ्य सम्बन्धि अधिकार | रोजगार,पेशासम्बन्धि अधिकार | अन्य | | | | | | | | | | |
| केन्द्रीय कार्यालय ललितपुर | ३८५ | १९२ | ६५ | ३७ | ० | ११४ | ० | ० | ५ | २ | ६ | ९ | १३७ | ५३ | ६० | १३ | ० | ० | ० | ८ | ५० | ११३६ |
| क्षेत्रीय कार्यालय बिराटनगर | ३३ | ७२ | १५ | ७ | ० | ३ | १ | १ | ४३ | ० | ० | ७ | १३ | १३ | ४ | १ | १ | ० | 0 | ६ | १२ | २३२ |
| क्षेत्रीय कार्यालय पोखरा | ८ | ५ | ४ | ९ | १ | २ | १ | ० | २ | ० | ० | ० | ४ | ६ | ७ | ० | १ | १ | ११ | १ | ० | ६३ |
| क्षेत्रीय कार्यालय नेपालगंज | ६९ | ६८ | १५ | ९ | ४ | १४ | ७ | ५ | १३ | ० | ० | १५ | ५९ | २१ | २३ | १ | ० | ४ | १२ | ७ | ५ | ३५१ |
| **जम्मा** | **४९५** | **३३७** | **९९** | **६२** | **५** | **१३३** | **९** | **६** | **६३** | **२** | **६** | **३१** | **२१३** | **९३** | **९४** | **१५** | **२** | **५** | **२३** | **२२** | **८८** | **१७८२** |

***** अन्य भन्नाले देश निकाला, शरणार्थी, आर्थिक सहयता पाउँ, नागरिकता सम्वन्धी, विदेशमा मृत्यु भएको सम्वन्धमा, विदेशमा नेपालीहरूलाई मृत्युदण्ड दिएको सम्वन्धमा, विदेशी जेलहरूमा नेपालीहरूलाई थुनेको सम्वन्धमा

## २.५.२ जबर्जस्ती बेपत्ता तथा अपहरण सम्बन्धी

आयोगमा पर्न आएका उजुरीमा नागरिकलाई राज्यका तर्फबाट जवर्जस्ती बेपत्ता परिएको तथा माओवादीबाट अपहरण गरिएको भन्ने सम्बन्धी उजुरी अत्यधिक संख्यामा पर्न आएका छन् । यस प्रतिवेदन अवधिमा सुरक्षाकर्मीबाट जबर्जस्ती बेपत्ता पारिएका भनी ४९५ उजुरी आयोगमा दर्ता हुन आएका छन् । त्यसैगरी ने.कपा (माओवादी) बाट अपहरण गरिएको भनी ३३७ आयोगमा दर्ता हुन आएका छन् । बेपत्ता पारिएका भनिएका व्यक्तिहरूलाई विभिन्न प्रकारका शारीरिक र मानसिक यातना दिइएको भन्ने उजुरीमा उल्लेख भएको पाइएको छ । आयोगमा बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको तर्फबाट पर्न आउने उजुरीहहरूको छानबिन गरी त्यसलाई जतिसक्दो छिटो टुङ्गोमा पुऱ्याउने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले आयोगमा बेपत्ता सम्बन्धी उजुरी हेर्ने एक छुटै इकाइको समेत स्थापना गरिएको छ ।

यस प्रतिवेदन अवधिमा आयोगद्वारा बेपत्ताको सम्बन्धमा उजुरीहरू प्राप्त गर्न, प्राप्त उजुरी उपर कारवाही गर्ने क्रममा हिरासत तथा थुनुवाहरू राखिएको स्थानको भ्रमण गर्ने, बेपत्ता पारिएका परिवारलाई परामर्श प्रदान गर्ने, सुरक्षा निकायहरू सँग अर्न्तक्रिया र भेटघाट गर्ने गरिएको छ । त्यसै गरी समय समयमा बेपत्ताको स्थिति

सार्वजनिक समेत गर्ने गरिएको छ । राष्ट्रिय मानव अधिकार आयोगले नेपालमा बेपत्ताको स्थिति सम्बन्धमा बेपत्ता सम्बन्धी संयुक्त राष्ट्रसंघीय टोलीलाई जानकारी समेत गराएको थियो ।

आयोगले गरेको अनुगमन तथा अवलोकनहरूबाट बेपत्ता पार्ने प्रचलन तथा तरिकाका सम्बन्धमा केही तथ्य प्राप्त हुन आएको छ । अधिकाँश बेपत्ता पारिएका व्यक्तिहरूलाई पक्राउ पर्नाको कारण समेत जानकारी नदिने गरिएको, आँखामा पट्टि बाधेर लामो समय राख्ने गरिएको, यातना दिने गरिएको, एकान्त स्थानमा राखी कसैलाई पनि जानकारी दिने नगरिने जस्ता प्रवृति पाइएको छ । बेपत्ता पारिएका भनिएका केही व्यक्तिहरूको सैनिक हिरासतमा मृत्यु समेत भएको पाइएको छ । बेपत्ता पार्ने कार्यमा संयुक्त सुरक्षा फौजले रातको समयमा सादा पोशाकमा पनि पक्राउ गरी बेपत्ता पारिएको भन्ने उजुरीहरू समेत आयोगमा पर्ने गरेको छ । ने.क.पा माओवादीहरूले जबर्जस्ती आश्रय लिएका घरका घरधनी तथा शिक्षक तथा व्यापारीहरूलाई माओवादीलाई सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले नियन्त्रणमा लिई बेपत्ता पारेको जस्ता तथ्यहरू समेत पाइएको छ ।

त्यसैगरी माओवादी पक्षबाट अपहरण गरिएका व्यक्तिप्रति माओवादीले गर्ने गरेका व्यवहार सम्बन्धमा समेत जानकारी प्राप्त हुन आएको छ । ने.क.पा. माओवादीबाट सर्वसाधारण नागरिक, शिक्षक, राजनैतिक दलका कार्यकर्ताहरू, सुरक्षाकर्मीका परिवारहरू तथा स्कूल एवम् क्याम्पसका विद्यार्थीहरूसमेत अपहरण गरी बेपत्ता पारेको पाइएको छ । माओवादीहरूले कब्जामा लिएका व्यक्तिहरूलाई कुटपिट गर्ने र कतिपय अवस्थामा हत्या गर्ने समेत गर्ने गरिएको छ । ने.क.पा ( माओवादी ) ले एकैचोटि ठूलो संख्यामा शिक्षक विद्यार्थीहरूको अपहरण गर्ने र आफना कार्यक्रममा सहभागी गराएर लगतै छोडिदिने प्रवृतिहरू देखा परको छन् भने सुरक्षाकर्मीका परिवारहरू, अन्य राजनैतिक पार्टीका कार्यकर्ताहरूलाई भने लामो समयसम्म कब्जामा राख्ने गरेको पाइएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगमा प्राप्त बेपत्ताको उजुरीहरू उपर आयोगले छानबिन र अनुसन्धान गरिरहेको छ । श्री ५ को सरकारका विभिन्न सुरक्षा निकायहरूलाई बेपत्ता सम्बन्धी विवरण उपलब्ध गराउन अनुरोध गर्ने गरिएको छ भने बेपत्ताको सम्बन्धमा समेत सम्मानीत सर्वोच्च अदालतलाई समेत बन्दी प्रत्यक्षीकरण सम्बन्धी रिटमा बेपत्ता भएका व्यक्तिहरूका सम्बन्धमा माग भए बमोजिम जानकारी पठाउने गरिएको छ । यसले गर्दा कतिपय मुद्दाहरूमा बेपत्ता भएका व्यक्तिहरूको स्थिति पत्ता लगाउने कार्यमा सहयोग पुगेको छ । माओवादीले अपहरण गरेका विषयमा आयोगको टोली घटनास्थलमा नै गई अपहरण भएको व्यक्तिको स्थिति पत्ता लगाउने गरेको छ भने कतिपय अवस्थामा माओवादीहरूलाइ आम संचारका माध्यमद्वारा ध्यानाकर्षण गराउने गरेको छ ।

## २.५.२ गैर न्यायिक हत्या

यस प्रतिवेदन अवधिमा आयोगमा गैर न्यायिक हत्या भएको भन्ने विषयमा अत्यधिक संख्यामा उजुरीहरू दर्ता हुन आएका छन् । यस विषयमा मानव अधिकारका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरू तथा पीडितका आफन्तहरूबाट आयोगमा उजुरीहरू पर्न आएका छन् । पीडितहरूका परिवार आयोगसमक्ष उजुरी लिएर उपस्थित हुन नसकेतापनि केही घटनाहरूको सम्बन्धमा आयोगबाट आफ्नै सक्रियतामा समेत छानबिन तथा अनुसन्धानको कारवाही अगाडि वढाइएको थियो । यस प्रतिवेदन अवधिमा सुरक्षाकर्मीद्वारा गैर न्यायिक हत्या गरिएको भन्ने ९९ वटा उजुरीहरू दर्ता भएका छनु भने माओवादी पक्षद्वारा हत्या गरिएको भन्ने ६२ वटा उजुरी दर्ता भएका छन् । त्यसै गरी कथित प्रतिकार समितिद्धारा हत्या गरिएको भन्ने ५ वटा उजुरीहरू पर्न आएको छ । उल्लेखित घटनाको सम्बन्धमा आयोगबाट सक्रियतासाथ आवश्यक कारवाही अगाडि बढाई थप अनुसन्धान तथा छानबिन भइरहेको छ ।

आयोगमा प्राप्त उजुरीका आधारमा छानबिन तथा अनुसन्धान गर्ने क्रममा सुरक्षाको घेरा तोडी भाग्न लाग्दा, गस्तीमा गैरहेको सुरक्षाफौजलाई देखी भागेको, सुरक्षाफौजको प्रतिकारात्मक कारवाहीमा मृत्यु भएको भन्ने

जस्ता जानकारीहरू श्री ५ को सरकारका निकायहरूले दिने गरेका छन । आयोगमा प्राप्त हुने गरेका छन् । त्यसै गरी मृतकहरूसाथ विष्फोटक पदार्थ तथा अन्य प्रमाणहरू बरामद भएको भन्ने, कतिपय घटनाहरू दोहोरो भिडन्त भएको भन्ने सुरक्षाकर्मीको कथन रहेको पाइयो । यद्यपि आयोगले यस प्रतिवेदन अवधिमा गरेको अनुसन्धानबाट त्यस्ता कतिपय कथनहरू खण्डन गर्ने तथ्य प्रमाण प्राप्त भएका छन् । यसैगरी कतिपय घटनाहरूमा व्यक्तिलाई पक्राउ गर्ने स्थिति हुदाँहुदै, कब्जामा लिई सकेपछि पनि हत्या गरिएका प्रमाणहरू पाइएका छन् । यसरी प्राप्त तथ्यहरूका आधारमा आयोगद्वारा गैर न्यायिक हत्याको विषयमा छानबिन गरी निर्णय समेत भएका छन् भने कतिपय अनुसन्धान एवम् विश्लेषणको क्रममा रहेका छन् । यस प्रतिवेदन अवधिमा सुरक्षाकर्मीले पक्राउ गरेका ३ जना व्यक्तिहरू सेनाको हिरासतमा रहेको अवस्थामा मृत्यु भएको भनी जानकारी आयोगमा प्राप्त हुन आएको छ । हिरासतमा झन्डै उस्तै प्रकृतिका व्यक्तिहरूको मृत्युको घटना दोहोरिरहेको सन्दर्भमा आयोगबाट श्री ५ को सरकारलाई सैनिक हिरासत "मानवोचित ठाउँ" नभएको तथा थुनामा राखिएका व्यक्तिहरूको आधारभूत मानव अधिकार रक्षा गर्नुपर्ने दायित्व राज्यको हो भनी पटक-पटक सिफारिस गर्दै आएको छ ।

द्वन्दको अवस्थामा राज्यपक्षबाट मारिएका मध्ये केही व्यक्तिहरूको सम्बन्धमा सैनिक अदालत अन्तर्गत अनुसन्धान गरी सर्वसाधारण देखिएमा पीडित परिवारलाई क्षतिपूर्ति दिलाउने गरिएको जानकारी भने घटनामा संलग्न देखिएका केही दोषी उपर कारवाही गरिएको पाइएको छ । माओवादीबाट मारिएका व्यक्तिहरूको सम्बन्धमा श्री ५ को सरकारबाट केही पीडित परिवारलाई क्षतिपूर्ति दिइएको पाइन्छ भने माओवादीले आफ्ना कार्यकर्ता तथा कमाण्डरलाई पार्टीबाट निस्काशित तथा घटुवा गर्ने गरेको समाचारहरू प्राप्त भएका छन् । तर दुवै पक्षले दोहोरो भिडन्तमा मारिएका भनिएका व्यक्तिहरूको सम्बन्धमा तथ्यांक नराख्ने गरेको पाइन्छ भने राज्य पक्षबाट घटनामा मारिएका व्यक्तिहरूको पोष्टमार्टम समेत नगरी लाश छाडिदिने गरेको पाइयो ।

त्यसैगरी नेकपा माओवादीबाट सुराकीको आरोपमा, आफूसँग राजनैतिक रूपले असहमत हुने व्यक्तिहरू समेतलाई यातना दिई हत्या गर्ने गरेको पाइएको छ । कतिपय घटनाहरूमा कब्जामा लिई सकेका सुरक्षाकर्मीहरूलाई समेत हत्या गरेको पाइएको छ । त्यस्तै सर्वसाधारण यात्रा गर्ने यात्रुवाहक बसहरूमा एम्बुस, विष्फोटक पदार्थ पड्काई विभिन्न दुर्घटना परि सर्वसाधारण निर्दोष र द्वन्द्वमा असंलग्न व्यक्तिहरूको मृत्यु भएको पाइन्छ भने जथाभावी बम तथा विष्फोटक पदार्थहरू जमिन, खेतबारी, जंगलमा छाडिएका कारण निर्दोष व्यक्तिहरू तथा बालबालिकासमेतको मृत्यु भएको पाइन्छ । यस प्रतिवेदन अवधिमा ने.क.पा माओवादीबाट जथाभावी बम तथा विष्फोटक पदार्थका कारण ठुला-ठुला घटना घटाइएको पाइयो । कतिपय दोहोरो मुढभेडका घटनाहरूमा निर्दोष सर्वसाधारण मृत्यु समेत भएको तथ्यहरू प्राप्त भएका छन् । माओवादी तर्फबाट घटाइएका घटनाहरू समेत आयोगले स्थलगत अनसुन्धान गरी दोषी उपर कानुनी कारवाही गर्न र क्षतिपूर्ति प्रदान गर्न श्री ५ को सरकारलाई सिफारिस गरिएको छ भने माओवादीलाई समेत घटनाको विषयमा मानव अधिकार तथा मानवीय कानुनको परिपालना गर्न बारम्बार आव्हान गर्दै आएको छ ।

## २.५.३ यातना सम्बन्धी

आयोगमा यस प्रतिवेदन अवधिमा यातना सम्बन्धी विभिन्न उजुरीहरू पर्न आएका छन् । जसमध्ये सुरक्षाकर्मीहरूले कारागार, थुनुवा केन्द्र, शाही नेपाली सेनाका व्यारेकहरू, प्रहरीका थुनुवा केन्द्रहरू लगायतका स्थानहरूमा शारीरिक तथा मानसिक यातना दिएको , पुर्पक्षको सिलसिलामा कुटपिट गर्ने गरिएको चिसो पानीमा डुबाउने, करेन्ट लगाउने, अँध्यारो कोठामा एक्लै राख्ने, लामो समय सम्म सम्पर्क बिहीन अवस्थामा राख्ने, महिलाबन्दीलाई यौन दुर्व्यवहार गर्ने जस्ता कार्य गरेको भन्ने उजुरीहरू प्राप्त भएका छन् । यस प्रतिवेदन अवधिमा विभिन्न थुनुवा केन्द्रहरूमा बन्दीहरूलाई यातना दिई मानव अधिकारको उल्लंघन भएको भनी १३३ वटा उजुरीहरू दर्ता भएका छन् । संकटकालको अवधिमा मात्र ४५ वटा उजुरीहरू दर्ता भएका छन् । जसमध्ये

यस प्रतिवेदन अवधिमा आयोगद्वारा २ वटा उजुरीहरू उपर अनुसन्धान एवम् छानबिन भई दोषी सुरक्षाकर्मीलाई कारवाही तथा पीडित क्षतिपूर्तिको सिफारिस भइसकेको अवस्था छ भने अन्य उजुरीहरूका हकमा अनुसन्धान जारी रहेको छ।

त्यसैगरी ने.क.पा. माओवादीहरूले कतिपय स्थानहरूमा स्थानीयबासीलाई कुटपिट गर्ने, अङ्गभङ्ग गर्ने, धम्की दिने, अपहरण गरी कब्जामा लिई यातना दिने तथा अपमानजनक र अमानवीय व्यवहार गर्ने गरको भन्ने उजुरीहरू आयोगमा प्राप्त भएका छन्। त्यस्तो उजुरीहरुको संख्या ९ वटा रहेको छ। सो उजुरीहरू उपर आयोगले छानबिन गरी श्री ५ को सरकारका सम्बन्धित निकायहरूलाई सिफारिस गर्ने गरिएको छ भने ने.क.पा (माओवादी) लाई समेत यस विषयमा प्रेस मार्फत ध्यानाकर्षण गर्ने गरिएको छ।

## २.५.४ गैर कानुनी थुना

आयोगमा परेका उजुरीहरूमध्ये गैर कानुनी थुनाका सम्बन्धमा परेका उजुरीहरू समेत तुलनात्मक रूपमा धेरै छन्। यस प्रतिवदेन अवधिमा २१३ जनालाई सुरक्षाकर्मीले गैर कानुनी थुनामा राखिएको भनी उजुरीहरू पर्न आएका छन्। बिनाकारण पक्राउ गरेको, पक्राउ गर्दा पक्राउ पूर्जी समेत नदिने गरिएको भन्ने प्रकृतिका उजुरीहरू छन्। एकपटक पक्राउ गरेर छोड्ने अनि तुरुन्तै पक्राउ गर्ने प्रकृतिले पनि गैरकानुनी थुना गर्ने प्रकृति देखिन्छ भने कतिपय घटनाहरूमा थुनामा रहदा रहदै जवरजस्ती कागजमा सहि गराएर थुनामा राखी रहनु चलन छ। विशेषगरी सेनाका ब्यारेकहरूमा बन्दीहरूलाई राखिएको पाइएको छ।

आतंककारी तथा विध्वंसात्मक अध्यादेश अन्तरगत थुनामा राखेकाहरूका सम्बन्धमा एक पटकको म्याद समाप्त भएपश्चात् पुनः केही समय गैरकानुनी थुनामा राख्ने चलन देखिन्छ। गैरकानुनी थुनामा राख्दा थुनुवाले परिवारसँग भेटघाट गर्न समेत पाएको देखिएको छैन। त्यस्तैगरी सम्मानित सर्वोच्च अदालतबाट बन्दीप्रत्यक्षीकरणको रिट मार्फत रिहा भएका व्यक्तिहरूलाई अदालतको परिसरबाट आयोग लगायतका मानव अधिकारवादी संघ संस्था वकिल पत्रकार तथा नागरिक समाजका उपस्थिति भएको अवस्थामा समेत जबर्जस्ती पुन पक्राउ गर्ने गरिएको पाइएको छ। रातिको समयमा सादा पोशाकमा अनुमति बिना व्यक्तिको घर खानतलास गर्ने, व्यक्तिको निजि लिखत कागजपत्रहरू खानतलास गर्ने कार्यले गोपनीयताको हक हनन भएको भन्ने उजुरी समेत परेको पाइन्छ।

आयोगमा प्राप्त उजुरी तथा थुनुवा केन्द्रहरूको अनुगमन गर्दा प्राप्त तथ्यका आधारमा श्री ५ को सरकारलाई पटक पटक सिफारिस समेत गर्दै आइरहेको छ भने कतिपय अवस्थामा पूनःगिरफ्तार गरीएको विषयमा प्रेस मार्फत आम जनमानसमा तथ्यहरू समेत प्रकाशत गर्दै आएको छ।

## २.५.५ आन्तरिक विस्थापन सम्बन्धी

सशस्त्र द्वन्द्वका कारण देशमा आन्तरिक विस्थापनको संख्या दिनुनुदिन बढ्दै गएको पाइन्छ। विस्थापित व्यक्तिहरूको जीवनको अधिकार लगायत सम्पति तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूबाट वन्चित भएको पाइन्छ भने विस्थापित भएका परिवारका बालबालिका तथा महिलाको अवस्था अत्यन्त दयनीय बन्न पुगेका पाइएको छ।

यस प्रतिवेदन अवधिमा आयोगमा विस्थापितको अधिकार सम्बन्धी कुल ९३ उजुरीहरू पर्न आएका छन्। माओवादीको धम्की, डर, तालाबन्दीका कारण विस्थापित भएको भन्ने सम्बन्धमा पनि उजुरीहरु पर्न आएका छन्। विशेषगरी गाउँ, राजनैतिक कार्यकर्ता, सुरक्षाकर्मीका परिवारहरू, शिक्षक, विद्यार्थीहरू एवम् व्यपारीहरू विस्थापित छन् जसमध्ये राजनैतिक अस्थाका आधारमा विस्थापित हुनेको संख्या ठूलो रहेकोछ।

यद्यपि विस्थापित व्यक्तिहरूका सम्बन्ध मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिका साथै नेपाली कानुनी व्यवस्थाको अभाव रहेको भएता पनि मानव अधिकार सम्बन्धी अन्य नेपाल पक्ष भएका महासन्धिहरूका प्रावधानहरूलाई विस्थापित व्यक्तिहरूको हकमा लागू गराउने दायित्व राज्यको रहने भएकोले आयोगमा प्राप्त हुन आएका विस्थापित सम्बन्धी उजुरीहरूका सम्बन्धमा गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयसँग जानकारी उपलब्ध गराउने विषयमा र पीडितलाई आवश्यक राहत उपलब्ध गराउने विषयमा पत्राचार तथा छलफल गर्ने गरिएको छ । त्यस्तै गरी जिल्ला स्थित प्रशासन कार्यालयलाई पत्राचार गरी विस्थापित सम्बन्धी अभिलेख संकलन गर्ने कार्य जारी रहेको छ । त्यसैगरी अनुगमनका क्रममा विस्थापित व्यक्तिहरूका सम्बन्धमा थप जानकारी लिनुका साथै स्थानीय निकायको ध्यानाकर्षण समेत गर्ने गरिएको छ ।

विस्थापितहरूका सम्बन्धमा संयुक्त राष्ट संघले प्रतिवादित गरेको निर्देशक सिद्धान्त अनुरूप राज्यको तर्फबाट बिस्थापितहरूलाई पुर्नस्थापनाको गराउने तर्फ हाल सम्म नीति निर्माण लगायतका प्रभावकारी कदम चालिएको देखिदैन । त्यसैगरी विस्थापितहरूको सम्बन्धमा दातृ निकाय, मानवीय सेवामा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसस्थाहरूबाट समेत प्रर्याप्त ध्यान दिन सकेको देखिदैन । विस्थापितका अधिकारलाई मानव अधिकारको विषयको रूपमा सम्बन्धित निकायहरूले पहिचान समेत गरेको पाइदैन ।

आयोगले विभिन्न जिल्लामा गरेको अनुगमनहरूबाट विस्थापित व्यक्तिहरू ठूलो संख्यारहेको र उनीहरूको अवस्था ज्यादै नाजुक रहेको पाइएको छ । विस्थापितहरु काठमाडौ बाहेक पनि देशका जिल्ला सदरमुकामहरूमा कष्टकररूपले वसिरहेको, वेरोजगारी रहेका, विस्थापितका बालबालिकाहरू शिक्षाबाट वन्चित रहेका, महिलाहरू अवस्था समेत नाजुक रहेको पाइन्छ । द्वन्द्वका कारण आन्तरिक रूपमा विस्थापित भएको भनी काठमाडौँको खुलामन्चमा पाल टाँगेर बसेका विस्थापित व्यक्तिहरूद्वारा श्री ५ को सरकार समक्ष विभिन्न मागहरू राख्दै चरणबद्ध रूपमा गरिएका प्रर्दशन कार्यक्रमहरू र त्यसरी बसेका विस्थापितहरूको अवस्थाको बारेमा पटक पटक अनुगमन गरी प्राप्त तथ्यहरूको आधारमा विस्थापितहरूको आधारभूत मानव अधिकारको संरक्षणको सम्बन्धमा आयोगले श्री ५ को सरकारलाइ सिफारिस गरेको थियो ।

## २.५.६ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी उजुरी

राष्ट्रिय मानव अधिकार आयोगमा आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी उजुरीको संख्या अन्य अधिकारहरूको तुलनामा केही कम नै देखिन्छ । आयोगमा परेका उजुरीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा छुट्टयाउदा सबै भन्दा बढी आर्थिक अधिकारसंग सम्बन्धित छन् भने त्यसपछि सामाजिक र सांस्कृतिक अधिकार सगँ सम्बन्धित उजुरीहरू प्राप्त भएका छन् । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी जम्मा १०८ वटा उजुरीहरू परेका छन् जसमा शिक्षा सम्बन्धी ६ वटा, सम्पती सम्बन्धि अधिकार ६३ वटा, स्वास्थ्य सम्बन्धी अधिकार २ वटा, रोजगार,पेशा सम्बन्धी ६ वटा तथा अन्य प्रकृतिका ३१ वटा उजुरीहरू परेका छन् । आयोगमा प्राप्त भएका उल्लेखित उजुरीहरूमा आयोगले दाबी पुगेको र प्रमाणयुक्त भएको उजुरीलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने तथा कानुन बमोजिम मिलापत्र हुन सक्ने सामाजिक विवादमा मिलापत्र समेत गराई दुवै पक्षको अधिकारको संरक्षण र प्रचलन गराइदिने गरिएको छ भने अर्कोतर्फ ऐनले दिएको परिधि भित्र रही उजुरीलाई कानुन बमोजिम तामेलीमा राखेर कारवाही गर्ने वा खारेज समेत गरेको छ ।

आर्थिक अधिकारका उजुरीहरूमा क्षतिपूर्तिको माग बढी देखिन्छ भने सामाजिक अधिकार अन्तर्गत सामाजिक भेदभावका विषयहरू परेका छन् । शिक्षा सम्बन्धी अधिकारको रूपमा विद्यालयहरू माओवादी पक्षले बन्द गरिदिएकोमा शिक्षा सम्बन्धी अधिकार प्रचलन गराई पाउन तथा बिद्यार्थीलाई परीक्षा दिनबाट बन्चित गरी यातना दिएको र अध्ययन गर्न नपाएको तथा शिक्षा सम्बन्धी अधिकारमा जोडिएर आउने छात्रावास सुविधाबाट

बन्चित तुल्याएको जस्ता उजुरीहरू आयोगलाई प्राप्त हुन आएको छ । शिक्षा सम्बन्धी अधिकारको संरक्षणको निमित्त राष्ट्रिय मानव अधिकार आयोगले माओवादी पक्षलाई विभिन्न समयमा पटक, पटक अनुरोध गरेको तथा राज्य पक्षलाई समेत शिक्षा सम्बन्धी अधिकारको संरक्षण तथा सम्वर्द्धनको निमित्त आवश्यक व्यवस्था गर्न लिखित रूपमा पटक, पटक अनुरोध गर्दै आई रहेको छ ।

सम्पत्ति सम्बन्धी अधिकारहरू सम्बन्धी आयोगमा परेका उजुरीहरूमा सुरक्षा फौजद्वारा सर्वसाधारणको अचल सम्पती कब्जा गर्ने तर समयमा मुअव्जा नदिने गरिएको उजुरी प्राप्त भएका छनु । त्यसैगरी ने.क.पा (माओवादीहरू) ले सर्वसाधरणको सम्पत्ति नष्ट गर्ने तथा चल सम्पत्ति लुटी लगेको भन्ने उजुरीहरू पनि आयोगमा दर्ता भएका छन् । आफूले गरिरहेको पेसा तथा रोजगार गर्न पाउं भन्ने उजुरीहरू पर्ने गरेको पाइन्छ । आफ्नो सम्पत्ति भोग चलन गर्न नपाएको, तलब भत्ता र पेन्सन नपाएका जस्ता उजुरीहरू समेत प्राप्त भएका छन् । सम्पत्ति सम्बन्धी अधिकारहरूको हनन सुरक्षा निकाय र सरकारी संघ, संस्था तथा कार्यालयहरूबाट हुने गरेको पाइएको छ । राष्ट्रिय मानव अधिकार आयोगले मनासिव क्षतिपूर्ति दिलाई दिने सम्बन्धमा श्री ५ को सरकारलाई सिफारिस गरेतापनि बजेटको अभाव तथा बजेट निकासा हुने बित्तिकै पीडितलाई क्षतिपूर्ति दिने व्यहोराको पत्रहरू आयोगलाई प्राप्त भएका छन् ।

स्वास्थ्यका अधिकार सम्बन्धमा आयोगका परेका उजुरीमा विशेष केही ठाउंमा खोप सेवा अवरुद्ध भएको कारागार भित्र रहेका बन्दीहरूलाई आवश्यक औषधी उपचारको व्यवस्था प्रभावकारी नभएको, गाउंहरूको स्वस्थ्य केन्द्रमा औषधीको अभाव रहेको, जिल्लामा चिकित्सक एवम् स्वास्थ्यकर्मी नभएको पाइन्छ । आयोगको खोप कार्यक्रमलाई घर दैलोमा पु¥याई कार्यक्रमलाई सफल पार्नको लागि द्वन्द्वरत पक्षलाई अव्हान गर्नुका साथै यसको अनुगमन गर्नको लागि नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो । पेसा गर्न पाउने अधिकार अन्तर्गत मुख्य रूपले कानुन व्यवसाय गर्न नपाएको, शिक्षण पेसा गर्न नपाएको तथा ब्यापार व्यवसाय गर्न नपाएको र पेसागत स्वतन्त्रता उपभोग गर्न सुरक्षाकर्मीले अवरोध सृजना गरेको उजुरीहरू पर्न आएका छन् । त्यसै गरी समय समयमा माओवादी पक्षबाट आव्हान हुने बन्दले तथा कतिपय अवस्थामा ने.क.पा माओवादीले पेशा व्यवसाय स्वतन्त्ररूपले गर्न नदिको उजुरीहरू समेत आयोगमा परेको छ ।

## २.५.७ जीवनको अधिकार ( धम्की दिने )

यस प्रतिवेदन अवधिमा राष्ट्रिय मानव अधिकार आयोगमा द्वन्द्वरत पक्षले धम्की दिएको भनी ९४ वटा उजुरी परेका छन् । सुरक्षाकर्मीहरूबाट माओवादीको आरोपमा अनावश्यक रूपमा नियन्त्रणमा लिई शारीरिक र मानसिक तनाव उत्पन्न गर्ने, धम्क्याउने-तर्साउने गरेको, सुरक्षाकर्मीले खानतलासी लिने क्रममा मानसिक तनाव दिने, दुःख दिने, गोली हानी मारिदिने धम्की दिने गरेको, व्यक्तिलाई थुनामा राखेको अवस्थामा समेत कुटपिट तथा धाक धम्की र यातना दिई ज्यान मार्ने धम्की दिने गरेको, आरोपित माओवादीको परिवारका सदस्यलाई तर्साउने, ज्यान मार्ने धम्की दिने गरको, व्यक्तिगत रिसइवीको कारण माओवादीको आरोप लगाई सुरक्षा निकायमा झूठो उजुरी दर्ता भएको र सोही आधारमा दुःख दिने कार्य भएको भन्ने उजुरी आयोगमा प्राप्त छन् । आयोगमा उजुरी दिएको आधारमा समेत कतिपय ठाउँहरूमा उजुरीकर्तालाई धम्की दिने गरेको उजुरी समेत प्राप्त भएको छ ।

त्यसैगरी ने.क.पा माओवादीद्वारा चन्दा नदिएमा मार्ने धम्की दिने गरेको, स्थानीय निकायहरूमा कार्यरत सचिवहरूलाई राजीनामा गर्न दवाव दिएको, सेना तथा प्रहरीबाट जागिर छाड्न परिवारका सदस्यलाई धम्कयाउने तथा तर्साउने गरको, माओवादीको कार्यक्रममा सहभागी नहुने वा भनेको नमान्ने हो भने घरमा तालाबन्दी, सम्पत्ति कब्जा, घर सम्पत्ति बमद्वारा उडाइदिने, भौतिक कारवाही गर्ने, मृत्युदण्ड तथा ज्यू-ज्यान लिने धम्की दिने, सुराकी गरेको आरोपमा सम्पत्ति कब्जा गर्ने धम्की दिने गरको भनी आयोगमा उजुरी दर्ता भएका छन् । यसरी प्राप्त उजुरी उपर आयोगले सम्बन्धित निकायमा बुझ्ने, छलफल गर्ने तथा दोषी

देखिएकोमा कारवाही गर्ने सिफारिस समेत गरेको छ भने ने.क.पा माओवादीद्वारा भएका ज्यादती आयोगले पटक पटक आम सञ्चार मार्फत आव्हान गर्ने गरेको छ ।

## २.५.८ महिला तथा बाल अधिकार सम्बन्धी उजुरीहरू

यस प्रतिवेदन अवधिमा घरेलु हिंसा सम्बन्धी ५ वटा उजुरीहरू पर्न आएका छन् । जसमा श्रीमान्‌बाट कुटपिट भएको, श्रीमान्‌बाट यौन दुर्व्यवहार गरिएको, घरबाट निकाला गरिदिएको, दाइजो कमी भएकोमा श्रीमान्‌बाट दुर्व्यवहार भएको भन्ने जस्ता उजुरी पर्न आएका छन् । आयोगमा पर्न आएका यस्ता प्रकृतिका उजुरीमा आयोगले दुई पक्षलाई आयोगमा बोलाई दुवै पक्ष बीच समक्षदारी कायम गर्ने प्रयास गरेको छ भने अर्को तर्फ कतिपय उजुरी कानुनी कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउने समेत गरिएको छ । त्यसैगरी बाल अधिकार हननका २ वटा उजुरीहरु आयोगमा पर्न आएका छन् । यस सम्वन्धमा आयोगको बाल अधिकार इकाइबाट छानबिन भइरहेको छ ।

## २.५.९ जातीय भेदभावको विषयमा

आयोगमा जातीय भेदभाव गरेको भनिएको तथा धार्मिक अधिकारको हनन सम्बन्धी विषयमा १५ वटा उजुरीहरू पर्न आएका छन् । जसमा समाजका कथित मधिल्ला जातका मानिसहरूले भेदभाव गर्ने गरेका र सोको कानुनी उपचार सम्बन्धित निकायबाट नपाउने गरिएको सम्बन्धमा जानकारी प्राप्त भएका छन् । आयोगमा परेका उजुरीहरूमा समाजका कथित उपल्लो जातिका व्यक्तिहरूले दलितलाई धार्मिक कार्यमा रोक लगाएको, बिस्थापित बनाएको, कतिपय ठाउँहरूमा नाकाबन्दी लगाएको, मन्दिर प्रवेशमा रोक लगाइएको, महायज्ञ प्रवेशमा रोक लगाइएको भन्ने उजुरी दर्ता भएका छन् । त्यसैगरी हलिया प्रथाका कारणले विभिन्न अधिकारहरूबाट वन्चित भएको भन्ने सम्बन्धमा समेत उजुरी परेका छन् भने कतिपय ठाउँमा दलितहरूलाई सार्वजनिक इनार छोइदिएको निउँमा समेत कथित उपल्लो जातबाट कुटपित गरिएको समेत उजुरीहरू पर्न आएका छन् । छुवाछुत गर्ने कार्यलाई राज्यले फौजदारी अपराध घोषित गरेको सन्दर्भमा सरकारी निकायका पदाधिकारी तथा स्थानीय प्रहरी प्रशासनबाट पनि दलितका मुद्घाहरूको दर्ता प्रक्रिया देखि अनुसन्धान तथा कानुनी उपचारका क्रममा महत्व नदिने तथा उपेक्षा गर्ने गरको भन्ने जानकारी आयोगमा परेका उजुरीहरूबाट पनि झल्किन्छ ।

यसै गरी कतिपय ठाउँहरूमा ने.क.पा माओवादीले समेत अन्तरजातीय विवाहमा रोक लगाएको तथा धार्मिक आस्था राख्ने उपर समेत दुर्व्यवहार गरिएको भन्ने जस्ता जानकारीहरू समेत आयोगमा प्राप्त छन् ।

ग्रामीण भेगका जनताहरू शिक्षित नभएको कारणले पनि कतिपय भेदभाव विरुद्धका घट्नाहरू प्रकाशमा नै आउदैनन त कतिपय त्यस्ता घट्नाहरूका विरुद्ध राष्ट्रिय मानब अधिकार आयोगमा उजुरी दर्ता गराउन सकिन्छ भन्ने चेतनाको पनि अभाव छ । त्यसो त कतिपय मुद्दाहरूमा गाउँका व्यक्तिहरूले समस्या गाउँमा नै सुल्झाउनु पर्दछ भन्दै करकापमा पारेर सम्झौता पत्रमा हस्ताक्षर गराउने गरेका उदाहरण पनि आयोगमा प्राप्त उजुरीहरूको अध्ययनबाट देखिन्छ ।

आयोगमा प्राप्त यस्ता उजुरीहरूमा आयोगले तत्कालै सम्बन्धित अधिकारीहरूलाईसमस्याको समाधान तथा कानुन बमोजिम कारवाही अगाडि बढाउन पत्राचार गर्ने गरेको छ भने कतिपय अवस्थामा आयोगका

कर्मचारीहरू सम्बन्धित ठाउँमा गई समस्याको समाधानको लागि पहल गर्ने गरको तथा स्थानीय स्तरमा छलफल अन्तरक्रिया गरी कतिपय अवस्थामा दवाव सजृना समेत गर्ने गरिएको छ।

## २.५.१० न्याय प्रशासन सम्बन्धी उजुरीहरू

यस प्रतिवेदन अवधिमा न्याय प्रशासन सम्बन्धी २२ मुद्दाहरू आयोगमा दर्ता हुन आएका छन् । विशेष गरी अदालतले मुद्दाको फैसला ढिलो गरिदिएको, फैसला अनुसारको कार्यान्वय नभएको र अर्धन्यायिक निकाय अन्तर्गत परेका मुद्दाको प्रभावकारी सुनवाई हुने नगरेको भन्ने जस्ता उजुरीहरू पर्न आएका छन् । आयोगमा प्राप्त यस्ता उजुरीहरूमध्ये अदालतसँग सम्बन्धित विषयहरूमा अदालतको ध्यानाकर्षण निमित्त उजुरीको सक्कल सहित पठाइने गरिएको तर अर्थ न्यायियिक निकायसँग सम्बन्धित उजुरीहरूमा भने छानबिन गर्ने गरिएको छ।

आयोगले कारागारको अनुगमन गर्दा समेत न्याय प्रशासन सम्बन्धित विषयमा तथ्यहरू प्राप्त हुने गरेका छन् । खासगरी अदालतमा परेको मुद्दाको फछ्र्योटमा ढिलाई हुने गरेको विषयमा प्राय कारागारका बन्दीहरूले गुनासो गरेको पाइन्छ। अदालतको निर्णयको कार्यान्वयन नहुदाँ पनि व्यक्तिहरू आफनो अधिकारको उपभोग गर्नबाट वन्चित रहेको पाइयो । खास गरी पुनः पक्राउ गर्ने गरिएको सन्दर्भमा विभिन्न अधिकारहरूबाट वन्चित हुने मात्र नभई अदालतको आदेशको समेत अवज्ञा भएको पाइन्छ।

## २.५.११ अन्य प्रकृतिका उजुरीहरू

माथि उल्लिखित उजुरीहरूबाहेक पनि विविध प्रकृतिका उजुरीलगायत मुलुक वाहिर घटेको घटनाको विषयमा समेत उजुरीहरू दर्ता हुन आएका छन् । यस्ता उजुरीहरूमा मूलतः विदेशी कारागारमा रहेका नेपालीहरूलाई देशमा स्थानान्तरण गर्न पहल गर्न, विदेशमा मृत्यु भएका व्यक्तिको लाश नेपाल ल्याउन सहयोग गर्न, विदेशमा मृत्युदण्ड दिने घोषणा गरिएका नेपालीको जीवनको रक्षा गर्ने विषयहरूसग सम्बन्धित छन्। यसका अलावा नेपाल भित्र रहेका विदेशीहरूले समेत आफनो अधिकारको रक्षा गर्न आयोगमा उजुरी दर्ता गराएका छन् । जसमा नेपालको कारागारमा कानुनी व्यवसायीलाई भेट गर्न नदिएको विषयमा, कारागारमा दोभाषेको व्यवस्था नगरिदिएको सम्बन्धमा समेत उजुरीहरू पर्न आएका छन् । आयोगले यस्ता उजुरीहरु उपर सम्बन्धित निकाय ध्यानाकर्षण गराउनुका साथै विदेश स्थित राष्ट्रिय मानव अधिकार संस्थाहरूलाई पत्राचार समेत गर्ने गरिएको छ।

यस प्रतिवेदन अवधिमा शरणार्थी, गैर नेपाली तथा विदेशमा रहेका नेपालीहरू सम्बन्धी ८ वटा उजुरी दर्ता भएको पाइन्छ । नेपालमा शरण लिई बसेका भुटानी शरणार्थीहरूलेसमेत आफ्नो अधिकारको रक्षाको निमित्त आयोगमा उजुरी दर्ता गराएका छन् । भारत, इथियोपिया लगायतका नागरिकहरूले शरणार्थीका रूपमा मान्यता पाउँ भनी उजुरी दिएको पाइन्छ । त्यसै गरी विदेशमा बसेका नेपालीहरू विभिन्न कारणले थुनामा परेका सम्बन्धमा निजहरूको रिहाईको लागि पहल गरिदिने सम्बन्धमा पनि उजुरीहरू परेका छन् । यस सम्बन्धमा आयोगले आवश्यक पहलको लागि परराष्ट्र मन्त्रालयमा पत्राचार गर्ने गरिएको छ।

त्यसैगरी विभिन्न म्यानपावर कम्पनीले ठगी गरको, विदेशमा श्रम शोषण गरेको जस्ता उजुरी पनि आयोगमा केही मात्रामा प्राप्त भएका छन् । यस्ता उजुरी उपर आयोगमा श्रम मन्त्रालय लगायतका निकायहरूमा आवश्यक कारवाही अगाडि बढाउने सम्बन्धमा सक्कल कागाजात सहित पठाउने गरिएको छ। यसका अलावा

व्यक्तिगत झैझगडा, सम्पति लगायतका विषयमा समेत आयोगमा व्यक्तिहरू उजुरी दर्ता गर्न आउने गरेकोमा आयोगले आवश्यक कानुनी परामर्श दिने गरेको छ।

## २.५.१२ उजुरी व्यवस्थापनका निमित्त थप गरिएका व्यवस्थाहरू

यस प्रतिवेदन अवधिमा आयोगले उजुरीहरू कारवाहीको कार्यलाई छिटो छरितो गर्ने, व्यवस्थित एवम् गुणस्तरीय बनाउने, उजुरी तथ्यांक अद्यावधिक गर्ने सम्बन्धमा विभिन्न पहल गरिएका छन्। जसलाई देहाय बमोजिम सक्षिप्त रूपमा चर्चा गरिएको छ।

**क) विषयगत बाँडफाँड**

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको अवधारणा अनुसार आयोगमा बिचाराधीन मुद्दाहरूको वर्गीकरण गरी अधिकारहरूका आधारमा विषयगत समूह निर्माण गरिएको छ। यसबाट उजुरीहरूको छिटो छरितो व्यवस्थापन तथा विषयगत दक्षता समेत हासिल हुन जाने विश्वास गरिएको छ। यसरी मानव अधिकार सम्बन्धी जम्मा २९ वटा विषयहरूमा कार्य गर्न आयोगका अधिकृतहरूलाई केन्द्र बिन्दुको रूपमा तोकिएको छ।

**(ख) उजुरी व्यवस्थापन सम्बन्धी कम्पयुटर सफ्टवेयर प्रणाली**

आयोगमा पर्न आएका मानव अधिकार उल्लघंन सम्बन्धी उजुरीहरूको विवरण एवम् तथ्यांक अद्यावधिक गरी राख्न राष्ट्रिय मानव अधिकार आयोग, भारतको सौजन्यता एवम् CIDA नामक क्यानेडियन संस्थाको वित्तीय सहयोगमा **उजुरी व्यवस्थापन सम्बन्धी कम्पयुटर सफ्टवेयर प्रणाली** (Complaints Management Software) जडान गरिएको छ। जसमा उजुरीकर्ता, पीडित, आरोपित पीडक, साक्षी, उजुरी संक्षिप्त विवरण, आयोगद्वारा प्रेषित पत्रहरू एवम् आयोगको अन्तिम निर्णय समेत समावेश गरिएको छ। हाल यो प्रणाली संचालित भई विवरणहरू अद्यावधिक गर्ने कार्यहरू भइरहेका छन्।

**(ग) उजुरीको ढाँचामा परिमार्जन**

आयोगको मानव अधिकार संरक्षण सम्बन्धी काम कारबाही अझ चुस्त बनाउनको लागि उजुरीको ढाँचामा परिमार्जन गर्न आवश्यक भएको र उजुरीमा उल्लेख हुनुपर्ने विषय तथा विवरण समेत प्रष्ट हुनुपर्ने देखिएकाले आयोगले उजुरी, कारबाही तथा क्षतिपूर्ति नियमावली, २०५७ को अनुसूची १ मा संशोधन गरिएको छ। त्यसै गरी उजुरी कारवाही तथा अनुसन्धान निर्देशिका तयारीको अन्तिम चरणमा पुगेको छ।

**(घ) मानव अधिकार अनुगमन नियमावली, २०६१ तर्जुमा**

यस प्रतिवेदन अवधिमा आयोगको अनुगमन सम्बन्धी कार्यलाई व्यवस्थित गरी एकरूपता कायम गर्न निमित्त आयोगद्वारा मिति २०६१।७।१७ को निर्णय अनुसार मानव अधिकार अनुगमन नियमावली, २०६१ तर्जुमा भई कार्यान्वयनमा आएको छ। प्रस्तुत नियमावलीमा अनुगमनकर्ताको छनौट सम्बन्धी व्यवस्था, अनुगमन टोलीको गठन, अनुगमन टोलीको काम कर्तव्य र अधिकार, अनुगमनकर्ता आचारण र आचरण पालना नगरेमा गरिने कारवाहीजस्ता विविध विषयहरू समेटिएका छन्। यसबाट आयोगले मानव अधिकार अनुगमन कार्य अझ प्रभावकारी हुने अपेक्षा गरेको छ।

## २.५.१३ उजुरी फछ्र्योट तथा केही महत्वपूर्ण निर्णयहरू

आयोगमा प्राप्त भएका उजुरीहरूको पूर्ण छानबिन एवम् अनुसन्धान पश्चात् आयोगले निर्णय गर्ने गरेको छ। आयोगले अधिकार प्रत्यायोजन गरे बमोजिम क्षेत्रीय कार्यालयहरूले छानबिन एवम् अनुसन्धान गरी आवश्यक निर्णयार्थ आयोगको केन्द्रीय कार्यालयमा पठाउने गरिएको छ। आयोगले उजरीको छानबिन गरिसकेपछि तथ्य प्रमाणहरूका आधारमा विश्लेषण गरी निर्णय गर्ने गरेको छ। जसमा तामेली, खारेजी र अन्तिम निर्णय पर्दछन्।

यस प्रतिवेदन अवधिसम्ममा आयोगमा पर्न आएका उजुरीहरू मध्ये कूल २९३ फछ्र्योट भएका छन् जसमा २३४ वटा उजुरीहरू तामेलीमा, २६ वटा खारेजीमा र कूल ३३ वटा उजुरी उपर आयोगद्वारा निर्णय भई पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारवाही गर्ने सम्बन्धमा सिफारिस गरी श्री ५ को सरकार मन्त्रीपरिषदलाई लेखी पठाइएको छ । यस प्रतिवेदन अवधिमा आयोगमा परेका उजुरी फछ्र्योट सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष ६१-६२ मा आयोगको उजुरी फछ्र्योट सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| तामेली | खारेजी | निर्णय | जम्मा |
| २३४ | २६ | ३३ | २९३ |

आयोगबाट भएका अन्तिम निर्णयहरू गैर न्यायिक हत्या र यातनासँग सम्बन्धित रहेका छन् । जसमा पीडितलाई क्षतिपूर्ति र दोषीलाई कानुन बमोजिम कारवाही गर्नका निमित्त सिफारिस गरिएका छन् । विशेष गरी तामेली गरिएका उजुरीहरूमा उजुरीकर्ताको तात्कालिन माग पुरा भएको तर त्यसले दीर्घकालीन असर राख्ने प्रकृतिका रहेका छन् भने कतिपय उजुरीहरू तत्काल प्रमाण पुर्‍याउन नसकिएकोले तामेलीमा राखिएका छन् । यसैगरी मानव अधिकार उल्लघंन असम्बन्धित उजुरी तथा आयोगको क्षेत्राधिकार भित्र नपरेका उजुरीहरू खारेजी गरिएका छन् । मानव अधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त आयोगले यस प्रतिवेदन अवधिमा गरेका केही महत्वपूर्ण निर्णयहरूलाई देहाय बमोजिम तालिकामा समावेश गरिएको छ ।

### २.५.१३.१ उजुरी छानबिन तथा अनुसन्धान गरी आयोगद्वारा गरिएका मुख्य सिफारिसहरू

| क्र.सं. | पीडितको नाम | ठेगाना | उजुरी विवरण | पीडक | आयोगको निर्णय | निर्णय मिति | आयोगको पहल | श्री ५ को सरकारको प्रतिक्रिया |
|---|---|---|---|---|---|---|---|---|
| १. | विक्रम लामा | पोखरीनारायणस्थान-८ काभ्रेपलाञ्चोक | निज विक्रम लामालाई मिति २०६०।११।१ गते काभ्रे पोखरीनारायण गा.वि.स. वडा नं. ५ स्थित भैंसी बेचेको पैसा उठाउन गएको वखत भकुण्डेवेंसीबाट खटी गएको सुरक्षाकर्मीले पक्राउ गरी गोली हानी **मृत्यु** भएकोले आवश्यक अनुसन्धान गरी दोषी उपर कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ २०६०।११।५ मा आयोगमा निवेदन दर्ता हुन आएको । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही<br><br>मृतकको उमेर २० वर्ष मात्रै रहेको र निजकी श्रीमती तथा नाबालक बच्चा समेत निजउपर आश्रित भएको सन्दर्भमा आवश्यकता र औचित्य समेतका आधारमा मृतकका नजिको हकवालालाई रू. १,००,०००।-(एक लाख) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।०५।१५ | श्री ५ को सरकारमा मिति २०६१।०५।२५ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । मा मिति २०६२।०१।२८ गते पुनः ताकेता गरेको । | हालसम्म कुनै प्रतिक्रिया नपठाइएको। |
| २. | सुरेश राउत कुर्मी र किशोरी राउत कुर्मी | रघुनाथपुर गा.वि.स बारा | बारा जिल्ला रघुनाथपुर गा.वि.स. ५ स्थित मिति २०६०।१०।२९ गते सोही ठाउँ वस्ने किशोरी राउत कुर्मी तथा सुरेश राउत कुर्मीको सुरक्षाकर्मीबाट हत्या गरिएकोले घटनाको अनुसन्धान गरी दोषी उपर कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी २०६०।११।३ मा आयोगमा निवेदन दर्ता हुन | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही<br>तथा पीडित परिवारहरूलाई जनही . १,००,०००।-(एक लाख) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।०६।२० | श्री ५ को सरकारमा मिति २०६१।८।४ आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।<br><br>मिति २०६२।०१।२९ गते पुनः ताकेता । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानुन तथा मानव अधिकार शाखाको मिति २०६१।८।१५ को बोधार्थ बाहेक हालसम्म पनि कुनै प्रतिक्रिया प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आएको । | | | | | |
| ३. | विराज गुरुङ्ग, तिर्की प्रजा र सुनिल गुरुङ्ग | जुगेडी चितवन | मिति द्२०६० साल फाल्गुन ६ गते शिवरात्रीको दिन विहान ५ बजे चितवन जिल्लाको जुगेडीमा एकै परिवारका तीनजना व्यक्तिलाई सेनाको एक टोलीले विनासोधपुछ अन्धाधुन्ध गोली हानी **हत्या** गरेको र अन्य दुई जनालाई गम्भीर **घाइते** बनाएको हुनाले घटनाको अनुसन्धान गरी दोषीमाथि कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध दिलाई पाउँ भनी २०६०।११।८ मा निवेदन दर्ता हुन आएको । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,००,०००।-(एक लाख) र घाइर्त खेम गुरुङ्ग र अञ्जु गुरुङ्गलाई निजहरूको उपचारलाई लाग्ने खर्च र चोट लागेको ठाउँको संवेदनशीलतालाई मध्येनजर गरी रू. ४० हजार उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।०६।२० | श्री ५ को सरकारमा मिति २०६१।८।४ गते आयागेबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको<br><br>मिति २०६२।०१।२८ गते पुनः ताकेता । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानुन तथा मानव अधिकार शाखाको मिति २०६१।८।१४ को बोधार्थ बाहेक हालसम्म पनि कुनै प्रतिक्रिया प्राप्त नभएको । |
| ४. | टीका अधिकारी | चैनपुर गा.वि.स. ७ चितवन | चितवन चैनपुर गा.वि.स. वडा नं. ७ निवासी टीका अधिकारीलाई मिति २०६१।१।३१ गते विहान ११:३० बजे आफ्नै घरबाट मोटरसाइकलमा आएका सुरक्षाकर्मीले पक्राउ गरी सोधपुछका लागि भनि लिएर गई दोहोरो भिडन्तको नाममा सोही दिन बेलुका **मारिएको** हुँदा निष्पक्ष छानबिन गरी दोषी उपर कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६१।०२।१३ गते आयोगमा निवेदन दर्ता हुन आएको । | सुरक्षाकर्मी | सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारलाई रू.१,००,०००।-(एक लाख) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।०६।२० | श्री ५ को सरकारमा मिति २०६१।८।४ आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको<br><br>मिति २०६२।०१।२८ गते पुनः ताकेता | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानुन तथा मानव अधिकार शाखाको मिति २०६१।८।१५ को बोधार्थ बाहेक हालसम्म पनि कुनै प्रतिक्रिया प्राप्त नभएको । |
| ५. | दुर्गाप्रसाद कोइराला, डाकमणी कोइराला र हरिकुमार भट्टराई | खोटाङ्ग चिसापानी गा.वि.स. कात्तिके, वैरेनीटार | खोटाङ्ग जिल्ला चिसापानी गा.वि.स. स्थित चिसापानी मा.वि. मा कार्यरत डम्मर्खु शिवालय गा.वि.स. कात्तिकेका हरिकुमार भट्टराई तथा चिसापानी गा.वि.स. वैरेनीटारका दुर्गाप्रसाद कोइराला तथा डाकमणी कोइरालाको गाइघाटबाट आएको सुरक्षाफौजले मिति २०६०।८।२० गते राती १२ बजे गाइघाटबाट गएको सुरक्षाफौजले हरिकुमार भट्टराईको घरको ढोका फोडेर हरिकुमार भट्टराई, दुर्गाप्रसाद कोइराला तथा डाकमणी कोइरालालाई डम्मर्खु शिवालय गा.वि.स. अन्तर्गत काभ्रे खोलामा लगी निर्दोष मानिसहरूको **हत्या** भएकोले घटनाको न्यायिक छानबिन गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,००,०००।-(एक लाख) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।१०।६ | श्री ५ को सरकारमा मिति २०६१।१०।१५ गते निर्णय कार्यान्वयनको लागि पठाइएकोमा मिति २०६२।०२।३१ गते पुनः ताकेता गरेको | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मिति २०६१।१।३१ को बुँदा नं. १५ मा उल्लेख गरिएको अनुसार छानबिन गर्न गठित समितिले सैनिक व्यक्तिहरूबाट गल्ती भएको भनी दिएको राय बमोजिम पूर्पक्ष गर्न गठित सैनिक अदालतबाट जमदार हस्तबहादुर कुमाल र अमल्दार तेजवहादुर कोइरालालाई २ वर्ष कैद गरी भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी सेवाबाट वर्खासी गरिएको र सो टोलीका कमाण्डर अधिकृतलाई समेत भविष्यमा सरकारी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०६०।८।२५ मा आयोगमा निवेदन दर्ता । | | | | | सेवामा अयोग्य नठहरिने गरी सेवाबाट वर्खासी गरिएको भन्ने जानकारी पत्र ।<br><br>तर पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराएको नगराएको भन्ने विषयमा केही नखुलाइएको पाइएको । |
| ६. | दयाराम यादव र राजाराम यादव | महोत्तरी वगडा गा.वि.स. वडा नं. ६ | जिल्ला महोत्तरी वगडा गा.वि.स. वार्ड नं. ६ बस्ने दयाराम यादव र राजाराम यादवलाई मिति २०६१।२।१६ गते राती घरमै सुतिरहेको अवस्थामा घरभित्रबाट पक्राउ गरी बाहिर ल्याई ढोकाकै अगाडि सुत्न लगाई सुरक्षाकर्मीले गोली हानी **हत्या** गरेको हुनाले घटनाको छानबिन गरी दोषीमाथि कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६१।२।३२ मा आयोगमा निवेदन दर्ता । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही<br>तथा पीडित परिवारहरूलाई जनही . १,००,०००।-(एक लाख) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।११।११ | श्री ५ को सरकारमा मिति मिति २०६१।१२।०३ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | गृह मन्त्रालय योजना तथा अनुगमन शाखाको मिति २०६१।१२।१९ गतेको पत्रानुसार निजहरू २ जनाको २०६१।६।२६ मा आ.स. पाउने निर्णय भएको भन्ने जानकारी प्राप्त ।<br><br>दोषीलाई कारवाही गर्ने विषयमा नबोलिएको । |
| ७. | महेन्द्र नारायण सिंह | गोबिन्दीपुर -८ मलहन्मा, सिरहा | जिल्ला सिरहा गोबिन्दीपुर गा.वि.स. वार्ड नं. ८ मन्हन्मा गाउँ बस्ने महेन्द्र नारायण सिंह महतोलाई मिति २०५९।७।५ का राती करिव १२ बजे सुरक्षाकर्मीले गाउँमा घेरा हाली कुनै मानिसलाई खोजी गरिरहेको क्रममा गाउँलेहरूले डाँका डाँका भनी हल्ला गरेकोमा सो सुनि गाउँबाट डाँका धपाउनका लागि गाउँलेहरूलाई खवर गर्ने उद्देश्यले घरको दक्षिणपट्टिको सानोबाटो बाट बाहिर निस्कन लाग्दा सुरक्षाकर्मीहरूले छातीमा गोली हानी **हत्या** गरेको हुनाले घटनाको आवश्यक छानबिन गरी पाउँ भनी मिति २०५९।७।११ मा आयोगमा उजुरी दर्ता भएको । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही<br>तथा पीडित परिवारलाई रू १,००,०००।-(एक लाख) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।११।११ | श्री ५ को सरकारमा मिति मिति २०६१।१२।०९ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | गृह मन्त्रालय योजना तथा अनुगमन शाखाको मिति २०६१।१२।१९ गतेको पत्रानुसार निजसिंहको पटक-पटक जिल्ला प्रशासन कार्यालयमा लेखापढी हुँदा विवरण प्राप्त नभएको भन्ने जानकारी बाहेक अन्य कुनै पनि प्रतिक्रिया प्राप्त नभएको । |
| ८. | राम ब. राई समेत ७ जना | रतन्छा, खोटाङ्ग | मिति २०५९ साल बैशाख १४ गते जिल्ला खोटाङ दोर्पा चिउरी डाँडा र रतन्छा गा.वि.स. सिमानामा साप्सु खोलामा माछा मार्न भनि रतन्छा गा.वि.स. वार्ड नं. ६ | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही<br>तथा पीडित परिवारहरूलाई जनही . १,००,०००।-(एक लाख) क्षतिपूर्ति उपलब्ध | २०६१।११।१८ | श्री ५ को सरकारमा मिति मिति २०६१।१२।०३ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | गृह मन्त्रालय योजना तथा अनुगमन शाखाको मिति २०६१।१२।१९ गतेको पत्रानुसार उक्त घटनाको विवरण |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | वस्ने वर्ष ३९ को नविन राई, मनकुमार राई, राम वहादुर राई, राजेन्द्र राई, गोबिन्दी राई, सुवास भनिने रोशन कुमार राई, हंशराज राई र सुरज राई रमेत ८ जना व्यक्तिहरू गएकोमा सुरक्षाफौजले सुरज राई बाहेकका ७ जनाको सुरक्षाकर्मीले गोली हानी **हत्या** गरेको हुनाले घटनाको छानबिन गरी दोषी माथि कारवाही तथा पीडित परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०५९।१।२० र मिति २०५९।९।०५ मा आयोगमा निवेदन दर्ता । | | गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | | | प्राप्त छैन भन्ने जानकारी बाहेक अन्य कुनै पनि प्रतिक्रिया प्राप्त नभएको । |
| ९. | रामसेवक सहनी | औरही गा.वि.स. वडा नं. ७ कपटौल धनषा | जिल्ला धनुषा औरही गा.वि.स. वडा नं. ७ कपटौल स्थायी घर भएका रौतहट जिल्ला अदालतमा अमिन पदमा कार्यरत वर्ष ४५ का रामसेवक सहनीलाई सुरक्षाफौजको गस्ती टोलीले मिति २०६०।०६।२६ गते दशैं बिदा सकेर अदालतमा हाजिर हुन जाँदै गर्दा बाटोमा गोली हानी **हत्या** गरेकोले आवश्यक छानबिन गरी दोषीउपर कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६०।१०।२६ गते आयोगमा निवेदन दर्ता । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारलाई रू. १,००,०००।-(एक लाख) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।१।२१२ | श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०६२।०१।२२ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | हालसम्म कुनै पनि प्रतिक्रिया प्राप्त नभएको । |
| १०. | लक्ष्मीश्वर पूर्वे र बेचनसाह लहेरी | बेगांडावर गा.वि.स. वार्ड नं. ६ धनुषा | धनुषा जिल्ला बेगांडावर गा.वि.स. वार्ड नं. ६ वडहरि बजारमा मिति २०६१।४।८ गते राती करीव ९:४५ बजे सोही ठाउँमा बस्ने वर्ष ५२ का लक्ष्मेश्वर पूर्वे र सोही ठाउँ वस्ने वर्ष ३५ को बेचनसाह लहेरीको सुरक्षाकर्मीद्वारा चलाइएको गोलीबाट **मृत्यु** भएकोले घटनाको छानबिन गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई उचित क्षतिपूर्तिको लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६१।४।१५ मा आयोगमा निवेदन प्राप्त । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,००,०००।-(एक लाख) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।१।२१२ | श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०६२।०१।२२ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | हालसम्म कुनै पनि प्रतिक्रिया प्राप्त नभएको । |
| ११. | भरत ढुंगाना बैकुण्ठ पोखरेल | जिल्ला धादिङ्ग गुम्दी गा.वि.स. वडा नं. ९ सातदोबाटो | जिल्ला धादिङ्ग गुम्दी गा.वि.स. वडा नं. ९ सातदोबाटो भन्ने स्थानबाट मिति २०६१।३।३१ गते सुरक्षाकर्मीहरूले भरतप्रसाद ढुंगाना र वैकुण्ठ पोखरेललाई नियन्त्रणमा लिई | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,००,०००।-(एक लाख) क्षतिपूर्ति उपलब्ध | २०६१।१।२१२ | श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०६२।०१।२२ गते निर्णय कार्यान्वयनको लागि | हालसम्म कुनै पनि प्रतिक्रिया प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | । | निर्मम तरिकाले **हत्या** गरेको तथा परिवारलाई समेत धर्म परम्परा अनुसार लाशको अन्त्येष्टी गर्न नदिई लाश बेपत्ता पारेकोले लाश बुझाई रितिरिवाज अनुसारको कार्य गर्न र घटनाको अनुसन्धान गरी दोषी उपर कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६१।४।७ मा र मिति २०६१।५।९ मा आयोगमा निवेदन प्राप्त । | | गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | | पठाइएको | |
| १२. | रीना रसाईली र सुभद्रा चौलागाई | पोखरीचौरी गा.वि.स. वडा नं. ३ र ४ काभ्रेपलाञ्चोक । | जिल्ला काभ्रेपलाञ्चोक पोखरीचौरी गा.वि.स. वडा नं. ४ वस्ने रिना रसाइली र सुभद्रा चौलागाईको घरमा १२ फेब्रुअरी, २००४ मा सादा पोशाकका सुरक्षाकर्मीहरूको एक समुहले घर घेराहाली निजहरूलाई पक्राउ गरीसकेपछि **हत्या** गरेको, हत्या गर्नु पूर्व रिना रसाइलीलाई बलात्कार समेत गरेको र उपरोक्त घटनाको निश्पक्ष छानबिन गरी दोषीलाई कारवाही तथा पीडितका हकवालालाई कानुन बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरीपाउँ भनी मिति २०६०।११।११ मा आयोगमा निवेदन दर्ता । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,५०,०००।-(एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।१।२८ | श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०६२।०२।२४ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानुन तथा मानव अधिकार शाखाको मिति २०६२।२।२६ को बोधार्थ पत्र बाहेक हालसम्म कुनै पनि प्रतिक्रिया प्राप्त नभएको ।<br><br>घटनाको प्राप्त भए पनि चित्त बुझ्दो रिर्पोट नआएकोले पुनः सो घटनाको छानबिन भैरहेको भन्ने शाही नेपाली जंगी अड्डाको भनाई । |
| १३. | सोमराज सार्की समेत १२ जना | गोल्टाखुरी दाङ्ग | दाङ्ग जिल्ला गोल्टाकुरी गा.वि.स. अन्तर्गत राजाकोट क्याम्पको नजिक सोही गा.वि.स. नजिक सोही गा.वि.स. ८ काँवाधारी बस्ने सोमराज सार्की, रमेश सार्की, जोख वहादुर सार्की, रेशम सार्की, भुपाल सार्की, रमेश सार्की, मङ्गल सार्की, रामलाल सार्की, नीबबहादुर सार्की, देविराम सार्की, रामप्रसाद सार्की र खड्ग वहादुर वि.क. समेत १२ जनालाई मिति २०५९।३।१६ गते सैनिकहरूले गोली हानी **हत्या** गरेकाले उक्त घटनाको आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरी पाउँ भनी मिति २०६०।१।३ मा आयोगमा निवेदन दर्ता हुन आएको । | सुरक्षाकर्मी | सोमराज सार्की समेत १२ जनालाई मिति २०५९।३।१६ गते सैनिकहरूले गोली प्रहार गरी मारेको तथा सो घटनामा ज्यान जोगाई भाग्न सफल प्रत्यक्षदर्शी हाल भारत गएको हुँदा निजलाई बुझ्न भरमज्दुर प्रयास गर्ने र निज फेला परेका वखत निजको कागज गरी घटनाको प्रत्यक्ष विवरण लिने र हाललाई मृतक पीडितका परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग -उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम ३० बमोजिम आन्तरिम राहत स्वरूप जनही रू.५०,०००।-(पचास हजार) का दरले क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०३।०६ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सिफारिस गरी पठाउने निर्णय । | | | |
| १४. | तुलसीराम पंज्ञानी र राजन सुवेदी | चापाकोट गा.वि.स. वडा नं. १ स्याङ्गजा | स्याङ्गजा जिल्ला चापाकोट गा.वि.स. वडा नं. १ वस्ने वर्ष ३२ को तुलसीराम पंज्ञानीलाई निजकै घरबाट मिति २०५८।१०।२२ गते शाही नेपाली सेनाले पक्राउ गरी लगेकोमा १५ दिनसम्म आफ्नो कब्जामा राखी ०५८।११।६ गतेका दिन सोही जिल्ला स्थित बालमन्दिरमा गोली हानी **हत्या** गरेकोले उक्त घटनाको आवश्यक छानबिन गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०५९।५।१२ मा र सोही जिल्ला स्थित सोही ठाउँ वस्ने २५ वर्षीय राजन सुेवदीलाई मिति २०५८।१०।२३ गते विहान ६.०० बजेतिर सुरक्षाफौजले निजकै घरबाट पक्राउ गरी लगेकोमा २ दिन दामाचौर, रत्नपुर ८ को विद्यालयमा राखी २४ गते पुनः चापाकोट गा.वि.स. मा पक्राई ल्याएको र हेल्थपोष्टमा ३० गतेसम्म बन्दी वनाई राखेका त्यसपछि ३० गतेका दिन स्याङ्गजा सदरमुकाम तर्फ लगेकोमा मिति २०५८।११।५ गते दिउँसो २.०० बजेतिर सुरक्षाफौजले फोन गरी राजनका परिवारलाई राजन सुवेदी लिन आउनु भनी बोलाएकोमा ससुरा लिन गएकोमा सुरक्षाफौजले लाश जिम्मा लगाई पठाइएकोले उक्त घटनाको आवश्यक छानबिन गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६१।९।२० गतेको आयोगमा प्राप्त निवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,५०,०००।-(एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०३।०६ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |
| १५. | खेहरू राय | सर्लाही हरिपूर्वा गा.वि.स. वडा नं. ८ । | जिल्ला सर्लाही गा.वि.स. हरिपूर्वा वडा नं. ८ निवासी खेहरू रायलाई मिति २०६०।७।९ गते आफ्नै घरबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी सोही गा.वि.स. को वडा नं. ४ मा लगी गोली हानी **हत्या** गरेकोले आवश्यक छानबिन गरी दोषी उपर कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारलाई रू. १,५०,०००।-(एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०३।०६ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | उपलब्ध गराई पाउँ भनी मिति २०६०।०९।२९ गतेको निवेदन । | | | | | |
| १६. | किसान नौरता चलाउने, नेत्र कडायत, भिमवहादुर परियार, रनसिंह विश्वकर्मा, नरवहादुर नेपाली र प्रभुनाथ रिमाल | अछाम | अछाम जिल्ला विनायक गा.वि.स. ५ स्थित विद्या मन्दिर उच्च माविमा मिति २०६०।१२।३० गते अछाम जिल्ला जन परिषद्नको आयोजनामा सांस्कृतिक प्रर्दशनी हेर्न भेला भएका जनताहरू माथि शाही नेपाली सेनाको हेलिकप्टरबाट अन्धाधुन्ध गोली प्रहार गरी सर्वसधारणको **मृत्यु** तथा **घाइते** भएको भन्ने घटनाको आयोगबाट आफ्नै स्वविवेकमा कारवाही अगाडि वढाइएको । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,५०,०००।-(एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०३।०६ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |
| १७. | टंक पौडेल तथा इन्द्र बहादुर पाँचकोटी | मोरङ्ग डंग्राहा | मिति २०६१।१।२४ गते मोरङ जिल्ला डंग्राहा गा.वि.स. वडा नं. ८ निवासी टंक पौडेल तथा बनिगामा गा.वि.स. वडा नं. १ निवासी इन्द्र बहादुर पाँचकोटीलाई सादा पोशाकमा आएका सुरक्षाफौजले डंग्राहा गा.वि.स. को वडा नं. ५ बाट पक्राउ गरी ऐ. गा.वि.स. को वडा नं. ६ स्थित सर्वहितैसी प्रा.वि. परिसरमा लगी केरकार गरी यातना दिई गोली हानी **हत्या** गरेको हुँदा उक्त घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षेतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६१।२।१९ गते आयोगमा निवेदन दर्ता । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,५०,०००।-(एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०३।२ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |
| १८. | राजविक्रम भूर्तेल तथा निजकी श्रीमती सीता भुर्तेल | पोखरा उपमहानगरपालिका - ५ पर्स्याङ कास्की | मिति २०६१।१।३१ गते राती कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ५ पर्स्याङ बस्ने राजविक्रम भुर्तेल तथा निजकी श्रीमती सीता भुर्तेल र छिमेकी शर्मिला परियार समेत ३ जनालाई सुरक्षाकर्मीले पक्राउ गरी भुर्तेल दम्पतीको **हत्या** गरेको र मृत्युपछि आफन्तहरूलाई लाश समेत नदिएको तथा शर्मिला परियारलाई बेपत्ता पारेको भन्ने जानकारी मिति २०६१।२।४ मा प्राप्त । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारलाई रू. १,००,०००।-(एक लाख ) क्षतिपूर्ति उपलब्ध गराउन तथा बेपत्ता पारिएकी शर्मिला परियारलाई सार्वजनिक गर्न श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०३।३ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |
| १९. | राजन पुडासैनी, यदुप्रसाद मुडवरी तथा मणिराज | नुवाकोट कुमरी गा.वि.स. वडा नं. ७ | जिल्ला नुवाकोट कुमरी गा.वि.स. वडा नं. ७ वस्ने वर्ष २४ का राजन पुडासैनी, ऐ. वार्ड नं. १ वस्ने वर्ष २८ का यदुप्रसाद मुडवरी तथा ऐ.ऐ. वस्ने वर्ष ३६ का मणिराज | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,५०,०००।-(एक लाख पचास हजार) | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०३।२ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मुडवरी समेत ३ जना | | मुडवरी समेत ३ जनाको मिति २०६०।१०।७ गतेका दिन विहान ११ बजेको समयमा शाही नेपाली सेनाका जवानहरूद्वारा गोली हानी **मारिएको** भन्ने घटनामा नेपाल वार एशोसियसन मानव अधिकार परियोजनाले मिति २०६०।१०।११ का दिन घटनास्थलमा गै आवश्यक तथ्यहरू संकलन गरी प्रारम्भिक रूपमा अनुसन्धान गरी प्रस्तुत घटनाका सम्बन्धमा फरेन्सीक विज्ञसमेतबाट छानबिन गर्नु आवश्यक देखिएको भनी मिति २०६०।१०।१२ गते आयोगमा निवेदन दर्ता । | | क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | | | |
| २०. | राजगीर यादव, रामनाथ यादव, विल्टु यादव, शत्रुघन यादव, विरेनजी यादव र रामपुकार यादव | धनुषा चोराकोलपुर ६ | मिति २०६१ असोज १५ गते राती घरमा सुतिरहेको अवस्थामा धनुषा जिल्ला चोराकोलपुर ६ का ३३ वर्षिय राजगीर यादव, बालावखर मतौनाटोलका ४० वर्षिय रामनाथ यादव, ४० वर्षिय बिल्टु यादव, सोही गाविसका २८ वर्षीय शत्रुघन यादव, विरेनजी यादव र ४५ वर्षिय रामपुकार यादव समेतलाई सुरक्षकर्मीले पक्राउ गरी गोटकेओलपुर गाविस ९ केउटानी टोलमा लगी गोली हानी **हत्या** गरेको घटनाको विषयमा निष्पक्ष छानबिन गरी दोषी माथि कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६१।०६।२१ मा आयोगमा निवेदन प्राप्त । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,५०,०००।-(एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०२।२५ गते निर्णय कार्यान्वयनको लागि पठाइएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कानुन तथा मानव अधिकार शाखाको मिति २०५२।२।३१ को बोधार्थ पत्र प्राप्त अन्य प्रतिक्रिया नपठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |
| २१. | बलवहादुर सार्की र ज्ञानवहादुर सार्की | सिन्धुली तिनकन्या वडा नं. ७ | जिल्ला सिन्धुली गा.वि.स. तिनकन्या वडा नं. ७ निवासी बलवहादुर सार्की र ऐ. ऐ. वस्ने ज्ञानवहादुर सार्कीलाई निजहरूकै घरबाट सिन्धुलीबाट गएका सुरक्षाकर्मीको संयुक्त टोलीले मिति २०६०।११।१ गते पक्राउ गरी सोही गाविसको वडा नं. ६ स्थित सरस्वती दोबाटोमा लगी गोली हानी **हत्या** गरेकोले घटनाको छानबिन गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६०।११।१८ गते निवेदन | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,५०,०००।-(एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०२।२५ गते निर्णय कार्यान्वयनको लागि पठाइएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कानुन तथा मानव अधिकार शाखाको मिति २०५२।२।३१ को बोधार्थ पत्र प्राप्त अन्य प्रतिक्रिया नपठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्राप्त । | | | | | |
| २२. | धनवहादुर तामाङ्ग, नगेन्द्र पराजुली तथा टोमनाथ पौडेल | हसन्दह गा.वि.स. ८ मोरङ्ग | जिल्ला मोरङ्ग हसन्दह गा.वि.स. वडा नं. ८ निवासी धनबहादुर तामाङ्ग, ऐ. गा.वि.स. वडा नं. ७ निवासी नगेन्द्र पराजुली तथा टोमनाथ पौडेललाई सादा पोशाकमा आएका सुरक्षाफौजले हसन्दह गा.वि.स. को वडा नं. ८ बाट मिति २०६१।६।११ गते बेलुका पक्राउ गरी सोही वडास्थित रामजानकी प्रा.वि. परिसरमा लगी रातभरिको केरकार र यातना पश्चात् भोलिपल्ट विहान ४:४५ बजे गोली हानी **हत्या** गरेको हुँदा उक्त घटनाको निष्पक्ष छानबिन हुनका लागि मिति २०६१।६।१५ गतेको आयोगमा प्राप्त निवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,५०,०००।-(एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०३।०२ गते निर्णय कार्यान्वयनको लागि पठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |
| २३. | आशाराम चौधरी समेत ११ जना | त्रिभुवन नगरपालिका वडा नं. ३ वर्गदीका | दाङ्ग जिल्ला त्रिभुवन नगरपालिका वडा नं. ३ वर्गदीका भन्ने ठाउँमा धान उठाउने कार्य गरिरहेका किसानहरू आशाराम चौधरी, कृष्ण चौधरी, जोगी चौधरी, पशुराम चौधरी, जगमान चौधरी, रामु चौधरी, साँम्रा चौधरी, रिष चौधरी, खुसीलाल चौधरी र रूपा चौधरी समेत ११ जनालाई मिति २०५८।८।१३ गते सेनाको गस्ती पुगी **हत्या** गरेको भन्ने घटनाको सम्बन्धमा आयोगबाट आफ्नै स्वविवेकमा कारवाही अगाडि वढाइएको । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई जनही . १,५०,०००।-(एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।२।३ | श्री ५ को सरकारमा मिति २०६२।०२।२४ गते निर्णय कार्यान्वयनको लागि पठाइएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कानुन तथा मानव अधिकार शाखाको मिति २०५२।२।३१ को बोधार्थ पत्र प्राप्त अन्य प्रतिक्रिया नपठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |
| २४. | नारायण कनौजे, दल वहादुर दर्लामी, टेक वहादुर गाहा | पाल्पा | मिति २०६१ साल चैत्र १२ गतेको फागु चाड मनाउनका लागि राजमार्गमा चन्दा उठाइरहेका भनिएका जिल्ला पाल्पा, खानीछाप गा.वि.स. निवासी १७ वर्षिय नारायण कनौजीमगर, १५ वर्षिय टेकवहादुर गाहामगर र दलबहादुर दलार्मालाई सादा पोशाकका सुरक्षाकर्मीले चलाएको गोली लागि **मृत्यु** भएको भन्ने घटनाको सम्बन्धमा मिति २०६१ चैत्र १३ गतेको कान्तिपुर दैनिकमा प्रकाशित समाचार प्रति आयोगको ध्यानाकर्षण भई आयोगको आफ्नै सक्रियतामा कारवाही अगाडि वढाइएको । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।१।२८ | आयोगको च.नं. २२९५ मिति २०६२।१।२८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको ।<br><br>आयोगको च.नं. २८४७ संरक्षण २५८३ मिति २०६२।०३।०१ मा जिल्ला प्रशासन कार्यालय, पाल्पामा पत्र पठाइएको ।<br><br>आयोगको च.नं. २८४७ मिति २०६१।३।२१ गते गृह मन्त्रालयमा जिल्ला प्रशासन कार्यालय सुरक्षा समितिको बैठक | जिल्ला प्रशासन कार्यालय, पाल्पाको मिति २०६२।३।६ को पत्रानुसार मृतकका परिवारलाई प्रति परिवार रु. १,००,००० का दरले क्षतिपूर्ति निकासा हुने वितिकै उपलब्ध गराउने भनि पत्र प्राप्त । रकम निकासा भए नभएको बारेमा गृह मन्त्रालयबाट हालसम्म जानकारी प्राप्त नभएको ।<br><br>दोषीलाई कारवाही गर्ने विषयमा नबोलिएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बमोजिमको रकम निकासा भए नभएको बारेमा जानकारी उपलव्ध गराउन पत्र पठाइएको ।<br><br>मिति २०६२।३।२१ मा आयोगको निर्णय सम्बन्धमा पीडितका परिवारहरूलाई जानकारी गराइएको । | |
| २५. | प्रहरी पदमप्रसाद दाहाल | ओखलढुंगा वरुणेश्वर गा.वि.स. ४ घर भई हाल सशस्त्र प्रहरी गण नं. ३ भिमफेदीमा कार्यरत प्रहरी जवान । | ओखलढुंगा वरुणेश्वर गा.वि.स. ४ घर भई हाल सशस्त्र प्रहरी गण नं. ३ भिमफेदीमा कार्यरत प्रहरी जवान पदमप्रसाद दाहाल मिति २०६०।६।४ देखि ४ दिनको क्या.वि. लिई काठमाडौं आई साथीभाईहरूलाई समेत भेटघाट गरी मिति २०५९।६।९ मा भिमफेदी फर्कन भनी हिंडेकोमा सो मितिदेखि कुनै सम्पर्क जानकारीमा नरहेको हुनाले देशको विषम परिस्थीतिमा अपहरण समेत हुन गै कुनै दुर्घटना समेत हुन सक्ने भनि आयोगमा निवेदन दर्ता । आयोगको अनुसन्धान पश्चात् निजको माओवादीद्वारा **मृत्यु** भैसकेको भन्ने खुल्न आएको । | माओवादी | पीडित परिवारका सदस्यले कानुन बमोजिम पाउनुपर्ने सुविधा र क्षतिपूर्ति समेत उपलव्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।११।११ | श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०६१।१२।०३ गते निर्णय कार्यान्वयनको लागि पठाइएकोमा गृह मन्त्रालय योजना तथा अनुगमन शाखाको मिति २०६१।१२।१९ गतेको पत्रानुसार निज प्रहरी जवान पदम प्रसाद दाहालको हकमा प्रहरी प्रधान कार्यालयबाट प्रमाणहरू प्राप्त भैनसकेको भन्ने जानकारी बाहेक हालसम्म अन्य प्रतिक्रिया नपठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |
| २६. | दिनेश कोहार, दिपेन्द्र चौधरी, भरत यादव, चन्द्रमान वरेठा भन्ने वडघड धोवी, हृदयेश यादव (विद्यार्थी कक्षा ७ मा अध्ययनरत) कमलेश यादव, अभिमन्यु चौधरी, विजय चौधरी, राजेन्द्र चौहान( | सोमनी गा.वि.स. वडा नं. ७ वर्गदवा, नवलपरासी | मिति २०६२।०१।०२ गते राती १०.०० बजे नवलपरासी जिल्लाको सोमनी गा.वि.स. वडा नं. ७ वर्गदवामा ने.क.पा. माओवादीले गरिएको **हत्याको** सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार आयोग ऐन २०५३ को दफा ९(२) (क) बमोजिम आयोगको आफ्नै स्वविवेकमा मिति २०६२।१।५ देखी १० गतेसम्म स्थलगत अनुसन्धान गरिएको । | माओवादी | घटनामा घाइते भएका विरामीहरूको औषधोपचार लगायतमा लागेको सम्पूर्ण खर्च राज्यको तर्फबाट व्यवस्था गर्न । घर जलेकाहरूको परिवार र घर भत्काइएकाहरूको परिवारलाई यथाचित क्षतिपूर्तिको व्यवस्था गर्न । उक्त घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही गर्न । घटना पछि विस्थापित भएकालाई पुर्नस्थपित गर्न तत्कालै आवश्यक पहल गर्न । गाउँमा प्रतिकार समितिद्वारा मारिएका व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गर्न तथा दोषी उपर कारवाही गर्न तथा प्रतिकार समतिका नाममा जवरजस्ती पहरा गर्न लगाउने, बन्दुक भिर्न लगाउने कार्यलाई निरुत्साहित गरी गाउँमा शान्ति सुरक्षाको व्यवस्था | २०६२।१।२८ | श्री ५ को सरकार समक्ष मिति २०६२।१।२८ गते निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको । | हालसम्म कुनै पनि प्रतिक्रिया प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दिदीको घरमा पाहुना आएका) र दिनेश चौधरी ( अस्पताल लैजाँदा लैजाँदै मृत्यु भएको) | | | | मिलाउन तथा माओवादीबाट मारिएका व्यक्तिको परिवारलाई आर्थिक सहयोग स्वरूप जनही रु. १,५०,०००।- (एकलाख पचास हजार) उपलब्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | | | |
| २७. | सुरेन्द्र वस्नेत, शंकर भण्डारी र श्रीराम चौहान | पीपलडाँडा गा.वि.स. वडा नं. ३ सिन्धुपाल्चोक । | मिति २०६२।१।१४ गते सिन्धुपाल्चोक जिल्लाको पिपलडाँडा गा.वि.स.मा ने.क.पा. माओवादीद्वारा स्थानीय बासिन्दाको विरुद्धमा गरिएको **हत्या** तथा **आगजनीका** घटनाहरूको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार आयोग ऐन २०५३ को दफा ९(२) (क) बमोजिम आयोगको आफ्नै स्वविवेकमा मिति २०६२।१।५ देखि १० गतेसम्म स्थलगत अनुसन्धान गरिएको । | माओवादी | उक्त घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही गर्न । घटनामा घाइते भएका विरामीहरूको औषधोपचार लगायतमा लागेको सम्पूर्ण खर्च राज्यको तर्फबाट व्यवस्था गर्न । घर जलेकाहरूको परिवार र घर भत्काइएकाहरूको परिवारलाई यथाचित क्षतिपूर्तिको व्यवस्था गर्न । घटना पछि विस्थापित भएकालाई पुर्नस्थपित गर्न तत्कालै आवश्यक पहल गर्न तथा माओवादीबाट मारिएका व्यक्तिको परिवारलाई आर्थिक सहयोग स्वरूप जनही रु. १,५०,०००।- (एकलाख पचास हजार) उपलब्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६२।१।२८ | श्री ५ को सरकार समक्ष मिति २०६२।१।२८ गते निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको | हालसम्म कुनै पनि प्रतिक्रिया प्राप्त नभएको । |
| २८. | शिक्षक रामेश्वर राय यादव | बारा देवापुर | मिति २०६०।११।१० का दिन जिल्ला बारा देवापुर गा.वि.स. वस्ने अन्दाजी वर्ष ४६ का शिक्षक रामेश्वर राय यादवको अमानवीय तवरबाट **हत्या** गरिएको सम्बन्धमा आवश्यक छानबिन गरी पाउँ भनी मिति २०६०।११।१२ मा आयोगमा निवेदन प्राप्त । | माओवादी | दोषी उपर कानुन बमोजिम कारवाही तथा पीडित परिवारहरूलाई रू. १,००,०००।- (एक लाख) क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने निर्णय । | २०६१।११।११ | श्री ५ को सरकार समक्ष मिति २०६१।१२।०३ गते निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको । | गृह मन्त्रालय योजना तथा अनुगमन शाखा को मिति २०६१।११।१२ र २०६१।१२।१९ का पत्रानुसार निज शिक्षक रामेश्वर राय यादवको मिति २०६१।१।९ मा आ.स. पाउने निर्णय भन्ने जानकारी प्राप्त । |
| २९. | अधिवक्ता जितमान वस्नेत | सोलुखुम्बु | **बेपत्ता तथा यातना** | सुरक्षाकर्मी | सैनिक हिराशतमा यातना दिएको देखिदा रु ५०,००० क्षतिपूर्ति उपलब्ध गराउने | २०६१।१०।०६ | आयोगको च.नं. १४५५ मिति २०६१।१०।१५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |
| ३०. | कृष्ण के.सी. | न.पा. ३, बाग्लुङ्ग | **बेपत्ता** | सुरक्षाकर्मी | भैरवनाथ गण महाराजगञ्जमा गैरकानुनी थुनामा राखिएको देखिदा कानुनी प्रक्रियामा अविलम्ब | २०६१।१०।०६ | आयोगको च.नं. १४५३ मिति २०६१।१०।१५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | लैजान श्री ५ को सरकारलाई सिफारिस गर्ने<br><br>मिति २०६१।१०।१५ मा सुरक्षाकर्मीद्वारा पक्राउ गरी शाही नेपाली सेनाअन्तर्गतको व्यारेकमा थुनामा राखेको देखिएको हुँदा निजलाई कानुन बमोजिम कारवाही गर्न र निजलाई अविलम्ब कानुनी प्रक्रियामा लैजान सिफरिस गरिएको । | | कार्यालयमा पठाइएको । | |
| ३१. | महेशप्रसाद पन्त, किरण सिंह क्षेत्री, नरवहादुर धामी | जनज्योति क्याम्पस, कंचनपुर | सुरक्षाकर्मीद्वारा गोली प्रहार **घाइते** (विरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचार भैरहेको) | सुरक्षाकर्मी | प्रति परिवार रु. ५०,००० का दरले क्षतिपूर्ति | २०६२।१।२८ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको । | कुनै जानकारी प्राप्त नभएको । |
| ३२. | ३८ जना | चितवन | मिति २०६२।२।२३ गते सोमवार विहान करीव ७:५० बजे ना. १. ख ३२४५ नं. स्थानीय राम क्षेत्रीको बस चितवन जिल्लाको माडी क्षेत्र अन्तर्गत अयोध्यापुरी गा.वि.स. को बगई बजारबाट गर्दी गा.वि.स. तर्फ आईरहेकोमा कल्याणपुर गा.वि.स.को वडा नं. १ र ४ को सिमानामा पर्ने बाँदरमुडे खोल्सामा पुग्दा **विष्फोट** भएको भन्ने घटनाको सम्बन्धमा आयोगबाट आफ्नै सक्रियतामा आवश्यक अनुसन्धान अगाडि वढाइएको । | माओावादी | सुरक्षाकर्मीहरूलाई सर्वसाधारण यात्रुहरूको जिउज्यानमा जोखिम हुने गरी सर्वसाधारणले प्रयोग गर्ने गरेका सार्वजनिक सवारी साधनहरूमा वर्दी वा विना बर्दीमा हतियार यात्रा गर्ने कार्य तत्काल रोक्न ।<br><br>सुरक्षाकर्मी र माओवादी बीच सशस्त्र भिडनत भईरहने वर्तमान अवस्था तथा जुनसुकै दोहोरो भिडन्त हुनसक्ने कुरालाई दृष्टिगत गरी सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक सवारी साधन, सर्वसाधारण भेला हुने सार्वजनिक ठाउँहरू जस्तै शैक्षिक संस्था, सामुदायिक भवन, स्वास्थ्य केन्द्र, धार्मिक स्थल, जात्रा तथा हाट बजार लागेका आदि ठाउँमा सर्वसाधारणको जिउज्यानमा जोखिम पर्ने गरी कुनै काम कुरा नगर्न नगराउन तथा मानव अधिकार र अन्तराष्ट्रिय मानवीय कानुनका प्रावधानहरूलाई व्यवहारमा पूर्ण रूपमा पालन गर्न गराउन सुरक्षा निकायका सवै तहमा अविलम्ब निर्देशन जारी गर्न ।<br><br>यस्तो प्रकारको घटना घट्न | २०६२।३।३ | आयोगको च.नं. २६२० मिति २०६२।३।३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सिफारिस सहितको अनुसन्धान प्रतिवेदन पठाइएको ।<br><br>आयोगको च.नं. २९८३ संरक्षण २० मिति २०६२।४।५ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुन ताकेता | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सक्छ भन्ने बस व्यवसायीद्वारा पूर्व जानकारी दिँदा पनि त्यसलाई गंभीरतापूर्वक नलिई आवश्यक सतर्कता समेत नअपनाउने स्थानीय प्रशासनिक अधिकारी र शाही नेपाली सेनालाई उक्त यात्रुवाहक बसमा चढ्न अनुमति प्रदान गर्ने जिम्मवार सैनिक अधिकारी माथि अन्तराष्ट्रिय मानवीय कानुन बमोजिम व्यक्तिगत जवाफदेहिता हुने भएकोले निजहरूलाई आवश्यक कारवाही गरी सोको विवरण आयोगलाई उपलब्ध गराई सहयोग गर्न ।<br><br>श्री ५ को सरकारलाई घटनामा परि मृत्यु हुने सर्वसाधारण नागरिक तथा सैनिकका परिवारहरूलाई तत्काल अधिकतम क्षतिपूर्ति उपलब्ध गराउन, घटनामा परि घाईते भएक व्यक्तिहरूको निशुल्क स्वास्थ्य उपचारको व्यवस्था राज्यबाट गर्न र क्षतिग्रस्त भएको सवारी साधनको क्षतिपूर्ति तत्काल उपलब्ध गराउन ।<br><br>बसहरूमा सधैजसो अत्यधिक यात्रुहरू चढी यात्रा गरिरहेको कुरामा स्थानिय प्रशासन विज्ञ हुँदहुँदै पनि त्यसलाई व्यवस्थित गरी यात्रुहरूको चाप अनुरूप यातयातका साधनको व्यवस्था गर्नुपर्ने विषयमा लापहरवाही गरेको देखिन आएको हुँदा यस्ता विषयहरूमा सजग रहन स्थानिय प्रशासनलाई आवश्यक निर्देशन हुन ।<br><br>आयोगको निरन्तर आग्रह ध्यानकर्षण समेतका बावजुद पनि सैनिक महत्व नभएका भौतिक संरचना ध्वस्त पार्ने र निर्दोष मानिसहरूलाई लक्षित गरी बम विष्फोटन गर्ने, व्यक्तिगत सम्पत्ती नष्ट गर्ने, हत्या गर्ने, अङ्गभङ्ग गर्ने | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | तथा घाइते पार्ने कार्यलाई जारी राखेको पाइएकोले त्यस्ता कार्यलाई तत्काल बन्दी गर्न नेकपा माओवादीलाई आव्हान ।<br><br>नेकपा माओवादीलाई सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक सवारी साधान, सर्वसाधारण भेला हुने सार्वजनिक ठाउँहरू जस्तै शैक्षिक संस्था, सामुदायिक भवन, स्वास्थ्य केन्द्र, धार्मिक स्थल, जात्रा तथा हाट बजार लागेका ठाउँ आदिमा सर्वसाधारणको जिउज्यान जोखिममा पार्ने गरी कुनै कारवाही नगर्न नगराउन तथा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरूलाई व्यवहारमा पूर्ण रूपमा पालन गर्न गराउन आफ्ना मातहतका सवै तहमा अविलम्व निर्देशन जारी गरी सो कुरालाई सार्वजनिक गर्न ।<br><br>नेकपा माओवादीलाई उक्त घटना घटाउनको लागि निर्णय गर्ने, योजना बनाउने तथा कार्यान्वयन गर्ने व्यक्तिहरूमा जेनेभा महासन्धि बमोजिम व्यक्तिगत जवाफदेहिता हुने भएकोले घटनाको अनुसन्धानको लागि उनीहरूको विवरण आयोगलाई उपलव्ध गराई सहयोग गर्न । | | | |
| ३३. | हेलुराम चौधरी, शरद चौधरी, बुद्धिराम चौधरी, इन्द्रलाल चौधरी, रामप्रसाद चौधरी, विनोद चौधरी, ढुण्डिराज चौधरी, पृथ्वीनारा | दाङ्ग, लक्ष्मीपुर | दाङ्ग जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ३ स्थित बेलुवा थारुगाउँमा मिति २०५९ साल १८ गते बुधवार ७:३० बजे पर्व मनाउँदै गरका स्थानीय युवकहरू १९ वर्षीय हेलुराम चौधरी, १६ वर्षिया शरद चौधरी, १५ वर्षिय बुद्धिराम चौधरी, २३ वर्षिय इन्द्रलाल चौधरी, १९ वर्षिय रामप्रसाद चौधरी, १९ वर्षिय विनोद चौधरी, १८ वर्षिय ढुण्डिराज चौधरी, १६ वर्षिय पृथ्वीनारायण चौधरी र २२ वर्षिय असुरी चौधरीको करीव | सुरक्षाकर्मी | जिम्मेवार सुरक्षाकर्मीलाई आवश्यक कारवाही तथा पीडितका परिवारहरूलाई जनही रु. १,५०,०००।- दरले क्षतिपूर्ति उपलव्ध गराउन श्री ५ को सरकार समक्ष लेखी पठाउने ठहर्छ भन्ने आयोगको निर्णय । | २०६२।२।३ | आयोगको च.नं. ५८६ संरक्षण ६४ मिति २०६२।०४।११ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोगको निर्णय कार्यान्वयनका लागि पठाइएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | यण चौधरी, असुरी चौधरी समेत ९ जना | | २०० को संख्यामा रहेका सुरक्षाफौज पुगी अन्धाधुन्ध गोली चलाउँदा घटनास्थलमा **मृत्यु** भएकोले उक्त घटनाको आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरी पाउँ भनी मानव अधिकार जागरण मंच मार्फत मानव अधिकार तथा शान्ति सामाजिक न्याय मंच तथा मानव अधिकार तथा शान्ति समाज केन्द्रीय कार्यसमिति, अनौपचारिक सेवा केन्द्र (इन्सेक) बाट मिति २०५९।८।३ मा आयोगमा उजुरी प्राप्त | | | | | |
| ३४. | ४६ जनाको मृत्यु हुन पुगेको, घरहरू जलाइएको, गाईवस्तु, खाद्यान्न जलाइनुका साथै लुटपाट भएको र धेरै संख्यामा मानिसहरू विस्थापित भएको पाइएको, हल्ला नगरमा ३१८ घरहरू जलाएर नष्ट पारिएको सो बाहेक विसनपुरमा ११८ घर जलाइएको, जालिम बधियामा १८ घर जलाइएको, खुरहुरियामा | कपिलवस्तु | कपिलबस्तु जिल्लाको निर्वाचन क्षेत्र नं. ४ गणेशपुर क्षेत्रमा मिति २०६१ फागुन ०५ गते देखि माओवादीको विरुद्ध प्रतिकार समुहबाट भएको घटनाको सम्बन्धमा आयोगबाट आफ्नै सक्रियतामा मिति २०६१ चैत्र ०६ देखि १२ गतेसम्म कपिलवस्तु जिल्लाको अनुगमन गरेको थियो । | प्रतिकार समुह | कपिलवस्तु जिल्लामा भएको घटनामा धेरै धन जनको क्षति भएको भन्ने देखिएको छ । प्रतिकार समिति वा अरु यस्तै नामबाट सँगठित हुने जनसमुदायको कृयाकलाप हिंसात्मक र ध्वंसात्मक हुन सक्ने र यसले सर्वसाधारणलाई नराम्ररी प्रभावित गर्ने मात्र नभै अन्य अनेक असामाजिक तत्वको घुसपैठको कारणले गर्दा अपराधिक कृयाकलाप पनि बढी आपसी द्वेश र प्रतिहिंसालाई पनि वढावा दिई साम्प्रदायिक भावना समेत फैलन सक्ने तथ्य तर्फ वेलैमा सचेत हुनु जरुरी देखिएको छ । यस्ता कृयाकलापलाई समयमा नै रोक्न नसकेको र सुरक्षा फौज कै सामु पनि हत्याका घटना भएको भन्ने देखिएबाट त्यस्ता कृयाकलापलाई उत्साहित गर्ने खालका कुनै पनि कार्य तर्फ समयमा नै सचेत हुन सम्बन्धित निकायललाई आवश्यक निर्देशन हुन ।<br><br>हल्ला नगरमा स्थानीय गैरसरकारी संस्था तथा शाही नेपाली सैनिक श्रीमती संघद्वारा केही राहतको वितरण भएको तर विसनपुरमा ११८ घर जलाइएको, जालिम | २०६१/१२/१६ | आयोगबाट मिति २०६१/१२/१८ मा श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पत्राचार गरिएको । | हालसम्म कुनै जानकारी प्राप्त नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०/२२ घर जलाइएको । | | | | बघियामा १८ घर जलाइएको, खुरहुरियामा २०/२२ घर जलाइएको, मानिसहरू खालिचौरमा वस्न बाध्य भएकोले अत्यधिक प्रभावित रहेको पाइएको तर कुनै किसिमको राहत पुग्न नसकेको हुँदा विना कुनै भेदभाव यथाशीघ्र जिल्लाका प्रभावित सवै ठाउँमा राहतको व्यवस्था हुन ।<br><br>द्वन्द्वको डरले कपिलबस्तु जिल्लाका हजारौं मानिसहरू भारतमा विस्थापित भएकोमा हाल कञ्जहवा, लवनी र गणेशपुरमा सुरक्षा क्याम्प राखिएको कारणबाट विस्थापित भएका मध्ये अधिकांश मानिसहरू आ-आफ्नो घरमा फर्किएको भन्ने वुझिएको र उक्त क्याम्पहरू स्थायीरूपमा रहिरहनुपर्ने सर्वसाधारणको अपेक्षा रहेको पाइयो हाल सो ठाउँमा शान्तिको वातावरण भएकोले त्यसलाई निरन्तरता दिई त्यहाँका जनतालाई सुरक्षाको प्रत्याभूति दिन<br><br>कपिलवस्तु जिल्लामा मिति २०६१/११/०६ देखि भएका हत्या तथा आगजनीका घटनाहरूको विषयमा अविलम्ब एक छानबिन समिति गठन गरी यस सिलसिलामा भएको सर्वसाधारण जनताको धन जनको क्षती समेतको यकिन गर्ने र आपराधिक घटनामा संलग्न भएकाहरूलाई कानुनबमोजिम कारवाही र पीडितहरूलाई आवश्यक राहतको व्यवस्था अविलम्ब हुनसमेत अनुरोध । | | | |

### २.५.१३.२ आयोगको कार्यान्वयनको अवस्था :

यस प्रतिवेदन अवधिमा विभिन्न मितिमा आयोगमा दर्ता हुन आएका वा आयोगको आफ्नै सक्रियतामा छानबीन तथा अनुसन्धान गरिएका ३३ थान उजुरीहरूको अन्तिम निर्णय गरी निर्णय कार्यान्वयनका लागि श्री ५ को सरकारमा सिफारिस गरी पठाइसकिएको छ ।

आयोगको सिफारिस सहितको निर्णय उपर ३ महिना भित्र सरकारले कार्यान्वयन गरी जवाफ पठाउनु पर्ने, कार्यान्वयन गर्न नसक्ने भए सो कारण खोली पठाउनु पर्ने भन्ने मानव अधिकार आयोग ऐन, २०५३ मा स्पष्ट व्यवस्था भएतापनि अधिकांश आयोगका सिफारिस कार्यान्वयनका बारेमा कुनै पनि जवाफ नपठाइने गरेको पाइन्छ ।

उजुरवाला स्वयं आयोगमा उपस्थित नभई टेलिफोन, फ्याक्स, चिठीद्वारा पनि उजुरी दर्ता गराउने सक्ने हुँदा तत्काल पीडितसँग सम्पर्क स्थापित हुन नसक्ने, हुलाक मार्फत चिठी पठाउँदा ठेगाना नमिलेको, सम्बन्धित व्यक्ति फेला नपरेको भनी फिर्ता आउने गरेको, यसरी पर्याप्त नाम, थर वतन नखुलाई प्राप्त हुने उजुरीले अदालतमा जस्तो तारेखमामा उजुरवाला वस्नु पर्ने वाध्यता नहुँदा बारम्वार सम्पर्क गर्न खोज्दा पनि सम्पर्क स्थापिन हुन नसकेको अवस्था छ भने कतिपय उजुरीकर्तालाई सम्पर्क गरी आयोगमा बोलाउँदा समेत नआउने गरेकाले समेत आयोगको उजुरी उपरको छानबिन तथा अनुसन्धान र फछ्र्योटमा ढिलासुस्ती भैरहेकोछ भने अर्को तर्फ आयोगबाट सम्बन्धीत निकायमा पत्राचार गरी जानकारी माग गर्दा पटक- पटक ताकेता गर्दा समेत समयमा जानकारी उपलव्ध नगराउने र आयोगबाट स्थलगत रूपमा अनुसन्धान गरी प्राप्त प्रतिवेदन प्रतिक्रियाको लागि सम्बन्धित निकायहरूमा पठाउँदा प्रतिक्रिया समेत नपठाउने गरेकाले पनि आयोगको निर्णय प्रक्रियामा ढिलाासुस्ती भई रहेको छ । यसैगरी आयोगको मानवश्रोत र साधनको कमिले गर्दा पनि कतिपय उजुरीको छानविनमा ठिलासुस्ती निर्णय पक्रियामा समेत प्रभाव पारेको छ ।

## २.५.१४ मानव अधिकार संरक्षणका निमित्त सम्बन्धित पक्षहरूलाई ध्यानाकर्षण

आयोगले मानव अधिकारसँग सम्बन्धित विभिन्न सवालहरूलाई जनता समक्ष छिटो भन्दा जानकारी गराउने, सम्बन्धित निकायको ध्यानाकर्षण तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न प्रेस विज्ञप्ति मार्फत ध्यानाकर्षण गराउँदै आएको छ । यस प्रतिवदेन अवधिमा आयोगले गरेका मुख्य मुख्य ध्यानाकर्षण वुदाँगतरूपमा देहाय बमोजिम संक्षिप्त चर्चा गरिएको छ ।

### २.५.१४.१ इराकमा १२ निर्दोष  नेपाली मारिएको सम्बन्धमा

अज्ञानतावस इराकमा पुगेका १२ निर्दोष नेपाली यूवाहरूलाई बिना कुनै कारण अपहरण गरी आफ्नो निहित स्वार्थ पूर्तिका लागि अत्यन्तै पाशविक तरिकाबाट हत्या गरी आतंककारीहरूले जुन बर्बरता प्रर्दशन गरेका छन् त्यसले मानवीयता र मानवीय सभ्यता माथि नै घातक प्रहार गरेको हुंदा उनिहरूको कार्य अत्यन्त घृणित र निन्दनिय मात्र होइन यसले सम्पूर्ण मानव समुदायलाईनै लज्जित बनाएको घटना प्रति ध्यानाकर्षण गर्दै मृतकका परिवारजनमा समवेदना व्यक्त गरको थियो ।

### २.५.१४.२ संटकालमा मानव अधिकारको संरक्षण सम्बन्धमा

२०६२ माघ १९ गते देशमा संकटकाल लागू भएको सन्दर्भमा संयुक्त राष्ट्र संघको सदस्य र मानव अधिकार सम्बन्धी सबै प्रमुख सन्धि सम्झौताहरूको पक्षराष्ट्रको नाताले मानव अधिकारहरूको संरक्षण गर्नु नेपालको दायित्वभित्र पर्ने कुरा जनाउँदै जस्तोसुकै अवस्थामा पनि नेपाल अधिराज्यको संविधान २०४७ को मूल मर्मअनुसार संकटकालमा समेत बहुदलीय प्रजातन्त्र र मानव अधिकारको संरक्षणको दायित्व प्रति सचेत रहन सरकारलाई आग्रह गरेको थियो ।  संविधानप्रदत्त शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा संलग्न हुन पाउने हकको

उपभोग गर्न सक्ने अवस्था सिर्जना गर्न तथा मानव अधिकारकर्मीहरूको सुरक्षाप्रति सजग रहन समेत आयोगद्वारा सरकार समक्ष अनुरोध गरिएको थियो । देशलाई लामो समयसम्म सञ्चारविहीन अवस्थामा राख्दा जनताका न्यूनतम अधिकारहरूको उपभोगमा प्रतिकूल प्रभाव परिरहेको स्थितितर्फ ध्यानाकर्षण गराउँदै कुनै पनि निर्णय गर्दा मानव अधिकारका स्थापित मान्यताहरूको सम्मान गर्न समेत आयोगले श्री ५ को सरकारसमक्ष अनुरोध गरेको थियो । आयोगले संकटको अवधिमा मानव अधिकार संरक्षणका निमित्त गरेको महत्वपूर्ण ध्यानाकर्षणहरू देहाय बमोजिम संक्षिप्त चर्चा गरिएको छ ।

**(क) नेपाल बाहिर जान रोक लगाइएको सम्बन्धमा**

सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम कसैलाई स्थानहदको आदेश जारी गर्न आवश्यक देखिएमा सोही ऐनको दफा ४ (१) बमोजिम त्यस्तो आदेश जारी गर्नुपर्नाको कारण र आधार स्पष्ट खुलाई सम्बन्धित व्यक्तिलाई जानकारी दिनुपर्ने छ भन्ने कानुनी व्यवस्था भएकोमा सो व्यबस्थाको वर्खिलाप हुने गरी विद्वत् वर्गलाई नेपाल अधिराज्य बाहिर जान रोक लगाईएको विषय सम्मानित सर्वोच्च अदालतले विना सूचना कसैलाईपनि भ्रमणमा रोक नलगाउन सरकारलाई आदेश जारी गरिसकेको परिप्रेक्ष्य समेतमा सरकारको उक्त कार्यले व्यक्तिको न्यूनतम अधिकारहरूको उपभोगमा समेत प्रतिकूल प्रभाव परेको देखिँदा सो तर्फ सचेत तथा सजग रहन समेत आयोगले श्री ५ को सरकारलाई अनुरोध गरेको थियो ।

**(ख) आयोगका सदस्य तथा अन्य व्यक्तिहरूलाई उपत्यका वाहिर जान रोक लगाइएको सम्बन्धमा**

कपिलवस्तु जिल्लामा भएको मानव अधिकार उलंघन घटनाको छानबिनको लागि जान भनी आयोगका सदस्य श्री डा. गौरीशंकर लाल दासको नेतृत्वमा सदस्य सुशील प्याकुरेल सहितको टोली त्रिभुवन विमानस्थल पुगेकोमा सदस्य सुशील प्याकुरेललाई काठमाडौं उपत्यकाभन्दा बाहिर जान आदेश छैन भनी रोकिएको हुँदा उक्त टोली फर्कि आएको थियो । यसभन्दा अघि पनि आयोगका सदस्य लगायत अध्यक्ष समेतको टोली आयोगको कामको सिलसिलामा विराटनगर जान लाग्दा आयोगका सदस्य कपिल श्रेष्ठलाई उपत्यका बाहिर जान अनुमती छैन भनी सुरक्षा अधिकारीले विमानस्थलबाट फर्काएका थिए । मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने दायित्व भएको आयोगका दुईजना सदस्यलाई आयोगको काममा जान लाग्दा विमानस्थलबाट फिर्ता गरिएकोले यसबाट आयोगको काम कारबाही सूचारु रूपले सञ्चालन गर्न बाधा परेको हुँदा कुनै पनि पदाधिकारीलाई आयोगको काम कारबाहीको सिलसिलामा स्वदेश तथा विदेश भ्रमणमा जान बाधा नपर्ने गरी काम सूचारु रूपले सञ्चालन गर्न दिनका निम्ति मन्त्रिपरिषद् कार्यालयमा पत्राचार गरिएको थियो । त्यस्तै गरी प्राध्यापक डा. लोकराज बराललाई अमेरिकाको हार्वार्ड विश्वविद्यालयको इन्टरनेशनल नेटवर्किङ्ग अन गभर्नेन्स एण्ड डेमोक्रेसी सम्मेलनमा जान रोक लगाएको एवम् एमाले महासचिव माधव कुमार नेपाल लगायत बन्दी वनाइएका नेताहरूसँग मानव अधिकारवादी संघसस्थाका प्रतिनिधिहरूलाई भेट्न नदिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भिर ध्यानाकर्षण भई सरकारको मानव अधिकार प्रवर्द्धन केन्द्रले विदेश भ्रमणका लागि कसैलाई रोक्ने नीति नभएको र मानव अधिकारवादी संघ संस्थालाई नजरबन्दी वा हिरासतमा रहेका व्यक्तिसँग भेटघाट गर्नबाट वञ्चित गरिने छैन भनी सार्वजनिक गरेको प्रेस विज्ञप्तिको पुनः स्मरण गराउदै व्यक्त प्रतिवद्धताको सम्मान तथा पालना गर्न आयोगले मिति २०६१।१२।२९ मा मानव अधिकारवादी संघसंस्थाहरूलाई स्थानहद गरिएको ठाउँमा निर्वाद निरीक्षण अनुगमन गर्न आवश्यक व्यवस्था हुन समेत भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग पत्राचार समेत गरेको थियो ।

**(ग ) संकटकालीन अवस्थामा बन्दी बनाइएकाहरूका स्वास्थ्य उपचारको सम्बन्धमा**

१ नं. प्रहरी गणमा राखिएका मानव अधिकारवादी कृष्ण पहाडीको स्वास्थ्य स्थितिको विषयमा आयोगले मिति २०६२।१।३१, मिति २०६२।०२।१० गते आयोगका सदस्य कपिल श्रेष्ठ सहितको टोलीले गरेको अनुगमनमा निज बन्दीको स्वास्थ्य स्थिति नाजुक भएको पाइएको साथै निजको लाग्ने उपचार खर्च राज्यका तर्फबाट व्यहोरेको नपाइएकोले यथाशीघ्र उपचारको व्यवस्था मिलाई सम्पूर्ण खर्चको रकम राज्यबाटै व्यहोर्नका लागि सिफारिस

गरिन्छ भनी आयोगको मिति २०६२।२।१३ गते श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पत्राचार गरिएको थियो ।

**(घ) थुनामा रहेका बन्दीहरूको रिहा सम्बन्धमा**

श्री ५ को सरकार मातहतका निकायहरूबाट मिति २०६१।१०।१९ गतेपश्चात् पक्राउ परेका विभिन्न व्यक्तिहरूलाई क्रमश: थुनामुक्त गर्दै गएको कार्यलाई आयोगले सकारात्मक रूपमा लिदै कुनै विचारधारा प्रति आस्था राखेकै कारणले केही राजनैतिक व्यक्ति तथा मानव अधिकारकर्मीहरू समेत अझै थुनामा नै रही रहेको भन्ने आयोग समक्ष उजुरी परिरहेको अवस्थामा त्यसरी थुनामा राख्ने कार्य मानव अधिकारको सिद्धान्त अनुकुल रहेको नदेखिएकोले थुनामा रहेका व्यक्तिहरूलाई यथासक्य चाँडो थुनामुक्त गरी प्रजातन्त्र, कानुनी शासन र मानव अधिकार प्रतिको श्री ५ को सरकारको प्रतिवद्धतालाई कार्य रूप दिन आयोगको निर्णय अनुसार मिति २०६२।०२।३० गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस पठाइएको थियो ।

**(ङ) पत्रकार गिरफ्तारी सम्बन्धमा**

मिति २०६२ साल जेष्ठ ३० गते शान्तिपूर्ण रूपमा विरोध प्रर्दशनीमा उत्रेका पत्रकारहरूलाई प्रहरीले पक्राउ गरेको भन्ने जानकारीका आधारमा आयोगका सदस्य सुदीप पाठकको नेतृत्वमा गएको आयोगको टोलीले जनसेवा प्रहरी कार्यालय विशालवजार, वडा प्रहरी कार्यालय सिंहदरवार र वडा प्रहरी कार्यालय कमलपोखरीको निरीक्षण गर्दा शान्तिपूर्ण प्रदर्शनीको क्रममा ४३ जना पत्रकारहरूलाई सादा पोशाकका सुरक्षाकर्मीहरूले गालीगलौज र दुर्व्यवहार गरी थुनुवापूर्जी समेत नदिई थुनामा राखेको कार्य कानुन सम्मत नभएको देखिएकोले कानुनी शासन, प्रजातन्त्र र मानव अधिकारका मूल्य र मान्यतालाई सम्मान गर्दै सरकारका काम कारबाहीलाई कानुन सम्मत ढंगले सञ्चालन गर्ने गराउने सम्बन्धमा मातहत निकायमा अविलम्ब आवश्यक निर्देशन हुन भनी आयोगको मिति २०६२।०२।३१ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्र पठाइएको थियो ।

**(च) मानव अधिकारकर्मी तथा पत्रकारहरूलाई धम्की दिएको सम्बन्धमा ध्यानाकर्षण**

राजधानी राष्ट्रिय दैनिक, रुकुमका संवाददाता शक्तिकुमार पुनलाई रुकुमको खलंगास्थित शाही नेपाली सेनाको बोहरा गाउँ सैनिक व्यारकबाट पक्राउ गरी यातना दिई थुनामा राखेको तथा दैलेख जिल्लाका गोरखापत्रका संवाददाता भुपेन्द्र शाही र इन्सेक प्रतिनिधि नमन कुमार शाहीलाई समाचार संकलन तथा मानव अधिकार उल्लंघनका घटनाबारेमा बुझ्न जाँदा प्रहरी जवानहरूले कुटपीट गरी घाइते बनाएको, नवलपरासी जिल्लामा नेपाल मानव अधिकार सँगठनका सभापति कैलाश ठाकुर लगायत धन शर्मा, नसरुल्लाह अन्सारीलाई सुरक्षाफौजद्वारा पक्राउ गरी यातना दिएको भन्ने आयोगमा प्राप्त उजुरी उपर आयोगले सो विषयमा छानबिन गरे पश्चात् मिति २०६१।०९।१९ गते प्रेश विज्ञप्ति मार्फत सम्बन्धित पक्षहरूलाई ध्यानाकर्षण गरिएको थियो ।

नेकपा माओवादीले सुर्खेतमा कार्यरत मानव अधिकारकर्मीको अपहरण र दैलेखका केही पत्रकारहरूलाई हात काट्ने धम्की एवम् हजारौ रूपैयाँ जरिवाना ताकेको भनी आयोगमा प्राप्त जानकारीबाट अन्तर्राष्ट्रिय मानव अधिकार एवम् मानवीय कानुनका सिद्धान्तको पालनाप्रति २०६० चैत्र ३ गते सार्वजनिक प्रतिवद्धता जनाइसके पनि नेकपा माओवादीहरूद्वारा गरिएका अपहरण, धम्कीपूर्ण व्यवहार तथा आर्थिक जरिवाना गर्ने जस्ता घटनाहरू प्रति खेद व्यक्त गर्दै मानवीय कानुनको सम्मान एवम् व्यवहार कार्यान्वयन गर्न र अपहरण गरिएका सवैलाई मानवोचित व्यवहार गरी तत्काल ससम्मान मुक्त गर्न आयोग ने.क.पा. माओवादीलाई आह्वान गर्दछ भन्ने आयोगको मिति २०६१।४।१९ को प्रेस विज्ञप्ति जारी गरी घटनाको अनुगमन समेत गरेको थियो ।

दैलेखमा कार्यरत मानव अधिकारकर्मी तथा पत्रकार डेकेन्द्रराज थापाको माओवादीहरूबाट भएको हत्या तथा अन्य कतिपय सञ्चारकर्मीहरूको हत्या गर्ने धम्की दिएको भन्ने खवरले मानिसको बाँच्न पाउने अधिकारको प्रयोगमा गम्भीर असर परेको हुँदा नेकपा माओवादीलाई अन्तर्राष्ट्रिय मानव अधिकारका स्थापित मान्यता र

अन्तर्राष्ट्रिय मानवीय कानुन जेनेभा महासन्धिको साझा धारा ३ मा उल्लेखित शर्तहरू विद्रोही समुहले पनि पालन गर्नुपर्ने पुनः संस्मरण गराउँदै व्यक्तिलाई नियन्त्रणमा लिइसकेपछि कुनै पनि निहुँमा गरिने हत्यालाई "युद्ध अपराध" को श्रेणीमा राखिन्छ र समुहको नेतृत्व यस्तो अपराधप्रति जिम्मेवार हुन्छ भन्ने कुरा बुझ्न तथा हतियारको बलमा सबै क्रियाकलापलाई न्यायोचित ठ्याउन सकिन्छ भन्ने सोचबाट मुक्त हुन माओवादी नेतृत्वलाई सचेत गराउन चाहन्छ" भन्ने आयोगबाट मिति २०६१।५।३ मा प्रेस विज्ञप्ति प्रकाशित भएको थियो ।

**(छ) आयोगलाई निर्वाध हिरासत तथा छानबिन, अनुसन्धान केन्द्रमा भ्रमणको व्यवस्था सुनिश्चित गर्ने सम्बन्धमा**

आयोगको टोलीले सुन्दरीजल स्थित थुनुवा केन्द्रको निरीक्षण गर्दा त्यहाँका थुनुवाहरूलाई "हामी राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी हौं" भनी आँखामा पट्टी बाँधी सुरक्षा निकायद्वारा सोधपुछ गर्ने गरिएको भन्ने जानकारीमा आएको विषय र आयोगबाट छानबिन तथा अनुसन्धान केन्द्र, सुन्दरीजलमा मिति २०६१।०९।१४ मा अनुसन्धानको काम गर्न अधिकृतहरूको टोली खटाएकोमा निर्वाध कार्य गर्नमा अवरोध गरिएको विषयमा आयोगको अधिकार क्षेत्रमा संकुचन ल्याएको र आयोगको दैनिक काम कारवाहीमा असर पर्न गएको हुँदा आयोगलाई थुनुवा वा बन्दी राखेको जुनसुकै ठाउँमा जुनसुकै समयमा निर्वाध भेट गर्न पाउने व्यवस्थालाई सुनिश्चित गर्न सो विषयमा सम्बन्धित निकायलाई अविलम्ब पत्राचार गरी सोको जानकारी आयोगलाई उपलव्ध गराउन समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ भन्ने आयोगको मिति २०६१।०९।२२ को प्रेश विज्ञप्ति प्रकाशित भएको थियो ।

**(च) सर्वसाधारणलाई स्वतन्त्र आवत जावत सम्बन्धमा**

श्री ५ को सकारबाट केही समय यता विना सूचना नागरिकको स्वतन्त्र आवत जावत गर्ने मौलिक हकको उल्लंघन गर्ने घटना हुँदै जानुलाई राष्ट्रिय मानव अधिकार आयोगले गम्भीर रूपमा लिएको छ । सम्मानीत सर्वोच्च अदालतले विना सूचना कसैलाई पनि भ्रमणमा रोक नलगाउन सरकारलाई आदेश दिइसकेपछि पनि यस्ता घटना दोहोरिदैं जानु मुलुकमा मानव अधिकारको सही अभ्यासका लागि चिन्ताको विषय हो । सुरक्षाकर्मीहरूबाट पोखरामा आयोजित संयुक्त राष्ट्रसंघिय मानव अधिकार समितिको अनुगमन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा भाग लिन जान लाग्नु भएका पूर्व सभामुख तथा मानव अधिकारकर्मी दमननाथ ढुङ्गनालाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा रोक लगाइनुले स्वतन्त्र आवत जावत गर्ने नागरिक अधिकार उल्लंघन भएको देखिन्छ । पूर्व सभामुख एवम् मानव अधिकारकर्मी ढुङ्गानाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले समेत गत चैत्र २५ गते विदेश वा स्वदेशमा आवत जावत गर्न तत्काल रोक नलगाउन सरकार र सम्बन्धित निकायलाई आदेश जारी गरिसकेको सन्दर्भमा यस किसिमको व्यवहार प्रर्दशन हुनुलाई आयोगले गम्भीर रूपमा लिएको छ । केही समय अघि परराष्ट्र मन्त्री रमेशनाथ पाण्डे तथा श्री ५ को सरकार मानव अधिकार प्रवर्द्धन केन्द्रबाट मानव अधिकारका क्षेत्रमा कार्यरत संघ, संस्थाका प्रतिनिधि र मानव अधिकारवादीलाई स्वतन्त्र आवत जावत गर्न तथा कुनै पनि थुनुवा केन्द्र निरीक्षण अनुगमन गर्न अवरोध नभएको भनी सार्वजनिक अभिव्यक्ति आइसकेको परिप्रेक्ष्यमा त्यसको विपरीत अभ्यास हुनुले सरकारको प्रतिवद्धता सही ढङ्गमा कार्यान्वयन हुन नसकेको देखिन्छ । तसर्थ, आगामी दिनमा विना सूचना नागरिकको स्वतन्त्र आवतजावत गर्ने अधिकारमा अवरोध सिर्जना नगर्न आयोग सरकारलाई आग्रह गर्दछ भन्ने आयोगबाट मिति २०६२।१।२ मा प्रेश विज्ञप्ति प्रकाशित भएको थियो ।

### २.५.१४.३ विस्थापितहरूमा माथि भएको प्रहरी हस्तक्षेपको सम्बन्धमा

विभिन्न जिल्लाबाट विस्थापित भई मिति २०६१/१२/२८ गते देखि काठमाडौँको खुल्लामञ्चमा शिविर खडा गरी बस्दै आईरहेका पिडित विस्थापितहरू माथि मिति २०६२।२।२२ गते साझ ७ बजे प्रहरी ले हस्तक्षेप गरी

भ्यानमा हाली पक्राउ गरी लगिएको विषयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारबाट प्राप्त जानकारीका आधारमा आयोगले गरेको अनुगमनबाट तथ्यहरूको विश्लेषणका आधारमा आयोगको निर्णय अनुसार आवश्यक कारवाही गर्नका लागि श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा निम्न बमोजिम सिफारीस गरिएको थियो ।

१. आफ्ना अत्यावश्यक मागहरू राख्दै संघर्ष गरिरहेका पीडितहरू, १८ महिने अबोध बालबालिका देखि ८२ बर्षीया अशक्त बृद्धबृद्धा समेतलाई पक्राउ गरी पुनः पीडित गर्ने कार्य भएको हुँदा निजहरूलाई तत्काल रिहा गर्न, गर्न लगाउन ।
२. सरकार समक्ष विभिन्न माग राख्दै प्रदर्शनमा उत्रिएका विस्थापितहरू माथि पटक पटक बल प्रयोग भईरहेको र निजहरूलाई पक्राउ गर्ने यातना दिने जस्ता कार्यहरूले संविधानले संरक्षण दिएको मौलिक अधिकार, श्री ५ को सरकार पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता समेतको उल्लघंन गर्ने कार्य भएको र यस्ता क्रियाकलापहरू तत्काल रोक्न, रोक्न लगाउन ।
३. पक्राउको क्रममा प्रहरी हस्तक्षेपका कारण चोटपटक लागि घाईते भएका विरामी, बालबच्चा तथा बृद्धबृद्धाहरूको स्वास्थ उपचार गर्न, गराउन र उपचारमा लागेको सम्पूर्ण खर्च राज्यकै तर्फबाट व्यवस्था गर्न, गराउन ।
४. विस्थापितहरूलाई अत्यावश्यक खाद्यान्न, लत्ताकपडा र निशुल्क स्वास्थ जाँच तथा उपचारका साथै उचित रोजगारीको व्यवस्था मिलाउने प्रमुख दायित्व राज्यको हुने र संयुक्त राष्ट्र संघको आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्त समेतको मर्यादा गर्नु कानुनी राज्यको कर्तव्य हुन आउने हुँदा सो बमोजिम गर्नका लागि आवश्यक पहल गर्न, गराउन ।
५. विस्थापित बालबालिकालाई सरकारी विद्यालयमा सहज र निशुल्क भर्ना लिनका लागि सम्बन्धीत निकायलाई आवश्यक व्यवस्था गराउनका लागि निर्देशन दिन ।
६. विस्थापितका लागि तत्काल आवश्यक राहत प्रदान गर्न, विस्थापितको गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ र पुनर्स्थापनाका लागि दीर्घकालीन रूपमा समेत स्पष्ट नीति नियम बनाई समस्या समाधान तर्फ यथाशीघ्र पहल गर्न, गराउन ।

**२.५.१४.४ आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण र सजाय) अध्यादेशका प्रावधान सम्वन्धमा**

श्री ५ को सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित व्यवस्था गरिएका विभिन्न दफाहरूले मानव अधिकारको उपभोगलाई संकुचन गरेको, विशेष गरी १ वर्ष सम्म सुरक्षा अधिकारीको आदेशबाट नजरबन्दमा राख्न पाउने व्यवस्थाले नेपाल अधिराज्यको संविधान र अन्तर्राष्ट्रिय मान्यताप्राप्त मानव अधिकार सिद्धान्तलाई वेवास्ता गरेको ठहर गर्दै यसतर्फ आयोगको ध्यानाकर्षण भएकोले सो सम्बन्धमा श्री ५ को सरकारलाई पत्र लेखी पठाउने मिति २०६१।७।११ निर्णय भयो ।

- आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण र सजाँय) अध्यादेश २०६१ बमोजिम सैनिक व्यारेकमा राखिएका बन्दीहरूलाई हातमा हतकडी र टाउकोमा मुकुण्डो लगाउने गरेको कार्य तत्काल बन्द गर्न ।
- व्यारेकमा राखिएका तर आत्मसमर्पण गरी बसेका व्यक्तिहरूको हकमा लामो समयसम्म सानो बन्द कोठामा राखिरहँदा उनिहरूलाई मानसिक त्रास र शारीरिक असर परेकोले बन्दीका परिवारले निजहरूलाई भेट्न नपाएकोले बन्दीहरूमा स्वास्थ्य समस्या देखिएको । द फेमस महेन्द्र दल गण गोरखामा राखिएका कृष्ण केसी, हिमाल शर्मा, विना मगर र महावीर गण (रेञ्जर) छाउनीमा राखिएका मातृका यादव, सुरेश आलेमगरको स्वास्थ्यस्थिति कमजोर रहेको साथै निजहरूलाई, भेटघाट गर्ने तथा पत्रपत्रिका पढ्ने सुविधा नदिइएकोले त्यसको आवश्यक व्यवस्था मिलाउन ।
- ब्यारेकमा राखिएका सम्पूर्ण व्यक्तिहरूलाई कानुनी प्रक्रियामा लान ।

## २.५.१५ अनुगमन

मानव अधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त मानव अधिकार आयोग ऐन, २०५३ ले प्रदान गरको अधिकार बमोजिम आयोगले हालसम्म देशका अधिकाशं जिल्लाको समग्र मानव अधिकारको अवस्थाको अनुगमन गर्दै आइरहको छ । यस प्रतिवेदन अवधिमा आयोगले ३० जिल्लाहरूको मानव अधिकारको विषयमा अनुगमन गरिसकेको छ । आयोगले संकटकालको अवधिमा आफनै घरमा नजरबन्दमा राखिएका विभिन्न राजनैतिक पार्टीका नेताहरूको अवस्थाको विषयमा समेत पटक पटक अनुगमन गरेको थियो । जिल्लाको समग्र मानव अधिकारको स्थितिको अनुगमन गर्ने क्रममा आयोगको टोलीले जिल्लाका कारागारहरू, पुनर्स्थापन केन्द्र, अनुसन्धान तथा छानबिन केन्द्र, शाही नेपाली सेनाका विभिन्न गण तथा गुल्महरू लगायत संकटकालका वेलामा रहेका अस्थायी थुनुवा केन्द्रहरूको समेत अनुगमन गर्ने गरिरहेको छ । साथै आयोगको अनुगमन टोलीले जिल्लाका सदरमुकाममा सुरक्षा निकायहरू, नागरिक समाजका प्रतिनिधिहरू, मानवअधिकारकर्मी, पीडित आदिसँग अन्तरक्रिया गरी घटना बारे यथार्थ विवरण संकलन गर्ने गरिएको छ । अनुगमनबाट प्राप्तभएका तथ्यहरूका आधारमा आयोगले श्री ५ को सरकार तथा सम्बन्धित पक्षहरू मानव अधिकार तथा मानवीय कानुनको परिपालना गर्न शिफारिस गर्ने गरिएको छ भने ने.क.पा. माओवादीलाई आम सञ्चार मार्फत आव्हान गर्ने गरिएको छ ।

यस प्रतिवेदन अवधिमा आयोगले अनुगमन कार्यलाई व्यवस्थित गरी अझ प्रभावकारी बनाउन कर्मचारीहरूलाई अनुगमन सम्बन्धी विशेष तालिम दिनुका साथै अनुगमन कार्यको प्रभावकारिता, निश्पक्षता तथा गोपनियतालाई विशेष जोड दिदै आएको छ । यसै क्रममा आयोगले अनुगमन गर्ने प्रक्रिया, अनुगमनकर्ताले पालना गर्नुपर्ने आचार संहिता लगायतका अन्य अनुगमन सम्बन्धी व्यवस्था भएको अनुगमन नियमावलीको तर्जुमा समेत गरको छ । आयोगले यस प्रतिवेदनको अवधिको अन्ततिर ११ वटा जिल्लाहरुमा बाल अधिकारको अनुगमन समेत गर्नुका साथै आयोगले जिल्लामा गई गर्ने अनुगमनहरूमा व्यक्तिको शिक्षा, स्वास्थ्य, खाद्यान्य, अवासको अवस्था लगायत भुमिहीन कमैयाहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमन गर्ने कार्य समेत सुरुवात गरेका छ । द्वन्द्वका कारण दिन प्रतिदिन विस्थापित हुनेहरूको संख्या वढिरहेको सन्दर्भमा आयोगले केही ठाउँहरूमा विस्थापितहरूको अवस्थाको बारेमा अनुगमन गरी श्री ५ को सरकारलाई शिफारिस समेत गरेका छ । यस प्रतिवेदन अवधिमा आयोगद्वारा गरिएका अनुगमनहरूबाट प्राप्त तथ्यहरू आधारमा मानव अधिकारको प्रचलनको स्थिति देहाय बमोजिम संक्षिप्तरूपमा चर्चा गरिएको छ ।

**क) कारागार तथा बन्दीगृहको अवस्थाको अनुगमन**

आयोगले विभिन्न जिल्लाहरूको मानव अधिकार स्थितिको अनुगमन गर्ने सिलसिलामा कारागारहरूको निरीक्षण, अवलोकनलाई महत्व दिँदै आएको छ । मूलत कारागार अनुगमन गर्दा कारागारको समग्र भौतिक अवस्था तथा थुनुवा कैदीहरूको कानुनी स्थितिको बारेमा अध्ययन गर्ने गरिन्छ । यसरी गरिने अनुगमनमा व्यक्तिगत अर्न्तवार्ता तथा सामूहिक छलफल विधिको प्रयोग गर्ने गरिएको छ । आयोगले थुनुवा केन्द्रको अनुगमन गर्ने क्रममा शाही नेपाली सेनाका विभिन्न व्यारेकहरू, शसस्त्र प्रहरी गण गुल्महरू लगायत अनुसन्धान केन्द्र, श्री ५ को सरकारले स्थापना गरेको पुनर्स्थापन केन्द्र समेतको अनुगमन गर्ने गरेको छ । यस्ता अनुगमन कार्यले कारागारको समग्र पक्षका विविध अवस्थाको जानकारी गराई देखिएका कमी कमजोरीहरूलाई सुधार गर्नेका निमित्त श्री ५ को सरकारमा आवश्यक शिफारिस गर्न सहयोग पुग्दछ । साथै अनुगमन कार्यले बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको अवस्थाको खोजी गर्ने विषयमा समेत सहयोग पुऱ्याउँछ ।

यस प्रतिवेदन अबधिमा आयोगका विभिन्न टोलीहरूद्वारा नेपाल अधिराज्यका अर्घाखाची, काभ्रेपलाञ्चोक, कास्की, काठमाडौँ, कपिलवस्तु, गोरखा, गुल्मी, दार्चुला, नवलपरासी, पर्सा, पाल्पा, बैतडी, महोत्तरी, रूपन्देही, ललितपुर, सिन्धुपाल्चोक र स्यांग्जा जिल्लामा रहेका कारागारहरू र बन्दी गृहहरूको अवलोकन गरी त्यहाँ रहेका

बन्दीहरूको अवस्था, भौतिक पूर्वाधारको अवस्था, जेल प्रशासकहरूको बन्दी प्रतिको व्यवहार लगायतका थुनुवा बन्दीहरूको कानुनी अवस्थाको बारे जानकारी लिएको थियो । आयोगले थुनुवा केन्द्रहरूको भ्रमण गर्दा कतिपय अवस्था बिना सूचना समेत गर्ने गरेको छ । यही क्रममा केही पटक आयोगेका अनुगमन टोलीलाई थुनुवा केन्द्रको अवलोकन गर्नबाट समेत रोक लगाइएको थियो ।

आयोगले अनुगमन गरेको प्राय जसो कारागारहरूको भौतिक अवस्था ज्यादै नाजुक रहेको, खानेपानीको व्यवस्था राम्रो नभएको, कारागारमा प्रकाश तथा पंखाको उचित व्यवस्था नभएको, थुनुवा, कैदी तथा बालकहरूलाई छुट्याएर नराखिएको, खेलकुद तथा मनोरञ्जनका साधन र अवसरहरू नभएको, पर्याप्त मात्रामा पत्रिका तथा पुस्तकालयको व्यवस्था नभएको, औषधी उपचार पर्याप्त नभएर बन्दीहरूको स्वास्थ्य स्थिति नाजुक रहेको, औषधी तथा चिकित्सकको अभाव ओढ्ने ओछ्याउने तथा लत्ताकपडाको समस्या, माफी मिनाहा दिने कार्यमा भेदभाव, वैतनीक कानुन व्यावसायीको पहुचँको अभावमा बन्दीहरू मुद्दा दर्ता गर्नबाट वञ्चित भएको, सीप मुलक तालिमको व्यवस्था नभएको,क्षमता भन्दा बढी बन्दी राखिएको, सबै किसिमका बन्दी तथा थुनुवाहरूलाई एकै ठाउमा राखिने गरिएको जस्ता तथ्यहरू फेला परेका छन् । त्यसैगरी कतिपय कारागारहरूमा आस्थाका बन्दीहरू माथि अपमानपूर्ण व्यवहार गरिएको, धम्की तथा कुटपीट हुने गरेको, चिठी पत्र आदान प्रदानबाट वञ्चित गरिएको तथ्य फेला परेको छ । सुरक्षाकर्मीहरूबाट यातना दिने गरेको, कानुनले प्रष्टसँग तोकिएको बन्दी गृहमा मात्र बन्दीहरूलाई राख्नु पर्ने व्यवस्था भएता पनि विभिन्न कार्यालयहरू लगायत गोदामघरमा समेत बन्दीहरूलाई राखिएको समेत पाइएको थियो । ऐन बमोजिम बन्दीले पाउने सुविधा समयमा उपलब्ध नगराईएको, कतिपय कारागारमा नाईके तथा भाई नाईके बाट अमानवीय व्यबहार भएको पाईएको छ । कतिपय थुनुवा केन्द्रहरूमा थुनुवाहरूलाई विना पुर्जी समेत राखिएको पाइएको छ भने कतिपयमा यातना एवम् अन्य क्रुर अमानवीय व्यवहार समेत गरेको पाइएको छ । कारागार भित्र रहेको महिला बन्दीहरूको अवस्था अझै नाजुक रहेको पाइन्छ । कारागारमा महिला सुरक्षाकर्मी एवम् महिला कर्मचारी नहुदाँ महिला बन्दीका कतिपय विषयहरूमा समस्या देखा परेको पाइएको छ । बाल सुधार गृहको अभावले कतिपय कारागारहरूमा बन्दीका आश्रित बालबालिकाहरू तथा विभिन्न बाल विज्याँईमा परेका बालबालिका समेत कारागारमा राखिदाँ बाल अधिकारको समेत हनन भएको पाइन्छ । कारागार भित्र उचित विद्यालयको अभाव तथा उचित व्यवस्थाको अभावले कतिपय बन्दीहरू पठ्न पाठन गर्नबाट समेत वञ्चित गरिएको छ ।

संकटकालको अवधिमा थुनामा राखिएका बन्दीहरूले न्यूनतम रूपमा उपभोग गर्न पाउने जस्तै- भेटघाट गर्न पाउने, पत्रपत्रिका पढ्न पाउने, कानुन व्यवसायीसँग सल्लाह लिने पाउने जस्ता अधिकारहरूबाट समेत वञ्चित रहेको पाइयो ।

आयोगले कारागारको अनुगमनबाट प्राप्त तथ्यहरूका आधारमा श्री ५ को सरकारलाई कारागारको भौतिक अवस्था लगायत कैदी बन्दीहरूको अधिकारको सम्बन्धमा विभिन्न सिफारिस पठाएको थियो । सो को कार्यान्वयनको अवसरको समेत अनुगमन गर्ने गरेको छ ।

### (ख) मानव अधिकार रक्षकको अवस्थाको अनुगमन

मानव अधिकार उल्लंघनका घटनाहरूको अनुगमन तथा तथ्य संकलन गरी तथ्यका प्राप्त तथ्याङ्कमाकलनका आधारमा घटनाको सत्य तथ्य पत्ता लगाई दोषीलाई कारवाही एवम् पीडितलाई क्षतिपुर्ति दिलाउने तथा मानव अधिकारको शिक्षाको प्रचार प्रसार गरी मानव अधिकार संस्कृति निर्माण गर्ने जस्ता कार्यमा मानव अधिकार रक्षकहरूको महत्वपूर्ण भूमिका रहने कुरालाई हृदयगंम गरी मानव अधिकार रक्षकको संरक्षणको कार्यलाई आयोगले सदैव महत्व दिदै आएको छ । अझ द्वन्द्वको अवस्थामा व्यक्तिहरूको अधिकार बढी कुण्ठित हुने हुदाँ मानव अधिकार रक्षकहरूको दायित्व झन वढ्ने हुन्छ । द्वन्द्वको अवस्थामा देशको कुना कुनामा पुगेर मानव

अधिकारको पक्षमा कार्य गर्दा कहिलेकाही मानव अधिकार रक्षकको जीवन माथि खतरा आइपर्ने कुरालाई समेत मध्यनजर गरी आयोगले मानव अधिकार रक्षकको अवस्थाको बारेमा अनुगमन गर्दै आइरहेको छ ।

आयोगले गरेको अनुगमन, भेटघाट तथा छलफलबाट प्राप्त तथ्य अनुसार मानव अधिकार रक्षकलाई राज्यपक्षले कतिपय अवस्थामा गिरफ्तारी, यातना तथा दुर्व्यवहार गर्ने, थुनुवा केन्द्रमा जान रोक लगाउने, स्थानहदबन्दी गर्ने, सूचना सङ्कलन तथा प्रकाशनमा रोक लगाएको पाइन्छ भने माओवादी पक्षले समेत हत्या, अपहरण, कुटपीट, यातना तथा धम्की लगायत आर्थिक जरीवाना, सूचना सङ्कलन गर्न नदिने प्रकाशन तथा आवागमनमा रोक लगाएको तथ्यहरू प्राप्त भएका छन् । यसरी प्राप्त तथ्यहरूका आधारमा मानव अधिकार रक्षकको संरक्षणका निमित्त आयोगले श्री ५ को सरकार र सम्वद्ध पक्षहरूलाई सिफारिस तथा आव्हान गर्दै आइरहेको छ । विशेषगरी संकटकालको अवधिमा मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरूको कार्यालय तथा विभिन्न सञ्चार कार्यालय परिसरमा हतियार सहितका सुरक्षाकर्मीबाट निगरानी राख्ने गरेको तथ्य आयोगको अनुगमनबाट प्राप्त हुन आएको थियो । संकटकालको अवस्थामा आयोगको अनुगमबाट मानवअधिकारकर्मी, पत्रकार, प्राध्यापक, शिक्षक तथा कानुन व्यावसायीहरूलाई पक्राउ गरी लामो समयसम्म थुनामा राखिएको पाइएको थियो । संकटकालको अवधिमा सरकारले कतिपय मानव अधिकार रक्षकहरूलाई बिना सूचना स्थानहदमा राखी स्वतन्त्रतापूर्वक आवतजावत गर्न अवरोध श्रृजना गरेको थियो ।

आयोगले मानवअधिकारकर्मीहरूको सुरक्षालाई दृष्टिगत गरी संकटकालको आरम्भ भएदेखि नै मानव अधिकारवादी संघ संस्थाको कार्यालयहरूको भ्रमण तथा मानव अधिकार रक्षकहरूसँग संयुक्त बैठकहरूको आयोजना गरेको थियो । विभिन्न कार्यक्रमहरूमा भाग लिन जानलागेका मानव अधिकारवादीहरू विमानस्थलबाटै गिरफ्तार गरिएका, सयौ व्यक्तिहरूलाई बिना सूचना स्थानहदमा राखिएको सम्बन्धमा समेत आयोगले श्री ५ को सरकारको ध्यानाकर्षण गराएको थियो । यसैगरी गैर राज्य पक्षले पत्रकारलाई हत्या गरेको विषयमा समेत छानबिन गरी हत्याप्रति खेद प्रकट गर्दै ने.क.पा माओवादीहरूद्धारा अपहरण गरिएका पत्रकारहरुलाई स-सम्मान मुक्तिको लागि प्रेस विज्ञप्तिहरू जारी गरिएको थियो ।

**(ग) संकटकालमा मानव अधिकारको अनुगमन**

मुलुकमा २०६१ माघ १९ गतेदेखि घोषणा भएको संकटकाल २०६२ बैशाख १६ गते सम्म कायम रहेको थियो । संकटकालको अवस्थामा मानव अधिकारको संरक्षण र सम्वर्द्धनको कार्य अझै चुनौतिपूर्ण रहेको भएतापनि आयोगले संकटकालको सुरुवातसँगै व्यक्तिहरूको स्वतन्त्रता र सुरक्षाको अधिकार बढी प्रभावित हुने महशुस गरी संकटकाल लागेको दिन देखि नै सीमित श्रोत र साधनका वावजुद पनि देशका विभिन्न भागमा रहेका थुनुवा केन्द्रहरूको निरीक्षण कार्यलाई तीव्र बनाएको थियो ।

संकटकालको अवधिमा आयोगको ७० वटा टोलीले मुलुकका विभिन्न जिल्लामा गई समग्र मानव अधिकारको स्थितिबारे अनुगमन गरी मानव अधिकारका उल्लंघन र ज्यादतीको घटनाको तथ्य संकलन गरेको थियो । यस अवधिमा आयोगले शाही नेपाली सेना अन्तर्गतका ९ वटा व्यारेक तथा १०४ पटक थुनुवा केन्द्रहरूको निरीक्षण गरी त्यहाँ प्राप्त तथ्यहरूको आधारमा थुनुवा बन्दीहरूका अधिकार उपलब्ध गराउन श्री ५ को सरकारलाई विभिन्न मितिमा सिफारिस गरेको थियो ।

संकटकालको अवधिमा आयोगले गरेको मानव अधिकारको अवस्थाको अनुगमनबाट सरकारले निलम्बनमा परेका र नपरेका दुवै अधिकारहरूको उलंघन गरेको पाईएको थियो भने ने.क.पा. (माओवादी) बाट समेत ज्यादती भएको पाइएको थियो । संकटकालीन अवधिमा राजनैतिक दलका क्रियाकलापहरू बढी मात्रामा प्रभावित भएका थिए । देशमा संकटकालको अवस्थाको घोषणा हुने वित्तिकै राजनैतिक दलका प्रमुख नेताहरूलाई निवासमै नजरबन्दमा राखियो भने राजनीतिक पार्टीका अन्य नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरी नजरबन्दमा राखियो । प्रमुख राजनैतिक दलका कार्यालयमा सुरक्षाकर्मी तैनाथ गर्ने, निगरानी राख्ने कार्य

भएको पाइयो । शाही घोषणाको समर्थनमा बाहेक अन्य कार्यक्रमहरूमा सरकारले व्यापक हस्तक्षेप गरी राजनीतिक दलका कार्यकर्ता देखि सर्वसाधारणसम्मका व्यक्तिहरूलाई पक्राउ गर्ने कार्य गरेर शान्तिपूर्वक भेला हुने अधिकारको उलंघन गरेको पाईएको छ । सरकारद्वारा कतिपय राजनैतिक दलका नेता तथा कार्यकर्ता, पत्रकार, कानुन व्यवसायी, प्राध्यापक लगायत मानव अधिकारकर्मीलाई विना सूचना स्थानहद गरियो । जसमा राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरू समेत पर्नुभएको थियो । राजनीतिज्ञ तथा मानव अधिकरकर्मी र आयोगका सदस्यहरूलाई विना सूचना विमानस्थलबाट फर्काई सरकारले व्यक्तिको मान सम्मान तथा मर्यादामा आँच पुऱ्याउने कार्य गरेको देखिन्छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उपत्यका बाहिर जाने क्रममा रहेका २५ जना व्यक्तिहरूलाई सुरक्षाकर्मीद्वारा विना कारण मौखिक आदेशको आधारमा फर्काईएको थियो ।

संकटकालको सुरूवातसँगै घरमै नजरबन्दमा राखिएकाहरूको मानव अधिकारको स्थितिको बारेमा जानकारी लिन गएको आयोगका पदाधिकारी सम्मिलित अनुगमन टोलीलाई समेत केही ठाउँमा नजरबन्दमा राखिएका व्यक्तिहरूसँग भेट गर्न नदिई त्यहाँ उपस्थित सुरक्षाकर्मीद्वारा फर्काइएको थियो । आयोगको थप प्रयासपछि दोश्रो पटक मात्र आयोगका अध्यक्ष र सदस्यहरू सहितको टोलीले नजरबन्दमा रहेका नेताहरूको अवस्थाबारे जानकारी लिएको थियो । नजरबन्दमा रहेका व्यक्तिको घरमा रहेका टेलिफोन घरका परिवारले समेत प्रयोग गर्न नपाउने गरी काटिएको, बाह्य सम्पर्कबाट वञ्चित गरिएका, पत्रपत्रिका पढ्न र रेडियो सुन्न तथा टेलिभिजन, हेर्नबाट वञ्चित गरिएका, घरका अन्य सदस्यहरूलाई घरभित्र बाहिर गर्दा सुरक्षाकर्मीहरूले अनावश्यक जाँचबुझ गरी दुःख हैरानी दिने गरेको गुनासो पनि अनुगमन टोली समक्ष आएको थियो । आयोगको सिफारिस पश्चात् गोरखापत्र, राइजिङ नेपालसम्म उपलब्ध गराइएको पाईयो । संकटकालको समयमा नजरबन्दमा राखिएका बन्दीहरूलाई सुरक्षाकर्मीले मानसिक यातना दिएको र अमानवीय व्यवहार गरेको तथ्य आयोगले विभिन्न जिल्लाका कारागार, हिरासत तथा थुनुवा केन्द्रहरूको अनुगमनबाट पाइएको थियो । यस अवधिमा सम्मानित अदालतको आदेशले रिहा भएका व्यक्तिहरूलाई सुरक्षाकर्मीद्वारा १२ जना व्यक्तिहरूलाई पुनः गिरफ्तार गरिएको जानकारी प्राप्त हुन आएको छ । आयोगले पुनः गिरफ्तार हुने आशंकित अदालत तथा बन्दी छाडिने ठाउँ थुनुवा केन्द्रमा गई अनुगमन गरेको थियो । आयोगको टोलीको उपस्थितिमै पनि अदालत परिसरबाटै एवम् प्रमुख जिल्ला अधिकारीको आदेशको विपरीत समेत सादा पोशाकमा आएका सुरक्षाकर्मीद्वारा पुनः गिरफ्तार गरिएको पाइयो ।

संकटकालको घोषणा सँगै टेलिफोन ईमेल ईन्टरनेट लगायतका सञ्चार माध्यमहरू बन्द गरिएकाले सञ्चारको क्षेत्रमा अन्यौलता देखा परेको थियो । स्थानीय, एस.टि.डि., आई.एस.टि.डि. तथा मोवाइल लगायत सबै किसिमका टेलीफोन सेवा र ईन्टरनेट ईमेल सेवा समेत अवरुद्ध गरिएको थियो । टेलीफोन सेवा संकटकाल घोषणा गरिएको एक हप्तापछि खुलेको थियो भने मोवाईल फोन संकटकालीन अवधिभर खुलेन । संकटकालको घोषणामा नै प्रेस तथा छापाखाना सम्बन्धी हकको निलम्बन गरिएको थियो । संकटकालको घोषणा भएकै दिन आयोगले प्रकासन, प्रशारण गृहको अनुगमन गर्दा कान्तिपुर, रेडियो सगरमाथा, राजधानी लगायतका सञ्चार माध्यमहरूमा सुरक्षाकर्मी तैनाथ गरिएको पाइएको थियो । आयोगको अनुगमनबाट समाचारमा सेन्सर गरिएको, सेन्सरसिप राजधानीका भन्दा राजधानी बाहिरका पत्रपत्रिकाहरूलाई कडा रूपमा गरिएको, प्रकाशन तथा प्रशासरण गृहभित्र हतियार सहितका सुरक्षाकर्मी तैनाथ गरिएको, सञ्चार माध्यमका कार्यालयहरूमा सुरक्षाकर्मीद्वारा कडा निगरानी राखिएको, संकटकालको सुरुका दिनमा प्रकाशन गृहसँग सम्बन्धित व्यक्तिहरूलाई प्रशासनिक एवम् सुरक्षा निकायबाट शाही कदममा सहयोग पुग्ने समाचार मात्र छाप्न दवाव दिइएको, विरोध प्रर्दशनमा फोटो खिच्ने केही पत्रकारहरूको क्यामरा खोसिएको, एफ.एम. बाट समाचार प्रसारणमा रोक लगाईएको, समाचार लेखेकै कारण पत्रकारहरूलाई गिरफ्तार गरी लामो समय सम्म थुनामा राखिएको पाईएको थियो । संकटकालमा देशभित्रका मात्र होईन विदेशबाट प्रशारण भएका विदेशी सञ्चार माध्यमहरू नेपाल वान, स्टार न्युज, जि न्युज, आज तक, बि.बि.सी. नेपाली सेवा (एफ. एम. बाट प्रसारण गर्न रोक लगाईएको), बि.बि.सी., सी. एन.एन. लगायतका समाचार प्रसारण माध्यमहरूमा समेत प्रतिबन्ध लगाइएको थियो । यस अवधिमा सरकारले प्रकाशन तथा प्रसारण गृहमा हतियार सहितका सुरक्षाकर्मीहरू तैनाथ गरी पत्रकारहरूलाई

मनोवैज्ञानिक त्रास उत्पन्न गराउने, समाचारहरू निष्पक्ष रूपमा प्रसारण गर्न रोक लगाएर विचार तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने, उचित कारण बिना पत्रकारहरूलाई थुनामा राख्ने तथा तारेखमा राख्ने समेत कार्य गरी विचार तथा अभिव्यक्ति र प्रेस तथा छापाखाना सम्बन्धी अधिकारको उलंघन गरेको पाइएको छ ।

शहरी क्षेत्रका शैक्षिक संस्थाहरूमा सुरक्षाकर्मीहरू तैनाथ गरिएका थिए । सुरक्षाकर्मीहरूले पोखरा, कञ्चनपुर लगायत विभिनन ठाउँका शैक्षिक संस्थाहरूभित्र प्रवेश गरी विद्यार्थीहरू पक्राउ गर्ने, यातना दिने तथा गोली चलाउने सम्मका कार्य गरेको पाईएको थियो । जसबाट लामो समयसम्म शैक्षिक संस्थाहरू बन्दी हुन पुगी विद्यार्थीहरूको पठनपाठनमा प्रभाव परेको पाइयो । आयोगको अनुगमबाट संकटकालीन अवधिमा १६६ जना विद्यार्थीहरू पक्राउ परेको पाईयो । पक्राउमा परेका कतिपय विद्यार्थीहरूलाई परीक्षा दिनबाट वन्चित गरिएको थिए । शाही घोषणाको विरुद्धमा विभिन्न शैक्षिक संस्थाहरूमा विद्यार्थीहरूले सञ्चालन गरेको विरोध कार्यक्रम र त्यसमा भएको सरकारी हस्तक्षेपले पनि शैक्षिक क्षेत्र तनावग्रस्त हुन पुगि शैक्षिक वातावरणमा प्रत्यक्ष असर परेको पाईन्छ ।

आयोगको अनुगमनबाट प्राप्त तथ्यांकको आधारमा संकटकालको अवधिमा मानवअधिकारवादी गैरसरकारी संस्थाका कार्यकर्ता, राजनैतिक दलका कार्यकत्ता, विद्यार्थी प्राध्यापक/शिक्षक मजदुर कानुन व्यवसायी अन्य समेत गरी २०८५ व्यक्तिहरू नजरबन्दमा राखिएकोमा आयोगले पटक पटक श्री ५ को सरकारलाई नजरबन्दीबाट मुक्त गर्न अनुरोध गरको थियो । केही महिना पश्चात् सरकारले प्रायश सबैलाई थुना मुक्त गरेको पाइन्छ । केहीलाई यस प्रतिवेदन अवधिसम्म छोडको पाइदैन ।

संकटकालमा ने .क.पा. (माओवादी) पक्षबाट भएका कतिपय कार्यले मानव अधिकार तथा मानवीय कानुनको उल्लंघन गरी सर्वसाधारण प्रति ज्यादती हुन गएको पाइएको छ । माओवादी पक्षले शैक्षिक संस्थाहरू बन्द गराउने, नाकाबन्दी गर्ने, बम विष्फोट गराउने तथा शिक्षक तथा विद्यार्थीहरूको अपहरण गर्ने जस्ता कार्य गरी मानव अधिकारका सिद्धान्त र जेनेभा महासन्धि १९४९ को साझा धारा ३ को भावना विपरितका कार्य गरेको पाइयो । संकटकाल कै समयमा ने.क.पा. (माओवादी) ले राजधानी लगायत देशका विभिन्न स्थानमा नाकाबन्दी गर्ने, बन्द गर्ने, सार्वजनिक यातायात अवरुद्ध पार्ने, सर्व साधारणहरू आवत जावत गर्ने सार्वजनिक स्थानहरूमा विष्फोटक पदार्थ राख्ने जस्ता कार्य गरी सर्वसाधारणको आवत जावतमा अवरोध खडा गरेको पाईएको थियो । सो विषयमा समेत आयोगले ने.क.पा माओवादीलाई पटक पटक सचेत हुन आग्रह गरको थियो ।

आयोगको अनुगमनबाट ने.क.पा. (माओवादी) ले पटक पटक शैक्षिक संस्था बन्द गराउने, शिक्षकहरूसँग चन्दा उठाउने, धम्क्याउने, शिक्षक तथा विद्यार्थीहरूलाई अपहरण गरी जर्वजस्ती आफ्ना कार्यक्रमहरूमा सहभागी गराउने, बाल सैनिकको प्रयोग गर्ने कार्यलाई निरन्तरता दिएको पाईएको थियो । आयोगले ने.क.पा. (माओवादी) लाई त्यस्ता कार्यहरू मानव अधिकारका विश्वव्यापी सिद्धान्त एवम् जेनेभा महासन्धि १९४९ को साझा धारा ३ समेतको विपरित भएकोले उक्त कार्य नदोहोऱ्याउन पटक पटक आव्हान गरिएको भएता पनि उपरोक्त कार्यहरू हालसम्म जारी रहेको पाइएकोले सो कार्यहरू नदोहोऱ्याउन पुनः आव्हान गरेको थियो ।

**(घ) बाल अधिकार अनुगमन**

विगत १० बर्षदेखि देशमा चलेको सशस्त्र आन्तरिक विद्रोहका कारणले हजारौ नागरिकहरूको ज्यान गइसकेको छ । द्वन्द्वले अत्यधिक मात्रामा बालबालिका तथा बृद्धबृद्धालाई असर गरेको संबेदनशील अवस्थालाई मध्यनजर गरी बाल अधिकार हनन र ज्यादतिका विषयलाई अझ सक्रिय रूपले हेर्नका लागि आयोगमा बाल अधिकार एकाइ पनि गठन भएको छ । आयोगले यस प्रतिवेदन अवधिमा अधिराज्यका ११ वटा जिल्लाहरूमा सशस्त्र द्वन्द्वमा बाल अधिकार शीर्षकमा केन्द्रीत रही अनुगमन कार्य सम्पन्न गरिसकेको छ । अनुगमन गरिएका जिल्लाहरूमा पूर्वाञ्चलका ताप्लेजुङ्ग, पाँचथर र झापा, मध्यमाञ्चलका सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक,

पश्चिमाञ्चलका बाग्लुङ्ग र म्याग्दी, मध्य-पश्चिमाञ्चलका कालीकोट र जुम्ला र सुदूर पश्चिमाञ्चलका दार्चुला र बझाङ्ग रहेका छन् ।

अनुगमन टोलीले बाल अधिकारसँग सम्बन्धित रहेर गैरन्यायिक हत्या तथा अङ्गभङ्ग, बालसैन्यको प्रयोग तथा भर्ना, विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग, बलात्कार तथा बालबालिका विरूद्ध अन्य गम्भीर प्रकृतिका हिंसाहरू, बालबालिकाको अपहरण, गैरकानुनी थुना र बालबालिकालाई मानवीय सहयोग गर्न अस्वीकार गरिएका विषयहरूको विशेष अनुगमन गरको थियो । यसका अतिरिक्त आयोगका टोलीहरूले बालबालिकाको हितका लागि स्थानीय तहमा परिचालित स्रोतहरू, विभिन्न संघ, संस्थाले राखेका बालबालिकाको तथ्याङ्क, उनीहरूको हित र  अधिकारका लागि सञ्चालित कार्यक्रम, बाल श्रम, बालविवाह लगायतका विषयमा जानकारीका साथै बालबालिकामाथि हुने यौन शोषण, शिक्षामाथि उनीहरूको पहुँच, एच.आइ.भी.बाट पीडित बालबालिका समस्या, शरणार्थी बालबालिका तथा शरणार्थी हैसियत माग गर्ने बालबालिका सम्बन्धमा पनि जानकारी लिएको थियो । अनुगमनका क्रममा ती जिल्लाहरूमा सम्बद्ध सबै पक्षसँग बाल अधिकारका सम्बन्धमा छलफल र अन्तरक्रिया समेत गरको थियो ।

विद्यालयहरू शान्तिक्षेत्र हुन् भन्ने मान्यता विपरित दुवै पक्षबाट विद्यालयहरूलाई प्रयोग गरेको पाइयो । विभिन्न जिल्लाहरूबाट द्वन्द्वका कारण ठुलो संख्यामा बाल बालीकाहरू विस्थापित हुनु परेको घटनाहरू पाइए । बालबालिकालाई सेनाको व्यारेक तथा कारागारहरूमा राखिएको; कानुनबमोजिम बालबालिकालाई प्रदान गर्नुपर्ने सहयोगमा हेलचेक्र्याईं भएको तथा द्वन्द्व प्रभावित बालबालिकाको यथार्थ तथ्याङ्क नराखिएको हुनाले विद्यालय छाड्ने, बालश्रमका रूपमा स्वेदेश तथा भारतीय शहरहरूमा जाने क्रम अत्यधिक बढेको पाइएको छ । कतिपय ठाउँमा बालबालिकालाई सुरक्षा निकायले सूचना आदानप्रदान गर्ने कार्यमा प्रयोग गरिएको पाइएको थियो । यसका अतिरिक्त सर्वोच्च अदालतद्वारा बालबालिकालाई कारागारमा नराख्ने भनी सरकारी निकायलाई दिएको परमादेशको पालना हुन सकेको छैन । बालबालिका सम्बन्धी ऐनको दफा १५ बमोजिम बयस्क कैदीसँगै राख्न नहुने प्रावधानका विपरित हुन गएको छ । शंकाको भरमा शिक्षकहरूको तलब सुविधा रोक्का गर्ने शिक्षकहरूले जिल्ला प्रशासन कार्यालय तथा आर्मी व्यारेकमा तारेख लिन जानु पर्ने जस्ता तथ्य समेत फेला परेको छ ।

बाल अधिकार अनुगमनका क्रममा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बाल अधिकार ज्यादती गरिएका प्रशस्तै घटनाहरू पाइए । माओवादीहरूले जनवादी शिक्षा पढाउन सरकारी विद्यालयहरूलाई दवाव दिने गरेको जसले गर्दा शिक्षामा नराम्रो प्रभाव परेको पाइयो । स्कूलमा शिक्षकको दरबन्दी कम रहेको र भएका शिक्षक पनि विस्थापित भएका र हुने क्रममा रहेको कारणले गर्दा विद्यार्थिको पठनपाठनमा प्रत्यक्ष असर पारेको पाइयो । माओवादीले नीजि श्रोतबाट सञ्चालित विद्यालयहरूलाई बढी दवाव दिएको पाइएको थियो । नेकपा माओवादीले बालबालिकाहरूलाई जबरजस्ती कब्जामा लिई पार्टीको काम गर्न र खाना पकाउन लगाएको पाइयो भने सार्वजनिक स्थलमा वा कार्यालयहरूमा राखीएको बम खेलाउदा बालबालिकाहरूको मृत्यू भएको घटनाहरू पाइयो । संस्कृतिक कार्यक्रममा कुर्सि बोक्ने, सिठ्ठी बजाउने कार्यमा विद्यँलयका बालबालिकाहरू प्रयोग गर्ने गरेको पाइयो । बच्चालाई जबरजस्ती अपहरण गरी नेकपा माओवादीले आफ्नो सैनिक दस्तामा भर्ती गराएको जस्ता घटनाहरू प्राप्त भएका छन् । कतिपय विद्यालय क्षेत्रमा माओवादीले खाना खाने, वस्ने र विद्यालयलाई व्यारेकको रूपमा प्रयोग गर्ने गरेको पाइयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का कार्यकर्ताले बेवारिसे बम जथाभावी छाडिदिनाले धैरै बालबालिकाको अङ्गभङ्ग हुन पुगेको तथा कतिपयको मृत्यु भएको पाइयो । यस्तै बालबालिकालाई मानव ढालको रूपमा प्रयोग गरिएको; बालबालिकालाई सशस्त्र द्वन्द्वसँग सम्बन्धित कामहरू लगाइएको; बालबालिकालाई जवर्जस्ती बालसैन्यको रूपमा प्रयोग गरेको; माओवादीको कार्यक्रममा नजाने बालबालिकालाई श्रम सजाँयस्वरूप ढुङ्गा आदि गह्रौं भारी बोकाई सजायँ दिइएको; बालबालिकालाई जोखिमपूर्ण कामहरू गर्न बाध्य पारिएको; निजी

विद्यालयहरूमा आगजनी र विष्फोटक पदार्थ पड्काइ ध्वस्त पारिएको; शिक्षकहरूको हत्या गरिएको; शिक्षकसँग जवर्जस्ती चन्दा तथा लेभी उठाइएको; विद्यालय निर्माणको रकमबाट पनि प्रतिशतका हिसावले चन्दा उठाएको; चन्दा दिन नसक्ने अभिभावकका छोराछोरीलाई अपहरण गर्ने गरिएको समेत पाइएको थियो ।

द्वन्दका कारण बालबालिकाका आमा बाबु दुवैको मृत्यु भएको अवस्थामा बालबालिकाको संरक्षण कसले र कसरी गर्ने भन्ने जस्ता समस्याहरू समेत देखिएका छन् ।

## २.५.१६ अनुगमनबाट प्राप्त तथ्यका आधारमा मानव अधिकारको प्रचलनको स्थिति

आयोगबाट गरिएको अनुगमनबाट देशको मानव अधिकारको अवस्थाको सम्बन्धमा विभिन्न तथ्यहरू प्राप्त भएका छन् । अनुगमनबाट देखिएका नागरिक तथा राजनैतिक अधिकार र आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको उल्लघंन झल्काउने विभिन्न कुराहरूलाई बुंदागत रूपमा देहाय बमोजिम संक्षिप्त चर्चा गरिएको छ ।

### २.५.१६.१ नागरिक तथा राजनैतिक अधिकारको प्रचलनको स्थिति

अनुगमन क्रममा प्राप्त तथ्य अनुसार युद्धमा संलग्न नभएका व्यक्ति र गिरफ्तारी वा कब्जामा परेका निर्दोष व्यक्तिहरू पनि दिन प्रतिदिन विभिन्न बहानामा मारिने, यातना दिने क्रम रोकिएको छैन भने विस्थापित हुनेको संख्यामा पनि अत्यन्त वृद्धि भएको छ । मानिसहरू बेपत्ता पारिने तथा थुनामा वा कब्जामा रहँदा शारीरिक तथा मानसिक यातनाको शिकार बनाइएको जस्ता घटनाहरू समेत देखिएका छन् । सादा पोशाकमा सुरक्षाकर्मी परिचालित हुने, व्यक्तिलाई कानुनको प्रक्रिया पूरा नगरी पक्राउ गर्ने, लामो समय सम्म गैरकानुनी रूपमा थुनामा राख्ने, नियन्त्रणमा लिइसकेपछि हत्या गर्ने, एकदमै छोटो समयको म्याद दिई वारम्वार तारेखमा बोलाउने लगायतका कार्यहरू सुरक्षा निकायका तर्फबाट भएको देखिन्छ । कतिपय ठाउँहरूमा माओवादी र सुरक्षाकर्मी बीच हुने भिडन्त पश्चात् माओवादीहरू भागेपछि सुरक्षाकर्मीहरू वरपरको गाउँमा गई घर एवम् पसल खान तलासी गर्ने र सर्वसाधारण समेतलाई दुःख दिने गरेको पाइयो । सुरक्षाकर्मीले नेकपा माओवादीलाई चन्दा दिएको निहुमा कुटपीट र पक्राउ गरी गैर कानुनी थुनामा राखेको जानकारी प्राप्त भएका छन् । गस्तीमा गएको सुरक्षा फौजले माओवादी नदेखाएको भनी सर्वसाधारणलाई समेत कुटपिट गर्ने गरको जस्ता तथ्यहरू फेला परेका छन् । बलात्कार जस्तै अन्य फौजदारी अपराधहरूका घटनाहरूको कानुन बमोजिम अनुसन्धान समेत गर्ने नगरेको पाइयो । कतिपय ठाउँमा सुरक्षाकर्मीले सर्च अपरेशनमा जाँदा संयमता नअपनाएको, सर्वसाधारण जनताको घर खानतलासीको नाममा बिना सूचना प्रेवश गरेको पाइयो ।

त्यसै गरी ने.क.पा. माओवादी पक्षबाट पनि व्यक्तिलाई जबरजस्ती आफ्ना बिचार लाद्ने, आफूसँग फरक विचार राख्नेलाई विभिन्न भौतिक तथा आर्थिक कारवाहीको नाममा कुटपीट तथा अंगभंग गर्ने, जवरजस्ती चन्दा असुल्ने, श्रम कैदमा राख्ने, विद्यार्थी तथा शिक्षकलाई अपहरण गर्ने, बालबालिकालाई विभिन्न कार्यमा प्रयोग गर्ने क्रम रोकिएको पाइदैन । नेकपा माओवादीले अपहरण गरिएका व्यक्तिहरूलाई भात पकाउन, भाडा माझ्न, लाश गाड्ने ठाउँ खन्न लगाउने गरेको पाइयो । माओवादीले विद्यार्थी अपहरण गरी लगेको समाचार प्रकाशित गरेको आरोपमा विभिन्न पत्रकारहरुलाई जिल्ला छाड्ने धम्की दिएको जस्ता घटनाहरू पाइयो । नेकपा माओवादीले चन्दा नदिएको र माओवादीको प्रतिकार गरेको आरोपमा मृत्यु दण्डको घोषणा गरेको जस्ता घटनाहरू पाइएका छन् । कतिपय जिल्लाहरूमा नेकपा माओवादीद्वारा एक गाउँबाट अर्को गाउँमा जान र सदरमुकाममा जान समेत अनुमति लिनुपर्ने वाध्यात्मक स्थिति सृजना गरेको पाइयो । माओवादीका कार्यक्रममा जनतालाई जर्वजस्ती लैजाने गरेको र आतंकित वनाउने गरेको पाइयो । माओवादीले सुरक्षाफौजमा काम गर्ने परिवारलाई जागिर छोडाउन दवावदिने, जवरजस्ती चन्दा माग्ने गरेको पाइयो । माओवादीले राजनैतिक पार्टीका कार्यकर्ताहरूको प्रतिशोधपूर्ण ढंगले हत्या गरेको पाइयो । घटनामा मारिएका व्यक्तिहरूको लाश त्यतिकै छोडेर

हिड्ने तथा सुरक्षा निकायका तर्फबाट कुनै अभिलेख वा मुचुल्का, कागजात तयार नगर्ने गरेको पाइयो भने माओवादीहरूको तर्फबाट पनि सही तथ्यांक राख्न र पीडितको परिवारलाई जानकारी गराउन नसकेको पाइयो ।

श्री ५ को सरकाले संकटकालको घोषणा गरे लगतै राजनीतिक अधिकारहरू कुण्ठित हुन पुगको पाइन्छ भने संटकालको अवधि समाप्त भइसक्दा पनि लामो समयसम्म विभिन्न ठाउँहरूमा निषेधाज्ञा जारी गर्नाले नागरिकहरूको नागरिक तथा राजनैतिक अधिकारको पूर्ण उपभोग गर्नबाट वन्चित भएका छन् ।

### २.५.१६.२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रचलनको अवस्था

अनुगमनबाट प्राप्त तथ्यका आधारमा आफ्नो रीति परंपरा अनुसारको कार्य गर्न बाट विशेष गरी माओवादीहरूद्वारा अवरोध पूर्‍याइएको पाइयो । द्वन्द्वरत पक्षहरूबाट मारिएका मानिसहरूको पर्याप्त तथ्य नराख्ने तथा पीडित पक्षलाई जानकारी नदिने कारणले आफनो रीति परम्परा अनुसार केही व्यक्तिहरूको मृत्यु संस्कार समेत हुन नसकेको पाइयो । त्यसै गरी माओवादीहरूले क्रियापुत्रीहरूलाई समेत पक्राउ गरी मार्ने, काजक्रिया गर्नमा वाधा पुर्‍याएको मन्दिरमा झण्डा गाडने, पुजारीलाई पिटने गरेको समेत पाइएको छ ।

आयोगमा प्राप्त खाद्य तथा बसोवासको अधिकारको प्रचलनको स्थितिका सम्बन्धी तथ्यमा खाद्य संस्थानमा चामलको भण्डारण न्यून रहेकोले वर्षभरी बिकट पहाडी जिल्लामा खाद्यान्य खरीद गर्न समेत नपाएको अवस्था पाइयो । कैलाली र डोटी जिल्लामा अझै पनि कमैया तथा सुकुम्वासी बिवाद रहेको पाइएको छ र सरकारले अझै पनि सो समस्या समाधान गर्न नसकेको भन्ने गुनासो रहेको भेटियो । लामो समय देखि अधिकांश जिल्लामा कुनै पनि विकास निर्माणको कार्य हुन नसकेको जानकारी प्राप्त भएको छ । नयाँ क्षेत्रमा सुरक्षा समुहहरू तैनाथ हुदाँ व्यक्तिगत घर र सम्पत्ति कब्जा गर्ने गरेको र क्षतिपुर्ति नदिएको साथै कानुनी प्रक्रिया नपुर्‍याएको पाइयो । सेनाले यातायात कर्मीहरूलाई अनावश्यक रूपले दुर्व्यव्यवहार गरेको पाइयो । खाद्य पदार्थहरूको आपुर्तिमा जिल्लाको सुरक्षाले कडाई गरेको पाइयो । औषधि लगायत ड्राइफुड्समा पनि नियन्त्रण गरेको पाइयो । आन्तरिक विस्थापनका घटनाहरू धेरै भएको पाइयो तर राज्यपक्षबाट राहत कार्यक्रम प्रभावकारी नभएको पाइयो ।

माओवादीले उद्योगहरूमा चन्दा आतंक मच्चाएको र चन्दा नपाँउदा नोक्सानी पुर्‍याएको पाइयो । माओवादीले गाउँलेहरूको घरमा जर्वजस्ती खाना खाने र बास बसिदिने गरेको पाइयो । माओवादीले आफ्नो रासन तथा भारी चामल र खानेकुरा स्थानिय व्यक्तिहरूलाई जर्वजस्ती वोकाउन लगाएको पाइयो । कतिपय जिल्लाम भौतिक पूर्वाधारका सार्वजनिक संरचनाहरू खास गरी सरकारी कार्यालयहरू, दुरसञ्चार, बाटो, यातायात, एयरपोर्ट, टेलिफोन र आदि ध्वस्त वनाइएका कारण सोबाट पाउनु पर्ने सेवा प्राप्त गर्नमा आमजनतालाई असुविधा परेको भेटिएको छ । माओवादीहरूले सर्वसाधारण जनताको स्वतन्त्र आवागमनलाई समेत अवरुद्ध पार्ने गरी पुलहरू लगायत सार्वजनिक उपभोग वस्तुहरू भत्काई दिएको पाइयो । माओवादीद्वारा जनताले विक्रि गर्ने खाद्यान्न, खसीबोका, घिउ, मह आदि सदरमुकाम ल्याउन प्रतिवन्ध लगाएको पाइयो । जसले गर्दा पेसा व्यवसाय गर्ने हक, स्वतन्त्रताको हक र आर्थिक अधिकारको उपभोगमा असर परेको देखियो । माओवादीहरूले विभिन्न जिल्लामा गरेको यातायात बन्दी र नाकाबन्दी आदिले गर्दा सर्वसाधारणलाई खाद्यान्न, औषधि, लगायत दैनिक उपभोग्य सामानको ओसारपसारमा तथा स्वास्थय उपचार निमित्त एक स्थानबाट अर्को स्थान जान समेत अपठ्यारो परको पाइयो । जिल्लामा दरबन्दी अनुसार डाक्टरहरू नहुँदा स्थानीय जनताले स्वास्थ्य सुविधाबाट वञ्चित रहनु परेको पाइएको छ । केही जिल्लाहरूमा स्वास्थ्य कार्यकताको घरमा समेत माओवादीले तालाबन्दी गर्ने गरेको पाइएको छ । कतिपय स्वास्थ्य केन्द्रमा औषधिको समेत अभाव रहेको पाइएको छ ।

कतिपय ठाउँमा शसस्त्र द्वन्दका कारण सर्वसाधारणले आफ्नो सम्पत्तिको अधिकार उपभोग गर्नबाट बन्चीत भएका छन् । माओवादी र सुरक्षा फौज बीचको दोहोरो भिडन्तमा सरकारी सम्पत्ति, सार्वजनिक एवम् शैक्षिक

सम्पत्ति र व्यक्तिगत सम्पत्ति समेत नोक्सान हुने गरेको पाइयो । सर्वसाधारणको घर, सवारी साधन, सरकारी वा सार्वजनिक घरमा बम प्रहार गर्नाले समेत सम्पत्तिको नोक्सान हुने गरेको पाइएको छ । यसका साथै माओवादी एवम् सुरक्षा निकायले पनि सर्वसाधारणका सवारी साधन समेत पटक पटक आफ्नो नियन्त्रणमा लिने र सोको उचित क्षतिपूर्ति समेत नदिने गरेको पाइएको छ ।

ने.क.पा. माओवादीहरूले कतिपय सर्वसाधारणका घरहरू आफ्नो कब्जामा लिने, घरमा ताल्चा लगाइदिने, घरभित्रको सरसामान र सम्पत्ति आफ्नो कब्जामा लिने अन्नपात, बोट विरुवाहरू आफ्नो कब्जामा लिने जस्ता कार्य गरेको पाइयो । माओवादीले विभिन्न आरोप लगाई भारी रकम जरीवाना गर्ने, मासिक रूपमा जवरजस्ती रकम लिने गरेको पाइएको छ जसले गर्दा व्यक्तिलाई आफ्नो सम्पत्तिको उपभोग गर्नमा वाधा परेको देखिएको छ ।

बोक्सीको आरोपमा गाँउबाट निकाला गरेको, दिशा खुवाई जिउमा दलेर सार्वजनिक स्थलमा बेइजती गरेको कुटपीट गरी दाँत भाँचेको, घरबाट निकालेको, वहु विवाह गरेको जस्ता तथ्यहरू अनुगमनबाट प्राप्त भएका छन् । सुरक्षाकर्मी एवम् नेकपा माओवादीबाट समेत सर्वसाधारण महिलाहरूको हत्या गरेको, अपहरण गरेको र यौन शोषण गर्ने गरेको घटनाहरू प्राप्त भएका छन् ।

छुवाछुतका नाममा जातीय विभेद गरेको, कुवाको पानी छोएको आरोप लगाइने गरेको, तल्लो जातका मानिस होटल भित्र पसेको भनि कुटपीट गरेको तथा पंधेरोको पानी छोएको भनी कुटपिट गरेको घटनाहरू प्राप्त भएका छन् । तल्लो जातकी सँग विवाह गरेको भनि वाबुलाई गाँउबाट वहिस्कार गरेको जस्ता यावत मानवता विरोधी घटना समेत हुने गरेको पाइएको छ ।

## खण्ड - ३

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध

मानव अधिकार आयोग ऐन, २०५३ द्वारा निर्दिष्ट स्वतन्त्र एवम् स्वायत संस्था भएको र मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने गहन कार्य आयोगको एक्लो प्रयासले मात्र संभव नहुने हुदाँ यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग, सद्भाव तथा सहकार्यको महत्वपूर्ण भूमिका रहने कुरालाई मध्येनजर गर्दै आयोगले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सौहाद्रपूर्ण सम्बन्ध कायम गर्दै आएको छ। यस प्रतिवेदन अवधिमा आयोगद्वारा कायम गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई देहाय बमोजिम चर्चा गरिएको छ।

## ३.१ राष्ट्रिय सम्बन्ध

मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राष्ट्रिय सम्बन्धको महत्वपूर्ण भूमिका रहने भएको हुनाले आयोगले श्री ५ को सरकार, विभिन्न मन्त्रालय, सुरक्षा निकाय, नागरिक समाजलगायत समाजका प्रबुद्ध वर्गहरूसँग छलफल, अन्तर्क्रिया एवम् सहकार्यका माध्यमबाट सम्बन्ध कायम राख्दै आएको छ। आयोगलाई ऐनद्वारा निर्दिष्ट भूमिका निर्वाहमा समेत यस्ता विभिन्न राष्ट्रिय सरोकारवाला समूहहरूबाट प्राप्त हुने सुझाव एवम् सल्लाहले महत्वपूर्ण सहयोग पुऱ्याइरहेको छ। यसैकारण आयोग राज्यभित्रका विभिन्न निकाय, संघसंस्था एवम् प्रबुद्ध वर्गसँग सन्तुलित सम्बन्ध राख्न प्रयत्नशील रहदै आएको छ। आयोगको राष्ट्रिय सम्बन्धलाई देहायका वुँदामा सक्षिप्त चर्चा गरिएको छ।

### ३.१.१ श्री ५ को सरकारसँगको सम्बन्ध

मानव अधिकारको संरक्षणको प्रमुख दायित्व श्री ५ को सरकारमा रहने र आयोगले मानव अधिकारको सम्वन्धमा गरेको शिफारिसहरु र निर्देशनहरु कार्यान्वयन गर्नुपर्ने, आयोगलाई आवश्यक पर्ने बजेट, आयोगले माग गरेका जानकारीहरु उपलब्ध गराउनुपर्ने र आयोगको काम कारवाहीमा सहयोग पुऱ्याउनु पर्ने समेत दायित्व श्री ५ को सरकारमा रहेकोले आयोग र श्री ५ को सरकारका सम्वन्धित निकायहरु बीच निरन्तर सम्पर्क भइराख्नु पर्ने हुन्छ। साथै मानव अधिकारका विषयमा सम्वन्धित निकायको क्षमता अभिवृद्धि गर्ने कार्य आयोगले गर्नुपर्ने हुदाँ श्री ५ को सरकारसंगको सम्वन्धलाई महत्व दिइएको छ।

श्री ५ को सरकार अन्तर्गतका गृह मन्त्रालय, सशस्त्र प्रहरी बल, शाही नेपाली सेना तथा जनपद प्रहरीमा मानव अधिकार सम्बन्धी कार्य हेर्न छुट्टै मानव अधिकार सेल गठन भएपछि मानव अधिकारको संरक्षण र सम्वर्द्धनको विषयमा प्रत्यक्ष सम्बन्ध स्थापित गर्न सरल भएको छ। त्यसैगरी सरकारद्वारा आफना मातहतका निकायसँगको समन्वय एवम् आयोगको सिफारिस कार्यान्वयनकालागि समेत कार्य गर्ने गरी गठन गरिएको मानव अधिकार प्रवर्द्धन केन्द्रसँग पनि सकारात्मक सम्बन्ध कायम रहदै आएको छ।

तर आयोगले जानकारी लिन चाहेका विषयहरूमा समयमै जानकारी उपलब्ध नगराइदिने तथा आयोगले गरेका निर्णयहरूको कार्यान्वयन सरकारले समयमै नगर्ने परम्परा कायम नै छ। कतिपय अवस्थामा कार्यपालिका लगायतका श्री ५ को सरकारका पदस्थ व्यक्तिहरूले आयोगलाई सरकारको अंगका रूपमा भनेर विभिन्न वक्तव्य जारी गरिदाँ सर्वसाधारणहरूमा अन्यौलता सृजना समेत भएको पाईन्छ र यसले आयोगको स्वतन्त्रतामा

समेत आँच पुग्ने भएकोले यस्तो भ्रम सृजना नर्गन श्री ५ को सरकारमा अनुरोध गर्दै आइरहेको छ । यस प्रतिवेदन अवधिमा सरकारले आयोगलाई उपलब्ध गराएको वार्षिक बजेटमा बृद्धि गरेकोले आयोगलाई केही मात्रामा भएपनि राहत महशुस भएको छ ।

## ३.१.२ सुरक्षा निकायसँगको सम्बन्ध

मानव अधिकार संरक्षणका क्रममा आयोगले सुरक्षा निकाय अन्तर्गत जनपद प्रहरी, शसस्त्र प्रहरी बल तथा शाही नेपाली सेनासँग विभिन्न स्तरमा सम्बन्ध कायम गर्दै आएको छ । यसै क्रममा आयोगले गोष्ठी, अन्तरक्रिया, तालिम लगायतका कार्यक्रमहरूमा समेत सहयोग र समन्वय कायम गर्दै आएको छ ।

शाही नेपाली जङ्गी अड्डाको मानव अधिकार सेलबाट माओवादीहरूद्वारा भएका सैनिक व्यक्तिहरूको अपहरण, जागीर छोड्नकालागि दिएका धम्की एवम् निजहरूको परिवारलाई घर छाड्न दिइने धम्की तथा विस्थापित गराइएको भन्ने जस्ता घटनाहरूको सम्बन्धमा आवश्यक पहल गर्न आयोग समक्ष पत्राचार समेत गर्ने गरिएकोमा आयोगले आवश्यक पहल गर्दै आएको छ । आयोगले आफ्ना कार्यक्रमहरूमा सुरक्षा निकायका प्रतिनिधिहरूलाई आमन्त्रण गरी छलफल गर्ने समेत गर्दै आइरहेको छ । यसैगरी शाही नेपाली सेना र नेपाल प्रहरीका अधिकारीहरूलाई मानव अधिकार तथा मानवीय कानुनको तालिम समेत दिइदै आएको छ । त्यसैगरी आयोगले सुरक्षा निकायबाट समेत संचालित विभिन्न तालिमहरूमा आयोगका पदाधिकारी एवम् कर्मचारीलाई श्रोत व्यक्तिको रूपमा पठाउदै आएको छ । आयोगको सुरक्षा निकायसँग मानव अधिकारको संरक्षण र संवद्धनका सवालमा सम्बन्ध राम्रो भएपनि कतिपय अवस्थामा आयोगको कामकारवाहीमा पूर्ण सहयोग प्राप्त हुन सकेको छैन । विशेषगरी बन्दी गृहको अनुगमन क्रममा यस्ता समस्याहरू देखा परेका छन् जसले गर्दा आयोगलाई आफ्नो कर्तव्य निर्वाह गर्न असजिलो भएको छ ।

## ३.१.३ राजनैतिक दलहरूसँगको सम्बन्ध

मानव अधिकारको संरक्षण र सम्वर्द्धन कार्यमा राजनैतिक दलहरूको महत्वपूर्ण भूमिका रहने कुरालाई मनन गर्दै आयोगले समय समयमा राजनैतिक दलहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्दै आएको छ । राजनैतिक दलहरूद्वारा सञ्चालन गरिएका विभिन्न राजनैतिक कार्यक्रमहरूको अनुगमन गर्नुका साथै आन्दोलनका क्रममा हिरासतमा लिइएका राजनैतिक दलका नेता तथा कार्यरतहरूसँग भेटघाट गरी उनीहरूको अवस्थाको सम्बन्धमा जानकारी हासिल गरी यस सम्बन्धमा सरकारलाई महत्वपूर्ण सिफारिस समेत गर्दै आएको छ । यस प्रतिवेदन अवधिमा राजनैतिक दलको कार्यालयमा गरिएको तोडफोड, राजनैतिक दलका नेताहरू मध्यरातमा गरिएको गिरफतारी, संकटकालमा राजनैतिक दलका नेता तथा कार्यकर्ताहरूलाइ घरैमा नजरबन्दीमा राखिएकोमा आयोगले लगातार अनुगमन गरी यर्थाथ प्रतिवेदन सार्वजनिक गनुका साथै सम्बन्धित निकायको ध्यानाकर्षण गरीएको थियो । राजनैतिक दलका समारोहहरूमा आयोगका पदाधिकारीहरूलाई समेत वोलाउने परम्परा रहिआएको छ । मानव अधिकार उल्लघंनका विषयमा राजनैतिक पार्टीहरूबाट प्राप्त उजुरीहरू उपर आयोगले छानबिन तथा अनुसन्धान गर्दै आएको छ ।

## ३.१.४ न्यायिक निकायसँगको सम्बन्धमा

आयोगद्वारा सम्मानीत सर्वोच्च अदालत, नेपाल अधिकाराज्यका महान्यायाधिवक्ताको कार्यालय एवम् अन्य न्यायिक निकायसँग सम्बन्ध कायम गर्दै आएको छ । बन्दीप्रत्यक्षीकरण सम्बन्धी केही मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतद्वारा आयोगलाई अनुसन्धान गरी प्रतिवेदन प्रस्तुत गर्न आदेश दिनुका साथै ऐन नियमको पुनरावलोकन गर्ने कार्यमा समेत आयोगलाई महत्वपूर्ण स्थान दिदै आएको छ । आयोगका जिल्ला, क्षेत्रीय तथा केन्द्रीय स्तरमा हुने कार्यक्रमहरूमा न्यायिक निकायहरूका व्यक्तिहरूबाट सहयोग एवम् समन्वय रहदै आएको

छ। संकटकालीन अवस्थामा समेत आयोगले न्यायिक निकायहरूमा गई सर्वासधारण एवम् कानुन व्यवसायीले अदालतमा स्वतन्त्र पहुँच पाएको वा नपाएको विषयमा समेत जानकारी लिएको थियो । कतिपय न्यायिक निर्णयहरूमा आयोगका प्रतिवेदनहरूलाई प्रमाणका रूपमा लिई फैसला समेत गरेको पाइन्छ जसले गर्दा पनि सम्बन्ध सुमधुर बनाउन सरल भएको छ । न्यायलयले गरेका बन्दी प्रत्यक्षीकरणका निर्णयहरूको कार्यान्वयनका आयोगले सम्बन्धमा अनुगमन गरेको थियो भने न्यायलयले गरेका फैसलाको कार्यान्वयन गर्न सरकारलाई पटक पटक ध्यानाकर्षण गर्दै आएको छ ।

## ३.१.५.गैर सरकारी संघ-संस्थासँगको सम्बन्ध

आयोगले मानव अधिकारका क्षेत्रमा काम गर्ने विभिन्न गैर सरकारी संघ-संस्थाहरू, पेशागत सङ्गठनहरू, नागरिक समाजसँग मिलेर मानव अधिकार संरक्षण र सम्वर्द्धनमा विभिन्न कार्य गर्दै आएको छ । यस प्रतिवदेन अवधिमा पनि मानव अधिकार दिवस मनाउनेदेखि लिएर देशको समग्र मानव अधिकार स्थितिको अनुगमन, स्थलगत अध्ययन भ्रमण जस्ता कार्यहरूमा समेत मानव अधिकारका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूबाट आयोगले महत्वपूर्ण सहयोग प्राप्त गरेको छ । यसका साथै मानव अधिकार उल्लंघनका घटनाहरूका बारेमा आयोगलाई जानकारी उपलब्ध गराउने, उजुरी पठाउने लगायत तालिम तथा अन्तरक्रिया कार्यक्रमहरूमा समेत गैरसरकारी संस्थाहरूले आयोगलाई महत्वपूर्ण सहयोग उपलब्ध गराउदै आएका छन् ।

आयोगद्वारा विभिन्न मानव अधिकारवादी गैर सरकारी संस्थाहरूको अनुरोधमा मानव अधिकार तालिममा स्रोत व्यक्ति उपलब्ध गराइदिने, छलफल कार्यक्रममा सहभागी भइदिने लगायत मानव अधिकारका विभिन्न सवालहरूमा महत्वपूर्ण सहयोग पुऱ्याउदै आएको छ । आयोगले सञ्चालन गरेका अनुगमन, अनुसन्धान तथा अध्ययन, महासन्धिको छायाँ प्रतिवेदन लेखन सम्बन्धी तालिममा नागरिक समाजका प्रतिनिधिहरूलाई सहभागी गराउनुका साथै अन्य प्रवर्द्धनात्मक कार्यमा समेत गैरसरकारी संस्थाहरूसँग समय समयमा सहकार्य गर्दै आएको छ । त्यसैगरी कानुन पुनरावलोकन सम्बन्धी कार्यहरूमा समेत गैर सरकारी संस्थाहरूबाट महत्वपूर्ण सल्लाह एवम् सुझाव प्राप्त भएको छ ।

आयोगको टोली जिल्ला तथा गाउँ गाउँमा अनुगमनका क्रममा जादाँ समेत मानव अधिकारवादी संघसंस्था लगायत स्थानिय नागरिक समाजले आयोगलाई सूचनाहरू उपलब्ध गराउने गरेका छन् जसले गर्दा आयोगको मावन अधिकार संरक्षण कार्यमा सहयोग प्राप्त भएको छ । संकटकालको घोषणा भएको लगत्तै नागरिक समाजका प्रतिनिधिहरू आयोगमा आई मानव अधिकार अवस्था र आयोगले चाल्नुपर्ने कदमका सम्बन्धमा ध्यानाकर्षण गराएका थिए भने आयोगले संघसंस्थाहरूको कार्यालयको अवलोकन गरी मानव अधिकार रक्षकहरूको विषयमा जानकारी लिएको थियो ।

## ३.१.६ आमसञ्चारसँगको सम्बन्ध

राष्ट्रिय मानव अधिकार आयोग र आमसञ्चार माध्यममको सम्बन्ध सधैं नजीक रहेको छ । यस सर्न्दभमा आयोगले मुलुकमा मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि आमसञ्चार माध्यमहरूसँग सहकार्य र समन्वय पनि गर्दै आइरहेको छ । आयोगको मूल ध्येयको रूपमा रहेको मुलुकमा मानव अधिकार संस्कृति विकासका लागि आमसञ्चार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन भन्ने आयोगको मान्यता र विश्वास अनुरूप आयोगले त्यस कार्यमा आमसञ्चार माध्यमहरूको भूमिकालाई विशेष जोड पनि दिदै आएको छ ।

यस आर्थिक वर्षमा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा गरेका कार्यहरू एवम् निर्वाह गरेको भूमिकाका विषयमा आमसञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचार, विचार, लेख रचना, टिप्पणी, अर्न्तवार्ता आदिले आयोगका गतिविधिहरूलाई सर्वसाधारणलाई जानकारी गराउने कार्यमा सहयोग पुऱ्याएको छ । आयोग र यसले मानव अधिकार संरक्षण एवम् प्रवर्द्धनका क्षेत्रमा गरेका कार्यहरूबारे राष्ट्रिय, अन्तर्राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरका आमसञ्चार माध्यमहरूले नियमित रूपमा सूचना सामग्रीहरू सम्प्रेषण गरेका छन् । आयोगले कुनै पनि विषय वा घटनाका सम्बन्धमा आयोगले गरेका अनुसन्धान र अनुगमनका प्रतिवेदनहरू पत्रकार सम्मेलन वा प्रेस विज्ञप्ति जारी गरी सार्वजनिक गर्दै आइरहेको छ । आयोगले पाक्षिक रूपमा अङ्ग्रेजी भाषामा प्रकाशन गर्ने इ-बुलेटीन ( अनलाइन संस्करणमा) पनि अन्तर्राष्ट्रिय समुदाय, कुटनीतिक नियोग, दातृ निकायहरू र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्थामा आयोगका गतिविधि तथा उपलब्धिहरूबारे नियमित जानकारी पुऱ्याउने सशक्त माध्यम बनेको छ ।

आयोगले मुलुकमा मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि आमसञ्चार माध्यमहरूसँग सहकार्य र समन्वय पनि गर्दै आइरहेको छ । आयोगको मूल ध्येयको रूपमा रहेको मुलुकमा मानव अधिकार संस्कृति विकासका लागि आमसञ्चार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन भन्ने आयोगको मान्यता र विश्वास अनुरूप आयोगले त्यस कार्यमा आमसञ्चार माध्यमहरूको भूमिकालाई विशेष जोड दिदै आएको छ । सञ्चार माध्यमबाट समेत समय समयमा आयोगलाई आफनो कार्यसम्पादनमा सुधार गर्दै लैजान मार्गनिर्देशन मिलेको छ ।

आयोगसँग सम्बन्धित सामग्रीहरू आमसञ्चारका विभिन्न माध्यमबाट आम समुदायसम्म पुग्दा आयोगको छवि सकारात्मक बनाउन समेत महत्वपूर्ण योगदान पुगेको छ । आयोगले गरेका अनुसन्धान र अनुगमनका सम्बन्धी प्रतिवेदनहरू आवश्यकता अनुसार प्रेस विज्ञप्ति जारी गरी सार्वजनिक गर्दै आइरहेको छ । त्यसैगरी मानव अधिकार उल्लघंनका विभिन्न घटनाहरूमा अनुगमन/अनुसन्धानका लागि सञ्चारकर्मीहरूसँग अन्तरक्रिया गरिएको छ ।

यदाकदा केही सञ्चार माध्यमबाट आयोगका बारेमा प्रकाशित केही सामाग्रीहरूले केही समय अन्यौल सृजना हुन पुगेको भएता पनि समग्र आमसञ्चार माध्यम आयोगका गतिविधिहरूलाई सर्वसाधारण समक्ष पुऱ्याउने कार्यमा महत्वपूर्ण सहयोग पुग्न गएको छ । त्यसैगरी मानव अधिकार आयोग ऐन, २०५३ अनुसार आयोग स्वयंले उजुरी उठान गरी मानव अधिकार उल्लघंनका घटनाका सम्बन्धमा छानबिन तथा अनुसन्धान सम्बन्धी कारवाही अगाडि वढाउनमा आमसञ्चारमा प्रकाशित र प्रशारित समाचार एवम् समाग्रीहरूले महत्वपूर्ण सहयोग पुऱ्याउएको छ ।

सञ्चारकर्मीहरूले आफ्ना हक अधिकारका निमित्त विभिन्न माग राख्दै गरेको प्रर्दशनहरूमा आयोगले लगातार आनुगमन गर्दै आएको छ र उनीहरूका हक हितका निमित्त सरकारलाई सिफारिस समेत गर्दै आइरहेको छ । जसले गर्दा पनि आयोग र सञ्चार जगतसँगको सम्बन्ध प्रगाढ वन्न मद्दत पुगेको छ ।

## ३.२ अन्तर्राष्ट्रिय सम्बन्ध

यस अवधिसम्म आयोगले विभिन्न तह र चरणमा मानव अधिकार तथा विकाससँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय निकाय, मित्र राष्ट्रका राजदूताबास, दातृ निकायहरूलगायत मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने संघसंस्था एवम् विशिष्ट व्यक्तित्वहरूसँग सुसम्बन्ध कायम गर्दै आएको छ। मानव अधिकारको संरक्षण र सम्बन्धी कतिपय महत्वपूर्ण विषयमा अन्तर्राष्ट्रिय विशेषज्ञ सेवा प्राप्त गरी आयोगले आफनो छविलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा उजागर गर्न सफल भएको छ।

जेनेभामा सम्पन्न मानव अधिकार समितिको ६१ औ बैठकबाट पारित भएको प्रस्तावमा नेपालको राष्ट्रिय मानव अधिकार आयोगको सम्बन्धमा उल्लेख गरिएको छ। श्री ५ को सरकारलाई आयोगको स्वतन्त्रता, संस्थागत निरन्तरता र स्थायित्वको सुनिश्चता गर्न एवम् थुनुवा केन्द्रहरूमा पूर्व सूचना विना निर्वाध भ्रमण अवलोकन गर्न अनुमति दिन एवम् आयोग तथा यसका क्षेत्रीय कार्यालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन सिफारिस गरेको छ। आयोगको विभिन्न अन्तर्राष्ट्रिय निकायहरूसँगको सम्बन्धलाई देहाय बमोजिम संक्षिप्त चर्चा गरिएको छ।

### ३.२.१ राष्ट्रिय मानव अधिकार संस्थाहरूको एसिया प्रशान्त मञ्चसँगको सम्बन्ध

एसिया प्रशान्त मञ्चको नेपाल सक्रिय सदस्य भएको नाताले यस वर्ष कारियामा सम्पन्न भएको नवौ वार्षिक सभामा भाग लियो। यस सम्मेलनमा एसिया प्रशान्त मञ्चका १४ वटा सदस्य राष्ट्रहरूको सहभागिता थियो भने पर्यवेक्षकको रूपमा हङकङ्को आयोग, जोर्डनको मानव अधिकार राष्ट्रिय केन्द्र र कतारको मानव अधिकार समिति थिए।

सन २००२ देखी नेपालको आयोग एसिया प्रशान्त मञ्चको तर्फबाट निरन्तर रुपमा मानव अधिकार संस्थाहरुको अन्तर्राष्ट्रिय समन्वय समिति (ICC) मा प्रतिनिधित्व गरिरहेको छ। एसिया प्रशान्त मञ्चले नेपालको आन्तरिक विस्थापनको सवालमा नेपालको मानव अधिकार आयोगलाई सहयोग गर्दै आएको छ। यसै वर्ष एसिया प्रशान्त मञ्चका निर्देशक किरेन फिजप्याटिकले आयोगको भ्रमण गर्नु भएको थियो भने एसिया प्रशान्त मञ्चको तर्फबाट पिप डारगनले समेतले आयोग आई विस्थापितहरूको लागि आयोगबाट भएको पहलको बारेमा जानकारी लिनु भएको थियो।

एशिया प्रशान्त मञ्चले आयोजना गरेका विभिन्न तालिम तथा गोष्ठीहरूमा समेत आयोगका पदाधिकारी तथा कर्मचारीहरूले भाग लिदै आएका छन् भने नेपालको मानव अधिकारको स्थितिको वारेमा समय समयमा आयोगले एसिया प्रशान्त मञ्चलाई जानकारी दिदै आएको छ।

### ३.२.२ कुटनीतिज्ञ नियोगसँगको सम्बन्ध

राष्ट्रिय मानव अधिकार आयोगको कुटनैतिक नियोगहरूसँग सुमधुर सम्बन्ध रहिआएको छ। आयोगका औपचारिक कार्यक्रमहरूमा विभिन्न देशका राजदूतहरू आउने परम्परा रहिआएकोमा यस प्रतिवेदन अवधिमा समेत सहभागिता रह्यो। यो वर्ष नेपालका लागि वेलायत सरकारका विशेषदूत सर जेफ्री जेम्स, दक्षिण एशिया हेर्ने अमेरिकी सहायक विदेश सचिव क्रिस्टिना रोक्का दक्षिण एशिया मामिला सम्बन्धि प्रमुख उपसहायक विदेश मन्त्री डोनाल्ड क्याम्पले समेत आयोगको भ्रमण गरी आयोगले गरेका विविध गतिविधिहरूका वारेमा जानकारी लिनु भएको थियो।

२०६२ जेष्ठमा नयाँ आयोगका पदाधिकारीहरूको नियुक्ति पश्चात् अमेरिकी राजदुत जेम्स मोरीयार्टी, वेलायती राजदूत किथ व्लुमफिल्ड लगायतले आयोगमा पदाधिकारीहरूसँग आई छलफल गर्नु भएको थियो ।

त्यसैगरी आयोगका पदाधिकारी तथा कर्मचारीहरू राजदुतावासले आयोजना गरेका विभिन्न कार्यक्रमहरूमा सहभागी रहँदै आएका छन् । नेपालमा रहेका वेलायत, अमेरिका, डेनमार्क, अष्ट्रेलिया, थाइल्याण्ड, फिनल्याण्ड, स्विजरल्याण्ड र नर्वेका दूतावासहरूसँग आयोगको सुमधुर सम्बन्ध रहिआएको छ । साथै विभिन्न मुलुकहरुले आयोगलाई प्रदान गर्दै आएको आर्थिक सहयोगले आयोगको कामकार्वाहीमा महत्वपूर्ण योगदान गरेको छ ।

यसै वर्ष आयोगका माननीय सदस्य सुशिल प्याकुरेललाई अमेरिकाका ८ जना सिनेटहरूले विशेष आमन्त्रण समेत गरेका थिए, यसले पनि आयोगको सम्बन्धलाई अझ मजबुत बनाएको छ ।

## ३.२.३ अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको सम्बन्ध

नेपालको मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सुमधुर सम्बन्ध राख्दै आएको छ । मानव अधिकारको सं रक्षण र सम्वर्द्धनका निमित्त अन्तर्राष्ट्रिय संघसंस्थाहरूले आयोगलाई सहयोग र समन्वय समेत गर्दै भइरहेका छन् । विशेषत आयोगलाई दातृराष्टहरू यूरोपियन युनियन, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP), डेनिस इन्चिच्यूट अफ ह्युमन राइटस DIHR, बाल बचाउ नर्वे, स्विस सहयोग नियोग (SDC), SNV, क्यानेडियन इन्टरनेशनल विकास ऐजेन्सी (CIDA) लगायतका संस्थाहरूले सहयोग पुऱ्याउदै आएका छन् । आयोगले एमनेष्टी इन्टरनेसनल, रेडक्रसको अन्तराष्ट्रिय समिती, यूरोपिएन कमिसन, यूनिसेफ लगाएत अन्य विभिन्न अन्तराष्ट्रिय सँघ संस्थाहरू सँघ मानव अधिकार संरक्षण, प्रवर्द्धन, अध्ययन लगाएतका क्षेत्रमा सहकार्य गदै आएको छ ।

यसैगरी अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरू ऐम्नेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच, आइ.सि.जे लगायतका संस्थाहरूले समेत आयोगलाई रचनात्मक सुझाव तथा सहयोग गर्दै आइरहेका छन् । यसै सिलसिलामा युरोपियन कमिशनका, प्रतिनिधिहरू ऐम्नेष्टी इन्टरनेशनलको सेक्रेटरी जनरल आइरिन खान, आइ.सि.जे को सेक्रेटरी जनरल निकोलस हावेन तथा एम्नेस्टी इन्टरनेशनलका भूतपूर्व सभापति कोल्मओ कानाचेनले समेतले आयोगको भ्रमण गर्नु भएको थियो । यसै वर्ष संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) का नेपाल स्थित प्रमुख म्याथु कानेले समेत पटक पटक आयोगको भ्रमण गर्नु भएको थियो ।

आयोगले प्रत्येक ६/६ महिनामा दातृराष्ट्रका प्रतिनिधि तथा विकासका सहयोगीहरूसँग देशको मानव अधिकारका अवस्था र आयोगको गतिविधिका सम्बन्धमा जानकारी दिँदै आइरहेको छ । यस्ता भेटघाटले आयोगको काम कारवाहीलाई हौसला समेत प्रदान गरेको छ ।

## ३.२.४ संयुक्त राष्ट्रसंघिय मानव अधिकार उच्चायुक्तको कार्यालयसँगको सम्बन्ध

विगतका वर्षहरू झै यस प्रतिवेदनको अवधिमा संयुक्त राष्ट्रसंघिय मानव अधिकार उच्चायुक्तको कार्यालयसँग मानव अधिकार आयोगको सम्बन्ध प्रगाढ नै रऱ्यो । विगतमा संयुक्त राष्ट्रसंघिय उच्चायुक्तसँग श्री ५ को सरकार ले नेपालको आयोगलाई प्राविधिक सहयोग उपलब्ध गराउने सम्बन्धको समझदारी पत्रमा हस्ताक्षर गरेको थियो तर यस वर्ष संयुक्त राष्ट्र संघिय मानव अधिकार आयोगको ६१ औं बैठकको क्रममा श्री ५ को सरकार र उच्च आयुक्त कार्यालय वीच नेपालमा एक छुट्टै कार्यालय खोल्ने र प्रत्यक्ष अनुगमन, अनुसन्धानको जिम्मेवारी दिइएपछि नेपालको आयोगलाई सहयोग गर्ने विषयमा अघिल्लो वर्ष गरेको समझदारी खारेज भएता पनि आयोगलाई निरन्तर सहयोग दिने प्रतिवद्धता चाहि व्यक्त भएको छ । हाल उच्चायुक्तको छुट्टै कार्यालय समेत स्थापना भइ यसले काम समेत सुरु गरिसकेको छ । उच्चायुक्तको कार्यालयको स्थापनाले आयोगको

कामकार्वाहीमा सहयोग नै पुर्‍याउने छ भन्ने अपेक्षा गरिएको छ र उक्त कार्यालय र आयोग बीच कार्यगत सम्नवय र समझदारी कायम गरि मानव अधिकारको संरक्षणको साझा उदेश्यलाई कार्य रुपमा परिणत गर्न आगामी वर्षमा विशेष ध्यान दिनु पर्ने देखिएको छ। यसै उद्देश्यलाई ध्यानमा राखी सो कार्यालयका प्रमुख इयान मार्टिन, अन्य पदाधिकारीहरू र आयोगका पदाधिकारीहरूका बीचमा लगातार छलफल भइरहेको छ।

यसै वर्ष संयुक्त राष्ट संघीय महामहिम उच्चायुक्त लुइस आर्वरले आयोगले आयोजना गरेको शान्ति सम्मेलनमा समेत भाग लिनु भएको थियो। त्यसैगरी संयुक्त राष्ट्रसंघ मातहतको जवरजस्ती बेपत्ता हेर्ने कार्यदल प्रमुख समेतले आयोगमा आई नेपालमा बेपत्ताको स्थितिका सम्बन्धमा जानकारी लिनु भएको थियो। त्यसैगरी यसै वर्ष उच्चाययुक्तको कार्यालय जेनेभाको राष्ट्रिय संस्थाको प्रमुख ओरेष्ट नौसाद र मानव अधिकार विज्ञ नोह्यान क्वाक समेतले आयोगमा भ्रमण गर्नु भएको थियो। यसैगरी राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा पदाधिकारीहरूको टोलिले संयुक्त राष्ट्रसंघको मानव अधिकार आयोगको ६१ बैठकमा नेपालको मानव अधिकारको वर्तमानको स्थितिको बारेमा प्रकाश पार्नु भएको थियो।

# खण्ड - ४
# आयोग अन्तर्गतका परियोजनाहरू

यस प्रतिवेदन अवधिमा आयोगद्वारा संचालित परियोजनाका सम्बन्धमा देहाय बमोजिम चर्चा गरिएको छ ।

## ४.१ राष्ट्रिय मानव अधिकार आयोगको क्षमता विकास परियोजना

आयोगले शिक्षा, तालिम तथा पहुँच विस्तार, मानव अधिकार अनुगमन तथा अनुसन्धान लगायतका ऐन प्रद्धत दायित्व निर्वाह गर्नमा क्षमता विकास गर्ने उद्देश्यले आयोगमा क्षमता विकास परियोजना सञ्चालन भइरहेको छ । यस परियोजनाद्वारा आयोगको क्षमता अभिवृद्धि गर्नका निमित्त क्यानडा, डेनमार्क, अर्ष्टेलिया, फोर्ड फाउनडेसन, फिनल्याण्ड, संयुक्त अधिराज्य, नर्वे, स्वीजरल्याण्ड, यु.एस.ए.आइ.डी, युनिसेफ लगायतका दातृ राष्ट तथा सस्थाहरूको सहयोग रहेको छ । यस परियोजनाका तीन मुख्य क्रियाकलापहरूमा शिक्षा, तालिम तथा पहुँच विस्तार सम्बन्धी कार्यक्रममार्फत मानव अधिकारको प्रवर्द्धन गर्ने, उजुरी तथा अनुसन्धान संयन्त्रमार्फत मानव अधिकार संरक्षण गर्ने, अनुगमन तथा परामर्शदातृ कार्य मार्फत सरकारलाई मानव अधिकार संस्कृति निर्माण गर्न र मानव अधिकार सम्बन्धी ऐन कानुन तथा नीतिहरूको प्रभावकारी परिपालनमा सरकारलाइ सहयोग पुऱ्याउने रहका छन् ।

देशको विद्यमान द्वन्द्वपूर्ण अवस्थालाई मध्यनजर गर्दै हाल विद्यमान मानव अधिकारका समस्याहरूको सम्वोधन गर्नकालागि अझ व्यापक रूपमा अनुगमन गर्न संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमसँग समन्वय गरी परियोजनाको पुनर्मूल्याङ्कन गर्ने कार्य सम्पन्न भएको छ । यस प्रतिवेदन अवधिमा मानव अधिकार संरक्षणका निमित्त क्षमता अभिवृद्धि गर्न संयुक्त राष्ट संघ उच्चायुक्तको कार्यालयले दुई जना अन्तराष्ट्रिय परामर्शदाता समेत उपलब्ध गराएको थियो । यसैगरी आयोगको उजुरी तथा अनसुन्धान प्रक्रियालाई छिटो छरितो बनाउन तथा मानव अधिकारको अवस्थाको प्रभावकारी अनुगमन गर्नका निमित्त कर्मचारीहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय विशेषज्ञद्वारा तालिम उपलब्ध गराइएको थियो । यसैगरी यस परियोजनाले कमप्युटर मार्फत उजुरी व्यवस्थापन सफ्ट वेयरको निर्माण गर्नमा समेत महत्वपूर्ण सहयोग पुयाएको थियो । परियोजनाले देशमा रहेको विद्यमान कानुनहरूको पुनरावलोकन गर्नका निमित्त आयोगलाई परामर्शदाता उपलब्ध गराउने लगायत अन्य आवश्यक सहयोग गरको थियो । यसै वर्ष मानव अधिकार आयोग भित्र मानव अधिकार प्रलेखीकरण तथा सूचना केन्द्रको स्थापना गर्न समेत परियोजनाले आवश्यक सहयोग गर्दै रहेको छ । मानव अधिकार प्रवर्द्धन गर्नका निमित्त श्रव्य दृष्य समाग्रीको निर्माणमा समेत परियोजनाले आवश्यक सहयोग उपलब्ध गराएको थियो भने वार्षिक प्रतिवेदनलाई विभिन्न भाषामा अनुवाद गर्न समेत सहयोग गरेको थियो ।

## ४.२ चेलीबेटी बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय स्थापना सम्बन्धी परियोजना

चेलीवेटी बेचबिखन तथा ओसार पसार जस्तो निकृष्ट अमानवीय र मानव अधिकार हनन हुने कार्यलाई रोकथाम गरी नेपाली महिलालाई मानवोचित हक दिन र सुरक्षा गर्न महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र आयोग वीच सम्झौता भई भाद्र २०६० मा चेलीवेटी बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय स्थापना गरिएको छ । बेचबिखन/ओसारपसार र यससँग सम्बन्धित गैर कानुनी बसाईसराई, एच. आई. भी./एड्स जस्ता जोखिमता सम्बन्धमा अवधारणात्मक स्पष्टता ल्याउने, बेचबिखन/ओसारपसार सम्बन्धी घटनाहरूको अनुगमन गर्ने, बेचबिखन/ओसारपसार विरुद्ध लड्न राष्ट्रिय, क्षेत्रीय तथा अन्तरर्राष्ट्रिय प्रयत्नहरूमा समन्वय कायम गर्ने तथा महिला तथा बालाबालिकाहरूको मानव अधिकारको स्थितिमा सुधार ल्याउन उच्चस्तरीय प्रतिबद्धता परिचालन गर्ने प्रमुख उद्देश्य लिइ स्थापना गरिएको हो । यस प्रतिवेदन अवधिमा यस कार्यालयको लागि नीति निर्देशन दिनको लागि सहजीकरण गर्न आयोगका सम्मानननीय अध्यक्षको अध्यक्षतामा आयोगका सचिव, बेचबिखन विरुद्ध संयुक्त राष्ट्र संघीय कार्यदलका प्रतिनिधि, जीत परियोजनाका राष्ट्रिय कार्यक्रम निर्देशक सदस्य र राष्ट्रिय समाधीक्षक सदस्य सचिवको रूपमा रहेको मानव बेचबिखन/ओसारपसार विरुद्ध नीति निर्देशक कमिटीको गठन गरिएको थियो । यस कमिटीले विभिन्न समयमा बैठक गरी आवश्यक नीति तथा निर्देशनहरू प्रदान गरेको छ ।

यस प्रतिवेदन अवधिमा चेलीबेटी बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालयले मानव बेचबिखन नियन्त्रणको लागि गरेका प्रयासहरु, बेचबिखन सम्बन्धी चेतनामूलक कार्यक्रमहरु तथा अध्ययन अनुसन्धान सम्वन्धी गतिविधिलाई देहाय बमोजिम संक्षिप्त चर्चा गरिएको छ ।

राष्ट्रिय समाधीक्षकको कार्यालयले नेपालमा मानव बेचबिखनको परिभाषामा सरोकारवालाहरू बीच पनि एउटै मत नरहेको स्थितिलाई मध्यनजर गर्दै नेपालभरि एउटै परिभाषा प्रयोग भएमा मानव बेचबिखन विरुद्धको कार्यमा अन्यौलता तथा परिभाषाले सिर्जित अनेकतालाई एकरूपतामा ल्याउने उद्देश्यले विभिन्न सरोकारवालाहरूसँगको सुझाव अनुसार कार्यशाला गोष्ठी सञ्चालन गरियो । सो गोष्ठीबाट सिर्जित परिभाषालाई बेचबिखन विरुद्ध काम गर्दै आउनु भएका वरिष्ठ व्यक्तित्वहरूलाई संलग्न गरिएको प्राविधिक कमिटीबाट परिमार्जित आयोगको निर्णय निम्न परिभाषामा निर्धारण गरिएको छ ।

**"मानव बेचविखन भन्नाले"** कुनै पनि मानवलाई देश भित्र वा बाहिर, आर्थिक लाभ वा अन्य लाभ लिने उद्देश्यले ललाई, फकाई वा डर, बल प्रयोग गरी वा दबाब दिइ, अन्य प्रकारले जोरजुलुम गरी वा अपहरण गरी वा छलकपट गरी वा धोका दिई वा अधिकारको दुरुपयोग गरी वा जोखिम अवस्थाको फाइदा लिइ वा प्रलोभनमा पारी वा अन्य कुनै तरीकाले परिपञ्च मिलाई नियन्त्रणमा राख्ने व्यक्तिले नियन्त्रणमा रहेको व्यक्तिको स्वीकृति लिई वा नलिई जुनसुकै किसिमको शोषणको लागि ओसारपसार वा भर्ना वा किनबेच वा स्थानान्तरण (हस्तान्तरण) वा आश्रय प्रदान गर्नु वा व्यक्तिलाई आफ्नो नियन्त्रणमा लिनु वा त्यस्तो गर्ने व्यक्तिलाई सहयोग पुऱ्याउनु भन्ने बुझिन्छ ।

**"शोषण"** भन्नाले बालबालिकाको हकमा सहमति लिएर पनि वा अन्य व्यक्तिको हकमा सहमति बिना यौन व्यवसायमा लगाई वा अन्य प्रकारले गरिने यौन शोषण; वा घरेलु कामदार वा सर्कसमा प्रयोग वा छलकपटयुक्त विवाह वा उँट सवार (क्यामल जकिङ्ग) वा अन्य कार्यको लागी बाध्यात्मक वा बँधुवा वा दासता वा दासतापूर्ण श्रम वा सेवाको लागी उपयोग गर्नु/गराउनु; वा शरीरका अंगहरु निकाल्नु वा ग्रहण गनु; वा नेपालको संविधान, ऐन, कानून वा नेपाल पक्ष भएको अर्न्तराष्ट्रिय सन्धि, सम्झौतामा उल्लिखित अन्य गैरकानूनी श्रम गर्नु /गराउनु समेतलाई बुझाउँछ ।

- वेश्यावृतिको लागि महिला तथा बालबालिका बेचबिखन/ओसारपसार विरुद्धको सार्क महासन्धि सार्कका सदस्य राष्ट्रहरूमध्ये ६ वटा नै राष्ट्रहरूले अनुमोदन गरिसकेको तर नेपालबाट अनुमोदन गर्न बाँकी रहेको "दक्षिण एसियामा बाल कल्याण प्रवर्द्धनका लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि, सन् २००२" पनि नेपाल र पाकिस्तानले अनुमोदन गर्न बाँकी रहेका अवस्थामा यी दुवै महासन्धिहरूलाई नेपालले पनि अनुमोदन गराउनको लागि भूमिका खेल्ने सन्दर्भमा मिति २०६१/१२/१२ गते सार्क सचिवालयका निर्देशकसँग भेटी यस विषयमा छलफल गरिएको थियो भने सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरूको सहभागितामा छलफल आयोजना गरी सहभागिहरूको सुझावको आधारमा श्री ५ को सरकारमा पत्र पठाई अनुगमनका लागि अनुरोध गरिएको थियो ।
- यस कार्यालयले आफ्नो बार्षिक कार्ययोजना अनुसार मकवानपुर र चितवन जिल्लामा महिला तथा बालबालिकाको अधिकारको स्थितिको अनुगमन गर्ने सिलसिलामा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, प्रहरी महिला सेल, जिल्ला अदालत, नेपाल बार एशोसियसन, जिल्ला विकास समिति, महिला विकास शाखा, सञ्चारकर्मी, महिला तथा बालबालिकाहरूको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्था लगायत स्थानीय व्यक्तिहरूबाट जानकारी लिने समेत कार्य गरी त्यहाँबाट आएका तथ्यहरूका आधारमा आयोगमा प्रतिवेदन पेश गरेको थियो ।
- यस कार्यालयको प्राविधिक कमिटीका सदस्यहरू लगायत राष्ट्रिय समाधीक्षकको संलग्नता रहेको टोलीले मिति २०६१/०५/०७ गते विभिन्न पुनर्स्थापना केन्द्रहरू अवलोकन गरेको थियो । नेपालमा बेचिएका मानिसहरूको उद्धार गर्न, पुनर्स्थापना गर्न, पुनरकीकरण गर्न कुनै पनि नीति नियम नभएको स्थितिमा कस्तो नीति नियम उपयुक्त हुन सक्ला भन्ने जानकारी हासिल गर्न उक्त भ्रमण गरिएको थियो । सो भ्रमणले प्रारम्भिक जानकारी प्राप्त गर्न मद्धत गर्नुका साथै यस विषयमा गहन अध्ययन हुनुपर्ने निर्क्यौल निकालेको थियो ।

- राष्ट्रिय मानव अधिकार आयोगले बचपन बचाओ आन्दोलन नामक भारतको एक संस्थाबाट प्राप्त पत्रको आधारमा मिति २०६१/०४/१९ गते गरेको निर्णय अनुसार सर्कसबाट फर्काइएका १३ जना महिला तथा बालबालिकाहरूको स्थिति अध्ययन गर्नको लागि बाल मजदुर सरोकार केन्द्र र मकवानपुर जिल्ला बाल कल्याण समितिका एकजना प्रतिनिधि सम्मिलित एक टोली मिति २०६१/०४/२० देखि २०६१/०४/२३ सम्म मकवानपुर जिल्लामा पठाइएको थियो । अध्ययन टोलीले प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय, महिला प्रहरी सेल, सर्कसबाट फर्किएका बालबालिका तथा उनीहरूका अभिभावकहरू र बालबालिकाहरूलाई भारतको सर्कसबाट उद्धार गरेपछि नेपालमा जिम्मेवारी लिने संस्था नेपाल बाल कल्याण संस्थासँग प्रत्यक्ष रूपमा भेटघाट गरी प्रश्नावलीको माध्यमबाट प्राप्त भएका तथ्यहरूका आधारमा प्रतिवेदन तयार गरी आयोगमा पेश गरेको थियो ।

- यस प्रतिवेदन अवधिमा यस कार्यालयले महिला तथा बालबालिकाको हक, हित संरक्षणको लागि विभिन्न अध्ययन अनुसन्धान गरेको छ । नेपालका सम्पूर्ण महिला प्रहरी सेलहरूमा गरिएको मानव अधिकार स्थिति सम्बन्धी अनुसन्धान गरी तयार परिएको प्रतिवेदन २०६१/१०/०६ मा सार्वजनिक गरिएको थियो । त्यसै गरी अर्न्तराष्ट्रिय श्रम सँगठनको सहयोगमा क्याबिन, डान्स तथा दोहोरी रेष्टुरेन्टहरूमा काम गर्ने महिलाहरूको मानव अधिकारको हनन तथा बेचबिखनमा पर्ने संभावना सम्बन्धी अध्ययन गरी प्रकाशनको लागि अर्न्तराष्ट्रिय श्रम सँगठनमा पठाइसकिएको छ ।

- मिति २०६१/०५/५ र ६ गते "मानव बेचबिखन विरुद्ध गरिएको कार्यहरूको सूचना संकलन व्यवस्था" विषयक मध्यमाञ्चल विकास क्षेत्रीय कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । सो गोष्ठीको मुख्य

उद्देश्य मानव बेचबिखन विरुद्ध भएका कार्यहरूलाई लेखाजोखा गर्न, सूचना संकलन गर्न, संस्थगत संजालको व्यवस्था, समन्वय र स्थानीय स्तरदेखि केन्द्रीय स्तरसम्म सूचना प्रवाह गर्ने प्रक्रियागत व्यवस्था वारे सुझावहरू संकलन गरिएको थियो ।

- मिति २०६१/०९/१२ गते महिला तथा बालबालिकालाई शिक्षा दिएर उनीहरूको क्षमता अभिवृद्धि गर्दै कसरी बेचबिखनबाट उनीहरूलाई बचाउन सकिन्छ भन्ने उद्देश्यले शिक्षा सम्बन्धी कार्य गर्ने संस्थाहरूसँग छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

- मिति २०६१/०९/०९ गते मानव बेचबिखन र एच.आई.भी/एड्स लगायत अन्य प्रजनन स्वास्थ्यबीचको सम्बन्धमा धारणागत स्पष्टता ल्याउनको लागि एच.आइ.भी/एड्स, प्रजनन स्वास्थ्य र बेचबिखन सम्बन्धी काम गर्ने संस्थाहरूसँग छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

- चेलीवेटी बेचबिखन तथा ओसारपसार सम्बन्धी स्थितिको लेखाजोखा, राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धता, श्री ५ को सरकार तथा गैरसरकारी संस्थाहरूबाट चेलीवेटी बेचबिखन रोकथामको लागि गरिएका प्रयासहरू, कानुनी व्यवस्थाहरू आदि विषयलाई समेटेर विश्लेषणात्मक राष्ट्रिय प्रतिवेदन तयार गर्ने कार्यको थालनी गरिएको छ ।

## ४.३ आयोगको पहुँच विस्तार परियोजना

मुलुकमा द्वन्द्वका कारण मानव अधिकारको बढ्दो उल्लंघनका घटना घटिरहेको सन्दर्भमा केन्द्रीय स्तरबाट मात्र संरक्षणात्मक कार्य संचालन गर्न कठिनाई महसुश गरी आयोगमा जनताको पहुँच बढाउने उद्देश्यले यूरोपियन आयोग (EU) को सहयोगमा देशका पाँच वटै विकास क्षेत्रहरूमा आयोगका क्षेत्रीय कार्यालयहरू स्थापना गर्ने निर्णय भए अनुसार आयोगले दश प्रतिशित वित्तीय भार आफै वहन गर्ने गरी ३० डिसेम्वर २००३ मा सम्झौता भए अनुरूप मार्च १, २००४ (इ.सं.) बाट लागू हुने गरी दुइ वर्षका लागि "पहुँच विस्तार परियोजना" सुरू भई विभिन्न कार्यहरू गर्दै आइरहेको छ । फेवुवरी २००६ सम्म यस परियोजनाको समयावधि रहेको छ । यस प्रतिवेदन अवधिमा यस परियोजना अन्तर्गत नेपालगञ्ज, विराटनगर र पोखरामा क्षेत्रीय कार्यालय स्थापना भइसकेको छ भने बाँकी एक क्षेत्रमा क्षेत्रीय कार्यालय तथा तीन जिल्लाहरूमा सम्पर्क कार्यालय स्थापना गरिने योजना रहेको छ । आयोगका यी क्षेत्रीय कार्यालयहरूबाट पूर्वाञ्चल विकास क्षेत्रका १६ वटा, पश्चिमाञ्चल विकास क्षेत्रको १६ तथा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको १५ वटा जिल्लाहरूमा आयोगको पहुँच विस्तार हुन गएको छ ।

यी विकास क्षेत्रहरूमा धेरैजसो दुर्गम जिल्लाहरू पर्ने भएकोले आर्थिक, सामाजिक रूपले पिछडिएको वर्ग रहको, दलित जनजातिको संख्या पनि अधिक रहेको तथा द्वन्द्वको कारण हत्या, हिंसा, यातना, शोषणबाट पीडित एवम् विस्थापित व्यक्तिहरुको उजुरीहरूको संख्या पनि यी क्षेत्रमा अत्याधिक रहकोले आयोगका क्षेत्रीय कार्यालयहरु मार्फत छिटो छरितारुपमा छानबिन तथा अनुसन्धान कार्य हुन गई मानव अधिकारको सरक्षण कार्यमा अझ सक्रियता आउने अपेक्षा गरिएको छ । केन्द्रबाट गरिएका मानव अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी निर्णयहरू, नीति निर्देशनको क्षेत्रीय स्तरमा कार्यान्वय गर्न तथा आयोगको सूचना एवम् सन्देश प्रवाह गर्न, केन्द्रबाट प्रकाशित प्रवर्द्धनात्मक समाग्रीलाई वितरण गर्न यी क्षेत्रीय कार्यालयहरु महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । आयोगको रणनीतिक योजना बमोजिम मानव अधिकार शिक्षाको प्रचार प्रसार गरी मानव अधिकार सँस्कृति निर्माण गर्ने आयोगको वृहतर लक्ष्य प्राप्तिमा यी क्षेत्रीय कार्यालयबाट सम्पन्न गरिने संरक्षर्णात्मक एवं प्रवर्द्धनात्मक कार्यहरुको महत्वपूर्ण भूमिका हुने अपेक्षा गरिएको छ । यस परियोजना अन्तर्गतका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने सिलसिलामा मानव अधिकार मानवीय कानुन, रेडक्रसको प्राथमिक उपचार सम्बन्धी तालिम तथा सुरक्षा सावधानी सम्वधी जानकारी दिइएको थियो ।

## ४.४ बाल अधिकार डेस्क सम्बन्धी परियोजना

राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना (२००४-२००८) लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तथा बाल अधिकारको संरक्षण एवम् सम्वर्द्धनको लागि छुट्टै बाल अधिकार डेस्कको स्थापना गरिएको छ । त्यसैगरी क्षेत्रीय स्तरमा पनि बाल अधिकारको संरक्षण एवम् सम्वर्द्धनको लागि प्रभावकारी कार्य गर्न एक जना अधिकृतलाई जिम्मेवारी सुम्पिएको छ ।

डेस्कको प्रमुख कार्यमा बाल अधिकारसँग सम्बन्धित सामग्रीहरू प्रकाशन गर्ने, बाल अधिकार हननका विषयहरूको अनुसन्धान गर्ने, बाल अधिकारको अवस्थाको अनुगमन गर्ने, बाल अधिकारको विषयमा सम्वर्द्धनात्मक कार्यहरू गर्ने, कारागार भ्रमण गरी बालबालिकाको अवस्था बारेमा तथ्यहरू सार्वजनिक गर्ने, बाल बालिकाको हक अधिकारसँग सम्बन्धित कानुनहरू पुनरावलोकन गर्ने आदि रहेका छन् । बाल अधिकार डेस्क सम्बन्धी परियोजनालाई सेभ द चिल्ड्रेन नर्वेले आर्थिक सहयोग गरेको छ ।

आयोगमा बाल अधिकार सम्बन्धी छुट्टै डेस्कको स्थापना गरिएकोमा UN Committee on the Rights of the Child ले समेत सरहना गरेको छ ।

# खण्ड - ५
# उपलब्धि तथा चुनौती

## आयोगका उपलब्धिहरू:

यस प्रतिवेदन अवधिमा विभिन्न चुनौतीहरूको सामना गर्दै मानव अधिकार संरक्षण र संम्वर्द्धन सम्वन्धी महत्वपूर्ण उपलब्धि हासिल गर्न सफल भएको छ । यस प्रतिवेदन अवधिमा आयोगले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरू तथा चुनैतीहरूलाई बुँदागत रूपमा देहाय बमोजिम चर्चा गरिएको छ :

### ५.१ प्रमुख उपलब्धिहरू

देशमा सशस्त्र द्वन्द्वको अवस्था राजनैतिक अस्थिरता एवम् संकटकालको घोषणाबाट संविधान प्रदत्त मौलिक हकहरू निलम्बन हुन पुगको अवस्थाबाट सिर्जित परिस्थितिले आयोगका सामु विभिन्न चुनौतीहरू उत्पन्न भए । यद्यपि आयोगले मानव अधिकार संरक्षण र सम्वर्द्धन गर्ने सिलसिलमा आफ्ना अनुगमन तथा अनुसन्धानका लगायतका प्रवर्द्धनात्मक क्रियाकलापहरूलाई निरन्तर रूपमा अगाडि बढाइरह्यो । यस प्रतिवेदन अवधिमा आयोगले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरूलाई बुँदागत रूपमा देहाय बमोजिम चर्चा गरिएको छ :

**(क) आयोगको निरन्तरता**

मानव अधिकार आयोग ऐन २०५३ बमोजिम २०५७ साल जेष्ठ १३ गते गठन गरिएको मानव अधिकार आयोगका प्रथम पदाधिकारीहरूको कार्यकाल २०६२ जेष्ठ १२ गते समाप्त भएको र मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम नयाँ पदाधिकारीको सिफारिस गर्न सिफारिश समितिमा प्रधान न्यायाधिश बाहेक अरु सदस्य बहाल नरहेको अवस्थामा उत्पन्न हुन गएको कानुनी व्यवधानले गर्दा आयोगको निरन्तरता सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट आशंका व्यक्त गरिंदै आएको थियो । आयोग स्वयंबाट पनि आयोगको निरन्तरता कायम गरिनुपर्ने सम्बन्धमा सरकारको ध्यानाकर्षण गराएको थियो । आयोगलाई निरन्रता दिने क्रममा २०६१ जेठ ८ गते जारी गरिएको अध्यादेश मार्फत मानव अधिकार आयोग ऐन, २०५३ को दफा ४ मा रहिआएको सिफारिस समितिमा फेर वदल भई प्रधान न्यायाधीशको अध्यक्षतामा सभामुख र परराष्ट्र मन्त्री समेत रहेको समितिको व्यवस्था गरिएको थियो । उक्त समितिको सिफारिश अनुसार २०६२ जेष्ठ १३ मा आयोगका पदाधिकारीको नियुक्ति भए पछि आयोगको निरन्तरता सम्बन्धी आशंकाहरू हट्न पुगे र आयोगले विगतमा झैं मानव अधिकार संरक्षण र संम्वर्द्धन सम्वन्धी कार्यहरु नियमित रूपमा सञ्चालन हुँदै आएका छन् । पेरिस सिद्धान्त अनुरूप स्थापित स्वतन्त्र र स्वायत्त निकायको निरन्तरताले मानव अधिकार संरक्षणका क्षेत्रमा थप उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ ।

**(ख) अन्तर्राष्ट्रिय मञ्चहरूमा सक्रिय सहभागिता**

आयोगले अन्तर्राष्ट्रिय मञ्चहरुमा सक्रिय सहभागिता जनाउँदै आएको छ । यस प्रतिवेदन अवधिमा आयोगद्धारा संयुक्त राष्ट्रसंघ मानव अधिकार आयोगको ६१ औं बैठकमा भाग लिई नेपालको समग्र मानव अधिकारका अवस्था, मानव अधिकारको संरक्षण र सम्वर्द्धनको सवालमा आफनो दृष्टिकोण एवं आयोगद्वारा गरिएका

क्रियाकलापहरू सम्बन्धमा प्रस्तुत गरिएको थियो । त्यसैगरी राष्ट्रिय मानव अधिकार संस्थाहरूको एशिया प्रशान्त मञ्चको ९ औं बैठकमा आयोगका तर्फबाट सहभागिता जनाईएको थियो । मानव अधिकार संस्थाको समन्वय समिति (International Coordination Committee) को एशिया प्रशान्त क्षेत्रको निर्वाचित प्रतिनिधिको हैसियतले समेत आयोगले समितिको बैठकमा सक्रिय सहभागिता जनाएको थियो ।

त्यसैगरी मानव अधिकार कार्य योजनासँग सम्बन्धित बैककमा सम्पन्न राष्ट्रिय मानव अधिकार संस्थाहरूको सम्मलेनमा समेत सहभागिता रहेको थियो ।  यस्ता अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कार्यक्रमहरूबाट आयोगको पहिचान वृद्धि तथा अन्तर्राष्ट्रिय सम्बन्धको विकासमा सहयता पुगेको थियो । साथै राष्ट्रिय मानव अधिकार संस्थाहरू विच सूचना एवं अनुभवहरुको आदान प्रदान गर्न समेत मद्दत पुगको थियो ।

**(ग) आयोगको पहुँच विस्तार**

यस प्रतिवेदन अवधिमा नेपालगञ्ज, विराटनगर तथा पोखरामा क्षेत्रीय कार्यालयहरू स्थापना भई मानव अधिकार संरक्षण र सम्वर्द्धनको कार्य भई रहेका छन् । त्यसै गरी निकट भविष्यमानै सुदुर पश्चिमाञ्चलको धनगढीमा क्षेत्रीय कार्यालय स्थापना गर्नको लागि सम्पूर्ण तयारी भइसकेको छ भने रुकुम, जुम्ला तथा खोटाङ्ग जिल्लाहरुमा सम्पर्क कार्यालय स्थापना गर्ने निर्णय भएको छ । यसबाट आयोगको पहुँच विस्तार भई दूर दराजमा रहेका सर्वसाधारण जनताको मानव अधिकार उल्लंघन सम्बन्धी उजुरी ग्रहण गर्ने एवम् मानव अधिकार संस्कृतिको निर्माणको दिशामा महत्वपूर्ण उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ । आयोगका यी क्षेत्रीय कार्यालयहरूबाट विभिन्न जिल्लाहरुको नियमित अनुगमन हुनुका साथै मानव अधिकारका उल्लघंन एवं दुरुत्सहानका घटनाहरूको अनुसन्धान कार्य समेत सम्पन्न हुदै आएको छ । यी आयोगका क्षेत्रीय कार्यालयबाट गरिएको अनुगमन एवं अनसन्धानबाट प्राप्त तथ्यहरुका आधारमा आयोगले निर्णय गरी सम्वद्ध पक्षहरुलाई विभिन्न शिफारिस गरेको छ ।

**(घ) सरोकारबालाहरूसँग सहकार्य**

यस प्रतिवेदन अवधिमा आयोगद्वारा विभिन्न संस्थाहरु एवं सरोकारवालाहरुसँग अधिकारसँग प्रत्यक्ष सरोकार रहेका विषयहरूमा सहकार्य गर्दै आएको छ । उदाहणको निमित्त दादुराका कारणबाट बर्षेनी ठूलो संख्यामा बालबालिकाको मृत्यु भईरहेको सन्दर्भमा युनिसेफ, विश्व स्वास्थ्य सँगठन लगायतको संयुक्त राष्ट्रसंघीय निकायहरूको सक्रिय सहयोगमा सरकारद्वारा संचालित गर्न लागेको राष्ट्रिय दादुरा खोप कार्यक्रम द्वन्द्वका कारणबाट प्रभावित भएको भन्ने आयोगको अनुगमन एवम् अन्य स्रोतबाट जानकारी हुन आएको हुनाले बालबालीकाको स्वास्थ्यको अधिकारको संरक्षणमा सहयोग पुगोस् भन्ने उद्देश्यले आयोगले सरकार तथा अन्तर्राष्ट्रिय निकायहरूसँग छलफल गरी दादुरा कार्यक्रमलाई देशब्यापी रूपमा सफल बनाउन सबै पक्षसँग अनुरोध गरेको थियो । यसै क्रममा आयोगले २०६१-०५-२८ गते ने.क.पा.(माओवादी) का अध्यक्षलाई सम्बोधन गरी 'औषधीको बाटो द्वन्द्वले नछेकोस" भन्ने विषयमा एक पत्र लेखी दादुरा खोप सम्बन्धी  लुटिएका सामग्रीहरू फिर्ता गर्न, बन्द कार्यक्रम फिर्ता लिन तथा खोप अवधिभर खोप कार्यक्रमलाई अवरोध पुग्ने खालको अन्य कुनै पनि क्रियाकलाप सञ्चालन नगर्न अनुरोध गरेको थियो । त्यसैगरी आयोगले बालबालिका शान्ति क्षेत्र हुन् भन्ने विषयमा बालअधिकार क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारीसंस्थाहरुसँगको सहकार्यमा निरन्तरता दिदै आएको छ ।

**(ङ) मानव संसाधनमा वृद्धि**

यस प्रतिवेदन अवधिमा आयोगको मानव संसाधनमा उल्लेख्य रूपमा वृद्धि हुन पुगेको छ । आयोगका केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयका निमित्त कर्मचारीहरूको पदपूर्ति प्रक्रिया सम्पन्न भई हाल आयोगमा कूल

मानव संसाधनको संख्या १६० हुन पुगेको छ । मानव संसाधनको वृद्धिबाट अनुगमन तथा अनुसन्धानको कार्यबोझलाई कम गर्न तथा आयोगको रणनीतिक योजना बमोजिमका लक्ष्य प्राप्तीको लागि आयोगका क्रियाकलापहरुलाई विस्तार गर्नमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यसैगरी क्षेत्रीय कार्यालयहरूमा थप गरिएको मानव संसाधनबाट क्षेत्रीय कार्यालयहरूको कार्य सम्पादन क्षमता अभिवृद्धि गर्नमा समेत उल्लेखनीय रूपमा सहयोग पुग्न गएको छ ।

**(च) उजुरी फछ्र्योटमा प्रगती**

यस आर्थिक वर्षमा उजुरी व्यवस्थापन सम्वन्धी गरिएका विभिन्न प्रयासहरु तथा मानव संसाघनमा भएको वृद्धिको कारण उजुरी फछ्र्योटमा महत्वपूर्ण प्रगति हासिल भएको छ । आयोगका दर्ता भएका पुराना तथा नयाँ उजुरीको विवरणहरुलाई कम्प्यूटरमा अद्यावधिक गर्ने कार्य सम्पन्न भएको तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुन अवधारणा अनुसार आयोगमा दर्ता भएका उजुरीहरूको वर्गीकरण गरी अधिकारहरूका आधारमा विषयगत सम्पर्क बिन्दुहरू जस्ता संयन्त्र निर्माण आदिले गर्दा उजुरी फछ्यौट कार्यमा सुधार भएको छ । यस प्रतिवेदन अवधिमा कूल उजुरी १७८२ परेको मा अघिल्ला अवधिमा परेका उजुरीहरू सहित कूल २९३ उजुरीहरू फछ्यौट भएका छन् । यस प्रतिवेदन अवधिमा आयोगको निर्णय बमोजिम केही पीडितहरूलाई क्षतिपूर्ति प्राप्त भएको छ भने केहीलाई कारवाही गरिएको जानकारी प्राप्त भएको छ । आयोगले बाँकी निर्णय कार्यान्वयको लागि विभिन्न पहलहरु गरिरहेको छ ।

**(छ) मानव अधिकार अनुगमन तथा अनुसन्धान**

आयोगद्वारा गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाहरूका सम्बन्धमा तदारूकताका साथ अनुगमन एवम् अनुसन्धान गरी सोबाट प्राप्त निश्कर्षका आधारमा सरकार तथा विद्रोही पक्षलाई सिफारिस तथा ध्यानाकर्षण गराउँदै आएको छ । आयोगबाट यस प्रतिवेदन अवधिमा ३० वटा जिल्लाको समग्र मानव अधिकार स्थितिको अनुगमन गरिसकेको छ । यसैगरी आयोगले संकटकाल जस्तो जटिल परिस्थितिमा पनि मानव अधिकार उल्लंघनका घटनाहरूको आवश्यक छानबिन तथा अनुसन्धान गर्ने कार्य जारी नै राख्यो । आयोगले घटनाको प्रकृति र गम्भीरतालाई मध्येनजर गरी केही उजुरीहरूको सम्बन्धमा विशेषज्ञ सहितको कर्मचारीहरूको टोली खटाई अनुसन्धानको कार्य गरियो । यसरी छानबिन तथा अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा आयोगले आवश्यक निर्णय गरी दोषी उपर कारवाही गर्न तथा पीडितलाई क्षतिपूर्ति प्रदान गर्न श्री ५ को सरकार समक्ष समय समयमा सिफारिस गरी पठाइएको छ भने विद्रोही पक्षको समेत गम्भीर ध्यानाकर्षण गराइएको छ । आयोगद्वारा मानव अधिकार उल्लघंनका घटनाहरूको प्रलेखीकरण गर्ने कार्य शुरु हुनुका साथै मानव अधिकार उल्लघंनको घटनाहरूको मानव अधिकारसँग सम्बन्धित मुद्दाहरूमा अदालतबाट आयोगको पनि सहयोग लिने परम्परा सुरू भएको छ । सर्वोच्च अदालतमा परेका कतिपय उजुरीहरूमा आयोगसँग रहेका जानकारीहरू उपलव्ध गराईदिन र जांचवुझ समेत गरी प्रतिवेदन दिन आयोगलाई अनुरोध गरी पठाएको छ र कतिपय विषयमा आयोगले उपलव्ध गराएको जानकारीलाई आधार लिई बन्दीलाई मुक्त गर्ने आदेश समेत भएको छ । यसका अतिरिक्त कतिपय कानुन निर्माण संशोधनका पुनरावलोकन गर्दा आयोग समेत सँग समन्वय गरी वा आयोगको संयोजकत्वमा समिति गठन गरी कार्य गर्न सरकारलाई आदेश जारी भएबाट पनि आयोगलाई थप ऊर्जा प्राप्त भएको छ । आयोगले गरेको छानबिनको आधारमा मनोज राईको हकमा विश्वनाथ राई विरुद्ध श्री ५ को सरकार गृह मन्त्रालय विरुद्धको बन्दी प्रत्यक्षीकरणको मुद्दामा सर्वोच्च अदालतले निज मनोज राईलाई थुना मुक्त गर्ने आदेश समेत दिएको थियो ।

**(ज) श्री ५ को सरकारका निकायहरूसँगको सहकार्य**

श्री ५ को सरकारद्वारा गठन गरिएको मानव अधिकार प्रवर्द्धन केन्द्र नेपाल प्रहरी, गृह मन्त्रालय, शाही नेपाली सेना तथा सशस्त्र प्रहरी बलमा गठन गरिएका मानव अधिकार सेलहरूसँग पनि विभिन्न समयमा छलफल,

बैठक एवम् अन्तरक्रियाका माध्यमद्वारा मानव अधिकार संरक्षण र सम्वर्द्धन कार्यमा सहयोग प्राप्त गर्न सफल भएको छ । आयोगद्वारासुरक्षा निकायसँग मानव अधिकार तथा मानवीय कानुनको सम्बन्धमा सहकार्य गर्दै आएको छ । आयोगद्वारा आयोजना गरिएका मानव अधिकारसँग सम्बन्धित तालिम गोष्ठी, छलफल तथा अन्तरक्रिया कार्यक्रममा सुरक्षा निकायबाट उत्साहजनकरूपमा सहभागिता जनाउदै आएको छ । यसै गरी मानव अधिकार अनुगमन, अनुसन्धान, थुनुवा केन्द्रको भ्रमण तथा प्रवर्द्धनात्मक कार्यक्रमहरूमा सुरक्षा निकायबाट सहयोग प्राप्त हुदै आएको छ । यसैगरी सुरक्षकर्मीहरूलाई दिइने तालिममा समेत आयोगका प्रतिनिधिहरूलाई प्रशिक्षकका रूपमा वोलाइदिदै आएको छ ।

**(झ) आयोगको क्षमता अभिवृद्धि**

आयोगले क्षमता अभिवृद्धि सम्बन्धी परियोजना अन्तर्गतका कार्यक्रमबाट महत्वपूर्ण प्रगति हासिल गरेको छ । आयोगद्वारा आन्तरिक द्वन्द्वको अवस्थामा देशका विकट भागमा गरेका मानव अधिकार अनुगमन तथा अनुसन्धान, भौतिक साधन तथा सूचना प्रविधिको विस्तार, मानव संसाधनमा अभिवृद्धि जस्ता कुराहरूलाई आयोगले हासिल गरेका क्षमता अभिवृद्धिका केही उदाहरणहरूको रूपमा लिन सकिन्छ । आयोगमा आवश्यक कम्प्युटर, श्रव्य दृश्यका समाग्रीहरुको जडान, वेव साइटमा सुधार, इमेल इन्टरनेटको स्तरमा वृद्धि लगायत सुरक्षा सम्वन्धी उपकरणहरुको जडान, बैठक हलको मर्मत सुधार आदि रहेका छन् । आयोगका क्षेत्रीय कार्यालयहरुमा पनि क्षमता अभिवृद्धि गर्न आवश्यक उपकरणहरु जडान गरिएका छन् । यसै वर्ष आयोग भित्र मानव अधिकार प्रलेखीकरण तथा सूचना केन्द्रको स्थापना गर्न सम्वन्धमा तयारी अन्तिम चरणमा पुगको छ । आयोगद्वारा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यस अवधिमा कर्मचारीहरूलाई सेवाकालीन तालिमका अतिरिक्त मानव अधिकार तथा मानवीय कानुन, नेतृत्व विकास, सुरक्षा, लेखा, लैङ्गिक, कम्प्युटर, विषयमा आधारभूत तालिम प्रदान गरिएको छ भने मानव अधिकार अनुगमन तथा अनुसन्धान सम्बन्धमा प्रशिक्षक प्रशिक्षण तालिम समेत प्रदान गरिएको छ । यसै गरी कर्मचारीहरूलाई स्वदेश तथा विदेशका विभिन्न निकायहरूमा समेत तालिमको अवसर प्रदान गरिदै आएको छ । यसबाट  कर्मचारीका सीप, तथा ज्ञान अभिवृद्धि गर्नमा महत्वपूर्ण सहयोग पुग्न गएको छ ।

**(ञ) ऐनको पुनरावलोकन तथा नीति निर्माण**

यस प्रतिवेदन अवधिमा स्वतन्त्र र स्वायत्त निकायका रूपमा सक्षम ढंगले कार्य गर्नमा मानव अधिकार आयोग ऐन, २०५३ लगायत विभिन्न नियमावलीहरूको संशोधन तथा निर्माणका निमित्त विभिन्न क्रियाकलापहरू सञ्चालन गरको छ । यसै क्रममा मानव अधिकार आयोग ऐन, २०५३ को संशोधनका निमित्त आवश्यक सुझाव प्रदान गर्ने उद्देश्यले आयोगद्वारा एक समिति गठन गरिएको छ । त्यसै गरी मानव अधिकार अनुगमन सम्बन्धी निर्देशिका, मानव अधिकार तालिम पुस्तिका, आयोगकासदस्यहरूको आचार संहिता निर्माण गरी लागू गरिसकेको छ । यसै क्रममा आयोगले परियोजना सम्बन्धी छुट्टै आर्थिक नियमावली तर्जुमा गरिसकेको छ ।

आयोगलाई मानव अधिकार संरक्षण र सम्वर्द्धन कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्षम बनाउने उद्देश्यले आयोगद्वारा विभिन्न विषयहरूमा नीति निर्माण कार्य प्रारम्भ गरिएको छ । मानव संसाधन विकास सम्बन्धी नीति, आयोगको रणनीतिक योजनाले अवलम्वन गरेका मूल्य मान्यताहरू कार्यान्वयन गर्ने सम्बन्धी नीति, मानव अधिकार अनुगमन सम्बन्धी नीति एवम् विशेषज्ञता सेवा तथा कर्मचारी नियुक्ति सम्बन्धी नीति लगायतका विभिन्न नीतिहरूको तर्जुमा गर्ने कार्य आरम्भ गरिएको छ । यसबाट आयोगको कार्य सम्पादनमा देखा परेका कानुनी तथा प्रक्रियागत कमी-कमजोरीहरू सुधार गर्नमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ५.२ प्रमुख चुनौतीहरू

### (क) आयोगको गठन सम्बन्धमा

आयोगका पदाधिकारीहरूको मिति २०६२ जेष्ठ १३ गते चयन भएपछि विशेष गरी नेपाल भित्र कार्यरत केही मानव अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू तथा मानव अधिकार उच्चायुक्तको कार्यालय लगायतका संस्थाहरूले आयोगको नियुक्तिको प्रक्रिया एवम् वैधानिकताका विषयलाई व्यापक चासोको रूपमा उठाए । यस सम्बन्धमा आर्थिक वर्षको अन्ततिर आएर मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय समन्वय संस्थाका अध्यक्ष केजीरोमले आयोग समक्ष एक पत्र लेखी आयोगको स्वतन्त्रताका विषयमा विभिन्न कुराहरू उठाए । संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्चायुक्तको कार्यालयले समेत यस विषयमा अध्ययन गर्न टोली पठाउने निर्णय गर्‍यो । त्यस्तै आयोगको क्षमता अभिवृद्धि सम्बन्धी परियोजनाको दातृ निकायहरूले पनि आयोगको नियुक्तिको प्रक्रियालाई लिएर विभिन्न कुराहरू उठाए र यसको असर पहिले सहमति भईसकेको परियोजनामा समेत पर्‍यो । आयोगको रणनीतिक योजना (२००४-२००८) बमोजिमका वार्षिक कार्यक्रमहरू ढिलासुस्ती हुनुका साथै कतिपय कार्यक्रमहरू समयाभावको कारणले रद्द गर्नु परेको थियो । आयोगका वारेमा उठेका विभिन्न सवालहरूको वारेमा आयोगले आफ्नो धारणा सार्वजनिक गर्न उचित हुने ठानी आयोगको वैधानिकता, र स्वतन्त्रताका सम्बन्धमा उठेका विवादको सम्बन्धमा आयोगले आफनो धारणा विश्वसमुदाय समक्ष राख्यो । आयोगले नियुक्तिको प्रक्रिया नेपालको विद्यमान कानून अनुसार नै भएको र यसले आयोगको निश्पक्षता र स्वतन्त्रतामा कुनै असर नपारेकाले आयोगका नयाँ पदाधिकारीको नियुक्तिले पेरिस सिद्धान्तको विपरित हुने कार्य नभएको भन्ने आफ्नो धारणा प्रष्ट पारयो । यसका अलावा पनि आयोगले यस्को मूल्याँकन कामको आधारमा हुनु पर्ने र आयोगको वैधाननिकता कामको आधारमा सार्वजनिकरूपमा यसलाई प्राप्त हुने मान्यतामा भरपर्ने कुरामा जोड दिदै आयोगले आफ्ना कृयाकलापलाई अझ सक्रिय भई सञ्चालन गरी नै रहयो ।

### (ख) गैर सरकारी संस्थासँगको सहकार्य

आयोगलाई आफनो दायित्व निर्वाह गर्ने सिलसिलमा नागरिक समाजबाट सदैव सहयोग प्राप्त भइरहेको छ । नागरिक समाजसँगको सहयोग एवम् सहकार्यले मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा आयोगलाई रचनात्मक सहयोग पुग्न गएको छ । यस प्रतिवेदन अवधिको अन्ततिर जेठ १३, २०६२ मा आयोगका नयाँ पदाधिकारीहरूको नियुक्ति पश्चात् केही मानव अधिकार सङ्गठनहरूले आयोगको गठन प्रक्रिया प्रति असहमति जनाउँदै आयोगलाई असहयोग गर्ने भनी वक्तव्य प्रकाशित गरेपनि आयोगले यसलाई चुनौतीको रुपमा लिइ आफुलाइ अझ क्रियाशिल राख्यो । आयोगले मानव अधिकार संरक्षण र सम्वर्द्धनको कार्यलाई प्रभावकारी बनाउन पछिल्ला समयमा आएर नागरिक समाजसँग व्यापक सहकार्यको प्रारभ्म गरेको छ । जिल्ला तथा क्षेत्रीय तहमा मानव अधिकारवादी संघसस्थाहरूबाट आयोगलाई सदैब पूर्ण सहयोग प्राप्त भएको छ । आयोगले मानव अधिकार संरक्षण र सम्वर्द्धनका निमित्त नागरिक समाजसँगको सहकार्य निरन्तर जारी राखेको छ ।

### (ग) संचार जगतसँगको सहकार्य

आयोगको संचार जगतसँग सुमधुर सम्वन्ध रहदै आएको छ । तथापि आयोगका विषयमा केहिलेकाँही पत्रपत्रिकामा प्रकाशित विवादस्पद समाचारहरूले आयोगको काम कारवाहीमा प्रभाव पारेको पाइन्छ । यस प्रतिवेदन अवधिमा कपिलवस्तुमा घटेको घटना सम्वन्धमा आयोगद्वारा गरिएका अनुगमनको विषयमा केही पत्रपत्रिकामा विवादास्पद समाचारहरू प्रकाशित भए । आयोगले पत्रकार सम्मेलन गरी वास्तविक तथ्य जन समक्ष ल्याउँनु परेको थियो । देशमा उत्पन्न गम्भीरसंकटको घडीमा देशभित्रका मानव अधिकारकर्मी, सञ्चारकर्मी एवम् नागरिक समाजबाट संयुक्त रूपमा पहल भई मानव अधिकार संरक्षणका निमित्त एक भई

आवाज उठाउनु पर्नेमा मानव अधिकार संरक्षण र सम्वर्द्धनमा कटिवद्ध भएर लागेको आयोग प्रति शंका र अविश्वास गरिनुखोज्नुलाई आयोगले गम्भीर चुनौतीको रूपमा लिएको थियो । यसैगरी श्री ५ को सरकार र संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय बीच समक्षदारीपत्रमा हस्ताक्षर सम्पन्न भई संयुक्त संघीय मानव अधिकार अनुगमन कार्य सुरु हुन लागिरहेको अवस्थामा स्वतन्त्र र स्वायत निकायको रूपमा आयोगले अझ सक्रिय भई मानव अधिकार अनुगमन तथा अनुसन्धान कार्य जारी राख्नु पर्ने चुनौती पनि आयोग सामू रहको छ । त्यसै गरी गैर राज्य पक्षबाट समेत आयोगका काम कारवाहीका सम्बन्धमा शंका र अविश्वास व्यक्त गर्न खोजेको कतिपय अवस्थामा पत्रपत्रिका मार्फत सार्वजनिक भएको थियो । यद्यपि त्यस्ता सामाचारको पुष्ट्याँई हुन सकेन । यस्ता सामाचार प्रकाशित भइदिदा आयोगको प्रतिक्रिया समेत लिने कार्य गरेको पाइएन । यी चुनौतीका बाबजुद पनि यस प्रतिवेदन अवधि भरिनै मानव अधिकार उल्लघंनका घटना उजागर गर्न र आयोगका काम कारवाही जनता समक्ष पुर्‍याउन सञ्चार जगतले खेलेको अह्‌म भूमिका सराहनीय छ ।

### (घ) नागरिक बेपत्ता तथा अपहरण सम्वन्धी उजुरीहरूको संख्यामा वृद्धि

यस प्रतिवेदन अवधिमा नागरिकहरूलाई बेपत्ता पारिएको तथा अपहरण गरिएको भनी आयोगमा धरै संख्यामा उजुरीहरू प्राप्त भए । यसैगरी विगत वर्षहरूमा बेपत्ता पारिएका भनिएका मानिसहरू मध्ये धेरैको जानकारी यस वर्ष पनि प्राप्त हुन सकेन । यस अवधिका पछिल्ला दिनमा सुरक्षा निकायहरूले थुनुवा केन्द्रमा आयोगको प्रवेशमा केही सहजता ल्याएको भए पनि थुनुवा केन्द्रका कम्पाउण्डभित्रका सम्पूर्ण स्थानमा निरीक्षण गर्ने व्यवस्था नहुँदा बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति पत्ता लगउने कार्यमा चुनौती देखियो । यसको साथै बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको बारेमा शाही नेपाली सेना, सशश्त्र प्रहरी, जनपद प्रहरी लगायतका विभिन्न निकायमा पत्राचार गर्दा आयोगले मागेको जानकारी समयमा नपठाइदिने गरेको, अपर्याप्त जानकारी मात्र पठाउने तथा आयोगले गरेका सिफारिश कार्यान्वयनमा वेवास्ता गर्ने आदि जस्ता कार्यहरूले वेपत्ता पारिएको व्यक्तिको अवस्था पत्ता लगाउन समस्या उत्पन्न भएको छ । यसै गरी विद्रोही पक्षले अपहरण गरिएका भन्ने विषयमा सम्बन्धित पक्षसँग लगातार छलफल गर्ने गरिएको छ । छलफल गर्दा कव्जामा लिएकाहरूलाई छोडिदिने आश्वासन प्राप्त हुने गरेको, भविष्यमा अपहरण नगरिने वचनवद्धता दिने गरेको तर व्यवहारमा सो बमोजिम हुन नसकेको कारणले गर्दा आयोगलाई अपहरण सम्बन्धी उजुरीको फछ्र्योट गर्न असजिलो भएको छ ।

### (ङ) राज्यका निकायहरूबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्नु

श्री ५ को सरकारको प्रतिबद्धता कार्यान्वयनका सम्बन्धमा आयोगले माग गरेको जानकारी शाही नेपाली सेनाको मानव अधिकार शाखाबाट केही उजुरी उपर जानकारी प्राप्त भएपनि अधिकाशं वेपत्ता र गैर न्यायीक हत्या सम्बन्धी बिषयमा जानकारी प्राप्त हुने गरेको छैन । कुनै पनि आशंकामा पक्राउ गरिएका व्यक्तिहरूलाई सक्षम अधिकारीहरूका सामू उपस्थित गरिनुपर्नेमा लामो समयसम्म सूचना तथा सम्पर्कबाट वञ्चित गरी थुनामा राख्ने काम यद्यपि कायमै रहेको छ । दोहोरो भिडन्त वा सुरक्षा कारवाहीमा मरेका व्यक्तिहरूको शवलाई पोष्टमार्टम तथा सोसँग सम्बन्धित सबै तथ्याङ्कहरू अद्यावधिक राख्ने गरिएको छैन । यी विषयमा पीडितका परिवार तथा उनीहरूको कानुनी प्रतिनिधिहरूलाई अनुसन्धानसँग सम्बन्धित विषयका सूचना एवं जानकारी दिनुपर्नेमा सुरक्षा निकायबाट सो हुन सकेको छैन । हालसम्म शाही नेपाली सेनाले मानव अधिकार उल्लंघनका ४० वटा घटनाहरूको छानबिन गरेको छ भनिए पनि कुन कुन घटनासँग सम्बन्धित कुन कुन पदाधिकारीलाई कुन कानुन अन्तर्गत कस्तो कारवाही गरिएको छ भन्ने जानकारी हालसम्म आयोगलाई प्राप्त छैन । विशेष गरी आयोगको टोली बन्दी गृहहरूको अवलोकनमा जाँदा कतिपय अवस्थामा सहयोग प्राप्त भएको छैन । यसै वर्ष कतिपय ठाउँका बन्दी गृहमा आयोग टोलीलाई निर्वाध प्रवेश दिइएन । कतिपय सुरक्षाकर्मीहरूलाई आयोगको बारेमा सामान्य जानकारी समेत नभएको पाइएको तथा कतिपय ठाउँमा आयोगको विषयमा पूर्ण जानकारी हुदाँहुदै पनि “माथिको आदेश” भन्दै आयोगको टोलीलाई फिर्ता गर्ने गरिएको पाइएको छ । संकटकालको समयमा

तीनकुने स्थित वडा प्रहरी कार्यालय, त्रिपुरेश्वर सशस्त्र प्रहरी गण, जिल्ला प्रहरी कार्यालय हनुमान ढोका तथा शाही नेपाली सेनाको शिवपुरी व्यारेक लगायत देश अन्य कतिपय ठाउँमा समेत सहज प्रवेश दिइएन । जसले गर्दा आयोगलाई आफ्ना कानुन प्रदत जिम्मेवारी निर्वाह गर्न चुनौती खडा भएको छ ।

**(च) उजुरी उपर छानबिनमा कठिनाई**

आयोगमा देशका कुना कुनाबाट उजुरीहरू पर्न आएका छन् । यो आर्थिक वर्षमा आयोगको क्षेत्रीय कार्यालयहरू स्थापना भएपछि आयोगका टोलीहरू गाउँ गाउँमा अनुगमनका लागि जादाँ उजुरी ग्रहण गर्ने गरेका कारणले सर्वसाधारणको पहुँच वढ्दै गई आयोगमा उजुरीको संख्या लगातार रूपमा बढ्दै गएको छ ।

आयोगमा परेका उजुरीउपर छानबिन गर्दा उजुरीकर्तासँग तत्कालै सम्पर्क गर्न गाऱ्हो हुने गरेको छ भने छानवीन क्रममा प्रमाण संकलन गर्न पनि कतिपय अवस्थामा कठिनाई उत्पन्न भएको छ । खासगरी कतिपय गैरन्यायिक हत्याका उजुरीहरूमा लासको पोष्टमार्टम समेत नागरिएका कारण समस्या उत्पन्न भएका छ भने हिरासतमा राखिएका बन्दीहरूको स्वास्थ्य जाँच गराउने कानुनी व्यवस्था भएपनि सोको परिपालन सम्बन्धित अधिकारीबाट नहुँदा यातना पाएको भनी आयोगका परेका उजुरी छानबिनका निमित्त प्रमाण संकलन गर्न र वास्तविकता पत्ता लगाउन गाऱ्हो भएको छ ।

त्यसैगरी माओवादी ज्यादतिको विरुद्ध परेका उजुरी उपर टुङ्गो लगाउन समेत विविध कठिनाई तथा कानुनी अड्चनहरू पर्न आएका छन् । कतिपय उजुरीहरू मानव अधिकार उल्लंघनसँग सम्बन्धित नभई अन्य निकायबाट सहयोग प्राप्त नगरेपछि आयोगमा दर्ता गराउने गरेको देखिन्छ । यस्ता उजुरीहरूले गर्दा पनि आयोगमा छिटो छरितो तवरले उजुरीको टुङ्गो लाग्न सकेको छैन भने कतिपय अवस्थामा आयोगका आफ्नै विविध आन्तरिक समस्याले उजुरी समयमै किनारा लगाउन समेत कठिनाई परेको छ ।

**(छ) रणनीतिक योजना कार्यान्वयनका व्यवाहारिक समस्या**

आयोगद्वारा आफ्ना क्रियाकलापहरूलाई व्यवस्थित र प्रभावकारी ढङ्गले अगाडि बढाउन स्रोत र साधनको परिचालन गरी विभिन्न विषयका नीति नियमहरू तर्जुमा गरिएको छ । त्यस्ता नीति नियम बमोजिम कार्य सम्पादन गर्ने सम्बन्धमा प्रभावकारी अनुगमन संयन्त्र निर्माण गर्न नसक्नु एवम् अनुगमन तथा मुल्याङ्कन कार्य समेत व्यवस्थित तथा नियमित ढङ्गले सम्पन्न हुन नसकेको कारणले गर्दा समेत आयोगका नीति नियमको कार्यान्वयमा अपेक्षित सफलता प्राप्त हुन सकेन ।

आयोगमा योजना तथा नीति निर्माण सम्बन्धमा दक्ष तथा सीपयुक्त जनशक्ति तयार भई नसकेको कारणले गर्दा वाह्य परामर्शदाताहरूमा मात्र अत्यधिक रूपमा निर्भर रहनु पर्ने अवस्थाले योजना तथा नीति निर्माणका सम्बन्धमा संस्थागत क्षमता अभिवृद्धि हुन सकेको छैन । यसले गर्दा आगामी वर्षमा आयोगका परियोजना कार्यान्वयन एवं नीति नियमको कार्यान्वयनका सम्बन्धमा प्रभावकारी अनुगमन तथा मुल्याङ्कन प्रणाली विकास गर्न आवश्यक कदम चाल्नु पर्ने देखिएको छ ।

**(ज) आयोगको सुदृढीकरण र क्षमता विकास**

मानव अधिकार आयोग ऐन, २०५३ द्वारा प्रदत्त दायित्व निर्वाह गर्नेक्रममा आयोगको संस्थागत सुदृढीकरण र क्षमता विकास हुनु बाञ्छनीय हुन जान्छ । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको संयोजकत्वमा प्राप्त बास्केट फण्ड एवम् विभिन्न दातृ निकायबाट आयोगलाई प्राप्त हुने सहयोगबाट आयोगको क्षमता अभिवृद्धि गर्दै लैजाने सोच बनाइएको छ । पेरिस सिद्धान्तअनुसार गठन गरिएको राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता तथा

स्वायत्ततालाई अक्षुण्ण राख्नकालागि समेत संस्थागत सुदृढीकरण तथा क्षमता विकासका निमित्त सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनाले आयोगको सुदृढीकरण र क्षमता विकासमा समेत कठिनाई उत्पन्न भएको छ ।

**(झ) आयोगको निर्णय कार्यान्वयन**

आयोगले विभिन्न घटनाहरूको छानबिन गरी तयार गरिएको प्रतिवेदनको सम्बन्धमा श्री ५ को सरकार तथा सम्वद्ध निकायसँग तथ्यगत जानकारी एवम्सँग प्रतिक्रिया समेत माग गर्ने गरिएकोमा श्री ५ को सरकार एवम् सम्वद्ध निकायहरूबाटसमयमा व्यवस्थित रूपले जानकारी दिन प्रवृति नभएकोले गर्दा आयोगलाई उजुरी उपर निर्णय गर्ने कार्यका ढिलासुस्ती हुनुका साथै विभिन्न कठिनाई परिरहेको छ । विगतमा आयोगमा दर्ता भएका उजुरीहरू उपर अनुसन्धान तथा छानबिन पश्चात निश्कर्षका आधारमा ठहर गरी त्यस्ता निर्णयहरू कार्यान्वयनकालागि मन्त्रिपरिषद् सचिवालय मार्फत श्री ५ को सरकारमा लेखी पठाउने गरिएकोमा केही निर्णय उपर क्षतिपूर्ति दिलाएको वा कारवाही गरिएको जानकारी प्राप्त भएको भएपनि आयोगद्धारा गरिएका महत्वपूर्ण निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा स्पष्ट जानकारी समयमै प्राप्त नहुनाले आयोगको फैसला कार्यान्वयनमा समस्या देखिएको छ । आयोगले गरेका निर्णयहरूमा पीडितलाई क्षतिपूर्ति तथा दोषि उपर कार्वाही गर्नुपर्ने भनिएकोमा अधिकाशं निर्णय कार्यान्वयन भएका छैनन ।

**(ञ) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण**

यस अवधिमा पनि आयोगका पहलहरू द्वन्द्वमै केन्द्रित रहनाले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू सम्बन्धी क्रियाकलापहरू अगाडि वढाउन समस्या उत्पन्न हुन पुग्यो । यद्यपि नागरिक तथा राजनैतिक अधिकारहरूको प्रत्याभूतिले मात्र जनताका आधारभूत अधिकारहरू सम्वोधित हुन नसक्ने तथ्यलाई मध्यनजर गरी आयोगले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रत्याभूतिको लागि महत्वपूर्ण पहल गरिरहेको छ । मानव अधिकारको संरक्षणको विषयमा द्वन्द्वको कारण नागरिक र राजनैतिक अधिकारको विषयहरूले प्रमुखता पाएको तर  महिलाका अधिकार, दलित, अपांग,कमैया, भूमिहीन किसान, पिछडा वर्ग, जनजाति, जेष्ठ नागरिक र विस्थापित व्यक्तिहरूको अधिकार लगायत अन्य अर्थिक तथा सामाजिक अधिकारको विषयमा सम्बन्धित पक्षहरूमा ध्यान पुग्न सकेको छैन ।

वर्तमान द्वन्द्वको मूल कारणको रूपमा रहेको गरिबी, बेरोजगारी, सामाजिक विभेद, स्रोत र साधनको असमानुपातिक वितरणलगायतका सवालहरूलाई उचित रूपमा सम्बोधन गरी सङ्कटको शान्तिपूर्ण निकास प्राप्त गर्नका लागि समेत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रत्याभूति हुनुपर्ने  देखिन्छ । त्यसैगरी आयोगले यी विषयहरूमा येथेष्ठ आवाज उठाउन नसकेकाले यी विषयहरू आफ्रेलमा परेका छन् । सशस्त्र द्वन्द्व कायमै रहेको अवस्थामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको संरक्षणको निमित्त आयोगद्वारा हुने पहलहरू पनि उत्तिकै चुनौतीपूर्ण रहेका छन् । आगामि वर्षहरुमा यी कुराहरुलाई अझ वढी ध्यान दिने सोच राखिएको छ ।

**(ट) व्यापक आन्तरिक विस्थापन**

आयोगले आन्तरिक रूपमा विस्थापितहरूको स्पष्ट परिभाषा हुनुपर्ने, आन्तरिक रूपमा विस्थापितहरूको क्षेत्र पहिचान गर्न सुक्ष्मरूपमा अध्ययन अनुसन्धान हुनुपर्ने कुरामा जोड दिँदै आन्तरिक रूपमा विस्थापितहरूको समस्याहरूलाई उचित रूपमा सम्बोधन गर्न नसकिएको अवस्थामा बलात् आन्तरिक विस्थापनमा परेका व्यक्तिहरूको आधारभूत अधिकार, पुनर्बास एवम् आफ्नो क्षेत्रमा सकुशल फर्कन सक्ने वातावरण निर्माणका लागि श्री ५ को सरकार, दातृ निकाय, विभिन्न गैरसरकारी निकायहरू तथा नागरिक समाजबाट उचित

सहयोग एवम् समन्वय हुन नसकेमा आन्तरिक रूपमा विस्थापनको पीडामा पिल्सिएका व्यक्तिहरूको मानव अधिकार संरक्षणको कार्य अझै चुनौतीपूर्ण हुने देखिन्छ।

द्वन्द्वका कारणले व्यापक रूपमा आन्तरिक विस्थापन बढ्दै जाने कारणले उनीहरूको पुनर्स्थापना, पुनर्एकीकरण, क्षतिपूर्ति लगायतका कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन हुन नसक्नाले आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको मानव अधिकारको संरक्षणमा गम्भीर चुनौती उत्पन्न भएको छ।

(थ) **गैरराज्य पक्षलाई जिम्मेवार बनाउने विषय**

आयोगले आफ्ना काम कारबाहीको सिलसिलामा गैर राज्य पक्षसँग के कसरी कस्तो सम्बन्ध कायम गर्ने र उनीहरूलाई पनि मानव अधिकार र मानविय कानूनप्रति कसरी जिम्मेवार वनाउने भन्ने जटिल चुनौती आयोग सामू उपस्थित भएको छ। वेलावेलामा विभिन्न माध्यमहरूबाट माओवादीका शिर्षस्थ नेताहरूबाट मानव अधिकार प्रति सम्मान व्यक्त गर्ने एवम् मानवीय कानुनको परिपालना गर्ने प्रतिवद्धता व्यक्त गर्ने गरिएको भएतापनि व्यवहारमा आयोगद्वारा प्रस्तुत मानव अधिकार संझैता, तत्कालै चाल्नु पर्ने न्यूनतम पाइलाहरूका सम्बन्धमा वेवास्ता गरिए जस्तो देखिनुका साथै ज्यादतिका घटना र प्रकृति कायमै रहेको अवस्थामा गैरराज्य पक्षलाई जिम्मेवार बनाउने विषय आयोगकालागि अझै ठूलो चुनौतीको रूपमा रहेको छ।

# खण्ड - ६
# स्रोत तथा साधनको लेखाजोखा

## ६.१ स्रोत र साधनको बाँडफाँड

राष्ट्रिय मानव अधिकार आयोगले प्रचलित कानुन बमोजिम आफनो आय व्ययको लेखा अन्य सम्वद्ध अभिलेख राख्नु पर्ने हुन्छ । मानव अधिकार आयोग ऐन, २०५३ को दफा १५ मा आयोगको आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । आयोगको कार्यसम्पादन गर्न आवश्यक पर्ने साधन र स्रोतहरू आयोगले विभिन्न निकायबाट अनुदानको रूपमा प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था छ । तर उक्त दफाले आयोगलाई आवश्यक पर्ने सम्पूर्ण रकम श्री ५ को सरकारले उपलब्ध गराउनु पर्छ भनी स्पष्टरूपमा उल्लेख गरको छैन । मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९ मा उल्लेखित कार्यहरू गर्न सहायता पुयाउने उद्देश्यले दाताहरूबाट आर्थिक सहयता लिन सक्ने र यस्तो आर्थिक सहायता दाताहरूबाट प्राप्त भएको खर्च दाता र आयोगको बीचमा भएको सर्त बमोजिम हुनेछ भन्ने ऐनमा उल्लेख गरिएको छ । दाताहरूबाट विभिन्न परियोजनाको लागि रकम दिँदा आ-आफ्नै शर्तहरू हुने गरेको तथा दाताले भनेवमोजिमको कतिपय खर्चहरू गर्नुपर्ने हुन्छ । आयोगमा आवश्यक नियम, कार्यविधि एवम् निर्देशिकाको अभावमा खर्च गर्ने कुराहरूमा पनि अन्यौलता कायम रहेको पाईन्छ । आयोगमा विभिन्न परियोजनाहरू रहेका र ति परियोजनाको काममा एकरूपता आउन नसक्दा आर्थिक व्यवस्थापनामा कठिनाई उत्पन्न भएको छ । आयोगको ५ वर्षे रणनीतिक योजनाले केही प्रशासनिक लगायत आर्थिक व्यवस्थापनाको सुधारमा केही मार्गनिर्देशन गरेपनि प्रभावकारीरूप कार्यान्वयन गर्न सकेको छैन । आयोग तथा परियोजनामा काम गर्ने कर्मचारीहरूका बीचमा फरक सुविधा भएका कारण पनि मानवीय स्रोत व्यवस्थापन त्यति प्रभावकारी हुन सकेको छैन । आयोगमा लामोसमय सम्म काम गरी अनुभव एवम् तालिम प्राप्त गरेका कर्मचारीले आफ्नो सेवा, शर्त र सुविधा प्रति चित्त नवुझी पलायन हुने प्रवृति बढिरहेको छ जसले गर्दा आयोगको काम कारवाहीमा समेत प्रभाव पार्न सक्ने देखिन्छ ।

आयोगका ३ वटा क्षेत्रीय कार्यालयहरू काठमाडौं वाहिर रहेका छन् । आयोगमा श्री ५ को सरकारबाट प्राप्त वित्तीय स्रोत ती क्षेत्रीय कार्यालयहरूमा पठाउँदा वजेट बाँडफाँड गरी अख्तीयारी पठाए पछि मात्र सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट क्षेत्रीय कार्यालयमा मासिक कोषपूर्ति निकासा हुन्छ । तर वैदेशिक सहायताबाट सिधै आयोगमा प्राप्त हुने रकम उक्त जिल्लाहरूमा पठाउन भने केही कठिनाइहरू रहेका छन् । वैदेशिक सहायता प्राप्त गर्दा अर्थ मन्त्रालयको सहमति हुनु आवश्यक पर्दछ भन्ने कुरा आर्थिक कार्यविधि ऐन, २०५५ मा उल्लेख गरिएको छ तर मानव अधिकार आयोग ऐन, २०५३ मा आयोगमा प्राप्त हुने सहायता रकम दाता र आयोग बीच भएको शर्त वमोजिम हुनेछ भन्ने उल्लेख छ र आयोगले हालसम्म जे जति वैदेशिक वस्तुगत तथा अनुदान सहायता प्राप्त गरेको छ ती सवै सोझै प्राप्त गरेको छ, श्री ५ को सरकारको वार्षिक बजेटमा समावेश गरिएको छैन । वैदेशिक सहायता प्राप्त गर्दा अर्थ मन्त्रालयको सहमति आवश्यक पर्छ पर्दैन भन्ने विषय बहसको बिषय वन्न पुगेको थियो । अर्थमन्त्रालयले कानुन, न्याय तथा संसदिय व्यवस्था मन्त्रालयसँग राय/परामर्श माग गर्दा आयोगले त्यस्तो सहायता लिंदा अर्थमन्त्रलयको राय/परामर्श लिनु पर्छ भन्ने पत्र आयोगमा प्राप्त भएको थियो । यसले स्वतन्त्र आयोगको आर्थिक स्वायत्तालाई असर पूऱ्याएको पाइन्छ ।

आयोगले आ.व २०६०/२०६१ मा रु ७३ लाख प्राप्त गरेकोमा यस वर्ष रु १,५०,०००००। प्राप्त गरेको थियो । यस अर्थिक वर्षमा श्री ५ को सरकारबाट प्राप्त हुने वजेटको मात्रा अघिल्लो आ.व. भन्दा तीन गुणाले वृद्धि गरिएको छ । जसले गर्दा आयोगलाई रणनीतिक योजना कार्यान्वयन गर्न केही हदसम्म सहयोग पुराएको छ । श्री ५ को सरकारबाट प्राप्त भएको अनुदान रकम आयोगको केन्द्रीय कार्यालय एवं क्षेत्रीय कार्यालयहरु क्रमशः विराटनगर तथा नेपालगंजका लागि समेत वजेट बाँडफाँड गरिएको थियो । आयोगले यस आर्थिक वर्षमा मानव अधिकारको अनुगमन, अनुसन्धान, कारागार भ्रमण, पुस्तक प्रकाशन तथा मानव अधिकार राष्ट्रिय कार्ययोजनाको अनुगमन आदि जस्ता कार्यक्रमको लागि सतचालीस लाख छुट्याईएको थियो तर विविध कारणले तोकिएको चौमाशिक लक्ष्य अनुसारको कार्य सम्पन्न हुन सकेन ।

मानव अधिकार आयोग ऐन, २०५३ को दफा १५ बमोजिम आयोगको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ भनी गरिएको व्यवस्था बमोजिम आ.व. ०६०/०६१ मा भएको अन्तिम लेखा परीक्षणबाट देखिएका बेरुजुहरूलाइ आयोगको प्रतिक्रियासाथ देहाय बमोजिम संक्षिप्त रूपमा उल्लेख गरिएको छ ।

# अनुसूची - १

# आयोगका अध्यक्ष तथा सदस्यहरूको संक्षिप्त परिचय

## १. श्री नयनबहादुर खत्री, अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्षमा नियुक्त गरिनुभएका श्री नयनबहादुर खत्री हाल राजपरिषद्मा सम्माननीय सदस्य पनि हुनु हुन्छ । उहाँको जन्म वि.सं. १९७९ सालमा भएको हो । लखनउ विश्वविद्यालयबाट एम.ए र एलएल.बी. सम्मको अध्ययन पूरा गर्नु भएका उहाँ २०३३ साल साउन २४ गतेदेखि २०४२ साल मंसिर २७ गतेसम्म सर्वोच्च अदातलका प्रधानन्यायाधीश हुनुहन्थ्यो । प्रधानन्यायधीश पदबाट अवकाश प्राप्त भएपछि उहाँले चीन र उत्तर कोरियाको शाही नेपाली राजदुत भएर पनि काम गर्नु भएको थियो । वि.सं २००४ सालमा मुलुकी अड्डा ऐन सवाल फाँटको सुब्बा पदबाट प्रशासनिक क्षेत्रमा प्रवेश गर्नु भएका सम्माननीय नयनबहादुर खत्रीले ल्हासामा वकील भएर पनि काम गर्नुभयो । उहाँ कानुन मन्त्रालयको उपसचिव र सचिव समेत हुनुभयो । २०१६ सालमा निर्वाचित सरकारको सिफारिशमा श्री ५ बाट सर्वोच्च अदालतको स्थायी न्यायाधीश नियुक्त हुनुभएका सम्माननीय खत्री कानुन सुधार आयोगको वि.सं. २०१६, २०२९ र २०४८ सालमा गरी जम्मा तीन पटक अध्यक्ष र २०२९ सालदेखि २०३३ सालसम्म न्यायिक समितिको अध्यक्ष पनि रहनुभएको थियो ।

आयोगबाट मानव अधिकार संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा भाग लिने क्रममा आयोगका सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्रीद्वारा श्रीलङ्का, भारत, फिलिपिन्स, थाइल्याण्ड, स्वीजरल्याण्ड तथा दक्षिण कोरिया जस्ता देशहरूको भ्रमण गर्नु भएको छ ।

## २. सुशिला सिंह “सिलु”, सदस्य

यस आयोगकी सदस्य सुशिला सिंह सिलुको जन्म मार्च ०५, १९४० (फाल्गुण २२, १९९६) मा भएको हो । सन् १९६४ मा सर्वोच्च अदालतबाट पहिलो महिला अधिवक्ताको प्रमाणपत्र प्राप्त गरी कानुन व्यवसायीमा प्रवेश गर्नु भएकी उँहाले सन् १९७६ मा वरिष्ठ अधिवक्ताको प्रमाणपत्र पाउँदा उँहा नेपालकी प्रथम महिला वरिष्ठ अधिवक्ता हुनु भएको थियो । सन् २००१ मा सर्वोच्च अदालतमा न्यायाधिश पदमा नियुक्त हुँदा उँहा त्यस पदमा पुग्ने पहिलो महिला हुनुहुन्थ्यो । झण्डै ४ वर्ष सर्वोच्च अदालतको न्यायाधीश पदमा काम गरी सन् १९९५ मार्चमा उँहा उमेरको हदले उक्त पदबाट अवकाश प्राप्त गर्नु भयो । उँहाले सन् १९६४ मा महिला न्यायिक सेवा र सन् १९९० मा 'सर्विस फर अन्प्रिविलेजड् सेक्सन अफ सोसाइटी' SUSS को स्थापना गर्नुभएको थियो । सभा सम्मेलनहरू र अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागी हुने क्रममा उँहाले भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, चीन, फिलिपिन्स, थाइल्याण्ड, अमेरिका, तत्कालीन सोभियत संघ तथा तत्कालीन प्रजातान्त्रिक गणतन्त्र जर्मनी लगायत विभिन्न मुलुकहरूको भ्रमण गर्नु भएको छ ।

शिक्षामा बि. ए., बि. एल. को डिग्री प्राप्त गरेकी श्री सुशिला सिंहले "हाम्रा कानुनी अधिकार", "हाम्रा कानुनी अधिकार, केही सम्वाद" तथा "Constitutional and Legal Rights Of Nepalese Women" नामक पुस्तकहरू र कैयौं लेख रचनाहरू र सेमिनार पत्रहरू लेख्नु भएको छ । पारिवारिक सम्बन्धमा उँहा प्रो. माणिक लालकी श्रीमती तथा दुई जना डाक्टर (चिकित्सक) छोराहरूकी आमा हुनुहुन्छ । उँहा राणा विरोधी प्रजातान्त्रिक आन्दोलनका प्रसिद्ध योद्धा तथा प्रसिद्ध पत्रकार (पत्रकार संघका तत्कालिन अध्यक्ष) तथा कवि स्वर्गीय फत्ते बहादुर सिंहकी छोरी हुनुहुन्छ ।

## ३. सुदिप पाठक, सदस्य

२७ अक्टोबर १९६२ मा जन्मनु भएका आयोगका सदस्य सुदिप पाठकले बि. ए., बि. एल. तहको अध्ययन गर्नु भएको छ । मानव अधिकार सँगठनको अध्यक्षका रूपमा लामो समयसम्म मानव अधिकार आन्दोलनको नेतृत्व प्रदान गरी सक्नु भएका पाठकले शान्ति तथा मानव अधिकार सम्बन्धी विभिन्न कार्यक्रमहरूको नेतृत्व गर्नु भइसकेको छ। सशस्त्र द्वन्दको अवस्थामा शान्तिका लागि माओवादीसँग सम्वाद एवम् मध्यस्थकर्ताको भूमिका समेत निर्वाह गर्नु भएको छ । मानव अधिकार संस्थाका संस्थापक सदस्य रहनु भएका पाठकले विद्यार्थीकाल देखिनै सामाजिक कार्यमा सक्रिय हुनु हुन्थ्यो । निर्वाचन पर्यवेक्षणमा भाग लिनुका साथै नेपाली कांग्रेस तालिम विभागको सदस्य सचिवको हैसियतले काम गर्नु भएको थियो ।

## ४. गोकुल पोखरेल

१९ डिसेम्बर १९३६ मा जन्मनु भएका गोकुल पोखरेलले अंग्रेजी साहित्यमा एम. ए. उर्त्तीण गर्नुका साथै कानुनमा स्नातक तहको अध्ययन गर्नु भएको छ । पत्रकारितामा विशेष दखल राख्नु हुने पोखरेलले पत्रकारिता विषयमा तालिम लिने क्रममा बेलायत, फ्रान्स, हवाई, जापान, थाइल्याण्ड जस्ता देशहरूको भ्रमण गर्नु भएको छ । गोरखापत्रका प्रधान सम्पादक रहि सकेका पोखरेल नेपाल प्रेस इन्स्टिट्युटका संस्थापक अध्यक्ष समेत हुनुहुन्छ । पत्रकारितासँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सँगठनहरू सँग आबद्ध रहि पत्रकारिताको कार्य गर्नु भएका पोखरेलले नेपाल प्रेस इन्स्टिच्यूटका अध्यक्षका रूपमा विभिन्न संघ संस्थाहरूलाई सञ्चार प्रविधि सम्बन्धी सल्लाह तथा सहयोग प्रदान गर्नुका साथै UNFPA लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूको परामर्शदाताका हैसियतले काम गरी सक्नु भएको छ । श्री पोखरेलका पत्रकारिता सम्बन्धी विभिन्न लेख रचनाहरू प्रकाशित भएका छन् । सुप्रबल गोरखा दक्षिण बाहु तथा बिरेन्द्र ऐश्वर्य सामाजिक सेवा पदकबाट समेत सम्मानित हुनु भएको छ ।

## ५. डा. राम दयाल राकेश


२५ जुलाई १९४२ मा जन्मनु भएका आयोगका सदस्य डा. राम दयाल राकेश दिल्ली विश्व विद्यालयबाट विद्यावारिधि गर्नुका साथै अमेरिकाको इन्डियाना विश्वविद्यालयबाट पोस्ट डक्टरल अनुसन्धान सम्पन्न गर्नु भएको छ । कार्यगत अनुभवका क्रममा १९६६ देखि १९९२ सम्म त्रि. वि. वि. मा प्राध्यापन गर्नु भएको थियो । त्यसै गरी १९९३ – १९९८ सम्म श्री ५ को सरकारको सह – सचिवका रूपमा निर्वाचन आयोगमा कार्यरत हुनु हुन्थ्यो ।

त्यसैगरी शिक्षा मन्त्रालयसँग सम्बन्धित विभिन्न निकायहरूमा उँहाले सेवा गर्नु भएको थियो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा प्राज्ञका हैसियतले पाँच वर्ष सेवा गर्नु भएका डा. राकेशले महेन्द्र विद्याभुषण 'क' र 'ख' रत्न श्री पदक, शुभराज्याभिषेक पदकबाट विभूषित हुनुहुन्छ । उँहाले राष्ट्रिय प्रतिभा पुरस्कार, साझा पुरस्कार, वाणी पुरस्कार बाहेक अन्तर्राष्ट्रिय जापानको फुकुओका एशियन कल्चर पुरस्कार २००४ समेत पाउनु भएको छ । स्वदेश तथा विदेशका दर्जनौं गोष्ठीहरूमा सहभागिता जनाएका डा. राकेशले अमेरिका, जापान, फिनल्याण्ड, थाइल्याण्ड, श्रीलंका, हङ्गकङ्ग, सिँगापुर, पाकिस्तान, मालद्विप्स, त्रिनिडाड, बंगलादेश, चीन लगायतका विभिन्न मुलुकहरूको भ्रमण गर्नु भएको छ ।

भाषा साहित्यको क्षेत्रमा अमूल्य योगदान पुर्‍याए बापत विभिन्न साहित्यिक संघ संस्थाहरूबाट सम्मानित डा. राकेश अंग्रेजी, हिन्दी, मैथिली एवम् भोजपुरी भाषाका समेत ज्ञाता हुनुहुन्छ । नेपालका सांस्कृतिक सम्पदाहरू, नेपालका लोक गीतहरू, नेपाली समालोचनाको क्षेत्रमा कतिपय कृतिहरू लगायत दर्जनौं कृतिका स्रष्टाका रूपमा ख्याति कमाउनु भएका डा. राकेशले दर्जनौं साहित्यिक कृतिलाई हिन्दी र मैथिली भाषामा अनुवाद गर्नु भएको छ भने उँहाका केही कृतिहरू प्रकाशोन्मुख छन् ।

# अनुसूची - २

## राष्ट्रिय मानव अधिकार आयोगको वर्तमान सागंठनिक संरचना




राष्ट्रिय म

निर्देशक

कार्य सञ्चालन महाशाख

विधि बिषय परामर्श महाशाखा

प्रवर्द्धन महाशाखा

## अनुसूची - ३

# आयोगद्वारा आयोजित मानव अधिकार तथा शान्ति सम्मेलनमा मानव अधिकारकालागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त महामहिम श्री लुइज आर्बरद्वारा व्यक्त भएको मन्तव्य

NATIONS UNIES
HAUT COMMISSARIAT AUX DROITS DE L'HOMM

UNITED NATIONS
HIGH COMMISSIONER FOR HUMAN RIGHTS

Address: Palais des Natio
CH-1211 GEN

**Press statement on the occasion of the visit to Kathmandu (23-26 January 2005) by Ms. Louise Arbour, High Commissioner for Human Rights**

My visit to Nepal has been motivated by a growing concern over reports of a grave human rights crisis afflicting this country and a desire to assess the situation for myself.

I also wanted to express my support for the vital work of the National Human Right Commission and the many human rights defenders, NGOs, the media and the legal profession, who seek to advance the cause of human rights in fraught and often dangerous circumstances.

I also hope that my visit might serve, in a modest way, to increase the awareness worldwide to the terrible plight of many Nepalese in the midst of the armed conflict that is sweeping their country and which has resulted in the rampant abuse of basic human rights.

It is a testimony to the people of Nepal that even during this traumatic period for their country, my colleagues and I have been met with such warmth and hospitality during our brief visit here. I am particularly honoured by having been granted an audience with His Majesty, the King. I am also grateful to the Government of Prime Minister Deuba, to the National Human Rights Commission, to the commanding officers of the national security forces, to the Chief Justice and to the many NGOs whom I have met, for the time and care they have taken in briefing me on the complex situation in Nepal today.

I would like to place on record my sympathy and solidarity with the people of Nepal during this most difficult and traumatic time. They have been, and are being, subjected to violence and brutality on a staggering scale. The fabric of today's society, current and future generations of Nepalese, indeed the very development of the state, risk being grievously damaged or set back.

Irreparable harm is being caused, in large part, by the means through which the Maoists seek to advance their cause. Many of those means are unconscionable and contrary to fundamental human rights and international humanitarian laws. They include murder, abduction, forcible displacement, extortion and the use of children in the direct pursuit of military objectives. I want to stress that everyone I met, whatever their opinion of Nepal's political leadership or the goals of the rebellion, expressed nothing but outrage for the tactics adopted by the Maoist insurgents.

My fundamental message to the leaders of the CPN/Maoist today, therefore, is threefold.

First, they should not underestimate the desire of the people of Nepal to live in a society which fully respects all human rights. It seems clear to even the most casual observer that the people of this country have a deep understanding of the rights which are theirs by law. They want leaders who respect, rather than hold in contempt, these rights.

Secondly, it is a fundamental right for people to choose freely, and without coercion, how they would wish to be governed, and by whom. I urge the Maoists to engage the people of Nepal through reasoned argument in a democratic arena and to pursue their objectives in compliance with international law.

Finally, I would warn the leaders of the insurgency not to misread developments in the wider world nor to believe that they can operate outside of the law. It is increasingly clear that we have entered an era of accountability. In every part of the world, political and military leaders who thought themselves immune from prosecution are now answering before the law for the gross human rights abuses they perpetrated.

In the past three days, I have made clear in my meetings with the authorities that I do not underestimate the difficulties faced by the Government of Nepal. It is the right, indeed the duty, of any government confronted with such an insurgency to mobilise every effort on ending it. It is also incumbent on the international community to support legitimate efforts by the Government of Nepal to end the insurgency by all legal means and to restore peace, stability and security to their people and country.
I stress, however, that these means must be lawful and legitimate. They must be in strict compliance with the international humanitarian and human rights laws by which Nepal is bound.

Regrettably, there is an alarming, and growing, number of cases in which the fundamental rights of the people of Nepal have been abused by agents of the state and in which victims have been unable to obtain redress. A climate of impunity prevails in this country as a result of which the rule of law, the fundamental glue of any society, is being worryingly eroded.

The Government of Nepal has a responsibility to protect its people. This requires the Government to protect not just the physical security but also the legal rights of all. This responsibility cannot be suspended, even in times of national emergency. The Government of Nepal must abide by its commitments, freely made, both in international law and domestically. By so doing the Government will best distinguish itself from those who resort to violence and intimidation.

In all my meetings with Government, police and military officials, I was unequivocally assured that this need to uphold and defend the human rights of all Nepalese was keenly understood. It is now critical for this understanding to be translated decisively into concrete action. The widespread instances of disappearances, executions and torture must immediately come to an end. Effective and credible measures to bring to account those responsible for such acts must also be put in place now.

In my statement on 24 January, on the occasion of the opening of the National Human Rights Commission conference on human rights and peace, I outlined a number of measures which I considered would be of critical importance to improving the human rights climate in Nepal.

Chief among them is the need for both parties to the conflict to sign and implement the Human Rights Accord drawn up by the National Human Rights Commission. This Accord is nothing more than a reiteration of obligations which already bind both the Government and the CPN/Maoist. A failure to sign the Accord by either party calls into question the sincerity of their professed commitment to the welfare of the people of Nepal. Equally, I have no doubt that the signing of the Accord by both parties, coupled with genuine efforts to implement its provisions, will serve to build confidence, which is, in turn, a vital prerequisite for a genuine and lasting peace.

Secondly, I have pressed the Government of Nepal for a prompt and public clarification of how it intends to maintain the effectiveness and independence of the National Human Rights Commission after 25 May 2005, when the term of the current Commissioners expires. The international community is urgently looking for detailed assurances, and requisite action, that the Commission's integrity will in no way be adversely affected by the current uncertain climate.

Thirdly, both parties must make every effort to facilitate the work of the Commission. They must cooperate fully with investigations undertaken by the Commission and allow the Commission unfettered access to all areas under their control in the pursuit of its work. Again, one has to question the motivation of those who seek to obstruct the work of the Commission.

Particularly important is the need to ensure that all those entitled by law to do so be afforded full and unhindered access, without prior notice, to all places of detention. The precise scope of the epidemic of disappearances in Nepal cannot be completely ascertained without full access to all places of detention.

Fourthly, the use of children in any way whatsoever to advance military goals, must immediately cease. The use of children for such purposes is strictly prohibited by law.

Finally, measures must urgently be put in place to strengthen the independence, security and capacity of the civilian judiciary. Excessive recourse to military justice, a process that lacks transparency, contributes to an erosion of civilian institutions of law enforcement and threatens the rule of law.

In conclusion, allow me to reiterate my profound conviction that ensuring the full respect of the human rights of all Nepalese is the right course of action. It is the right course of action as a matter of law, as a matter of justice and as a matter of common sense. I trust that the parties to the current conflict will have no difficulty in expressing publicly that they share my conviction, and will act accordingly.

Thank you.

## अनुसूची - ४

# जेनेभामा सम्पन्न संयुक्त राष्ट्र संघ मानव अधिकार आयोगको ६१ औं वार्षिक बैठकमा आयोगका अध्यक्ष नयनबहादुर खत्रीद्वारा व्यक्त सम्बोधन भाषण

**Statement by Rt. Hon. N.B. Khatri, Chairman,**
**The National Human Rights Commission, Nepal at the**
**61st Session of the Commission on Human Rights, 13 April 2005**

Mr. Chairman,
At present, Nepal is passing through a difficult time in terms of serious challenges on the protection of human rights of the Nepalese people. While the ongoing armed conflict in Nepal for the past nine years has no doubt been the prime reason for the deteriorating human rights situation in the country, the situation after the declaration of the state of emergency on February 1 2005 has presented more challenges to the Nepalese people in the exercise of their basic rights. The suspension of fundamental rights, arrests and preventive detention of political leaders, human rights activists, journalists, and others, as well as restriction on the movement of several people including two NHRC Commissioners created a difficult situation for our Commission as well. This was in addition to the human rights violation issues such as disappearances, illegal detention, killings, abduction, recruitment of child soldiers and blockades etc., that the Commission was already dealing with. In response to the new situation, the Commission on 3rd February called upon the government to be conscious of the responsibility under all circumstances, even at a time of emergency, towards multi-party democracy and human rights protection, as per the essence of the Constitution of the Kingdom of Nepal 1990 and fulfill its responsibility to protect human rights of the Nepalese people as a state party to all major human rights treaties and conventions. It also requested the Government to create a situation to allow for the exercise of the constitutional right to participate in peaceful political activities and ensure the safety of human rights workers.

The obstacles we are encountering in our work are being dealt with through extensive discussions with the Government, on a case by case basis. We are persisting in our efforts in the difficult time and are hopeful that there would be improvement in the situation in coming days.

After February 1, our attention was drawn to some reports that NHRC/Nepal was becoming ineffective. While we certainly appreciate the concerns expressed by our friends and well-wishers inside and outside of Nepal about our Commission, I would like to emphasize that NHRC has continued to function in accordance with its mandate amidst the challenging environment.

Similarly, a number of reports and statements were made by various national and international organizations on the deteriorating human rights situation and international involvement to address the situation. In this regard, I would like to draw the attention of this august gathering to the Memorandum of Understanding (MoU) signed only a few months ago in December 2004 by the Office of the High Commissioner for Human Rights and His Majesty's Government of Nepal, on providing technical assistance to NHRC to enhance its monitoring and investigating capacity. Therefore, we are of the opinion that with the enhanced capacity, effective monitoring of the human rights situation can best be

done through the efforts of NHRC and the vibrant human rights community in Nepal. We have also come to know that a new MoU has been signed a few days ago between His Majesty's Government and the Office of the High Commissioner to monitor the state of human rights in Nepal. While we are yet to study the terms of the MoU, we are very much hopeful that the Commission will continue to receive support from the Office of the High Commissioner to carry out its mandate, as ultimately, the monitoring and evaluation of human rights is only possible if internal mechanisms such as national human rights institutions are supported and strengthened to do so.

NHRC-Nepal has been in the forefront not only in continuing its efforts to carry out its mandate in light of the present situation but has also increased its tempo by intensifying its monitoring and investigation works. As part of increasing our outreach throughout Nepal, our first regional office was opened in mid-western Nepal in November last year. Our second regional office was established in eastern Nepal only a week after the declaration of the state of emergency and the third regional office is going to be established in western Nepal very soon. We visited the political leaders under house arrest and several detention centers including military barracks, ascertaining the fate of the detainees and political leaders. As part of our expanded monitoring program, our monitoring and investigation officers have held interactions with all sectors of civil society in over 30 districts so far, with more missions to be undertaken in the coming days.

The Nepalese Commission as an independent and autonomous institution has not only spearheaded efforts to protect the rights of the Nepalese people, but has also undertaken several initiatives for a peaceful resolution of the conflict. The UN High Commissioner for Human Rights visited Nepal in late January this year and strongly supported the NHRC's endeavor to call upon the parties to sign on a Human Rights Accord as a first step towards the resolution of the conflict. We were greatly encouraged by the visit of the High Commissioner, who not only lauded our efforts but also pledged continued support of the OHCHR to NHRC-Nepal.

I would like to take this opportunity to express my sincere appreciation to the entire international human rights community for its continued support and assistance to the Commission in its activities. We would like to recall the concerns raised last year on the human rights situation in Nepal. Subsequent efforts made in cooperation with the OHCHR and His Majesty's Government of Nepal has been encouraging for the Commission to carry out its mandate. However, the challenge still persists, as the implementation of the commitment made by the government is less than satisfactory.

The support extended by the international community for the Commission's capacity development, the expansion of its outreach in different parts of Nepal and in particular, the support extended by the Office of the High Commissioner for providing the Commission with technical assistance are vital not only for our Commission's development, but also for the Commission to stand as an independent and autonomous institution to carry out the crucial task of monitoring and investigating human rights violations amidst the ongoing conflict situation.

I thank you Mr. Chairman

## अनुसूची - ५

# संकटकालमा विभिन्न थुनुवा केन्द्र तथा हिरासतहरूका सम्वन्धमा श्री ५ को सरकारमा गरिएका सिफारिसहरू

संकटकालको अवधिमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी तथा कर्मचारीहरूबाट विभिन्न मितिमा नेपाल अधिराज्यका विभिन्न थुनुवा केन्द्र तथा हिरासतहरूमा राखिएका व्यक्तिहरूको मानव अधिकारको अवस्था र थुनुवा राखिएका स्थानहरूको भौतिक अवस्थाको बारेमा अनुगमन गरी प्राप्त तथ्यहरूको आधारमा श्री ५ को सरकारमा विभिन्न सिफारिस गरेको थियो ।

१. सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.२ र ३.२.३ बमोजिम स्थानहद तोकी आफ्नै निवासमा नजरबन्दमा रहेकाहरूलाई दिइएको पूर्जीमा उल्लेख भए बाहेक रेडियो, टी.भि., पत्रपत्रिका तथा पुस्तक पढ्न पाउने व्यवस्थामा अवरोध पुऱ्याईएको, परिवारका सदस्य समेतलाई भेटघाट गर्नबाट वञ्चित गरिएको, घरधनीलाई नै घरबाट बाहिर निकाली अन्य व्यक्तिहरूलाई नजरबन्दमा राखिएको, कानुनद्वारा अनिषेधित वस्तुको आपूर्तिमा रोक लगाईएको, स्थानहद तोकिएको घर कम्पाउण्डमा समेत हिंडडुल गर्न नदिइएको देखिएकोले मानवीय मर्यादा समेतमा विचार गरी पक्राउ पुर्जीमा उल्लेख गरिएको आदेशले निषेधित गरे बाहेक अन्य मौलिक तथा कानुनी अधिकारहरूको प्रयोग गर्नबाट वञ्चित नहुने हुँदा आवश्यक व्यवस्था मिलाउन साथै स्थानहद तोकी अधिकारबाट वञ्चित भएकाहरूको आयआर्जन लगायतका हकहरू माथि समेत स्वतः असर पर्ने हुँदा निजहरूलाई आवश्यक पर्ने दैनिक उपभोगका वस्तुहरू प्राप्त गराउनु पर्ने दायित्व पनि सरकार कै हुन आउने भएकोले सो सम्बन्धमा अविलम्ब आवश्यक व्यवस्था गर्न ।
२. कुनैपनि व्यक्तिलाई स्थानहदको आदेश जारी गरिएको कारणले निज बाहेक परिवार तथा नातेदारहरूको अधिकारमा आँच आउन हुँदैन भन्ने सर्वमान्य सिद्धान्त हो । निरीक्षणको क्रममा परिवार तथा नातेदारलाई समेत अनावश्यक नियन्त्रण लगाईएको र कानुनद्वारा निषेध नगरिएका मौलिक हकको निर्वाध प्रयोगमा समेत बन्देज लगाईएको देखिएको हुनाले निजहरूको हकमा आघात नपुऱ्याउन अविलम्ब आवश्यक व्यवस्था गर्न ।
३. निवारक नजरबन्दमा रहेकाहरूलाई सूचनाको अविच्छिन्न उपयोगकालागि कानुनले रोक नलगाएका प्रकाशित पत्रपत्रिका, रेडियो, टि.भि. लगायत निजले रोजेको पुस्तक अध्ययन गर्ने व्यवस्था मिलाउन ।
४. नजरबन्दमा रहेकाहरूको स्वास्थलाई ध्यानमा राखी आवश्यकता अनुसार विशेषज्ञ चिकित्सकद्वारा उपचारको व्यवस्था अविलम्ब मिलाउन र उपचारमा लाग्ने औषधी लगायत अन्य सम्पूर्ण खर्च राज्यकै तर्फबाट व्यवस्था गर्न ।
५. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जमा नजरबन्दमा रहेका व्यक्तिहरूका लागि दिइएको खाना स्तरीय नभएकोले स्तरीय खाना उपलब्ध गराउने व्यवस्था गर्न ।
६. नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ बमोजिम नजरबन्दमा रहेका व्यक्तिहरूले रोजेको कानुन व्यावसायीसँग सल्लाह लिई प्रतिवाद गर्ने मौका दिनुपर्ने संवैधानिक हकबाट वञ्चित गराईएको देखिएकोले नियन्त्रणमा लिईएका सबैलाई कानुन व्यावसायीको सल्लाह लिन पाउने व्यवस्था मिलाउन ।
७. नजरबन्दमा रहेका कतिपय व्यक्तिहरूलाई परीक्षामा सामेल हुन नदिइएको भन्ने भनाई रहेको देखिँदा निजहरू परीक्षामा सामेल हुन पाउने विशेष व्यवस्था अविलम्ब गर्न ।
८. थुनामा राखिएका बन्दीहरूको निवासको टेलिफोन लाईन काटिएको हुँदा त्यसलाई अविलम्ब जोड्ने व्यवस्था गर्न ।
९. जिल्ला प्रहरी कार्यालय तनहुँमा नजरबन्दमा राखिएका रामचन्द्र पौडेलको ढाडमा समस्या रहेको र सो को उपचार तनहुँमा हुन नसक्ने भन्ने डाक्टरको भनाइ रहेको तर राजधानी वा अन्य आवश्यक सुविधायुक्त अस्पतालमा उपचारको प्रवन्ध हुन नसकेको हुँदा उपचारको व्यवस्था मिलाउन ।

१०. सशस्त्र प्रहरी गण, दुवाकोट भक्तपुरमा नजरबन्दमा राखिएका नरहरि आचार्यको स्वास्थ्योपचार हुन नसकेको पाइएकोले उहाँको उपचारको व्यवस्था मिलाउन ।

११. २ नं. सशस्त्र प्रहरी गण, महाराजगञ्जमा राखिएका बन्दीहरू लीलामणि पोखेल तथा अमिक शेरचनको उपचार भैरहेको भए तापनि डाक्टरले MRI गर्नु पर्ने भनी मिति २०६१।१२।२ मा जानकारी (Prescription) दिएको तर त्यसपछि कुनै उपचार नभएको भन्ने बन्दीहरूको भनाइ रहेकाले त्यसको व्यवस्था मिलाउन ।

१२. सशस्त्र प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा राखिएका वामदेव गौतम विरामी भएको भन्ने जानकारी भएको तर निजको प्रभावकारी उपचारको लागि व्यवस्था नभएको पाइएकोले त्यसको अविलम्ब व्यवस्था गर्न ।

१३. विद्युत प्राधीकरण तालिम केन्द्र खरिपाटी, भक्तपुरमा राखिएका प्यूठान जिल्लाका पूर्व सांसद मुक्तिप्रसाद शर्मा, अछामका पूर्व सांसद रामबहादुर विष्ट, भोजपुरका कृष्णबहादुर खड्का, काठमाडौंका रामप्रसाद काफ्ले, तनहुँका प्रभात आलेसमेतलाई तत्काल स्वास्थोपचारको व्यवस्था हुनुपर्नेमा सो नभएको पाइएको, सोही केन्द्रमा थुनामा राखिएका विद्यार्थीहरूलाई विभिन्न समयमा सञ्चालन हुने सम्बन्धित परीक्षामा सहभागी हुने व्यवस्था यथाशीघ्र मिलाउन ।

१४. वडा प्रहरी कार्यालय कालीमाटीमा नजरबन्दमा राखिएका जयप्रकाशप्रसाद गुप्ताको दाहिने खुट्टाले काम गर्न नसकेको र सो को प्रभावकारी उपचारको प्रबन्ध हुन नसकेको भन्ने पाईएकोले उपचारको व्यवस्था मिलाउन ।

१५. सैनिक व्यारेकमा राखिएका व्यक्तिहरूलाई व्यारेक बाहेकका अन्य उपचारको सुविधासमेत भएका थुनुवा केन्द्रहरूमा सार्न ।

१६. हिरासत वा नजरबन्दमा रहेकाहरूको स्थिति जाँचबुझ गर्न सक्ने ऐन प्रदत्त अधिकारमा बाधा पुग्ने गरी सुरक्षाकर्मीहरूले निवासमा नजरबन्दमा राखिएका राजनीतिक दलका नेतासँग ओयोगको टोलीलाई आदेश छैन भनी भेटघाट गर्न नदिएकोले मानव अधिकार आयोग ऐन २०५३ को प्रस्तावना, दफा २(च) र ९, श्री ५ को सरकारद्वारा मिति २०६० चैत्र १३ गते मानव अधिकार तथा अर्न्तराष्ट्रिय मानवीय कानुनको कार्याञ्वयनमा व्यक्त गरेको प्रतिबद्धताको दफा २४(ञ) र प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयको च.नं. २७८ मिति २०६१/१/३ मा राष्ट्रिय मानव अधिकार आयोगलाई लेखिएको पत्रमा गरिएको व्यवस्था र २०६१/११/२८ गते शाही नेपाली सेना, सैनिक जनसम्पर्क निर्देशनालयको विज्ञप्ति नं. २२८ अनुरूप आयोगलाई निर्वाध रूपमा आफ्नो कार्य गर्नमा कुनै अवरोध नगर्न सम्बन्धित निकायलाई अविलम्ब जानकारी गराउन ।

## अनुसूची - ६

# मानव अधिकार तथा शान्ति सम्मेलन

## माघ ११ - १२, २०६१
## काठमाडौं

## समापन विज्ञप्ति

### पृष्ठभूमि

१. राष्ट्रिय मानव अधिकार आयोगले देशमा व्याप्त रहेको हिंसात्मक द्वन्द्वलाई शान्तिपूर्ण तरीकाले समाधान गर्न सम्वद्ध पक्षलाई अभिप्रेरित गरी शान्ति प्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्यले माघ ११ देखि १२ गतेसम्म मानव अधिकार तथा शान्ति सम्मेलनको आयोजना गऱ्यो । राष्ट्रिय स्तरको यस सम्मेलनमा विभिन्न मन्त्रालय तथा सुरक्षा निकायका प्रतिनिधिहरु, कुटनीतिक नियोगका प्रतिनिधिहरु, अन्तराष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरु, सरकार- माओवादी वार्ताका पूर्व सहजकर्ताहरु, नागरिक शान्ति आयोगका प्रतिनिधिहरु, सर्वोच्च अदालतका पूर्वन्यायाधीशहरु, चिकित्सा क्षेत्रमा कार्यरत व्यक्तित्वहरु, मानव अधिकारको क्षेत्रमा कार्यरत केन्द्र तथा जिल्ला स्थित विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, २२ जिल्लाका मानव अधिकार संजालका प्रतिनिधिहरु, कानून व्यवसायीहरु, पत्रकारहरु, वुद्धिजीवी तथा नागरिक समाजका प्रतिनिधिहरु समेत कूल १४० जनाको सहभागिता रहेको थियो ।

२. राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोजना गरिएको मानव अधिकार तथा शान्ति सम्मेलनको निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा पाल्नु हुने मानव अधिकारकालागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त महामहिम लुइस आर्वर लगायत उद्घाटन समारोहमा अतिथि तथा सहभागीको रुपमा पाल्नु भएका सम्पूर्ण महानुभावहरुप्रति सम्मेलन हार्दिक आभार व्यक्त गर्दछ । साथै, सम्मेलन आयोजक राष्ट्रिय मानव अधिकार आयोगप्रति पनि हार्दिक आभार व्यक्त गर्दछ ।

३. मानव अधिकार तथा शान्ति सम्मेलनका अतिथि तथा सहभागीहरुलाई कार्यक्रममा भएको उत्साहवर्द्धक उपस्थिति तथा सक्रिय सहभागिताकोलागि सम्मेलन हार्दिक स्वागत गर्दछ ।

४. सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा, मानव अधिकारकालागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त महामहिम लुइस आर्वर, आयोगका अध्यक्ष सम्माननीय नयन बहादुर खत्री तथा आयोगका सदस्य सम्माननीय डा. गौरीशंकर लाल दासले उद्घाटन समारोहलाई सम्वोधन गर्दै राष्ट्रिय मानव अधिकार आयोगद्वारा तयार पारिएको मानव अधिकार संझौतापत्रमा द्वन्द्वरत दुवै पक्षलाई हस्ताक्षर गरी मानव अधिकार तथा मानवीय कानूनको सम्मान गर्न आह्वान गर्नु भएको थियो । उक्त अवसरमा सम्माननीय प्रधानमन्त्रीले मानव अधिकार संझौतापत्रको अध्ययन भइरहको जानकारी गराउनु भएको थियो ।

# सम्मेलनको निश्कर्ष

## कार्यपत्र प्रस्तुतीकरण सत्रका निश्कर्षहरू

१. कार्यपत्र प्रस्तुतीकरण सत्रको अवधिमा "द्वन्द्वको शान्तिपूर्ण समाधानकालागि मानव अधिकारको सम्मान र परिपूर्तिको प्रत्याभूति" विषयमा पहिलो कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यपत्र मूलभूत रुपमा नेपालमा सशस्त्र विद्रोह, मानव अधिकार संकट र सामाजिक विशेषताहरु, द्वन्द्व रुपान्तरणमा मानव अधिकारको दृष्टिकोण, सशस्त्र विद्रोह, मानव अधिकारको स्थिति र अन्तराष्ट्रिय चासो, सशस्त्र विद्रोहको समयमा मानव अधिकारको सम्मान र प्रत्याभूति जस्ता विषयमा केन्द्रित भएको थियो भने स्थायी शान्ति वा द्वन्द्व रुपान्तरणकोलागि मानव अधिकारको सम्मान एउटा पूर्व शर्तको हो भन्ने उक्त कार्यपत्रको निश्कर्ष रहेको थियो ।

२. "नेपालमा शान्ति स्थापनाको प्रक्रियामा मानव अधिकार संघ संस्थाहरुको भूमिका" विषयमा दोस्रो कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यपत्र द्वन्द्व र द्वन्द्व प्रतिको दृष्टिकोण, नेपालमा वर्तमान द्वन्द्वका कारणहरु, द्वन्द्व समाधानका उपायहरु तथा द्वन्द्व समाधानमा मानव अधिकारवादी संघ संस्थाहरुको भूमिका विषयमा केन्द्रित रहेको थियो । शान्ति स्थापनाकोलागि अपरिहार्य रहेको आर्थिक र सामाजिक अधिकारको प्रत्याभूति दिलाउने सन्दर्भमा मानव अधिकारकर्मीहरुले सामाजिक अभियन्ताको भूमिका निर्वाह गर्नु पर्ने कुरा उक्त कार्यपत्रको निश्कर्ष रहेको थियो ।

३. "मानव अधिकार र शान्ति" विषयमा तेस्रो कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यपत्र द्वन्द्वको समयमा मानव अधिकार रक्षकहरुलाई आइपर्ने समस्या तथा चुनौतीहरु, द्वन्द्व समाधानमा राजनैतिक दल तथा अन्तर्राष्ट्रिय समुदायको भूमिका, मानव अधिकार संभ्रौताको महत्व आदि विषयमा केन्द्रित रहेको थियो । सरकार तथा विद्रोही दुवै पक्षबाट मानव अधिकार उल्लंघन हुने हुँदा काठमाडौं बाहिर वसेर मानव अधिकार संरक्षण गर्ने कार्य एकदमै कठिन छ । द्वन्द्व समाधानको कुरा प्राविधिक भन्दा बदी राजनीतिक विषय भएकोले यसमा राजनैतिक दलको भूमिका महत्वपूर्ण हुन्छ । द्वन्द्वको समयमा पनि सरकार र विद्रोही पक्षले अन्तराष्ट्रिय मापदण्डहरुको अनुसरण गर्नु पर्छ तसर्थ मानव अधिकार संभ्रौतपत्रमा हस्ताक्षर हुनु जरुरी छ । मानव अधिकारवादीको शान्ति प्रक्रियामा हुने भूमिका भनेको निराशलाई आशा दिने र राजनैतिक दल तथा अन्य सबै सम्वद्ध पक्षलाई समेटेर अघि लैजाने नै हो । विगतमा भ्रै निरन्तर रुपमा मानव अधिकार आयोगले सक्रिय रुपमा काम गर्नु पर्छ । मानव अधिकारको संरक्षणकालागि अन्तराष्ट्रिय समुदायको भूमिका पनि महत्वपूर्ण हुन्छ । सरकारवाट निर्वाचनको घोषणा गरिएको अवस्थामा पनि स्वतन्त्र र निश्पक्ष निर्वाचन हुन सक्ने वातावरण सृजना गरिनु पर्छ भन्ने उक्त कार्यपत्रको निश्कर्ष रहेको थियो ।

४ "शान्ति प्रक्रियामा मानव अधिकारको संवोधन" विषयमा चौथौ कार्यपत्र प्रस्तुत भएको थियो । मानव अधिकार उल्लंघनका तथ्यांकहरु, श्री ५ को सरकारले हस्ताक्षर गरेका मानव अधिकारका दस्तावेजहरु, सरकारले मानव अधिकार संरक्षणमा खेलेको भूमिका, उच्च स्तरीय शान्ति समितिको स्थापना र यसको काम, कर्तव्य र अधिकार, सरकार माओवादी वार्ताको सम्वन्धमा श्री ५ को सरकारले गरेका निर्णयहरु लगायतका विषयमा कार्यपत्र केन्द्रित रहेको थियो । मानव अधिकारको संस्थागत विकास गर्न, मानव अधिकार उल्लंघनको घटनामा कमी ल्याउन तथा सरकार माओवादीले उठाएका कुनै पनि विषयमा वार्ताको क्रममा छलफल गर्न र राष्ट्रिय सहमतिको आधारमा समस्याको समाधान गर्न सरकार तयार छ । वार्ता प्रारम्भ गर्दा अपनाउनु पर्ने प्रक्रियाहरु मिलाउन र वार्ताका प्रतिनिधिहरुको पूर्ण रुपले सुरक्षा दिलाउने कार्यको समेत सरकारले ग्यारेण्टी गर्दछ भन्ने उक्त कार्यपत्रको निश्कर्ष रहेको थियो ।

५ "मानव अधिकार संझौतापत्र" विषयमा दोस्रो दिनको प्रथम कार्यपत्र प्रस्तुत गरिएको थियो । शान्ति प्रक्रियामा राष्ट्रिय मानव अधिकार आयोगको पहल, ने.क.पा.(माओवादी) तथा सरकारद्वारा व्यक्त प्रतिवद्धता, मानव अधिकार संझौताको आधारभूत सिद्धान्त र यसमा उल्लेखित विशिष्ट अधिकारहरु, संझौतापत्रको कार्यान्वयन तथा अनुगमन, संझौतापत्रको सफलताका आधार तथा अन्य मुलुकका अनुभवहरुका सम्वन्धमा उक्त कार्यपत्र केन्द्रित रहेको थियो । मानव अधिकारको प्रत्याभूति र शान्तिको पुनर्वहाली समस्त नेपालीको चाहना भएकोले अन्तराष्ट्रिय अनुभवहरुको आधारमा समेत मानव अधिकार संझौतामा हस्ताक्षर हुनु अत्यन्तै आवश्यक हुन्छ । यसले शान्ति प्रक्रियाको ढोका खोल्दछ । यसबाट कसैको हैसियतमा फरक नपर्ने र पछि विविध क्षेत्रमा आवश्यक संझौता गर्न सकिने भएकोले शान्ति प्रक्रियामा मानव अधिकारलाई प्राथमिकता दिदै सम्वद्ध पक्षलाई मानव अधिकार संझौतामा हस्ताक्षर गराउन मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था लगायत नागरिक समाजले दवाव दिनु पर्ने कुरा उक्त कार्यपत्रको निश्कर्ष रहेको थियो ।

## कार्यसमूहगत छलफलका निश्कर्षहरु

### मानव अधिकार संझौतापत्र सम्वन्धमा

१. आयोगद्वारा प्रस्तावित मानव अधिकार संझौताको मस्यौदालाई एक महत्वपूर्ण दस्तावेजको रुपमा हृदयंगम गरी सो दस्तावेजमा श्री ५ को सरकार तथा ने.क.पा.(माओवादी) द्वारा अविलम्व हस्ताक्षर हुनु पर्ने । सम्वन्धित पक्षहरुद्वारा हस्ताक्षरकालागि राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट अभिप्रेरित गर्न आयोगले सक्रिय भूमिका निर्वाह गर्नु पर्ने ।
२. मानव अधिकार सम्झौताको विषय शीर्षकभित्र मानव अधिकारकर्मीहरुको आचार संहिता तथा सुरक्षाको प्रत्याभूति सम्वन्धी व्यवस्था, विद्यालय, अस्पताल, उद्योग, कल कारखाना, धार्मिक स्थल तथा राजमार्गहरुलाई स्पष्ट रुपमा शान्ति क्षेत्रको रुपमा उल्लेख गरिनु पर्ने ।
३. मानव अधिकार संझौताको कार्यान्वयन तथा अनुगमनकालागि आयोगले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने ।
४. मानव अधिकार संझौतालाई भाषागत रुपमा परिमार्जन गरी यसलाई सबै तहमा मान्यता दिलाउन वा व्यापक प्रचार प्रसार गर्नकालागि सरल भाषामा प्रकाशन तथा वितरण गरिनु पर्ने ।

### आयोगले शान्ति प्रक्रियामा खेल्नु पर्ने भूमिका सम्वन्धमा

१. आयोगले तत्काल युद्धविरामकोलागि द्वन्द्वरत पक्षलाई आह्वान गर्दै शान्ति स्थापनाको प्रक्रियामा सबै पक्षलाई समावेश गरी वार्ताको वातावरण तयार गर्न निरन्तर पहल गर्नु पर्ने ।
२. आयोगले युद्धविरामको अवस्थामा लागू हुने मानव अधिकार आचार संहिताको निर्माण गरी सोको अनुगमनकालागि प्रभावकारी भूमिका निर्वाह गर्नु पर्ने ।
३. आयोगले शान्ति स्थापनाको प्रक्रियामा आवश्यक परेको खण्डमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय मध्यस्थकर्ताको सिफारिस गर्ने कार्यमा सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्ने ।

### शान्ति प्रक्रियामा मानव अधिकारको संवोधन सम्वन्धमा

१. शान्ति प्रक्रियामा मानव अधिकारका सवालहरुलाई केन्द्रविन्दू बनाइनु पर्ने ।
२. राज्यपक्षबाट नागरिकहरुको वेपत्ता पार्ने कार्य तथा विद्रोही पक्षबाट नागरिकको अपहरण गर्ने कार्य लगायत आधारभूत मानव अधिकार तथा मानवीय कानूनको उल्लंघनको कार्य बन्द गरिनु पर्ने ।
३. महिला, वालवालिका, दलित, अल्पसंख्यक, आदिवासी, शारीरिक रुपमा असक्षम लगायत अन्य जोखिममा परेका व्यक्ति तथा समुदायको मानव अधिकारको विशेष संरक्षण गरिनु पर्ने ।
४. कानूनी शासनको मूल्य र मान्यताको अनवरत रुपमा सम्मान गरिनु पर्ने ।

# सुझावहरू

**श्री ५ को सरकारलाई**

१. नेपाल अधिराज्यको संविधान, २०४७, नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु, अन्तर्राष्ट्रिय मानवीय कानून (जेनेभा कन्भेन्सन), श्री ५ को सरकारबाट मिति २०६०।१२।१३ गते जारी प्रतिवद्धता लगायत प्रचलित नेपाल कानूनको पूर्ण पालना हुनु पर्ने ।
२. शान्ति प्रक्रियालाई गति प्रदान गर्न आयोगद्वारा प्रस्तावित मानव अधिकार सम्झौतामा अविलम्व हस्ताक्षर गर्नु पर्ने ।
३. गैरन्यायिक हत्या, वेपत्ता पार्ने, यातना दिने लगायतका अन्य गैरकानूनी कार्यहरु तत्काल अन्त्य गर्नु पर्ने तथा कानून कार्यान्वयन गर्ने निकायका काम कारवाहीहरुमा कानूनको उचित प्रक्रियाको अवलम्वन गरिनु पर्ने ।
४. द्वन्द्वपीडितहरुको पुनःस्थापना तथा जोखिममा परेका व्यक्ति तथा समुदायको मानव अधिकारको संरक्षण गर्न तत्काल आवश्यक कदम चाल्नु पर्ने ।
५. विद्यमान दण्डहीनताको गम्भीर परिस्थितिलाई अन्त्य गरी कानूनी शासनको प्रत्याभूति दिलाउन आवश्यक कदम चाल्नु पर्ने ।
६. मानव अधिकार रक्षकहरुको कार्यको महत्वलाई सम्मान गर्दै उनीहरुको सुरक्षा तथा निर्वाध आवागमनको सुनिश्चितता हुनु पर्ने ।
७. विद्यालय, अस्पताल, उद्योग, कल कारखाना, धार्मिक स्थल, राजमार्गहरु जस्ता सार्वजनिक महत्वका संवेदनशील क्षेत्रहरुलाई स्पष्ट रुपमा शान्ति क्षेत्रको रुपमा उल्लेख गरिनु पर्ने ।

**ने.क.पा.(माओवादी)लाई**

१. आयोगद्वारा प्रस्तावित मानव अधिकार सम्झौतामा अविलम्व हस्ताक्षर गर्नु पर्ने ।
२. हत्या, अपहरण, वेपत्ता, जवरजस्ती चन्दा संकलन गर्ने एवं यातना दिने लगायतका मानव अधिकार विरोधी एवं अमानवीय कार्यहरु तत्काल बन्द गर्नु पर्ने ।
३. मानव अधिकार रक्षकहरुको कार्यको महत्वलाई सम्मान गर्दै उनीहरुको सुरक्षा तथा निर्वाध आवागमनको सुनिश्चितता हुनु पर्ने ।
४. अन्तर्राष्ट्रिय मानवीय कानून तथा आयोगले मिति २०६१।२।१४ मा प्रस्ताव गरेको तत्काल अवलम्वन गर्नु पर्ने न्युनतम शर्तहरु तथा समय समयमा विद्रोही पक्षबाट व्यक्त लिखित तथा मौखिक प्रतिवद्धताको पूर्ण पालना गरिनु पर्ने ।

**मानव अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरूलाई**

१. शान्ति स्थापनाको प्रक्रियाको सन्दर्भमा मानव अधिकारको पूर्ण प्रत्याभूतिकालागि मानव अधिकारकर्मीहरुले सामाजिक अभियन्ताको भूमिका निर्वाह गर्नु पर्ने ।
२. मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरुले विषम परिस्थितिमा समेत व्यावसायिकता, निस्पक्षता, तटस्थता एवं पारदर्शिता जस्ता विषयहरुलाई निरन्तर रुपमा अंगीकार गरी विना पूर्वाग्रह मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा प्रयासरत रहनु पर्ने ।

# अनुसूची - ७

# आयोगका पदाधिकारीहरूको विदेश भ्रमण तथा सहभागिता

| क्र.नं. | भ्रमण गर्ने सदस्यको नाम | भ्रमणगरेको राष्ट्र | भ्रमणको विवरण |
|---|---|---|---|
| | सं.अध्यक्ष नयनबहादुर खत्री | दक्षिण कोरीया | Asia Pacific Forum of National Human Rights Institutions को नवौं वार्षिक सभा १३ अक्टोम्बर—१७ अक्टोम्बर, २००४ मा भाग लिन । (मिति २०६१।५।२७ देखि २०६१।६।१ सम्म |
| | | जेनेभा | मानव अधिकार सम्बन्धी विभिन्न बैठकहरूमा भाग लिन (११-१८ अप्रिल ००५) चैत्र २९, २०६१-बैशाख ५, २०६२) |
| | डा. गौरीशंकर लाल दास | कतार, दोहा | Workshop on Regional Cooperation for Promotion and Protection of Human Rights in the Asia Pacific Region मा भाग लिन २-४ मार्च, २००४। ( २०६०।११।१९-२१) |
| | | बंगलादेश, ढाका | International conference on institutional protection of human rights : role of national human rights institutions मा भाग लिन Sept. 19-21, 2004 ( २०६१।६।३देखी ५ सम्म) |
| | मा.सुशील प्याकुरेल | दक्षिण कोरिया | Asia Pacific Forum of National Human Rights Institutions को नवौं वार्षिक सभा १३ अक्टोम्बर—१७ अक्टोम्बर, २००४ मा भाग लिन । (मिति २०६१।५।२७ दखी २०६१।६।१ सम्म |
| | | बंगलादेश, ढाका | Criminal responsibility for torture : south Asian perspective कार्यक्रममा भाग लिन अक्टोवर १०, २००४ (२०६१।६।२४) मा |
| | | संयुक्त राज्य अमेरिका + जेनेभा | United States Senate, Subcommittee on Foreign Operations, Committee on Appropriations ले नेपालको बदलिँदो परिस्थितिमा नेपालको मानव अधिकारको अवस्था र राष्ट्रिय मानव अधिकार आयोगले सामना गर्नुपरेको चुनौतीहरूका सम्बन्धमा छलफल गर्न र मानव अधिकार सम्बन्धी बैठकमा भाग लिन २०६१ चैत्र ७ - ०६१ बैशाख ३ ( March 20, 2005 – April 16, 2005) सम्म । |
| | | हङ्कङ्ग | Peace and Human Tights: The Role of Human Rights Accords vis-a-vis national human rights institution, University of Hong Kong, Faculty of Law, March 2005 |
| | प्रा.कपिल श्रेष्ठ | चीन | Thirteenth Workshop of the Framework on Regional Cooperation for the Promotion and Protection of Human Rights in the Asia Pacific Region, Beijing China, Jan 31 – Feb 4, 2005 |

# आयोगका कर्मचारीहरूको विदेश भ्रमण तथा सहभागिता

| भ्रमण गर्ने कर्मचारीहरूको नाम | भ्रमण गरेको राष्ट्र | भ्रमणको विवरण |
|---|---|---|
| का. मु सचिव केदारप्रसाद पौड्याल | जेनेभा | मानव अधिकार आयोगहरूको समन्वय समिति (ICC) लगायत संयुक्त राष्ट्र संघ मानव अधिकार आयोगको कार्यक्रममा भाग लिन १३-१६ अप्रिल २००४ (२०६१।१।१-४) |
| | सिड्नी अष्ट्रेलिया | Forum को Senior Executive Network को बारेमा समेत छलफलमा भाग लिन १६-२२ मे, २००४ (२०६१।२।३ -९ सम्म) |
| | दक्षिण कोरिया | Asia Pacific Forum of National Human Rights Institutions को नवौं वार्षिक सभा १३ अक्टोम्बर—१७ अक्टोम्बर, २००४ मा भाग लिन । (मिति २०६१।५।२७ दखी २०६१।६।१ सम्म |
| | थाइलैण्ड | Inter-sessional expert meeting on national human rights education in the Asian-pacific region मा २०-२२ अक्टोवर, २००४ (आश्विन ४-६, २०६१) मा भाग लिन । |
| | जेनेभा | मानव अधिकार सम्बन्धी विभिन्न बैठकहरूमा भाग लिन (२-१८ अप्रिल ००५) चैत्र २०, २०६१-बैशाख ५, २०६२) |
| पद्मा माथेमा राष्ट्रिय समाधिक्षक | बंगलादेश, ढाका | Asia regional initiative equlity support program का लागि 10- 11 August 2004 मा भाग लिन (मिति २०६१।४।२६ देखि२७ सम्म) |
| | श्रीलंका | South Asia regional mid-term review of The Yokohama global commitment 2001 September 29-Octomber 1, 2004 मा भाग लिन (मिति २०६१।६।१३ देखि१५ सम्म) |
| | भारत | South Asia Regional Initiative/Equity (SARI/Q) Support Program November 16, 2004, New Delhi, India |
| | बंगलादेश | "Regional Conference on Revisiting the Migration and Trafficking Nexus: The South Asian Scenario" मा भाग लिन (April 4-6, 2005) |
| | श्रीलंका | Regional Action Forum on Fostering Safe Migration को बैठकमा भागलिन (31 May-1 June, 2005) |
| | भारत | A Regional Mass Awareness Toolkit on Safe Migration, 28 – 29 July, 2005, New Delhi, India |
| श्री यज्ञप्रसाद अधिकारी | थाइलैण्ड | Regional Training Programme in Human Rights for Representatives from National Human Rights Institutions in the Asia Pacific मा मिति २०६१।८।१६-२५ (१-१० डिसेम्बर, २००४) सम्म भाग लिन । |
| श्री शंकरनाथ अधिकारी | डेनमार्क | DIHR को निमन्त्रणमा Study Tour मा भाग लिन 30 August देखि 3 September, 2004 सम्म (मिति २०६१।४१४ देखि १८ सम्म) |

| | | |
|---|---|---|
| श्री सूर्यबहादुर देउजा | थाइलैण्ड | Asian thematic training program on human rights and humanitarian law, 2004 विषयक लालिममा भाग लिन Oct. 11-15, 2004 (२०६१।६।२६ देखि२९सम्म) |
| | श्रीलंका | Follow up workshop on capacity building to protect minority rights and defend diversity in south asia, mount lavinia-Sri – Lanka 1-3October 2004 मा भाग लिन (मिति २०६१।६।१५ देखि१७ सम्म) |
| श्री कोषराज न्यौपाने | डेनमार्क | DIHR को निमन्त्रणमा Study Tour मा भाग लिन 30 August देखि 3 September, 2004 सम्म (मिति २०६१।४१४ देखि १८ सम्म) |
| श्री माधवप्रसाद गौतम | डेनमार्क | DIHR को निमन्त्रणमा Study Tour मा भाग लिन 30 August देखि 3 September, 2004 सम्म (मिति २०६१।४१४ देखि १८ सम्म) |
| श्री इमेश पोखरेल | थाइलैण्ड | Inter-sessional expert meeting on national human rights education in the Asian-pacific region मा २०-२२ अक्टोवर, २००४ (आश्विन ४-६, २०६१) मा भाग लिन । |
| श्री मुरारी प्रसाद खरेल | क्यानडा | २६ औं अन्तराष्ट्रिय मानव अधिकार तालिम, जुन १२, २००५ देखि १ जुलाई २००५ |
| श्री टीकाराम पोखरेल | डेनमार्क | DIHR human rights course training कार्यक्रममा भाग लिन अप्रिल 2-22, 2005 ( २०६१।१२।२० देखि२०६१।१।९) सम्म । |
| श्री पुष्पराज कटुवाल | डेनमार्क | DIHR को निमत्रणमा Study Tour मा भाग लिन 30 August देखि3 September, 2004 सम्म (मिति २०६१।४१४ दखी १८ सम्म) |
| श्री सम्झना शर्मा | डेनमार्क | DIHR को निमत्रणमा Study Tour मा भाग लिन 30 August देखि3 September, 2004 सम्म (मिति २०६१।४१४ दखी १८ सम्म) |
| श्री मिलन श्रेष्ठ | पाकिस्तान | 2nd South Asian Workshop on 'Combating Racism, Xenophobia and Discrimination against Ethnic Minorities and Indigenous People' मा भाग लिन २२-३१ मार्च २००५ (चैत्र ९-१८, २०६१) |
| श्री अनिता देवकोटा | थाइलैण्ड | Regional Training Programme in Human Rights for Representatives from National Human Rights Institutions in the Asia Pacific मा मिति २०६१।८।१६-२५ (१-१० डिसेम्बर, २००४) सम्म भाग लिन । |
| श्री अच्यूत आचार्य | भारत | Training on IHL and Refugee Law, Banglore, India, March 2005 |
| श्री जीवन न्यौपाने | डेनमार्क | DIHR को निमन्त्रणमा Study Tour मा भाग लिन 30 August देखि 3 September, 2004 सम्म (मिति २०६१।४१४ देखि १८ सम्म) |
| श्री महेश पौड्याल | डेनमार्क | DIHR को निमन्त्रणमा Study Tour मा भाग लिन 30 August देखि 3 September, 2004 सम्म (मिति २०६१।४१४ देखि १८ सम्म) |

## अनुसूची - ८

# आर्थिक वर्ष २०६१ । २०६२ मा आयोगद्वारा गरिएका गरिएका अनुगमन तथा अनुसन्धानका विवरण

**अनुगमन**

| क.सं. | मिति | जिल्ला | विवरण |
|---|---|---|---|
| १. | २०६१।१०।२० | काठमाडौं | मानव अधिकार आयोगबाट मिति २०६१।१०।२० गते राजनीतिक पार्टी, प्रकाशन केन्द्र लगायतका कार्यालयमा गरिएको अनुगमन |
| २. | २०६१।११।०७ – २०६१।११।१० | पर्सा | पर्सा जिल्लाको समग्र मानव अधिकार स्थितिको अनुगमन प्रतिवेदन |
| ३. | २०६१।११।७ – २०६१।११।११ | धनुषा | मिति २०६१।११।७ गतेदेखि ११ गतेसम्म धनुषा जिल्लाको मानव अधिकार अवस्थाको बारेमा गरिएको अनुगमन प्रतिवेदन |
| ४. | २०६१।०९।२७ – २०६१।०९।२५ | गुल्मी | गुल्मी जिल्लाको समग्र मानव अधिकार स्थितिको अनुगमन प्रतिवेदन |
| ५. | २०६१।०९।२७ – २०६१।०९।२५ | अर्घाखाँची | अर्घाखाँची जिल्लाको समग्र मानव अधिकार स्थितिको अनुगमन प्रतिवेदन |
| ६. | २०६१।१०।२७ | स्याङ्गजा | स्याङ्गजा जिल्लामा मिति २०६१ पौष ७ गतेदेखि पौष २५ गतेसम्म गरिएको अनुगमन प्रतिवेदन |
| ७. | २०६१।०८।०७ | बतडी, दार्जुला | मानव अधिकार स्थितिको अनुगमन प्रतिवेदन बैतडी र दार्चुला जिल्ला भाद्र, असोज २०६१ |
| ८. | २०६१।०८।१० | रत्नपार्क, काठमाडौं | मिति ०६१।०८।१० गते रत्नपार्क स्थित अस्थायी शिक्षक आन्दोलन, केन्द्रीय समितिद्वारा गरिएको आमरण अनसनको विषयमा राष्ट्रिय मानव अधिकार आयोगबाट गरिएको अनुगमन प्रतिवेदन |
| ९. | २०६१।१०।१९ | रूपन्देही | मिति २०६१ पौष ७ देखि पौष २५ गतेसम्म रूपन्देही जिल्लामा गरिएको मानव अधिकार अनुगमन प्रतिवेदन |
| १०. | २०६१।१०।१९ | कपिलवस्तु | मिति २०६१ पौष ७ देखि पौष २५ गतेसम्म कपिलवस्तु जिल्लामा गरिएको मानव अधिकार अनुगमन प्रतिवेदन |
| ११. | २०६१।१०।१९ | नवलपरासी | मिति २०६१ पौष ७ देखि पौष २५ गतेसम्म नवलपरासी जिल्लामा गरिएको मानव अधिकार अनुगमन प्रतिवेदन |
| १२. | २०६१।१०।२७ | पाल्पा | पाल्पा जिल्लामा मिति २०६१ पौष ७ गतेदेखि पौष २५ गतेसम्म गरिएको अनुगमनको प्रतिवेदन |
| १३. | २०६१।११।०६ | कास्की | मिति २०६१।११।१–४ गतेसम्म मानव अधिकार आयोगद्वारा कास्की जिल्लाको समग्र मानव अधिकारको स्थितिका बारेमा गरिएको अनुगमन प्रतिवेदन |
| १४. | २०६१।१२।१३–१५ | धादिङ्ग | धादिङ्ग जिल्लाको समग्र मानव अधिकार स्थितिको अनुगमन प्रतिवेदन |
| १५. | २०६१।१२।१३– २०६१।१२।१४ | काभ्रेपलाञ्चोक | राष्ट्रिय मानव अधिकार आयोगबाट काभ्रेपलाञ्चोक जिल्लामा गरिएको अनुगमनको प्रतिवेदन |
| १६. | २०६१।११।१६ | मोहम्मदपुर, बर्दिया | वर्दिया जिल्लाको मोहम्मदपुरमा भएको घटनाको अनुगमन प्रतिवेदन |
| १७. | २०६२।१।२० | धनुषा, महोत्तरी, | मिति २०६२।१।८ गतेदेखि १२ गतेसम्म धुनषा, महोत्तरी तथा सर्लाही |

| | | | |
|---|---|---|---|
| | | सर्लाही | जिल्लाहरूमा गरिएको मानव अधिकारको अनुगमन प्रतिवेदन |
| १८. | २०६२।२।१८ | खहरे, धादिङ्ग | मानव अधिकार आयोगद्वारा खहरे धादिङ्गमा सुरक्षाकर्मीद्वारा यातना दिइएको भन्ने विषयमा गरिएको अनुगमन प्रतिवेदन |
| १९. | २०६२।२।२० | कल्याणपुर, चितवन | लोकतन्त्र तथा शान्तिका लागि नागरिक आन्दोलन संयोजन समितिको आव्हानमा गरिएको प्रदर्शन कार्यक्रमको अनुगमन प्रतिवेदन |
| **जेल तथा कारागार** | | | |
| **क.सं.** | **मिति** | **जिल्ला** | **विवरण** |
| २०. | २०६१।८।१६ | सुन्दरीजल अनुसन्धान तथा छानबिन केन्द्र | वर्तमान द्वन्दका सम्बन्धमा पक्राउ परेका व्यक्तिहरूको अवस्थाको अनुगमन |
| २१. | २०६१।९।३ | इलाका प्रहरी कायालय साँखु, काठमाडौं | मिति २०६१ पौष ३ गते साँझ ४:५० मा इलाका प्रहरी कार्यालय साँखु काठमाडौंमा ने.क.पा. (माओवादी) द्वारा गरिएको आक्रमणको स्थलगत अध्ययन प्रतिवेदन |
| २२. | २०६१।०९।१५–२१ | नवलपरासी, कपिलवस्तु, रूपन्देही | जिल्ला कारागार शाखा नवलपरासी, कपिलवस्तु र रूपन्देहीको अनुगमन प्रतिवेदन |
| २३. | २०६१।९।२३ | सुन्दरीजल अनुसन्धान तथा छानबिन केन्द्र | मिति २०६१।९।२३ गते शनिवार राष्ट्रिय मानव अधिकार आयोगबाट अनुसन्धान तथा छानबिन केन्द्र सुन्दरीजल, काठमाडौंमा गई गरिएको अनुगमनको प्रतिवेदन |
| २४. | २०६१।०९।२६ | ढकालटार, तनहुँ | ढकालटार अनुगमन प्रतिवेदन सम्बन्धमा |
| २५. | २०६१।१०।१० | चौतारा, सिन्धुपाल्चोक | मिति २०६१।१०।१० गते मानव अधिकार आयोगद्वारा कारागार शाखा सिन्धुपाल्चोक, चौतारामा गई गरिएको अनुगमन प्रतिवेदन |
| २६. | २०६१।१०।२७ | पाल्पा, स्याङ्गजा | मानव अधिकार आयोगद्वारा कारागार शाखा पाल्पा र स्याङ्गजामा गरिएको अनुगमन प्रतिवेदन |
| २७. | २०६१।१०।२८ | मानव अधिकार तथा शान्ति समाजको ऱ्याली | मिति २०६१।१०।२८ का दिन मानव अधिकार आयोगको टोलीले अनुगमन गरी आयोग समक्ष चढाएको प्रतिवेदन |
| २८. | २०६१।११।१–४ | पोखरा, कास्की | मिति २०६१।११।१–४ गतेसम्म मानव अधिकार आयोगद्वारा कारागार शाखा कास्की, पोखरा गई गरिएको अनुगमन प्रतिवेदन |
| २९. | २०६१।११।५ | काठमाडौंका विभिन्न स्थानहरू | मिति २०६१।११।५ गते मानव अधिकार आयोगबाट विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, मानव अधिकारकर्मीलाई नियन्त्रणमा लिई नजरबन्दी समेत गरिएको सम्बन्धमा गरिएको अनुगमनको प्रतिवेदन |
| ३०. | २०६१।११।७–१० | पर्सा | राष्ट्रिय मानव अधिकार आयोगद्वारा कारागार शाखा पर्सामा गरिएको अनुगमन प्रतिवेदन |
| ३१. | २०६१।११।१३ | जिल्ला प्रहरी कार्यालय, जावलाखेल | मिति २०६१।११।१३ गते ललितपुर स्थित जिल्ला प्रहरी कार्यालय जावलाखेलमा थुनामा रहेका व्यक्तिहरूको बारेमा गरिएको अनुगमन प्रतिवेदन |
| ३२. | २०६१।११।१४ | खरिपाटी, भक्तपुर | मिति २०६१।११।१४ गते नेपाल विद्युत प्राधिकरणको तालिम केन्द्र खरिपाटी, भक्तपुरमा रहेका व्यक्तिहरूको बारेमा गरिएको अनुगमन प्रतिवेदन |
| ३३. | २०६१।११।२० | ककनी, नुवाकोट | मिति २०६१ फागुन २० गते मानव अधिकार आयोगबाट नुवाकोटको ककनी स्थित सशस्त्र प्रहरी वल तालिम केन्द्रमा नजरबन्दीमा राखिएका व्यक्तिहरूको सम्बन्धमा गरिएको अनुगमन प्रतिवेदन |
| ३४. | २०६१।११।२१ | सुन्दरीजल | मिति २०६१।११।२१ गते राष्ट्रिय मानव अधिकार आयोगबाट |

| | | | |
|---|---|---|---|
| | | अनुसन्धान तथा छानबिन केन्द्र | अनुसन्धान तथा छानबिन केन्द्र सुन्दरीजल, काठमाडौँमा गई गरिएको अनुगमन प्रतिवेदन |
| ३५. | २०६१।११।२६ | जगन्नाथ देवल, काठमाडौँ | राष्ट्रिय मानव अधिकार आयोगद्वारा कारागार शाखा जगन्नाथ देवल, काठमाडौँमा गरिएको अनुगमन प्रतिवेदन |
| ३६. | २०६१।१२।१ | जावलाखेल, ललितपुर | मिति २०६१।१२।१ गते मानव अधिकार आयोगबाट विभिन्न राजनैतिक दलका नेता तथा कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई श्री महेन्द्र युवालय, जावलाखेल, ललितपुरमा राखिएका बन्दीहरूको सम्बन्धमा गरिएको अनुगमन प्रतिवेदन |
| ३७. | २०६१।१२।२ | अर्घाखाँची | जिल्ला कारागार शाखा अर्घाखाँचीको अनुगमन प्रतिवेदन |
| ३८. | २०६१।१२।२ | गुल्मी | जिल्ला कारागार शाखा गुल्मीको अनुगमन प्रतिवेदन |
| ३९. | २०६१।१२।२ | श्रीजंग गण, सिंहदरवार, जगदल गण | शाही नेपाली सेनाको व्यारेक श्रीजंग गण, सिंहदरवार तथा जगदल गण, छाउनीको निरिक्षण प्रतिवेदन |
| ४०. | २०६१।१२।४ | नख्खु, ललितपुर | मानव अधिकार आयोगद्वारा कारागार शाखा नख्खु, ललितपुरमा गरिएको अनुगमन प्रतिवेदन |
| ४१. | २०६१।१२।०४ | महावीर (रेन्जर) गण, काठमाडौँ | राष्ट्रिय मानव अधिकार आयोगद्वारा महावीर (रेन्जर) गण काठमाडौँमा गरिएको अनुगमन प्रतिवेदन |
| ४२. | २०६१।१२।६ | दि फेमस महिन्द्र दल गण, गोरखा | राष्ट्रिय मानव अधिकार आयोगद्वारा श्री दि फेमस महिन्द्र दल गण गोरखामा गरिएको अनुगमन प्रतिवेदन |
| ४३. | २०६१।१२।७ | ढकालटार, तनहुँ | राष्ट्रिय मानव अधिकार आयोगद्वारा तनहुँ स्थित ढकालटारमा रहेको पुर्नस्थापना केन्द्रमा गरिएको अनुगमन प्रतिवेदन |
| ४४. | २०६१।१२।७ | गोरखा | राष्ट्रिय मानव अधिकार आयोगद्वारा कारागार शाखा गोरखामा गरिएको अनुगमन प्रतिवेदन |
| ४५. | २०६१।१२।८ | ढकालटार, तनहुँ | राष्ट्रिय मानव अधिकार आयोगद्वारा तनहुँ जिल्लाको राजनैतिक थुनुवाहरू सम्बन्धी गरिएको अनुगमन प्रतिवेदन |
| ४६. | २०६१।१२।८ | सिंहनाथ गण, भक्तपुर | शाही नेपाली सेना सिंहनाथ गण भक्तपुरको निरीक्षण प्रतिवेदन |
| ४७. | २०६२।१२।१३–१४ | काभ्रेपलाञ्चोक | मानव अधिकार आयोगबाट जिल्ला कारागार शाखा, काभ्रेपलाञ्चोकमा गरिएको अनुगमनको प्रतिवेदन |
| ४८. | २०६१।१२।१६ | महाराजगञ्ज, काठमाडौँ | राष्ट्रिय मानव अधिकार आयोगद्वारा २ नं. सशस्त्र प्रहरी गण, महाराजगञ्ज काठमाडौँमा गरिएको अनुगमन प्रतिवेदन |
| ४९. | २०६१।१२।१९ | दुवाकोट, भक्तपुर | मिति २०६१ चैत्र १८ गते मानव अधिकार आयोगबाट विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्तालाई विभिन्न हिसावले नियन्त्रणमा लिई सशस्त्र प्रहरी वल दुवाकोट भक्तपुरमा नजरबन्दी समेत गरिएको सम्बन्धमा अनुगमन प्रतिवेदन |
| ५०. | २०६१।१२।२२ | राष्ट्रिय प्रहरी प्रतिष्ठान, महाराजगञ्ज, काठमाडौँ | मिति २०६१चैत्र १९ गते मानव अधिकार आयोगबाट राजनीतिक दलका नेता तथा कार्यकर्तालाई नियन्त्रणमा लिई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा नजरबन्दीमा राखिएको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा गरिएको अनुगमन प्रतिवेदन |
| ५१. | २०६१।१२।४ | महाविर (रेन्जर) गण, काठमाडौँ | राष्ट्रिय मानव अधिकार आयोगद्वारा महाविर (रेन्जर) गण काठमाडौँमा गरिएको अनुगमन प्रतिवेदन |
| ५२. | २०६१।१२।५ | भैरवनाथ गण, काठमाडौँ | राष्ट्रिय मानव अधिकार आयोगद्वारा शाही नेपाली सेनाको भैरवनाथ गण, काठमाडौँमा गरिएको अनुगमन प्रतिवेदन |
| ५३. | २०६०।१२।१९ | कारागार शाखा, | गर्भपतनको आरोपमा बन्दी वनाइएका महिलाहरूको पहिचान गर्ने |

| | | | |
|---|---|---|---|
| | | जगन्नाथ देवल, कारागार शाखा डिल्लीवजार | सन्दर्भमा गरिएको महिला कारागार अनुगमनको प्रतिवेदन |
| ५४. | २०६२।१।६ | सुन्दरीजल अनुसन्धान तथा छानबिन केन्द्र | मिति २०६२।१।६ गते राष्ट्रिय मानव अधिकार आयोगबाट अनुसन्धान तथा छानबिन केन्द्र सुन्दरीजल, काठमाडौंमा गई गरिएको अनुगमनको प्रतिवेदन |
| ५५. | २०६२।२।१७ | नख्खु, ललितपुर | कारागार शाखा नख्खु, ललितपुरको मिति २०६२।२।१७ गते आयोगका अधिकृतहरूद्वारा गरिएको अनुगमन |
| ५६. | २०६२।१।२० | हनुमानढोका, काठमाडौं | मिति २०६२ बैशाख २० गते मङ्गलबार मानव अधिकार आयोगबाट जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा राखिएका थुनुवाहरूका विषयमा गरिएको अनुगमनको विवरणसँग सम्बन्धित प्रतिवेदन |
| ५७. | २०६२।०२।०५ | बोडे तथा दुवाकोट भक्तपुर | भक्तपुर जिल्लाको बोडे र दुवाकोटमा गरिएको अनुगमन प्रतिवेदन |
| ५८. | २०६२।२।८ | रेन्जर गण, | मिति २०६२।२।८ गते प्रहरी प्रशिक्षण प्रतिष्ठानमा ाखिएका पूर्व प्धानमन्त्री शेरवहादुर देउवा, सशस्त्र प्रहरी वल २ नं. गणमा राखिएका अमिक शेरचन लगायतका बन्दीहरू तथा शाही नेपाली सेनाको रेन्जर गणमा राखिएका बन्दीहरूको सम्बन्धमा गरिएको अनुगमन प्रतिवेदन |
| ५९. | २०६२।२।२४ | प्र.प प्र., १ नं. गण | मिति २०६२।२।१८ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा राखिएका पूवै प्रधानमन्त्री शेरवहादुर देउवा, नं. १ प्रहरी गण नक्सालमा राखिएका कृष्ण पहाडी र बलदेव शर्मा ( मजगैया) लगायतका बन्दीहरूको सम्बन्धमा गरिएको अनुगमन प्रतिवेदन |
| ६०. | २०६२।२।२६ | – | शुकराम पाखिन, सुजन गुरुङ्ग आदि व्यक्तिको सम्बन्धमा अनुगमन |
| ६१. | २०६२।२।३१ | हनुमानढोका, काठमाडौं | मानव अधिकार आयोगद्वारा जिल्ला प्रहरी कार्यालय काठमाडौं, हनुमानढोकामा गरिएको अनुगमन प्रतिवेदन |
| ६२. | २०६२।२।१८ | दि फेमस महिन्द्र दल गण, गोरखा | विना मगरका सम्बन्धमा |
| ६३. | २०६२।३।३ | वडा प्रहरी कार्यालय, बौद्ध | मानव अधिकार आयोगद्वारा वडा प्रहरी कार्यालय बौद्ध काठमाडौंमा गरिएको अनुगमन प्रतिवेदन |
| ६४. | २०६२।३।७ | १ नं. बाहिनी बालाजु, युद्ध भैरव गण टोखा | राष्ट्रिय मानव अधिकार आयोगद्वारा १ नं. बाहिनी अड्डा बालाजु र युद्ध भैरव गण अल्ले टोखामा गरिएको अनुगमन प्रतिवेदन |
| ६५. | २०६२।३।९ | – | नवराज सुवेदीलाई सरकारद्वारा पक्राउ नगरिएको भन्ने विषयमा राष्ट्रिय मानव अधिकार आयोगबाट गरिएको अनुगमन प्रतिवेदन |
| ६६. | २०६२।१।३० | पहरा गण त्रिपुरेश्वर, १ नं. गण नक्साल, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्ज | राष्ट्रिय मानव अधिकार आयोगद्वारा मिति २०६२।१।३० मा प्रहरी पहरा गण त्रिपुरेश्वर, नं. १ गण नक्साल, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा गरिएको अनुगमन प्रतिवेदन |
| ६७. | २०६२।१।१३ | ने.क.पा. एमालेको | मिति २०६२।१।१३ गते मानव अधिकार आयोगबाट ने.क.पा. एमाले |

| | | | |
|---|---|---|---|
| | | कार्यालय बल्खु, प्रहरी पहरा गण | केन्द्रीय कार्यालय वल्खुमा सुरक्षाकर्मीद्वारा भएको तोडफोड तथा प्रहरी पहरा गण त्रिपुरेश्वर, काठमाडौंमा रहेको थुनुवाहरू समेतको सम्बन्धमा गरिएको अनुगमनको प्रतिवेदन |
| ६८. | २०६२।२।११ | चितवन, बारा, पर्सा रौतहट, मकवानपुर | राष्ट्रिय मानव अधिकार आयोगद्वारा चितवन, बारा, पर्सा, रौतहट तथा मकवानपुर जिल्लामा रहेका व्यारेकहरूमा गरिएको अनुगमन प्रतिवेदन |
| ६९. | २०६२।२।४ | – | विद्यार्थी नेताद्वय राजेन्द्र राई र रूपनारायण श्रेष्ठको सम्बन्धमा अदालतले गरेको आदेशको कार्यान्वयन सम्बन्धमा गरिएको अनुगमन प्रतिवेदन |
| **विभिन्न स्थानमा स्थानहद तोकि नजरबन्दीमा राखिएका व्यक्तिहरूसँग भेटघाट (अनुगमन)** | | | |
| **क.सं.** | **मिति** | **पीडितको नाम** | **विवरण** |
| ७०. | २०६१।११।०६ र २०६१।११।१० | माधव कुमार नेपाल, कोटेश्वर, गिरिजा प्रसाद कोइराला, महाराजगञ्ज, सेर वहादुर देउवा, बुढानिलकण्ठ | मिति २०६१ फागुन ६ र १० गते मानव अधिकार आयोगबाट भूतपूर्व प्रधानमन्त्री, उपप्रधानमन्त्री तथा राजनीतिक दलका नेता, कार्यकर्तालाई सरकारद्वारा नियन्त्रणमा लिई स्थानहद गरी नजरबन्दमा राखिएको सम्बन्धमा गरिएको अनुगमनको विवरण |
| ७१. | २०६१।११।१० | भरत मोहन अधिकारी, कुलेश्वर | |
| ७२. | २०६१११।१२ | पूर्ण वहादुर खड्का, तीलगंगा, चन्द्रप्रकाश मैनाली | मिति २०६१ फागुन १२ गते मानव अधिकार आयोगबाट सरकारद्वारा नियन्त्रणमा लिई आफ्नै निवासमा स्थानहद गरी नजरबन्दीमा राखिएका चन्द्रप्रकाश मैनाली तथा पूर्णबहादुर खड्काको निवासमा गई अनुगमनको विवरणको सम्बन्धमा आयोगलाई चढाएको प्रतिवेदन |
| ७३. | २०६१।१०।२५ | सहाना प्रधान, बामदेव गौतम, प्रदीप नेपाल, खड्गप्रसाद ओली, माधव नेपाल, अमृत बोहरा, इश्वर पोखरेल, राजेन्द्र पाण्डे, महेन्द्र पाण्डे, कृष्ण गोपाल श्रेष्ठ, राजेन्द्र राई सहित ११ जना राजन राई, यज्ञराज सुनुवार, रघुजी पन्त र झलनाथ खनाल | मिति २०६१ माघ २३ गते शनिवार मानव अधिकार आयोगबाट विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई विभिन्न हिसावले नियन्त्रणमा लिई नजरबन्दी समेत गरिएको सम्बन्धमा गरिएको अनुगमन विवरण |

**मिति २०६२।२।१३ गते (नव नियुक्ति) पश्चात् आयोगबाट मानव अधिकार उल्लंघन सम्बन्धी गरिएका**

| अनुसन्धान तथा अनुगमनको संक्षिप्त विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | मिति | अनुगमनस्थल | विवरण |
| ७४. | २०६२।२।१८ | खहरे, धादिङ्ग | आयोगद्वारा खहरे धादिङ्गमा सुरक्षाकर्मीद्वारा यातना दिइएको विषयमा गरिएको अनुगमन |
| ७५. | २०६२।२।१८ | गोरखा | द फेमश गणमा बन्दीहरूको अवस्थाको अनुगमन जिल्ला प्रशासन कार्यालयमा छलफल |
| ७६. | २०६२।२।१८ | १ नं प्रहरी गण नक्साल र प्रहरी प्रशिक्षण प्रतिष्ठान केन्द्र महाराजगञ्जमा गई | प्रहरी प्र.प्र. महाराजगञ्जमा राखिनुभएका पूर्व प्र.म. शेरबहादुर देउवा तथा १ नं. प्रहरी गण नक्सालमा राखिनुभएका कृष्ण पहाडी र बलदेव मजगैयासँग भेट |
| ७७. | २०६२।२।१७ | कारागार शाखा, नख्खु | थुनुवा र कैदीहरूको कानुनी, शारीरिक तथा मानसिक अवस्थाको अनुगमन |
| ७८. | २०६२।२।२० | सशस्त्र प्रहरी गण दुवाकोट, सशस्त्र प्रहरी गण २ नं. महाराजगञ्ज र रेञ्जर गण, छाउनी | बन्दीहरूको अवस्था, स्वास्थ्य स्थिति र भौतिक अवस्था बारेमा बन्दी तथा थुनुवाहरूसँग भेटी जानकारी लिएको |
| ७९. | २०६२।२।२० | कल्याणपुर, चितवन | चितवन जिल्लाको कल्याणपुर गा.वि.स.मा ने.क.पा. माओवादीद्वारा थापिएको बिद्युतिय धरापमा परि बस दुर्घटना हुँदा घाइते भएका बिरामीहरूसँग घटनाको बारेमा वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा लिइएको जानकारी |
| ८०. | २०६२।२।२२ | सुन्दरीजल छानबिन तथा अनुसन्धान केन्द्र | अनुगमन |
| ८१. | २०६२।२।२४ | कृषि विकास तालिम केन्द्र भक्तपुर, विद्युत प्राधिकरण तालिम केन्द्र खरिपाटी | आन्तरिक विस्थापितहरूको अनुगमन |
| ८२. | २०६२।२।२५ | सुन्दरीजल छानबिन तथा अनुसन्धान केन्द्र | सुकराम पाखिनको पुनः पक्राउ सम्बन्धमा अनुगमन |
| ८३. | २०६२।२।२६ | सुन्दरीजल छानबिन तथा अनुसन्धान केन्द्र | सुकराम पाखिनको पुनः पक्राउ सम्बन्धमा अनुगमन |
| ८४. | २०६२।२।३० | श्रीजङ्ग गण, सिंहदरवार | दोर्जे शेर्पाको (आत्महत्या ) बारे अनुसन्धान |
| ८५. | २०६२।२।३१ | कैलाली, वर्दिया, बाँके, रुकुम, दाङ | मानव अधिकारको संवर्धन तथा अनुगमन गर्ने क्रममा क्षेत्रका सुरक्षा निकायका प्रमुखहरू तथा नागरिक समाजका प्रतिनिधिहरूसँग अलग अलग अन्तरक्रिया कार्यक्रमहरू गरेको |
| ८६. | २०६२।२।३१ | विरेन्द्र सैनिक अस्पताल छाउनी, स्वयम्भु | माडी चितवन घटनामा घाइते भएका सुरक्षाकर्मीसँग घटनाको सम्बन्धमा थप जानकारी |
| ८७. | २०६२।२।३१ | वडा प्रहरी कार्यालय सिंहदरवार, वडा प्रहरी कार्यालय विशालवजार, वडा प्रहरी कार्यालय कमलपोखरी | थुनामा रहेका पत्रकारहरूको अनुगमन |
| ८८. | २०६२।२।३१ | कालमोचन गुठी, त्रिपुरेश्वर | धनमाया गौतमको उजुरी उपर कालमोचन गुठीमा गई स्थलगत अनुगमन गरी सत्यतथ्य बुझिल्याउने सम्बन्धमा गरिएको अनुसन्धान/अनुगमन प्रतिवेदन |
| ८९. | २०६२।२।३१ देखि २०६२।३।२ | मंगलटार, काभ्रे | मिति २०६२ जेठ २७ गते काभ्रेपलाञ्चोक जिल्लाको मंगलटार गा.वि.स. वडा नं. ९ स्थित नार्केपुल बजारमा |

| | | | |
|---|---|---|---|
| | | | भएको घटना सम्बन्धमा गरिएको अनुगमन तथा अनुसन्धान |
| ९०. | २०६२।३।१ | विरेन्द्र सैनिक अस्पताल | माडी चितवन घटनामा परी घाइते भएका सुरक्षाकर्मीसँग घटना सम्बन्धमा थप कुरा बुझिएको |
| ९१. | २०६२।३।२ | कारागार शाखा, काभ्रे | कुटपिट भएको सम्बन्धमा |
| ९२. | २०६२।३।२ | जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक | थुनामा राखिएका बन्दीहरूको बारेमा अनुगमन |
| ९३. | २०६२।३।३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज, पहरा गण त्रिपुरेश्वर | नजरबन्दमा रहेका पूर्व प्रधानमन्त्री शेर वहादुर देउवा तथा पूर्व मन्त्री प्रकाशमान सिंहको अवस्थाको बारेमा अनुगमन |
| ९४. | २०६२।३।३ | वडा प्रहरी कार्यालय, बौद्ध | अनुगमन |
| ९५. | २०६२।३।७ | युद्ध भैरव गण, अल्ले, टोखा | अनुगमन |
| ९६. | २०६२।३।१० | कारागार शाखा, काभ्रे, शत्रुमर्दन गण, धुलिखेल | अनुगमन |
| ९७. | २०६२।३।१२ | कारागार शाखा, काभ्रे | पूर्व सूचनाविना अनुगमन |
| ९८. | २०६२।३।१२ | नख्खु कारागार | अनुगमन |
| ९९. | २०६२।३।१३ | सर्वोच्च अदालत | विना मगरको सुनुवाई (छाउनी अस्पतालमा उपचार भईरहेको भन्ने जानकारी) |
| १००. | २०६२।३।१४ | श्री सिंहनाथ गण, सुर्यविनायक, भक्तपुर | हिराशसतमा मृत्यु भएका दिपेन्द्र रायमाझीको सम्बन्धमा अनुसन्धान |
| १०१. | २०६२।३।१४ | कारागार शाखा, काभ्रे | बन्दीलाई कुटपिट भएकोमा अनुगमन |
| १०२. | २०६२।३।१५ | श्री नख्खु कारागार शाखा, ललितपुर | कारागारको अवस्था तथा बन्दीहरूको भौतिक कानुनी अवस्थाको बारेमा अनुगमन |
| १०३. | २०६२।३।१५ | सूर्यविनायक, भक्तपुर | आयोगद्वारा सूर्यविनायक स्थित सिंहनाथ गणको सैनिक हिरासतमा दिपेन्द्र रायमाझीले गरेको आत्महत्या सम्बन्धमा गरिएको अनुसन्धान |
| १०४. | २०६२।३।१५ | भैरवनाथ गण, महाराजगञ्ज | सरिता शर्माको पुनः गिरफ्तारी हुने आशंका भएकोमा अनुगमन |
| १०५. | २०६२।३।१७ | शाही नेपाली जङ्गी अड्डा, भद्रकाली, काठमाडौं | मानव अधिकार उल्लंघनका उजुरीको छानबिनका सम्बन्धमा छलफल |
| १०६. | २०६२।३।१७ विहान ८:३० वजे | छाउनी अस्पताल | जनज्योति क्याम्पस कंचनपुरमा गोली लागि घाइते भएका विद्यार्थीहरूको शाही नेपाली जङ्गी अड्डा, मिलिटरी हस्पिटलमा उपचार भइरहेको सम्बन्धमा अनुसन्धान |
| १०७. | २०६२।३।१७ | श्रीजङ्ग गण, काठमाडौं | अनुगमन |
| १०८. | २०६२।३।१७ – २०६२।४।१० | **पूर्वाञ्चल –** ताप्लेजुङ्ग, पाँचथर, झापा<br>**पश्चिमाञ्चल –** बाग्लुङ्ग, म्याग्दी<br>**मध्य पश्चिमाञ्चल –** कालिकोट, जुम्ला<br>**मध्यमाञ्चल –** सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक<br>**सुदुर पश्चिमाञ्चल –** दार्चुला, बझाङ्ग | बाल अधिकारको सम्बन्धमा अनुगमन |
| १०९. | २०६२।३।२० | जिल्ला प्रहरी कार्यालय, ललितपुर | नवराज सुवेदीको स्थिति पत्ता लगाउन |
| ११०. | २०६२।३।२० | पहरा गण, त्रिपुरेश्वर | थुनुवा प्रकाशमान सिंहसँग भेटघाट तथा अनुगमन |
| १११. | २०६२।३।२० | जगदल गण, छाउनी | अनुगमन |
| ११२. | २०६२।३।२३ | रामेछाप | अनुसन्धान, अनुगमन |

| | | | |
|---|---|---|---|
| ११३. | २०६२।३।२३ | दोलखा | दोलखा जिल्लामा माओवादीले सर्वसाधारणको गाडी माथि एम्बुस पड्काई घाइते वनाएको विषयमा अनुसन्धान |
| १४. | २०६२।३।२४ | किर्तिपुर क्याम्पस | उच्च शिक्षा माध्यमिक परिषद्मा नेपाली भाषाको सम्बन्धमा वार्तामा रहेका विद्यार्थीहरूलाई प्रहरीद्वारा कुटपिट गरिएको घटनाको अनुसन्धान गर्न त्रि.वि. कीर्तिपुर, विभिन्न हस्पिटलहरू, उच्च मा.वि. परिषद, सानोठिमी |
| ११५. | २०६२।३।२५ | गुण्डु, भक्तपुर | सुरक्षाकर्मीद्वारा भएको हत्याको सम्बन्धमा अनुसन्धान |
| ११६. | २०६२।३।२७ | जिल्ला प्रशासन कार्यालय, उच्च शिक्षा परिषद्, सानोठिमी, जिल्ला प्रहरी कार्यालय, भक्तपुर | उच्च शिक्षा माध्यामिक परिषद्मा नेपाली भाषाको सम्बन्धमा वार्तामा रहेका विद्यार्थीहरूलाई प्रहरीद्वारा कुटपिट गरिएको घटनाको सम्बन्धमा अनुसन्धान |
| ११७. | २०६२।३।२८ | कारागार शाखा, धुलिखेल | अनुगमन |

| **अनुसन्धान** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **मिति** | **जिल्ला** | **विवरण** |
| ११८. | २०६१।४।२७ | गुम्दी, धादिङ्ग | नेपाल कम्युनिष्ट पार्टी, माओवादीका वैकल्पिक केन्द्रीय सदस्य भरतप्रसाद ढुङ्गानाको मिति २०६१ आषाढ ३१ गते सुरक्षाकर्मीद्वारा हत्या गरिएको भनिएको विषयको स्थलगत अनुसन्धानको प्रतिवेदन |
| ११९. | २०६१।०६।२१ | कालीकोट | नेकपा माओवादीको आशंकामा कालीकोट जिल्ला विमानस्थल धावनमार्ग निर्माण कार्यको लागि गएका २१ जना श्रमिकको सुरक्षाकर्मीले हत्या गरेको भनिएको विषयको अनुसन्धान प्रतिवेदन |
| १२०. | २०६१।१०।२१ | चापाकोट, स्याङ्गजा | स्याङ्गजा जिल्लाको चापाकोटका तुलसीराम पञ्जेनी र राजन सुवेदीको सुरक्षाफौजद्वारा हत्या गरेको भनिएको विषयमा आयोगमा चढाइएको प्रतिवेदन |
| १२१. | २०६१।०९।२१ | दक्षिणकाली | मिति २०६१।९।२१ गते शनिबार राष्ट्रिय मानव अधिकार आयोगबाट काठमाडौं जिल्लाको दक्षिणकाली गा.वि.स. मा मानिस मारिएको भन्ने सम्बन्धमा गई गरिएको अनुसन्धान प्रतिवेदन |
| १२२. | २०६१।६।२८ | लौकाहा, रौतहट | रौतहट जिल्लाको लौकाहा गा.वि.स. मा रामबाबु पटेलको सुरक्षाकर्मीहरूद्वारा हत्या गरिएको भनिएको विषयमा स्थलगत रूपमा जाँचबुझ गरी आयोगमा चढाएको प्रतिवेदन |
| १२३. | २०६२।३।२१ – २०६२।३।२९ | चिदीपानी, पाल्पा | पाल्पा जिल्लाको चिदीपानी गा.वि.स. १ अन्तर्गत पर्ने सिद्धार्थ राजमार्गमा मिति २०६१।१२।९ गते तीनजना विद्यार्थी सुरक्षाकर्मीद्वारा मारिएको घटनाको सम्बन्धमा गरिएको अनुसन्धानको प्रतिवेदन |

# अनुसूची - ९

## (क) बैदेशिक सहायता तर्फको आ.व. ०६१/०६२ को बार्षिक आर्थिक विवरण

## (ख) आर्थिक वर्ष २०६१/६२ को केन्द्रीय वार्षिक आर्थिक विवरण

## (ग) धरौटीको वार्षिक आर्थिक विवरण

# राष्ट्रिय मानव अधिकार आयोग
## हरिहरभवन
### धरौटीको आर्थिक विवरण
आ.ब.०६१/०६२

**आम्दानी**

आ.ब.को जिम्मेवारी सरेको
चालु आ.व.को आम्दानी रु ११९३५१।६८
जम्मा ११९३५१।६८

**खर्च**

सदर स्याहा भएको धरौटी रु.......................
फिर्ता भएको धरौटी जम्मा..........................

श्रेस्ता अनुसार बैकमा बाँकी
नगद
बैक जम्मा रु. ११९३५१।६८
बैक अनुसार बाकी

**कोषको अवस्था-**

फरक रकम
फरक पर्नाको कारण
धरौटी खाता नं. स.का. १९८ ख ३

**उपरोक्त व्यहोरा ठीक छ भनि सहि गर्ने -**

| | | |
|---|---|---|
| पेश गर्ने - | दर्जा- लेखापाल | मिति-२०६२/.../.... |
| सदर गर्ने - | दर्जा- निर्देशक | मिति-२०६२/.../.... |

## (घ) आ.व. ०६०/०६१ को अन्तिम लेखा परीक्षणबाट देखिएको वेरुजुको व्यहोरा

| आय विवरण | | व्यय विवरण | |
|---|---|---|---|
| यो वर्षका मौज्दात ( वैदेशिकतर्फ ) | १,५२,३४,४१।६० | बजेट खर्च | १,६८,४४,४६६।६१ |
| यो वर्षको आम्दानी | ३,५५,२६,३३२।४३ | श्री ५ को सरकार | ७१,१५,०२६।७३ |
| श्री ५ को सरकारबाट निकासा | ७१,१५,०२६।७३ | वैदेशिक स्रोत | ८७,९६,३७०।७८ |
| वैदेशिक स्रोत ( दाताबाट ) | २८४११३०५।७० | पेश्कि खर्च | ९,३३,०६९।१० |
| गत वर्षको पेश्कि बाँकी | १४,७८२।१० | निकासा फिर्ता | २,२२,५००।०० |
| दाखिला गर्न बाँकी | ३०००।०० | दाखिला गर्न बाँकी र गत बर्षको | |
| | ३७०६७५५६।१३ | यो बर्ष दाखिला खर्च | ३०,७४८।३० |
| | | बैंक मौज्दात | १,९९,६९,८४१।१९ |
| | | | ३७०६७५५६।१३ |

| क्र.स | बेरुजुको विवरण | आयोगको प्रतिक्रिया |
|---|---|---|
| १. | राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ को दफा २३ बमोजिम आर्थिक व्यवस्थापन नियमावली बनाई श्री ५ को सरकारको परामर्श लिएको देखिएन । | राष्ट्रिय मानव अधिकार आयोग स्वतन्त्र एवम स्वायत्त निकायको रूपमा मानव अधिकार आयोग ऐन, २०५३ अनुसार स्थापना भएको हुँदा मानव अधिकार आयोग ऐन, २०५३ को दफा १५, उपदफा ३ को प्रयोजनको लागि दफा २३ ले दिएको अधिकार प्रयोग गरी आर्थिक व्यवस्थापन नियमावली, २०६० वैदेशिक दातृसंस्था तथा निकायहरूबाट प्राप्त अनुदान सञ्चालनको लागि बनाईएको हो साथै आर्थिक व्यावस्थापन नियमावली, २०६० पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली नभएको हुँदा श्री ५ को सरकारको परामर्श लिनुपर्ने वाध्यात्मक व्यवस्था मानव अधिकार आयोग ऐन, २०५३ मा नभएको व्यहोरा अनुरोध छ । |
| २. | वैदेशिक सहायता रकम अर्थमन्त्रालयबाट वजेट विवरणमा समावेश गर्नु पर्नेमा सो अनुसार नगरी वैदेशिक दातृ संस्थासग सोझै सम्झौता गरी रकम प्राप्त र खर्च गरेको नियमसंगत देखिएन । | मानव अधिकार आयोग ऐन २०५३ को दफा १५ मा “आर्थिक व्यवस्थापन” शिर्षक अन्तर्गत १५(१) मा “आयोगको कार्यसम्पादन गर्न आवश्यक पर्ने साधन र श्रोतहरू विभिन्न निकायबाट अनुदानको रूपमा प्राप्त गर्न सक्नेछ ” भन्ने र १५(२)मा आयोगले कार्यसम्पादन गर्न आर्थिक सहायता लिनसक्नेछ” भन्ने उल्लेख भएको छ । साथै १५(३)मा त्यसरी प्राप्त गरेको सहायताको खर्च दाता र आयोगको बीचमा भएको शर्त वमोजिम हुनेछ” भन्ने व्यवस्थाहरू गरी आयोगका हकमा छुट्टै कानुनी व्यवस्था गरिएको छ । यसर्थ वैदेशिक सहायता रकम अर्थ मन्त्रालयको बजेट विवरणमा समावेश नगरी सोझै सम्झौता गरी रकम प्राप्त र खर्च गरेको हो । |
| ३. | आयोगले यो वर्ष श्री ५ को सरकार बाट प्राप्त रकमबाट के कस्ता कार्यक्रमहरू कति परिमाणमा सञ्चालन गर्ने भन्ने सम्बन्धमा वार्षिक कार्यक्रम स्वीकृत गरी लक्ष्य निर्धारण गरिएको छैन । | राष्ट्रिय मानव अधिकार आयोगको आफ्नै रणनीतिक योजना ( २००४–२००८) रहेको छ । श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम तलब भत्ता लगायत प्रशासनिक खर्चहरूमा मात्र भएको र वैदेशिक दातृसँस्थाबाट प्राप्त हुने रकममा उद्देश्य, लक्ष्य तथा कार्यक्रम समेतको प्रस्ताव पेश गरी सम्झौता भई बजेट प्राप्त भएको र प्रगति प्रतिवेदन |

| | | |
|---|---|---|
| | | समेत सम्बन्धित दाताहरूमा दाताहरूले तोकेको समयमा उपलब्ध गराइएको व्यहोरा अनुरोध गर्दछु । तसर्थ आयोगले निर्धारण गरेको लक्ष्य अनुसार कार्यसम्पादन भई प्रगति भएको हो । |
| ४. | श्री ५ को सरकारको स्वीकृति बेगर कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली २०५८, बनाई अधिकृत तथा सहायकस्तरका केही कर्मचारीहरू स्थायी नियुक्ति गरिएको र केही कर्मचारीहरू करारमा नियूक्ति गरेको देखियो । | आयोगको कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८ मन्त्रिपरिषद सचिवालयबाट मिति २०५८।०३।०१ गते परामर्श प्राप्त भई बनाईएको हो । |
| ५. | फर्निटेक सेन्टर र लुम्बिनी ट्रेडकन्सर्नबाट सामान खरिद गरेबापत १.५ प्रतिशतले हुन आउने अग्रिम कर बापतको रकम कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेमा कट्टा गरेको नदेखिएको । | आयकर ऐन २०५८ को दफा ८९(१) बमोजिम ठेक्का वा करार मार्फत भएका आपूर्तिमा १.५% ले अग्रिम कर कट्टि गर्नुपर्ने व्यावस्था भएको उक्त खर्च ठेक्का वा करार वमोजिमको नभएकाले आयकर ऐन, २०५८ को दफा ८९(१) आकृष्ट नहुने हुँदा स्रोतमा करकट्टि नगरिएको हो । |
| ६. | श्री ५ को सरकारबाट प्रकाशित बजेट तर्जुमा दिग्दर्शनमा उल्लेखित खर्च शीर्षकको वर्गीकरण र व्यवस्था अनुसार सम्बन्धित शीर्षकमा खर्च लेखेको देखियो । यसरी नियम विपरीत र बजेट सिद्धान्त विपरित खर्च लेख्न पाउने आधार नदेखिएको । | उक्त अवस्थामा आयोगलाई प्राप्त बजेटको परिधिभित्र रहेर तत्काल आयोगलाई आवश्यक पर्ने अफिस सामानहरू खरिद नगरी नहुने अवस्था सृजना भएको हुँदा शिर्षक फरक परेको हो । उक्त रकम आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम १४९ बमोजिम नियमित समेत भैसकेको हुँदा उक्त बेरुजु सम्परीक्षण हुने क्रममा रहेको छ । |
| ७. | आयोगको ऐन, नियम परिमार्जन कार्यदलको बैठक बसे बापत भत्ता वितरण गरेकोमा बैठक कुन समयमा बसेको हो खुलेन भने एकै दिन एकै विषयमा २ पटक बैठक बसेको देखाई दोहोरो बैठक खर्च भूक्तानी दिन मिल्ने नदेखिएको । | आयोगको ऐन नियम परिमार्जन कार्यदलको बैठक वसेबापत पाउने भत्ता र सुविधा आयोगले तोके अनुसार हुनेछ भनी मानव अधिकार आयोग ऐन, २०५३ को दफा ११(६) मा व्यवस्था भएको हुँदा सोही अनुसार आयोगले भत्ता तोकेको र बैठक मिति २०६०।०८।१७ र २०६०।९।२३ मा दुई दुई पटक नै भएको र दोहोरो भुक्तानी नभएको हो । |
| ८. | एशिया प्रशान्त क्षेत्रका मानव अधिकार संस्थाहरूको (APF) को आठौ वार्षिक सम्मेलन काठमाडौको हायात होटेलमा मिति ०६१।११।४ देखि ०६१।११।६ सम्म भएको सम्मेलनमा के कति देशका के कति पाँहुनाहरू आउने हुन र के कस्तो स्थान ( सभा गृह, प्रशिक्षण प्रतिष्ठान, होटल आदि ) मा सम्मेलन गर्दा उपयुक्त र कम खर्चिलो समेत हुन्छ सो समेतलाई विचार गरी स्थान छनौटको निर्णय गर्नुपर्ने र विदेशी पाँहुनाहरूलाई बस्न र खान तथा स्वदेशी पाँहुनाहरूको लागि लाग्ने खाना र खाजाको अनुमानित लागत तयार गरी उपयूक्त होटलहरूबाट गुणस्तर समेतको दरभाउपत्र समेत लिई खाना तथा खाजाको व्यवस्था | एशिया प्रशान्त क्षेत्रका मानव अधिकार संस्था (APF) को आठौँ वार्षिक सम्मेलन हायात रिजेन्सी होटलमा २०६०।११।४ देखि २०६०।११।६ सम्म भएकोमा उक्त सम्मेलन आयोगले गरेको नभै उक्त सम्मेलनको स्थान छनौट र सम्मेलनका सम्पूर्ण खर्चहरू आयोजक संस्था एशिया प्यासिफिक फोरमले नै गरेको हो । उक्त बैठक अन्तर्राष्ट्रिय स्तरको भएको प्रधानमन्त्रीबाट उद्घाटन भएको हुँदा आयोगले सम्मेलनका सहभागी तथा नेपालका विशिष्ट अतिथिहरूको लागि “स्वागत भोज” को आयोजना गरेको हो । बैठकको स्थान छनौट विदेशस्थित APF सचिवालयलेनैं गरेको व्यहोरा जानकारी गराउँदछु । आफ्नो देशमा भएको अन्तर्राष्ट्रिय सम्मेलनमा उक्त संस्थाको अध्यक्षको हैसियतले उक्त सम्मेलनको विभिन्न क्रियाकलापमा खटिनुपर्ने भएको हुनाले श्री ५ को सरकारसँग खर्चको रकम माग गर्दा नै खर्चको प्रयोजन समेत खुलाई छुट्टै बजेट माग गरी सोही वमोजिम खर्च भएको हो । आयोजकले छानेको सम्मेलन स्थलमा नै “रात्री भोज” दिन विभिन्न दृष्टिले उपयुक्त भएको हुँदा सोही अनुसार भएको हो । उक्त भोजमा वोलाईएका विशिष्ट |

| | | |
|---|---|---|
| | गर्नुपर्नेमा सम्मोलनमा के कति पाँहुनाहरू थिए सो समेत उल्लेख नगरी र सहभागीहरूको उपस्थिति ( हाजिरी ) समेत नराखिएको । | व्यक्तिहरू सवैलाई हाजिर गराउन उपयुक्त नहुने र उक्त भोजमा के कति व्यक्तिहरू समावेश थिए भन्ने कुरा निम्ता गरिएका व्यक्तिहरूको विवरण समेतले स्पष्ट पार्नेनै हुन्छ । उक्त सम्मेलनमा प्रत्यक्ष संलग्न रहेका व्यक्तिहरू जस्तै आयोगका केही कर्मचारी तथा पदाधिकारी समेत र सुरक्षा निकायका केही व्यक्तिहरू वसेको रुम चार्जको रूपमा रकम भुक्तानी भएको हो । |
| ९. | आयोगका पदाधिकारीहरू र कर्मचारीहरू सम्मेलन अवधिभर सम्पर्कमा रहिरहनु पर्ने भएको भनी मोवाईल टेलिफोनको रिचार्ज कार्ड ४ खरिदको बिल बमोजिम रु २०४०।– खर्च लेखेको देखियो । व्यक्तिगत मोवाईलको लागि रिचार्ज कार्ड प्रयोग गरेको भनी अनावश्यक रूपले बढी खर्च लेखी बढी आर्थिक व्ययभार पारेको । | एशिया प्रशान्त क्षेत्रका मानव अधिकार संस्थाहरूको आठौ सम्मेलनमा विदेशी पाहुनाहरूलाई पिकअप गर्न, स्वागत सत्कार गर्नको लागि विभिन्न समयमा विभिन्न फ्लाईटहरू भएको हुँदा एयरपोर्टबाट हायात रिजेन्सी होटलमा पुर्‍याउन, विभिन्न समयमा खटाइका कर्मचारीहरूबीच सम्पर्क गर्दा सञ्चारको अति जरुरी परेको हुँदा व्यक्तिगत मोवाइलबाट हुने खर्चको लागि निर्णय अनुसार उचित समयमा उचित कामको लागि रिचार्ज कार्ड उपलब्ध गराइएको हो । |
| १०. | जिन्सी निरिक्षण प्रतिवेदनमा जिन्सी खाताको मौज्दात भन्दा गन्ती गर्दाको परिमाण घटी देखिएको समानहरू कसको लापरबाहीले घटी हुन गएको हो सोको छानबिन गरी समानको मूल्य बराबरको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने । | आयोग तथा आयोग अन्तर्गत संचालित विभिन्न परियोजनाहरूको आर्थिक वर्ष ०६०।०६१ को खर्च भएर जाने तथा नजाने जिन्सी सामान निरीक्षण आयोगको सचिवस्तरीय निर्णयबाट उपसचिव राधाकृष्ण उप्रेतीको निर्देशनमा तोकिएको हुंदा यस दफाको वेरुजु सम्परिक्षण हुन अनुरोध गर्दछु । निर्णयको प्रतिलिपी यसैसाथ संलग्न रहेको छ । साथै राष्ट्रिय समाधीक्षक कार्यालयको जिन्सी निरीक्षण गर्न मिति २०६२।२।२ मा समिति गठन भईसकेको छ । |
| ११. | जिन्सी निरीक्षण सचिव स्वयम वा सचिवको आदेशबाट गराउनु पर्नेमा आयोगका उपसचिवको निर्देशनमा जिन्सी निरीक्षण गराएको देखियो । | आयोग तथा आयोग अन्तर्गत संचालित विभिन्न परियोजनाहरूको आर्थिक वर्ष ०६०।०६१ को खर्च भएर जाने तथा नजाने जिन्सी सामान निरीक्षण आयोगको सचिवस्तरीय निर्णयबाट उपसचिव राधाकृष्ण उप्रेतीको निर्देशनमा आयोगका सचिवबाट तोकिएको हो । यसर्थ सचिवको आदेशबाट नै जिन्सी निरीक्षण गरिएको हो । |
| १२. | राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ को दफा १५ बमोजिम आयोगले प्राप्त गर्ने सम्पूर्ण आम्दानी र खर्चहरूलाई व्यवस्थित गर्न आयोगले एउटै आर्थिक व्यवस्थापन नियमावली बनाउनुपर्नेमा दातृसंस्थाबाट प्राप्त रकम खर्च गर्नको लागि मात्र छुट्टै नियमावली बनाएको देखिन्छ । नियमावलीको प्रस्तावनामै आयोग र दातृ संस्था बीच भएको सम्झौता अनुसार खर्चगर्न सकिने उल्लेख भएको र अन्त्यमा सम्झौतामा उल्लेख नभएका कुराहरू आयोगको निर्णय अनुसार हुने उल्लेख भएको हुँदा नियमावलीले पूर्णता प्रदान गरेको देखिदैन । | राष्ट्रिय मानव अधिकार आयोग स्वतन्त्र एवम् स्वायत्त निकायको रूपमा मानव अधिकार आयोग ऐन, २०५३ अनुसार स्थापना भएको निकाय हुँदा मानव अधिकार आयोग ऐन, २०५३ को दफा १५, उपदफा ३ को प्रयोजनको लागि दफा २३ ले दिएको अधिकार प्रयोग गरी आर्थिक व्यवस्थापन नियमावली, २०६० वैदेशिक दातृसंस्था तथा निकायहरूबाट प्राप्त अनुदान सञ्चालनको लागि बनाइएको हो । |
| १३. | आयोगले श्री ५ को सरकारसँग परामर्श नै नगरी आर्थिक व्यवस्थापन नियमावली, २०६० | राष्ट्रिय मानव अधिकार आयोग स्वतन्त्र एवम स्वायत्त निकायको रूपमा मानव अधिकार आयोग ऐन, २०५३ अनुसार स्थापना भएको निकाय हुँदा |

| | | |
|---|---|---|
| | बनाई लागू गरेको देखियो । | मानव अधिकार आयोग ऐन, २०५३ को दफा १५, उपदफा ३ को प्रयोजनको लागि दफा २३ ले दिएको अधिकार प्रयोग गरी आर्थिक व्यवस्थापन नियमावली, २०६० वैदेशिक दातृसंस्था तथा निकायहरूबाट प्राप्त अनुदान सञ्चालनको लागि बनाईएको हो तसर्थ श्री ५ को सरकारको परामर्श लिइरहन आवश्यक नपर्ने । |
| १४. | बेलायत , डेनमार्क र नर्वे सरकारबाट ( राजदुतावास मार्फत ) प्रति देश रु ३०,२८,५२८।- का दरले सेप्टेम्बर २००४ सम्ममा कार्य सम्पन्न गर्ने गरी उक्त राष्ट्रबाट राजदुतावाससँग सम्झौता भएकोमा वेलायत र डेनमार्क सरकारबाट रकम प्राप्त गरेको देखिन्छ भने नर्वे सरकारबाट प्राप्त हुनुपर्ने रकम प्राप्त भएको देखिंदैन र प्राप्त हुन नसक्नाका कारण समेत उल्लेख भएको छैन । | वेलायत, डेनमार्क, नर्वे (राजदुतावास मार्फत) र आयोग बीच भएको सम्झौतामा नै रकम किस्ताबन्दी रूपले उपलब्ध गराउने उल्लेख भएअनुसार नर्वेजियन राजदूतावासबाट मिति २०६१।६।१४ मा रकम प्राप्त भएकोले उक्त कार्य सम्झौता अनुसार नै भएको हो । |
| १५. | आयोगको दातृ संस्थाको बजेट खर्च गर्ने सम्बन्धी आर्थिक व्यवस्थापन नियमावली २०६०, को नियम ६.३.२ मा भ्रमणबाट फर्किएको दिनको आधा दैनिक भत्ता दिने उल्लेख छैन । | आयोगले बनाएको आर्थिक व्यवस्थापन नियमावली, २०६० मा फर्केको दिनको आधा दैनिक भत्ता दिने उल्लेख नभए तापनि वर्तमान स्थितिअनुसार काममा गएर फर्किदाँ फर्केने दिनमा पनि वेलुकीसम्म काम गर्नुपर्ने भएको हुँदा फर्केको दिनको दैनिक भत्ता नदिँदा न्यायोचित समेत नहुने भएकोले आधा दैनिक भत्ता दिएको हो । अधिकांश रूपमा कतिपय खर्चहरू अनुगमन तथा अनुसन्धान गर्न बाहिरबाट बोलाइएकाहरूको भएकोले हुँदा असुलउपरहुन नसक्ने व्यवहारिक कठिनाई समेत भएको, सुझाव अनुसार हाल फर्केका दिनको दैनिक भत्ता भुक्तानी दिन बन्दी गरिसकिएको व्यहोरा अनुरोध गर्दछु । फर्केका दिनको उक्त दैनिक भत्ता आर्थिक व्यवस्थापन नियमावली २०६० को नियम ७.४.३ वमोजिम आयोगको मिति २०६२।०१।२९ गतेको निर्णय अनुसार खर्च समर्थन समेत भइसकेको छ । |
| १६. | आयोगबाट बिभिन्न घटनाको अनुसन्धान तथा नियमित अनुगमनका लागि विभिन्न जिल्लामा जाँदा जीप, ट्याक्सी आदि सवारी साधनहरू रीजर्व गरेको जनाइ गाडी भाडामा लिएको देखिन्छ । गाडी रिजर्व नगरी नहुने आधारहरू उल्लेख छैन । गाडी रिजर्व गर्दा रिजर्व गर्ने व्यक्तिले भनेको स्थानमा र समयमा लैजाने र दिनको यति दिने भनी सम्झौता गराएको देखिन्छ । तर एकै टालीले एकै जिल्लामा र छिमेकी जिल्लामा गाडी रिजर्व गर्दा फरक फरक दरले भुक्तानी दिएको देखिँदा, भुक्तानी दिएको न्यूनतम दरभन्दा बढी दरले भुक्तानी दिएका रकम असुल हुनुपर्ने देखिन्छ । | आयोगबाट विभिन्न घटनाको अनुसन्धान तथा अनुगमन मा विभिन्न जिल्लामा जाँदा जिप, ट्याक्सी आदि सवारी साधन रिजर्भ गर्नु अति जरुरी देखिन्छ । मानव अधिकार सम्बन्धी कामको प्रकृति, अनुसन्धान तथा अनुगमनमा गई तत्काल प्रतिवेदन वुझाउनु पर्ने अवस्था, पीडितलाई तत्कालै सान्त्वना दिनकै लागि भएपनि छिटो छरितो काम सम्पन्न गर्नको लागि सवारी साधन भाडामा लिनु परेको व्यहोरा अनुरोध गर्दछु । आयोगबाट अनुगमन तथा अनुसन्धानमा जाँदा टोली बनाई जाने, प्रवर्द्धनात्मक सामग्रीहरूपनि साथै लिएर जानु पर्ने, कुनै अवस्थामा विशिष्ट व्यक्तिहरूपनि जाने हुँदा गाडी भाडामा लिनु परेको हो । अहिलेको वर्तमान परिस्थितिमा सम्बन्धित जिल्लामा ट्याक्सी व्यावसायी संघबाट प्रतिदिनको रिजर्भ भाडादर लिन सम्भव समेत नहुने र सवै जिल्लामा ट्याक्सी व्यवसायी संघ समेत नहुने जानकारीमा आएको हुँदा गाडी भाडामा लिइएको हो । |
| १७. | जि.वि.स., कर्मचारी मिलन केन्द्र, कानुनी सेवा केन्द्र तथा मदन आश्रित प्रतिष्ठान जस्ता | सम्बन्धित संस्थाहरूसँगको आधिकारिक कर्मचारीलाई वुझाई सम्बन्धित कार्यालयको छापसहित भएको रकम वुझाइएको भर्पाई रहेको व्यहोरा |

| | | |
|---|---|---|
| | सस्थाहरूमा कार्यक्रम सञ्चालन गर्दा हल भाडामा लिए बापतको रकम बुझाउंदा सम्बन्धित संस्थाको नगदी रसिद विनानै भर्पाई गरी रकम वुझाएको । | अनुरोध गर्दछु । |
| १८. | व्यक्तिगत मोबाइल रिचार्ज कार्डको रकम खर्च लेख्न नमिल्ने देखिएकाले असुल हुनुपर्ने । | व्यक्तिगत मोवाइल भएपनि प्रिपेड मोवाइलमा आगमन कलमा पनि शुल्क दूरी अनुसार लाग्ने भएको, अनुगमनमा जानेलाई सुरक्षाको दृष्टिकोणले पनि आयोगका पदाधिकारीहरूबाट, आयोगका कर्मचारीहरूबाट वारम्वार सम्पर्क गरिरहनुपर्ने, सम्बन्धित ठाउँको वस्तुस्थितिको वारेमा आयोगलाई जानकारी गराउनु पर्ने भएको, सार्वजनिक टेलिफोन उपलब्ध नभएका ठाउबाट पनि अनुगमनकर्ताले मोवाईलबाट सम्पर्क गर्नुपर्नेजस्ता कारणबाट व्यक्तिगत प्रिपेड मोवाइलमा रिचार्ज कार्ड उपलब्ध गराईएको हो । |
| १९. | हेलिकोप्टर भाडामा लिंदा एयरलाईन्सहरूले कर बिजक पेश गर्नुपर्नेमा कर बिजक पेस गरेको देखिएन । | वर्षाको समय, सुरक्षाको प्रतिकूल स्थिति, कामको प्रकृति तथा उच्चस्तरको अनुसन्धान समिति भएको । दाताहरू र आयोग बीच भएको सम्झौताअनुसार नै हेलिकोप्टर भाडामा लिनको लागि छुट्टै बजेट समेत उल्लेख भएकोले अति जरुरी परेको अवस्थामा मात्र हेलिकेप्टर भाडामा लिएको हो र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को अनुसूची १ समुह-९ मा हवाईयात्रासँग सम्बन्धित कार्य मू.अ.कर छुट अन्तर्गत भएकोले मुल्य अभिवृद्धि सहितको करविजक आवश्यक नपर्ने । |
| २०. | रामेछापको दोरम्बा, पाँचथरको नागी र सिराहाको धनगढीमा घटेका घटनाहरूको अनुसन्धानमा खटाइएका उच्चस्तरीय अनुसन्धान समितिका सदस्यहरूलाई पारितोषिक भुक्तानी दिइएको जनाई १० जनालाई प्रतिव्याक्ति रु १०,००० ।- का दरले भुक्तानी दिएको देखियो । अनुसन्धान समितिका सदस्यहरूलाई दैनिक तथा भ्रमण भत्ताका अलावा पारितोषिक समेत भुक्तानी दिने व्यवस्था आर्थिक प्रशासन नियमावली, २०५६ तथा आयोगको आर्थिक व्यवस्थापन नियमावली, २०६० मा छैन भने आयोगले पारितोषिक भुक्तानी सम्बन्धमा निर्देशिका समेत नबनाई आयोगको २०६०।५।९ निर्णयानुसार भुक्तानी दिएको देखियो । | रामेछापको दोरम्वा पाँचथरको नागी र सिरहाको धनगढीमा भएको घटनाको छानबिन गर्नको लागि मानव अधिकार आयोग ऐन, २०५३ को दफा ११, उपदफा ६ मा आयोगले यस ऐन बमोजिम गर्नुपर्ने कुनै कामको सम्बन्धमा आवश्यकता अनुसार समिति वा उपसमितिको काम, कर्तव्य र अधिकार र त्यस्तो समिति वा उपसमितिको सदस्यले पाउने भत्ता र सुविधा आयोगले तोकेबमोजिम हुनेछ भन्ने व्यवस्था रहे अनुसार आयोगको ०६०।५।९ को निर्णय अनुसार प्रतिव्यक्ति रु १०(दश हजार)का दरले पारितोषिक दिएको हो । |
| २१. | विभिन्न जिल्लाहरूमा मानव अधिकारको अनुगमनको लागि खटाइएका स्वयंसेवकहरू र आयोगका कर्मचारीलाई पारितोषिक रकम दैनिक भत्ता भुक्तानी दिएको अवस्थामा र ऐन र नियममा पारितोषिक भुक्तानी दिने व्यवस्था नभएको अवस्थामा र आयोगले निर्देशिका समेत नबनाएको अवस्थामा तथा आयोगको सेवामा रहेका कर्मचारीहरले आयोगको काममा भ्रमण गर्नु उनीहरूको पदिय दायित्व भएको अवस्थामा ऐन,नियममा व्यवस्था | मानव अधिकारको अनुगमन तथा अनुसन्धान गर्नु वर्तमान परिस्थितिमा ज्यादै जोखिमयुक्त काम भएको, आयोगमा कर्मचारीको कमी भएको अवस्थाले गर्दा समग्र जिल्लाहरूको अनुगमन गर्न स्वयमसेवकहरू छनौट गरी राम्रो कार्य सम्पादनको लागि आकर्षित गर्न तथा निजहरूलाई लामो अवधिसम्म अनुगमनमा पठाइने हुँदा पारितोषिक दिने निर्णय गरे अनुरूप भौगोलिक आधारमा दैनिक भत्ताको अलावा पारितोषिक समेत दिइएको हो । एयटै काममा सँगैजाने स्वयंमसेवकहरूलाई दिएपछि कर्मचारीहरूलाई पनि दिनु समानता एवम न्यायोचित समेत देखिएको । दाता र आयोग बीच भएको सम्झौताको बजेट विवरणमा पनि पारितोषिक बापत रकम दिनलाई बजेटमा व्यावस्था भएको हुँदा |

| | | |
|---|---|---|
| | नभएको परितोषिक बापतको रकम भुक्तानी दिन पाउने आधार देखिदैन भने जिल्ला भ्रमणमा कर्मचारी खटायपछी उसैले मानव अधिकार हनन सम्बन्धी प्रतिवेदन दिनेमा कर्मचारीको साथमा र कर्मचारीको नेतृत्वमा प्रत्येक पटक ४-५ जना स्वंय सेवक नपठाई नहुने आवश्यकता समेत पुष्टयाई नगरी परितोषिक भुक्तानी दिएको असुल हुनुपर्ने । | परितोषिक दिइएको हो । सो सम्बन्धमा दाताहरूसँगको पत्राचार यसै साथ संलग्न रहेको छ । कामको प्रकृति, बढी जोखिम वहन गर्नुपर्ने अवस्था तथा लामो अवधिसम्मको लागि काममा पठाउँदा मात्र दिइने गरिएको हो । |
| २२. | कर्मचारीहरूको २-२ महिनाको लागि करारमा नियुक्त गरी पुनः करार अवधिको नवीकरण गरी तलब खर्च लेखेको देखियो । मानव अधिकार आयोग ऐन, २०५३ को उदेश्य परिपूर्तिका लागि कार्य गर्न आयोगलाई के कुन योग्यता र क्षमताका कुन पदको के कति कर्मचारीको आवश्यकता पर्ने हो सोअनुसार दरबन्दी स्वीकृत गरी स्थायी रूपले कर्मचारीको पूर्ति गर्नुपर्नेमा संस्थागत रूपमा विभिन्न कर्मचारीहरू करारमा नियुक्ति गरेको उपयुक्त भएन । कर्मचारीको तलब भुक्तानी गर्दा श्री ५ को सरकारका कर्मचारीले पाए सरहको स्केल निर्धारण गरी भुक्तानी दिनुपर्नेमा श्री ५ को सरकारका कर्मचारीको तलब स्केल भन्दा फरक दरले भुक्तानी दिएको उपयुक्त नभएको । | आयोगमै स्थायी कर्मचारी नियुक्ति गरी परियोजनाको कार्यमा लगाउँदा श्री ५ को सरकारतर्फ ठूलो व्ययभार पर्ने, परियोजनाका कर्मचारीहरू निश्चित कार्यको निश्चित अवधिसम्म नियुक्ति हुने त्यसले गर्दा लामो व्ययभार पनि नपर्ने, परियोजनाको दरबन्दी आयोगको निर्णय तथा आयोग र दाता बीच हुने सम्झौताको बजेट विवरणमा उल्लेख हुने, स्केल फरक-फरक सम्बन्धमा सुरुमा श्री ५ को सरकारको तलब स्केलमा १०% थप गरी दिएको र परियोजना छोटो अवधिको हुने र छोटो अवधिको लागि क्षमतावान् कर्मचारीहरूलाई आकर्षित गराईराख्न श्री ५ को सरकारको तलब स्केलमा ७५% थपगरी तलबस्केल वढाइएको हो । आयोगका स्थायी कर्मचारी र श्री ५ को सरकारको बजेटबाट भर्नाहुने अस्थायीका साथै परियोजनाका कर्मचारी वीचको तलबमानमा अत्यधिक फरक नपरोस भन्ने उद्देश्यले परियोजनाका कर्मचारीलाई दिएको तलब आयोग र दाताबीचको तलबस्केल भन्दा कम भएको व्यहोरा समेत अनुरोध गर्दछु । दाता र आयोगबीचको तलब स्केल सम्झौतामा नै उल्लेख छ । |
| २३. | हरि फुयाललाई २, २ महिनामा परामर्शदातामा करारमा नियुक्ती गरी मासिक २५,०००।– का दरले मासिक भुक्तानी दिएको देखियो । कर्मचारीको रूपमा करारमा परामर्शदाता राखी श्री ५ को सरकारका विशिष्ट श्रेणिका कर्मचारीले पाउने तलबभन्दा बढी दरले तलब भुक्तानी दिएको । | हरि फूयाललाई आयोगको अनुगमन परियोजनामा कर्मचारीको रूपमा नभै निश्चित अवधिको लागि परामर्शदाता (legal Consultant)को रूपमा नियुक्ति भएको, निजको पारिश्रमिक सम्बन्धमा आर्थिक व्यवस्थापन नियमावली २०६० को नियम ३.२.२ खण्ड क अनुसार १ लाख सम्मको सेवा । ठेक्का भएमा सचिवले सोझै स्वीकृत गर्न सक्ने व्यवस्था भएको हुँदा जम्मा २५ हजार मासिक दिने गरी छोटो समयको लागि नियुक्ति गरिएको हो । अतः यस दफाको बेरुजु सम्परीक्षण हुन अनुरोध गर्दछु । |
| २४. | द्वन्दका कारण बेपत्ता पारिएका नागरिकहरूको नामावली विभिन्न पत्रिकामा प्रकाशित गरेको जनाई विल बमोजिमको खर्च लेखेको देखियो । राष्ट्रिय स्तरका १।२ पत्रिकामा प्रकाशित गरे हुनेमा विभिन्न पत्रिकामा प्रकाशित गरेको छ भने एकै समाचार प्रकाशित गर्दा फरक फरक दरले भुक्तानी दिएको देखिन्छ । | बेपत्ता पारिनु मानव अधिकार उलंघनको गम्भीर घटना हो । आयोगले राज्यद्धारा र विद्रोही पक्षद्धारा बेपत्ता पारिएका मानिसहरूको नामावली व्यापक रूपमा सार्वजनिक गर्नलाई आयोगले पत्रकार सम्मेलनको आयोजना गरी मुख्य-मुख्य राष्ट्रियस्तरका पत्रपत्रिकामा लाग्ने पूर्ण महसुलबाट घटाउन अनुरोध गरी द्वन्दका कारण बेपत्ता पारिएका व्यक्तिहरूको नामावली पत्रिकामा प्रकाशित गरिएको हो । एकै समाचार प्रकाशित गर्दा पत्रिकाको विज्ञापनको दररेट पत्रिका पिच्छे फरक फरक भएको,यसमा श्री ५ को सरकारले कुनैपनि दररेट तोकेको पाईदैन । कुनै पत्रिकाले धेरै छुट दिएको र कुनैले थोरै छुट दिएको, दाता र आयोग बीच भएको सम्झौतामा विज्ञापन गर्नको लागि बजेटको समेत व्यवस्था भएको |

| | | |
|---|---|---|
| | | र उक्त बजेटको परिधि भित्र रहेर नै खर्च भएको हो । |
| २५. | मोवाईल टेलिफोन कसले प्रयोग गरेको हो खुल्दैन भने मेवाईल टेलिफोन राख्नको लागि श्री ५ को सरकारबाट स्वीकृत लिएको समेत नदेखिएकाले असुल हुनुपर्ने । | दाता र आयोग बीच भएको सम्झौतामा नै मोवाईल किन्नको लागि बजेटको व्यवस्था भएको । आयोग स्वतन्त्र एवम स्वायत्त निकाय भएको हुँदा मोवाईल किन्नको लागि श्री ५ को सरकारबाट स्वीकृति लिनु आवश्यक नपर्ने,उक्त मोवाईल टेलिफोन सम्बन्धित आयोजना प्रमुखले प्रयोग गरिरहनु भएको छ । |
| २६. | मानव अधिकारक अनुगमन तालिम तथा मानव अधिकारको कानुन सम्बन्धी अभिमुखिकरण गोष्ठी सुरु हुनुभन्दा १ दिन अगावै सार्वजनिक यातायतका साधनहरूको पर्याप्त सुविधा भएको अवस्थामा होटलमा बस्नुपर्ने आवश्यकता नदेखिएको । | रत्न होटेल प्रा.ली.मा आयोगले २०६०।१०।१५ र १६ गतेको कार्यक्रम गरेको भएतापनि २०६०।१०।१४ गते आयोगका माननीय सदस्य सुसिल प्याकुरेलज्यू बाट उक्त होटलमा अनौपचारिक भेटघाट कार्यक्रम राखिएको हुँदा सम्बन्धित हरूलाई अघिल्लै दिन बोलाएको हो । |
| २७. | आयोगले मासिक रु २०,००० (बिस हजार ) तलब पाउने गरी परियोजना अधिकृत पदमा करारमा नियुक्ति गरी भुक्तानी गरेको देखिन्छ । आयोगले दातृ संस्थासँग गरेको सम्झौता अनुसार कार्यगर्न प्राप्त भएको रकम आयोगको कोषमा जम्मा गरी आयोगको दरबन्दी अनुसार नियुक्ति भएका कर्मचारीहरूमार्फत कार्य गराउनुपर्नेमा दातृसंस्थाले समेत कुन कर्मचारीलाई कति तलब दिने भनी नतोकेको अवस्थामा आयोगका कुनै कर्मचारीहरूको तलबस्केलसँग नमिल्ने गरी कुनै गैरसरकारी संस्थाले जस्तो एक काम गर्नकै लागि छुट्टै कर्मचारी नियुक्ति गरी बढी स्केलमा तलब दिएको उपयुक्त देखिएन । | सम्बन्धित कामको लागि आवश्यक पर्ने दक्ष कर्मचारी, कामको प्रकृति, दक्ष कर्मचारीले माग गरेको रकम, सम्बन्धित शीर्षकमा दाताले स्वीकृत गरेको रकम समेतका आधारमा तलब निर्धारण गर्ने गरिएको र आयोगले यिनै कुरालाई नियमित गरी एकरूपता ल्याउने उद्देश्यले करारमा काम गर्ने कर्मचारीलाई लागू हुने गरी छुट्टै करार नियमावली तयार गरी त्यसलाई लागू गर्ने प्रक्रियामा रहेको हुँदा तहाँबाट दिइएका सुझावहरूलाई समेत समावेश गरी अबदेखि आयोगले एउटा निश्चित नीतिका आधारमा तलब समेत एकिन गर्ने सोच बनाइसकेको हुँदा यस दफाको बेरुजू सम्परीक्षण हुन अनुरोध गर्दछु । आयोगले परियोजना अधिकृत पदमा करारमा नियुक्ति गरी रु २०,०००।–तलब दिएको सन्दर्भमा Canadian Human Rights Commission ले नै तलब तोकेको हुँदा वैदेशिक सहायताबाट सञ्चालित परियोजनामा परियोजना अवधिभर परियोजनाको आफ्नै दरबन्दी अनुसार निजलाई नियुक्ति गरिएको व्यहोरा अनुरोध गर्दछु। आवश्यक कागजात यसैसाथ संलग्न रहेको छ। |
| २८. | मानव अधिकार सम्बन्धी तालिममा आउनु भएका भारतीय प्रशिक्षकहरूलाई दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिएको देखिएको छ । उक्त तालिमको लागि दक्ष प्रशिक्षक नेपालमा उपलब्ध हुने नहुनेतर्फ विचार नगरी र प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालिममा आयोगका सदस्य, कर्मचारी वा कुनै निकायका व्यक्तिलाई कुनै अन्तराष्ट्रिय स्तरको तालिममा पठाएमा दक्ष जनशक्ति नेपालमै उत्पादन हुने र सधैंभरि आवश्यक पर्नेमा त्यसतर्फ विचार नगरी विदेशबाट प्रशिक्षक झिकाई खर्च लेखेको आधार स्पष्ट नभएको । | मानव अधिकार अनुसन्धान सम्बन्धी तालिमको लागि आउने भारतीय प्रशिक्षक सम्बन्धित दाताबाटनै तोकिएको र निजहरूलाई दिने दैनिक भत्ता सम्बन्धित दाताहरूबाटनै तोकिएको हो । |
| २९. | मानव अधिकार अनुसन्धान सम्बन्धी तालिम मे २-६ ,२००४ मा होटल चौतारी | आयोगले तालिम सञ्चालनको लागि विदेशबाट प्रशिक्षक झिकाइएको, उपयुक्त ठाउँको अभावमा तथा तालिममा सहभागीको सुविधालाई |

| | | |
|---|---|---|
| | नगरकोटमा सञ्चालन गर्दाको खर्च लेखेको देखियो । तालिम कार्यक्रम कुनै प्रशिक्षण प्रतिष्ठानहरूमा सञ्चालन गरेमा मितव्ययी हुनेमा होटलमा सञ्चालन गर्दा बढी खर्च लेखेको देखियो । | ध्यानमा राखी बजेटको परिधि भित्र रहेर होटेल चयन गरिएको हो । |
| ३०. | आयोगले परियोजना सल्लाहकारको पदमा नियुक्त गरी मासिक रु १,१२,०००।- को दरले भुक्तानी दिई खर्च लेखेको देखियो । निज परियोजना सल्लाहकारलाई के आधारमा उक्त पारिश्रमिक दिनेगरी नियुक्ति गरेको हो स्पष्ट छैन । आयोगलाई दातृसंस्थाबाट प्राप्त हुने रकम आयोगको कोषमा जम्मा गरी आयोगको दरबन्दीबाट नियुक्ती भएका कर्मचारीहरूबाट कार्यक्रम सञ्चालन गर्नुपर्नेमा कुनै गैरसरकारी संस्थाबाट गरिने जस्तो कारोबार गरी सरकारी निकायको रूपमा रहेको आयोगले कार्यक्रम पिच्छे कर्मचारी नियुक्त गर्ने र नेपालको कार्यपालिकाका प्रमुख प्रधानमन्त्रीले पाउने पारिश्रमिक भन्दा ६ गुना बढी पारिश्रमिक पाउने गरी कर्मचारी नियुक्त गर्नुपर्ने कारण स्पष्ट भएन । | सम्बन्धित कामको लागि आवश्यक पर्ने दक्ष कर्मचारी, कामको प्रकृति, दक्ष कर्मचारीले माग गरेको रकम, सम्बन्धित शीर्षकमा दाताले स्वीकृत गरेको रकम समेतका आधारमा तलब निर्धारण गर्ने गरिएको । आयोगले श्री विक्रम क्षेत्रीलाई युरोपियन युनियनबाट प्राप्त Outreach Programme अन्तर्गत संचालित परियोजनाको सल्लाहकार पदमा बजेटको परिधि भित्र रहेर नियुक्ति गरिएको हो । आयोगले श्री विक्रम क्षेत्रीलाई आयोगको निर्णयानुसार नै परियोजना सल्लाहकार पदमा नियुक्ति गरिएको हो । |
| ३१. | स्वेतपत्र बापत द एशिया फाउन्डेसन बाट प्राप्त भएको रकम खर्च नभई बाँकी रहेकोले फिर्ता खर्च लेखेको छ । खर्च नभई बाँकी रहेको रकम फिर्ता पठाउनु पर्ने उल्लेख नभएकोले बचत रकम आयोगको कोषमा जम्मा गर्नुपर्नेमा फिर्ता पठाएको उपयुक्त नभएको । | खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था सम्झौतामा नै उल्लेख भएको हुदा उक्त रकम फिर्ता गरिएको हो । |
| ३२. | नेपालमा मानव अधिकार स्थिति सम्बन्धी पुस्तकको प्रकाशन सम्बन्धमा के के कार्य गर्नुपर्ने हो सो कार्यको लागि आ.प्र. सम्बन्धी नियमावली २०५६ को नियम (२) (ख) बमोजिम विज्ञहरूबाट आर्थिक र प्राविधिक प्रस्ताव लिई गराएमा व्यवस्थित, मितव्ययी र गुणस्तरीय हुनेमा पटक पटक विभिन्न व्यक्तिहरूबाट विभिन्न कार्य सोक्षै गराएको देखियो । | नेपालमा मानव अधिकारको स्थिति पत्र सम्बन्धी पुस्तक प्रकाशनको लागि सेवा उपलब्ध गराउने व्यक्तिहरूलाई आर्थिक व्यवस्थापन नियमावली, २०६० को नियम ३.२.२ खण्ड क अनुसार रु १ लाख सम्मको सेवा/ठेक्का भएमा सचिवले सोझै स्वीकृत गर्न सक्ने अधिकार भएको हुँदा उल्लेखित सेवा /ठेक्का प्रदायकहरूलाई काममा लगाईएको हो । वैदेशिक सहायताबाट संचालित परियोजनाको लागि आयोगको छुट्टै नियमावली भएको सन्दर्भमा आर्थिक प्रशासन सम्बन्धि नियमावली २०५६ अनुसार नगरिएको व्यहोरा अनुरोध गर्दछु । नियमानुसार नैं भएको हो । |
| ३३. | राष्ट्रिय मानव अधिकार आयोगले प्रकाशित गरेको बार्षिक पुस्तिका २०६१ मा महिला प्रहरी इकाईको अध्ययन गरको उल्लेख तर सो को छुट्टै र विस्तृत प्रतिवेदन गरेको देखियन । | आयोगले गरेको महिला प्रहरी ईकाईको अध्ययनबाट निकालिएको प्रतिवेदन आयोगमा उपलब्ध रहेको छ । |

| | | |
|---|---|---|
| ३४. | बजेट शीर्षक फरकपारी परामर्शदातालाई कार्यालय सहायक सम्बन्धी शीर्षकबाट भुक्तानी दिएको देखियो । | बद्रिनाथ भट्टले कार्यालय सहायकको रूपमा कार्यगरेको नभई परामर्शदाताकोरूपमा कार्य गर्न नियुक्ति गरिएकोमा उक्त शिर्षकमा बजेट नभएको हुँदा कार्यालयसहायक शिर्षकमा बजेट भएकोले उक्त शीर्षकबाट रकम भुक्तानी गरिएको हो । |
| ३५. | ILO र राष्ट्रिय मानव अधिकार आयोग बीच भएको सम्झौता अनुसारको प्राप्त गर्नुपर्ने रकम उपलब्ध गराएको पाईएन । | अन्तर्राष्ट्रिय श्रम सँगठन (ILO) ले सम्झौता अनुसारको रकम नपठाएकोमा आयोगले पत्राचार तथा मौखिक अनुरोध गरिएको व्यहोरा अनुरोध गर्दै आएको हो । |
| ३६. | परामर्शदाताको कार्य गरेको जनाई बद्रिनाथ भट्टलाई दातृ संस्थाले परामर्श सेवा भनी छुट्टाइएको सम्पूर्ण रकम परामर्शदातालाई भुक्तानी गरेको उपयुक्त देखिएन । | परामर्शदाताको रूपमा बद्रिनाथ भट्टले गर्ने कार्यको TOR यसै साथ संलग्न रहेको छ । साथै निजले गरेको कामको प्रतिवेदन यसैसाथ संलग्न रहेको छ । निजलाई आर्थिक व्यवस्थापन नियमावली, २०६० को नियम ३.२.२ खण्ड क अनुसार रु १ लाख सम्मको सेवा/ठेक्का भएमा सचिवले सोझै स्वीकृत गर्न सक्ने अधिकार भएको हुँदा उल्लेखित सेवा /ठेक्का प्रदायकहरूलाई काममा लगाईएको हो । |
| ३७. | रेष्टुरेण्टमा कार्यरत महिलाहरूको अध्ययन बाट देखिइएको विस्तृत प्रतिवेदन तयार गरेको तथ्य विष्लेषण गरेको प्रतिवेदन पेश हुन आएन । | रेष्टुरेन्टमा कार्यरत महिलाहरूको सर्भे गरिएको,सर्भे फारमहरू यहां संलग्न गर्न सम्भव नहुने, सर्भेबाट देखिएको तथ्याङ्कहरूको रमेश अधिकारीले गरेको तथ्याङ्कहरूको विश्लेषणहरू यस आयोगमा उपलब्ध रहेको छ । |
| ३८. | अनुसन्धानकर्ता रञ्जु पाण्डेलाई सम्झौता अनुसारको कार्यमा ७५% सम्पन्न भएको जनाई भुक्तानी दिएको देखिन्छ । सम्क्षौतामा TOR अनुसारको कार्य गर्नेभन्ने उल्लेख छ तर TOR दिएको देखिदैन । अनुसन्धान सम्बन्धमा निजले के काम गर्नुभयो सोको प्रतिवेदन समेत पेश भएको छैन । | अनुसन्धान सम्बन्धमा निजले गरेको कार्यको प्रतिवेदन आयोगमा रहेको छ । निजको TOR पनि उपलब्ध छ । निजको नियुक्ति आर्थिक व्यवस्थापन नियमावली, २०६० को नियम ३.२.२ खण्ड क अनुसार रु १ लाख सम्मको सेवा/ठेक्का भएमा सचिवले सोझै स्वीकृत गर्न सक्ने अधिकार भएको हुँदा उल्लेखित सेवा /ठेक्का प्रदायकहरूलाई काममा लगाईएको हो । वैदेशिक सहायताबाट संचालित परियोजनाको लागि आयोगको छुट्टै नियमावली भएको सन्दर्भमा आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ अनुसार नगरिएको हो । उक्त कार्य नियमानुसार नैं भएको हो । |
| ३९. | आयोगले दातृसंस्थाहरू बाट प्राप्त भएको सम्पूर्ण रकम आयोगको कोषमा जम्मागरी आयोगको स्वीकृत दरबन्दी अनुसार नियुक्ति भएका कर्मचारीहरू मार्फत कार्य गराउनु पर्नेमा श्री ५ को सरकार तथा आयोगको कुन तह सरहका कर्मचारी नियुक्ति गर्नेहो सो समेत नखुलाई कर्मचारी नियुक्ति गरी तलब खर्च लेखेको देखियो । कर्मचारीहरूलाई कस्तो विशेष योग्यताको आधारमा कति रकमसम्म तलब दिने हो भन्नेसम्बन्धमा प्रचलित ऐन कानुन र व्यवहारतर्फ ध्यान नदिई विनाआधार तलबमान तोकी खर्च लेखेको कारण स्पष्ट भएन । | सम्बन्धित कामको लागि आवश्यक पर्ने दक्ष कर्मचारी, कामको प्रकृति, दक्ष कर्मचारीले माग गरेको रकम, सम्बन्धित शीर्षकमा दाताले स्वीकृत गरेको रकम समेतका आधारमा तलब निर्धारण गर्ने गरिएको र आयोगले यिनै कुरालाई नियमित गरी एकरूपता ल्याउने उद्देश्यले करारमा काम गर्ने कर्मचारीलाई लागू हुने गरी छुट्टै करार नियमावली तयार गरी त्यसलाई लागू गर्ने प्रक्रियामा रहेको हुँदा तहाँबाट दिइएका सुझावहरूलाई समेत समावेश गरी अवदेखि आयोगले एउटा निश्चित नीतिका आधारमा तलब समेत एकिन गर्ने सोच वनाईसकेको हुँदा यस दफाको वेरुजू सम्परीक्षण हुन अनुरोध गर्दछु । राष्ट्रिय समाधिक्षकले गर्ने कार्य विशिष्ट प्रकृतिको भएको । निभा श्रेष्ठलाई सम्बन्धित दाताहरूद्वारा स्वीकारिएको बजेटअनुसार नै तलब तोकिएको हो । विप्लवी श्रेष्ठलाई श्री ५ को सरकारको अधिकृत सरहको पदको तलब दिएको हो र विप्लवी श्रेष्ठको राजिनामा पछि सोही पदमा सम्झना शर्मालाई नियुक्ति गरिएको हो । |

| | | |
|---|---|---|
| ४०. | कार्यालयमा फर्केको दिनको आधा दैनिक भत्ता भूक्तानी दिएको देखिएकाले नियमले नपाउने रकम असुल हुनुपर्ने । | बैदेशिक सहायताबाट संचालित परियोजना भएको र नियमानुसार आयोगबाट समर्थन भईसकेको माथिनै उल्लेख भईसकेको छ । |
| ४१. | मोवाईल कसको प्रयोजनको लागि जोडिएको हो खुल्दैन भने मोवाईल फोन राख्नको लागि श्री ५ को सरकार बाट स्वीकृत लिएको समेत नदेखिएकोले असुल हुनुपर्ने । | ९८१०८३२२५ राष्ट्रिय समाधिक्षकको कार्यालयका राष्ट्रिय समाधिक्षकले प्रयोग गर्ने हो । काम तथा जिम्मेवारी वहन गर्न मोवाईल जस्तो सञ्चारको साधन अति जरुरी भएको हँदा दाताबाट प्राप्त बजेटको परिधि भित्र रहेर मोवाईल राखिईएको व्यहोरा अनुरोध गर्दछु । विशेष ऐनद्वारा आयोगलाई स्वतन्त्र एवम स्वायत्त निकायको रूपमा अधिकार प्रदान गरिएको हुँदा श्री ५ को सरकारको स्वीकृत आवश्यक नपर्ने । |
| ४२. | के कामको लागि जिल्लाको कुन कुन ठाउँमा जाँदा गाडी रिजर्ब गरेको हो खुल्दैन भने प्रत्येक दिन फरक फरक दरले भुक्तानी दिएको देखिन्छ । कति नम्बरको गाडी रिजर्ब गरिएको सो समेत नखुलेकोले उक्त खर्च वास्तविक हो भन्ने आधार नभएको । | गाडी रिजर्भ गर्नुको कारण,फरक दर हुनुको कारण र गाडी नम्वर समेत खुलाई निजसँग विवरण मागिएको छ । |
| ४३. | बिराटनगर र सिराहामा दलित सम्बन्धी अध्ययनमा जादा कर्मचारीलाई दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिदा आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ बमोजिम दैनिक भत्ता रु.१७०।- ले भुक्तानी दिनुपर्नेमा रु.६००।- का दरले भुक्तानी दिई बढी भुक्तानी दिएको देखिएको र फर्किएको दिनको देखियो । | आ.व. ०५९।०६० सालमा आर्थिक व्यवस्थापन नियमावली २०६० नबनाईसकेको अवस्थामा परियोजना सञ्चालन कार्यविधि तथा आयोगको मिति ०५८।६।१६ को निर्णय अनुसार वैदेशिक सहायतातर्फबाट भ्रमणमा जाँदाको रकम भुक्तानी दिइएको हो । |
| ४४. | आस्था मुभिज प्रा.लि.ले दलित सम्बन्धी डकुमेन्ट्रि तयार गर्दा आर्थिक तथा प्राविधिक प्रस्ताव तयार नगरेको । | चार (४) वटा संस्थाबाट ईमेल मार्फत आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरिएको र माग गरिएको आर्थिक तथा प्राविधिक प्रस्तावलाई तुलनात्मक रूपले मूल्याकंन गरी सचिवस्तरीय निर्णयबाट आर्थिक व्यवस्थापन नियमावली, २०६० अनुसारको प्रक्रिया पुरा गरी कार्य भएको हो । |

## अनुसूची - १०

# आयोगद्वारा विभिन्न समयमा जारी गरिएका प्रेस विज्ञप्ति तथा ध्यानाकर्षणहरू/प्रेस-विज्ञप्ति

### (क) बालबालिकाको अधिकारको अवस्थाको विषयमा आयोगले ११ जिल्लाको अनुगमन गरे पश्चात प्राप्त तथ्यको आधारमा सम्वन्धित पक्षहरूलाई गरेको सिफारिश तथा सुझावहरू

१. **रक्षा मन्त्रालय**

- सुरक्षा निकाय सुरक्षा कारवाहीमा जाँदा अत्यधिक बलको प्रयोग तथा नियन्त्रणमा लिइसके पछि पनि हत्या गरिएको बुझिन आएकोले सो सम्बन्धमा अनुसन्धान गरी आबश्यक कारवाही गर्न र आयोगलाई समेत जानकारी गराउन ;
- कुनै पनि अवस्थामा बालबालिका जम्मा भएको ठाउँमा गोली नचलाई पक्राउ गर्नुपर्ने भएमा पक्राउ गर्ने र पक्राउमा परेका बालबालिकालाई कानुनबमोजिम कारवाही चलाउने निकायमा पठाउने व्यवस्था तत्काल मिलाउन ;
- कतिपय स्थानमा बालबालिकालाई सैनिक व्यारेकमा राखिएको पाइएकोले तत्काल बालसुधार गृहमा हस्तान्तरण गर्न ;
- कतिपय ठाउँमा विद्यालय परिसरमा सैनिक व्यारेक राखिएको पाइएकोले तत्काल व्यारेकलाई अन्यत्र सार्न ;
- सशस्त्र द्वन्द्वको प्रयोजनका लागि बालबालिकालाई कुनै पनि हालतमा प्रयोग नगर्न ;
- बालबालिका शान्तिक्षेत्र हुन भन्ने मान्यतालाई व्यवाहारिक रूपले कार्यान्वयन गर्न ;
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट कब्जा वा अपहरण वा अन्य हिसावले नियन्त्रणमा लिएपछि विभिन्न प्रक्रिया वा माध्यमबाट मुक्त भएका बालबालिकाको निर्भयतापूर्वक शिक्षा हासिल गर्ने बातावरण सुनिश्चित गर्न ;

२. **गृह मन्त्रालय**

- अनुगमन गरिएका अधिकांश जिल्लाहरूमा बालबालिकालाई पक्राउ गरी बयस्क कैदीसँगै एकै ठाउँमा कारागारमा राखिएको पाइएकोले उक्त कार्य सर्वोच्च अदालतको आदेशको समेत विपरित हुन गएकोले बालसुधार गृहमा स्थानान्तरण गर्न ;
- बालबालिकासँग सम्बन्धित अभियोगलाई अग्राधिकार दिई तत्काल अदालती सुनुवाइको प्रक्रियामा लैजान;
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) तर्फबाट भएका हत्याका सम्बन्धमा तहाँबाट आबश्यक अनुसन्धान हुन र सो सम्बन्धमा आयोगलाईसमेत जानकारी गराउन ;
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट कब्जा वा अपहरण वा अन्य हिसावले नियन्त्रणमा लिएपछि विभिन्न प्रक्रिया वा माध्यमबाट मुक्त भएका बालबालिकाहरूलाई निर्भयतापूर्वक शिक्षा हाँसिल गर्ने बातावरण सुनिश्चित गर्न ;

३. **शिक्षा मन्त्रालय,**

सुरक्षाफौजद्वारा मारिएका शिक्षक **कुमार सिंह धामी**को चौमासिक तलब हालसम्म पनि शिक्षा कार्यालयले निकासा नगरिदिएको पाइएकोले सो तत्काल निकासा गर्न र जुनसुकै हिसावले मारिएका भए पनि कानुन बमोजिम पाउनुपर्ने रकम अविलम्ब निकासा हुने व्यवस्था गर्न ;

४. **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

द्वन्द्वपीडित बालबालिका तथा उनीहरूको परिवारको बास्तविक तथ्याङ्क जिल्लामा राख्न लगाई बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न युनिसेफ लगायतका संयुक्त राष्ट्र संघीय निकायसमेतको सहयोगमा तत्काल कार्यक्रम अगाडि लैजान;

५. **केन्द्रीय बालकल्याण समिति, जिल्ला बाल कल्याण समिति**

- जिल्ला बालकल्याण समिति र केन्द्रीय बाल कल्याण समिति बीच समन्वय तत्काल समन्वय हुन; जिल्ला बालकल्याण समितिले बालबालिका नियमावलीको नियम ९ मा तोकिएको कर्तव्यअनुसार तत्काल जिल्लाका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्न र खास गरी द्वन्द्व प्रभावित बालबालिकाका लागि कार्यक्रम तय गर्न;
- अर्थ मन्त्रालय, गृह मन्त्रालय, शिक्षा मन्त्रालय तथा राष्ट्रिय योजना आयोगको समेत समन्वयमा विगतमा सैन्य प्रयोजनका लागि उपयोग गरिएका बालबालिकालाई समाजमा एकीकरण गर्न उनीहरूको भौतिक, शारीरिक, मनोवैज्ञानिक तथा आध्यात्मिक अभिरुचिअनुसार शिक्षा, व्यवसायिक तालिम, आय आर्जनका गतिविधि तथा मनोवैज्ञानिक परामर्श गर्ने व्यवस्था तत्काल सुरु गर्न ;
- पारिवारिक पुनर्मिलन र पूर्ण सामाजिक पुन:स्थापनाका लागि संलग्न नागरिक समाज वा संघसँस्थाको पहिचान गरी उक्त संघसस्था मार्फत सो कार्य तत्काल सञ्चालन गर्न ;
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट कब्जा वा अपहरण वा अन्य हिसावले नियन्त्रणमा लिएपछि विभिन्न प्रक्रिया वा माध्यमबाट मुक्त भएका बालबालिकाहरूलाई निर्भयतापूर्वक शिक्षा हाँसिल गर्ने बातावरण सुनिश्चित गर्न ;

६. **राष्ट्रिय योजाना आयोग, बालबालिका शाखा**

राष्ट्रिय योजाना आयोग, बालबालिका शाखाले द्वन्द्वपीडित बालबालिकाका लागि तत्काल नीति तर्जुमा गरी सो को आवश्यक बजेटको समेत व्यवस्था र केन्द्रीय तथा जिल्ला बालकल्याण समितिका बीच समन्वयात्मक किसिमले कार्य सुरु गर्न ;

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी)लाई आव्हान

- ने.क.पा. माओवादी र सो पार्टीको भ्रातृसँगठन अखिल क्रान्तिकारीले १८ वर्षभन्दा तलका कुनै पनि बालबालिकालाई अपहरण गरी अभियानमा लैजाने कार्य तत्काल बन्द गर्न ;
- ने.क.पा. माओवादीले सशस्त्र द्वन्द्वमा विद्यालयको अत्यधिक प्रयोग गरेको पाइएकोले बालबालिका शान्तिक्षेत्र हुन भन्ने मान्यताको अक्षरसः पालना गर्नुपर्दछ । यसका लागि माओवादी केन्द्रीय नेतृत्वबाटै सार्वजनिक रूपमा आव्हान गर्न ;
- वेवारिसे वम छाड्ने कार्य तत्काल बन्द गर्नुपर्दछ र सो कारणबाट हुन पुगेको हत्या अङ्गभङ्ग जस्ता घटनाहरू प्रति छानबिन तथा जिम्मेवारी स्वीकार गर्न ;
- माओवादी पार्टीमा आदेश संरचना **Command Structure** को पूर्ण पालना गर्न ;

- बालबालिकालाई कुनै पनि परिस्थितिमा सशस्त्र द्वन्द्वमा प्रयोग गर्नहुँदैन भन्ने कुरालाई अनिवार्य रूपमा परिपालना गर्न माओवादीले कम्तिमा पनि तलका विषयमा तत्काल कार्यान्वयन गर्ने गरी प्रतिवद्धता सार्वजनिक गर्न :-
  - (क) कुनै पनि अवस्थामा १८ वर्षमनिका बालबालिकालाई सशस्त्र द्वन्द्वमा प्रयोग नगर्ने कुरा सुनिश्चित गर्न;
  - (ख) माओवादीद्वारा सैनिक प्रयोजन लगायत सशस्त्र द्वन्द्वमा प्रयोग गरिएका समूहबाट तत्काल उनीहरूलाई मुक्त गरी सुरक्षित रूपमा घर फर्काउने कुरा सुनिश्चित गर्न ;
  - (ग) कुन विद्यालयमा भर्ना गराई कस्तो शिक्षा दिने भन्ने विषय सम्बन्धित अभिभावकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको विषय भएकोले बालबालिकासमेत विद्यालयलाई शान्ति क्षेत्र मानेर विद्यालय भवन तथा विद्यालयका हाता वरिपरि विद्यालयसँग असम्बन्धित कुनै पनि क्रियाकलाप गरिनेछैन भनी सुनिश्चित गर्न ;
  - (घ) कुनै पनि उद्देश्यका लागि बालबालिका अपहरण गर्ने कार्यलाई अविलम्ब र अनिवार्य रूपमा रोक्न ;
  - (ङ) विगतमा सैन्य प्रयोजनका लागि उपयोग गरिएका बालबालिकालाई समाजमा एकीकरण गर्न उनीहरूको भौतिक, शारीरिक, मनोवैज्ञानिक तथा आध्यात्मिक अभिरुचिअनुसार शिक्षा, व्यवसायिक तालिम, आय आर्जनका गतिविधि तथा मनोवैज्ञानिक परामर्श गर्ने काममा सहयोग पुर्‍याउन ;
  - (च) पारिवारिक पुनर्मिलन र पूर्ण सामाजिक पुनःस्थापनाका लागि संलग्न नागरिक समाज वा संघसँस्थाको कार्यमा बाधा नपुर्‍याई आवश्यक सहयोग गर्ने प्रतिवद्धता सार्वजनिक गर्न ;
  - (छ) माओवादीका कार्यकर्ताद्वारा हाल पनि जारी राखेको जबर्जस्ती चन्दा, सम्पत्ति जफत, जबर्जस्ती भर्ना, बारुदी सुरुङ्ग तथा विष्फोटक पदार्थको जथाभावी प्रयोग तत्काल रोक्न ;
  - (ज) माओवादीले अभियानमा लिएर जाँदा मृत्यु भएका लगायत अन्य मृतक कार्यकर्ताको अभिलेख राखी सम्बन्धित परिवारका सदस्यलाई अविलम्ब जानकारी दिन ;

## अखिल (क्रान्तिकारी)

- अखिल क्रान्तिकारी तथा माउ पार्टी माओवादीले विद्यालय हाता परिसरमा ट्रेन्च खन्ने काम तत्काल बन्द गर्न र
- विद्यार्थीहरूलाई अपहरण गरी सशस्त्र द्वन्द्वमा प्रयोग गर्न तत्काल बन्द गर्न र यो व्यहोराका साथै मानवीय कानुनको अक्षरसः पालना गर्नमा आफ्ना इकाइ सँगठनहरूलाई तत्काल आव्हान ;

## (ख) आयोगले विभिन्न मितिमा प्रेस विज्ञप्ति मार्फत मानव अधिकार संरक्षण र सम्बर्द्धनको निमित्त गराएको ध्यानाकर्षण

च.नं. मितिः २०६२/१/२८

**श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय**
सिंहदरवार, काठमाडौ ।

**विषय : सिफारिश गरिएको सम्बन्धमा ।**

मिति २०६२।०१।०२ गते राती १०:०० वजे नवलपरासी जिल्लाको सोमनी गा.वि.स. वडा नं. ७ वर्गदवामा ने.क.पा. (मओवादी) द्वारा गरिएको हत्याको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०६२।१।५ देखि १० गते सम्म अनुगमन/अनुसन्धान गरी विभिन्न तथ्यहरू संकलन गरिएको छ । प्राप्त तथ्यहरूका आधारमा तपसिल बमोजिमको व्यवस्था गर्नका लागि सिफारिश गरिएको छ ।

**सिफारिश**

१. श्री ५ को सरकार गृह मन्त्रालयको मिति २०६१।११।१२ गतेको पत्र संख्या विविध १९।०६१।०६२ च.नं.१७७८ को पत्रानुसार माओवादीद्वारा मारिएको व्यक्तिको परिवारलाई आर्थिक सहयोग स्वरूप रु. एक लाख पचास हजार उपलब्ध गराउने नीति भएको भन्ने देखिंदा मिति २०६२।०१।०२ गते माओवादीहरूबाट मारिएका दिनेश कोहार, दिपेन्द्र चौधरी, भरत यादव, वडघड धोवी भन्ने चन्द्रमान वरेठा, हृदयेश यादव, कमलेश यादव, अभिमन्यू चौधरी, विजय चौधरी, राजेन्द्र चौहान र दिनेश चौधरीको परिवारलाई जनही रु.१,५०,०००।- (रु.एक लाख पचास हजार) का दरले क्षतिपूर्तिको व्यवस्था गर्न ।
२. उक्त घटनामा घाइते भएका विरामीहरूको औषधोपचार लगायतमा लागेको सम्पूर्ण खर्च राज्यको तर्फबाट व्यवस्था गर्न ।
३. घर जलेकाहरूको परिवार र घर भत्काइएकाहरूको परिवारलाई यथोचित क्षतिपूर्तिको व्यवस्था गर्न ।
४. उक्त घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही गर्न ।
५. घटनापछि गाउँका मानिसहरूमा डर, त्रास कायमै रहेकोले मानिसहरू विस्थापित भएका कारण उनीहरूलाई पुर्नःस्थापित गर्न तत्कालै आवश्यक पहल गर्न ।
६. गाउँमा प्रतिकार समितिद्वारा मारिएका व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गर्न तथा दोषी उपर कारवाही गर्न तथा प्रतिकार समितिका नाममा जवर्जस्ती पहरा गर्न लगाउने, बन्दीुक भिर्न लगाउने कार्यलाई निरुत्साहित गरी गाउँमा शान्ति सुरक्षाको व्यवस्था मिलाउन ।

(ध्रुव नेपाल)
नि.सचिव

# आयोगका नयाँ पदाधीकारीहरूको नियुक्ति पश्चात पहिलो प्रेस भेटघाटमा वितरित प्रेस विज्ञप्ति

मिति :- २०६२/०३/०३

**सञ्चारकर्मी साथीहरू**

नियमित भेटघाटको क्रमलाई निरन्तरता दिने उद्देश्यले तपाइँहरूलाई आज यहाँ निमन्त्रणा गरेका छौं । सर्वप्रथम आयोगको तर्फबाट यहाँहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

आयोगको दोस्रो कार्यकाल सुरु भएपछि सदा झैं आयोगले मानव अधिकार संरक्षणको कार्यलाई अझ प्रभावकारी रूपमा अगाडि बढाएको छ र आयोगले गरेका महत्वपूर्ण कार्यको बारेमा समय समयमा सुसूचित पनि गर्ने गरिएको छ । यसैक्रममा मिति २०६२ जेठ २३ गते चितवनको कल्याणपुरस्थित बाँदरमुढे खोलामा भएको विद्युतीय धराप विष्फोटनमा परी ठूलो मात्रामा धन जनको क्षति भएको विषयमा आयोगले हालै गरेको अनुसन्धानको प्रतिवेदन, सोको आधारमा सरकारलाई गरिएको सिफारिस र माओवादीलाई गरिएको आह्वान समेत संलग्न प्रतिवेदन आजै सार्वजनिक गरिएको छ ।

मानिस जबर्जस्ती बेपत्ता पारिने क्रमलाई रोक्नका लागि कानुनबमोजिम अधिकारप्राप्त अधिकारीहरूले कानुनी प्रक्रिया पूरा गरेर पक्राउ गर्ने र थुनामा राख्ने गरेमा मात्र यस्तो समस्याबाट छुटकारा पाउन सकिन्छ अन्यथा यसको दुश्चक्र तोड्न सकिँदैन । विगतमा झैं आयोगले यो समस्यालाई प्राथमिकता दिएको छ । बेपत्ता पार्ने कार्यमा संलग्न रहेका जिम्मेवार व्यक्तिलाई नै सजाय गरिएमा मात्र यसको समाधानमा मद्दत पुग्छ भन्ने आयोगलाई लाग्दछ । बेपत्ता बनाइएको भन्ने आरोप अधिकांशतः सुरक्षा निकाय उपर लागेको हुँदा यो विषयलाई प्राथमिकता दिई परिणाममुखी र प्रभावकारी उपाय गरी सुरक्षा निकायले आफ्नो छविलाई सुधार गर्नुपर्छ भन्ने आयोगलाई लाग्दछ ।

विगतमा आयोगले श्री ५ को सरकारलाई गरेका विभिन्न सिफारिसहरूको कार्यान्वयनको विषयलाई पनि आयोगले आफ्नो प्राथमिकता भित्र पारेको छ । आयोगका सिफारिसहरू तोकिएको अवधिभित्र कार्यान्वयन गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको छ । तोकिएको अवधिभित्र कार्यान्वयन हुन नसक्ने भएमा अधारसहित आयोगमा लेखी पठाउनुपर्नेमा सो समेत हुने गरेको छैन । आयोगले हालका दिनहरूमा थुनुवा केन्द्रको निरीक्षणलाई नियमितता दिएको छ र निरिक्षणको क्रममा देखिएका सुधार गर्नुपर्ने कुराहरूमा सरकारलाई विभिन्न सिफारिसहरू गरेको छ । तर ती सिफारिसहरूको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन भन्ने कुरा आयोगले थुनुवाकेन्द्रमा पुनः निरीक्षणको क्रममा महसुस गरेको छ ।

प्रजातन्त्र, कानुनी शासन र मानव अधिकार जस्ता विषयहरू एक अर्काका परिपूरक हुन् । स्वतन्त्र न्यायपालिकाप्रतिको आस्थालाई जोगाउनु, सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोग जस्ता स्वतन्त्र निकायहरूलाई प्रभावकारी बनाउने दायित्व पनि राज्यकै हो । सरकारका कामकारबाहीहरूमा भएका त्रुटिहरू औंल्याउने यस्ता निकायहरूलाई सरकारले कत्तिको महत्व दिएको छ भन्ने आधारमा सरकारको प्रभावकारिताको मूल्यांकन हुन्छ । अदालतबाट थुनामुक्त गर्नु भन्ने आदेशबाट थुनामुक्त भएका व्यक्तिहरूलाई तत्कालै पुनः कतिपय अवस्थामा अदालतकै हाताबाट समेत पक्राउ गर्ने गरिएको भन्ने सम्बन्धमा आयोगले श्री ५ को सरकारको ध्यानाकर्षण गराएको छ । तर अझै पनि पुनः पक्राउ गरिने क्रम जारी नै रहेको भन्ने जानकारी आयोगमा प्राप्त भइरहेको छ । यस्ता कार्यले स्वतन्त्र न्यायपालिकाप्रतिको आस्थामा कमी आउने मात्र होइन, कानुनी राजको उपहास पनि हुन जान्छ । त्यसैले यस्तो कार्य तत्काल रोक्नुपर्छ ।

अभिव्यक्ति र प्रेस स्वतन्त्रताका साथै जनताको सुसूचित हुने अधिकार प्रजातान्त्रिक पद्धतिको मूल आधार नै हो । र यो मानव अधिकारको महत्वपूर्ण पक्ष पनि हो । नेपाल अधिराज्यको संविधानले यस्ता अधिकारको प्रत्याभूति गरेको छ । राज्यका कामकारबाहीले संविधानको भावना र मानव अधिकारका मूल्य र मान्यतालाई किञ्चित पनि असर पार्नु हुँदैन । राज्यको चौथो अङ्गको रूपमा रहेको सञ्चार जगत्ले पनि आफ्ना कामकारबाहीहरू जिम्मेवारीयुक्त, मर्यादित र तथ्यपरक बनाउनेतर्फ गम्भीर हुनुपर्छ भन्ने कुरामा विवाद छैन । यसको लागि राज्यले आफ्ना अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउनु पर्छ । तर

अनुगमनको नाममा प्रेस स्वतन्त्रता कुण्ठित हुने कार्य भने गर्नु हुँदैन । हालको अवस्थामा सञ्चार जगतले विभिन्न समस्याहरू भोग्नु परेको भन्ने आयोगसँगको छलफलको क्रममा जानकारी भएको छ । जसमा मुख्य गरी निजी प्रशारण संस्थाहरूलाई समाचार तथा सूचनामूलक सामाग्रीहरू प्रशारण गर्न बन्देज लागेको र सूचनाको निर्वाध प्रक्षेपणमा बाधा भएको भन्ने जस्ता समस्याहरू उठाइएका छन् । सञ्चारजगतसँग सम्बन्धित मानव अधिकारका विषयहरूलाई वस्तुगत ढंगले अध्ययन गरी उपयुक्त निकास निकाल्नेतर्फ आयोग प्रयत्नशील रहनेछ ।

मानव अधिकार संस्कृति निर्माणको लागि राज्य संयन्त्रले आफ्ना व्यवहार र सोचमा आमूल परिवर्तन ल्याउनुपर्ने हुन्छ र औल्याईएका त्रुटिहरू सच्याउँदै जानुपर्छ । राज्यसामु देशको सुरक्षाको चुनौती रहेको कुरा सबैले महसुस गरेकै छन् । तर मानव अधिकारका मूल्य र मान्यतालाई पनि उत्तिकै महत्व दिँदै गएमा मात्र देशका सामु रहेका कठिन चुनौतीको सामना गर्न आत्मबल प्राप्त हुन्छ । आयोग पनि कानुनले दिएको दायित्वलाई अगाडि राखेर एउटा जिम्मेवार निकायको रूपमा आफूलाई जनता सामु उभ्याउन कटिवद्ध छ । तर मानव अधिकारको संस्कृतिको निर्माणमा राज्य संयन्त्रलाई सघाउन सञ्चार जगत, व्यवसायिक संस्थाहरू, नागरिक समाज लगायत गैरसरकारी संस्थाहरूको भूमिकालाई पनि हामीले बिर्सन हुँदैन । देशभर छरिएर रहेका यस्ता संस्थाका सञ्जाललाई राज्यले प्रभावकारीरूपमा उपयोग गर्नुपर्छ । मानव अधिकारको संरक्षणमा संलग्न गैरसरकारी संस्थाहरूसँको सहकार्यले आयोगको कामकारबाहीलाई पनि सहयोग पुऱ्याउँछ भन्ने हामीलाई लाग्दछ । यस्ता गैरसरकारी संस्थाहरूका कामकारबाहीमा रहेका चुनौतीहरूको विषयमा पनि छलफल गर्न आयोग सधैं तयार छ ।

**आयोगका तर्फबाट**
केदारप्रसाद पौड्याल
प्रवक्ता

## (ग) आयोगद्वारा प्रेसित केही महत्वपूर्ण प्रेस विज्ञप्तिहरू

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति २०६१/४/१

### प्रेस विज्ञप्ती

विगत एक दशक देखि सुरु भएको आन्तरिक द्वन्द्वका कारण द्वन्द्वरत पक्षबाट मानव अधिकार तथा मानवीय कानूनको व्यापक उल्लंघन भएको सन्दर्भमा सुरक्षाकर्मीबाट पक्राउ गरी वेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरूको एक समूहले आज मिति २०६१ श्रावण १ गते बेपत्ता पारिएका आफ्ना आफन्तलगायत १०३ जना मानिसहरूको बारेमा स्थिति सार्वजनिक तथा रीहाइको लागि पहल गर्न आयोगमा अनुरोध पत्र बुझाएका छन् । आयोगमा हालसम्म १३८१ जना व्यक्तिहरू बेपत्ता तथा अपहरण भएको भनी उजुरी परेबाट देशको मानव अधिकारको स्थिति गम्भीर भएको छ । तसर्थ गिरफ्तार तथा पक्राउ गरिएका नागरिकहरूको स्थिति बारे परिवार तथा नातेदारहरूले यथार्थ जानकारी पाउनु संवैधानिक अधिकार समेत भएको हुँदा यो विषयलाई आयोगले गम्भीर रुपमा लिई श्री ५ को सरकारको सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने भएको छ ।

२०६१/४/१

(राधाकृष्ण उप्रेती)
उप-सचिव

हरिहर भवन, पुल्चोक, फोन नं. ५५२५६५९, ५५२५८४२, ५५४७९७४, ५५४७९७५, ५५४७९७६, ५५४७९७८
पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्स: ५५४७९७३, ईमेल: nhrc@ntc.net.np

राष्ट्रिय मानव अधिकार आयोग
मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति : २०६१/०४/०८

## प्रेस विज्ञप्ति

आज मिति २०६१/०४/०८ गते राष्ट्रिय मानव अधिकार आयोगले बालबालिकाको स्वास्थ्य सुरक्षाको लागि विभिन्न 'खोप' कार्यक्रमहरूलाई निर्वाधरूपमा सञ्चालन गरी बालबालिकाको अधिकारको संरक्षण गर्नको लागि वर्तमान अवस्थामा देखापरेका समस्याका सम्वन्धमा श्री ५ को सरकार, WHO, UNICEF, मानव अधिकार सम्वन्धी संघ संस्थाहरुका प्रतिनिधिहरूबीच छलफल कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा मिति २०६१ असोज महिना देखि चरणवद्धरुपमा संचालन हुने दादुरा सम्वन्धी खोप कार्यक्रमलाई वाधा-अवरोध विना सम्पन्न गर्न देखा परेका समस्या, समाधानका उपाय र त्यसको लागि समाजका विभिन्न वर्गहरुबाट पुऱ्याउन सकिने सहयोगको विषयमा सहभागीहरुले आ-आफ्नो धारणा प्रस्तुत गरे । उक्त कार्यक्रममा बालबालिकासंग सम्वन्धीत विभिन्न क्षेत्रहरु, युनिसेफ, विश्व स्वास्थ्य संगठन, नागरिक समाजका प्रतिनिधिहरु, मानव अधिकारबादी तथा संचारकर्मीहरु, ट्रेड युनियन, नेपाल वार एशोसियसन र राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरु सम्माननीय डा. गौरी शंकर लाल दास, माननीय शुसील प्याकुरेलका साथै आयोगका का.मु. सचिव केदार प्रसाद पौड्यालको समेत उपस्थिति थियो । यसै सिलसिलामा आयोगको संयोजकत्वमा विभिन्न संस्थाका प्रतिनिधिहरू संलग्न रहेको कार्यदल गठन गर्ने समेत सहमति भयो ।

खोप कार्यक्रमलाई सफल पारी बालअधिकारको रक्षाजस्तो पवित्र कार्यमा सहभागी हुन समाजका सम्पूर्ण वर्ग, नागरिक समाज राजनीतिक दल लगायत नेकपा माओवादीलाई समेत आव्हान गरिएको छ ।

(राधाकृष्ण उप्रेती)
उप-सचिव

हरिहर भवन, पुल्चोक, फोन नं. ५५२५६५९, ५५२५८४२, ५५४७९७४, ५५४७९७५, ५५४७९७६, ५५४७९७८
पो.व.नं. ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्स: ५५४७९७३, ईमेल: nhrc@ntc.net.np

# दादुरा खोप अभियानमा सहयोगको लागि

## अपिल

दादुराबाट बच्न खोप लगाउन पाउनु बालबालिकाको अधिकार हो, उनीहरूको यो अधिकार सुनिश्चित गर्नु हामी सबैको कर्तव्य हो ।

दादुराले संसारमा वर्षेनी ७७ लाख ७० हजार बच्चाहरू मर्दछन् । नेपालमा गत वर्ष मात्र १ लाख ३३ हजार बालबालिकालाई दादुरा रोग लाग्यो जसमध्ये करिव पाँच हजार बालबालिकाको मृत्यु भएको र कैयौं बालबालिका अन्धा, बहिरा र मानसिक बिरामी भएको कुरा अनुमान गरिएको छ । यस्तो खतरनाक रोगबाट बालबालिकालाई बचाउने एउटा मात्र उपाय हो **दादुराको खोप ।**

बालबालिका हामी सबैको साझा सरोकार, जिम्मेवारी र भविष्य हुन् । तिनको जीवन प्रति गम्भीर बनौं र सुरु हुन लागेको खोप अभियानमा सहभागी बनौं । आगामी वर्ष भित्र नै दादुरा रोगबाट हुने मृत्यु दरमा ५० प्रतिशतले कमी ल्याउने उद्देश्यले नेपाल भरि बृहत् दादुरा खोप अभियान सञ्चालन गरिँदै छ । यो अभियान देहाय बमोजिम ३ चरणमा सञ्चालन हुँदैछ । प्रत्येक चरण करिव ३ हप्ता सम्म चल्नेछ ।

- पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रका सबै जिल्लाहरूमा २०६१ साल आश्विन ५ गते देखि ।
- पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर-पश्चिमाञ्चल क्षेत्रका तराई र पहाडका जिल्लाहरूमा २०६१ साल पौष २० गते देखि ।
- ६ हिमाली जिल्लाहरू (हुम्ला, जुम्ला, मुगु, डोल्पा, मनाङ्ग र मुस्ताङ्ग) मा २०६२ साल वैशाख महिनामा ।

दादुरा खोप अभियान राष्ट्रिय, अन्तर्राष्ट्रिय र संयुक्त राष्ट्र संघको विभिन्न निकायको सहयोगमा सञ्चालन हुँदैछ । बाल जीवनको रक्षाको लागि सञ्चालन हुन लागेको यो अभियानलाई सफल बनाई बाल अधिकारको रक्षा गर्नु हामी सबैको कर्तव्य र दायित्व हो ।

देश अहिले हिंसात्मक द्वन्द्वको चपेटामा परेको छ तर जस्तो सुकै अवस्थामा पनि बाल जीवनको रक्षाको लागि गरिने प्रयत्नहरूमा संलग्न हुनु र सहयोग गर्नु हाम्रो जिम्मेवारी हो । त्यसैले राष्ट्रिय मानव अधिकार आयोगले यस अभियानलाई सफल पार्न सहयोग गर्ने उद्देश्यले नागरिक समाजको संलग्नतामा एउटा कार्यदलको गठन गरेको छ ।

खोप कार्यक्रम सञ्चालन गरिने अवधिभर कसैबाट पनि यसलाई वाधा पुग्ने गरी कुनै क्रियाकलाप नगरिदिन हार्दिक अनुरोध गरिन्छ । विशेषगरी सुरक्षाकर्मी र नेकपा (माओवादी) बाट उक्त अवधि भर संयम अपनाउन तथा खोप सामग्रीलाई तोकिएको स्थानमा पुर्‍याउन र स्वास्थ्य कर्मीहरूलाई तोकिएको खोप केन्द्रहरूमा पुग्न एवं ९ महिनादेखि १५ वर्ष मुनिका बाल बालिकालाई खोप केन्द्रहरूमा पुर्‍याउन सहयोग गर्न सबै राजनैतिक दल, समाजसेवी एवं स्वयमसेवी संस्थाहरू, नागरिक समाज, शिक्षक, विद्यार्थी, सरकारी तथा गैरसरकारी संस्थाहरू सबैलाई विनम्रतापूर्वक आह्वान गर्दछौं ।

**राष्ट्रिय मानव अधिकार आयोग**

**"दादुराबाट मुक्ति बालबालिकाको अधिकार"**

राष्ट्रिय मानव अधिकार आयोग
मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति :- २०६१/०७/०३

# प्रेस विज्ञप्ति

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्रीको नेतृत्वमा सदस्यद्वय डा. गौरीशंकर लाल दास र सुशील प्याकुरेलले प्रधानमन्त्री श्री शेरबहादुर देउवासँग भेट गरी नेपालमा बढ्दै गएको नागरिकहरु बेपत्ता पारिने कार्यप्रति आयोगको गम्भीर चासो तथा आयोगद्वारा तयार पारको मानव अधिकार सम्झौतामा हस्ताक्षर गर्ने प्रक्रिया अघि बढाउने सम्बन्धमा ध्यानाकर्षण गराउँदै आयोगले एक पत्र प्रेषित गरेको छ।

उक्त पत्रमा "नेपाल नागरिकहरू बेपत्ता पारिने मुलुकहरूको अग्रपंक्तिमा रहेको कुरा स्मरण गराउँदै यस विषयमा गम्भीर हुन प्रधानमन्त्रीलाई अनुरोध गर्दै कानूनी प्रक्रिया अवलम्बन नगरी सैनिक ब्यारेकमा ठूलो संख्यामा राखिएका व्यक्तिहरूलाई कानूनी प्रक्रियामा लैजाने काममा भएको ढिलाई र विभिन्न चरणमा ज्यादै सानो संख्यामा मात्र बेपत्ता पारिएका व्यक्तिहरूको बारेमा जानकारी दिने गरिएको प्रति आयोग सन्तोष व्यक्त गर्न सक्दैन" भनिएको छ।

पत्रमा "द्वन्द्वरत पक्षहरूले मानव अधिकारप्रति व्यावहारिक प्रतिबद्धता दर्शाउन नसकेमा मानव अधिकारको स्थिति अझै गम्भीर बन्दै जाने र यसको नकारात्मक प्रभाव निःशस्त्र र निर्दोष जनतामा पर्ने कुरा उल्लेख गर्दै यस्तो अवस्थामा आयोगद्वारा २०६० वैशाख २६ गते श्री ५ को सरकार र नेकपा (माओवादी) लाई उपलब्ध गराइएको 'मानव अधिकार सम्झौता'मा हस्ताक्षर हुन सकेमा यसले द्वन्द्वमा हुने अमानवीय कार्यमा रोक लगाउँदै शान्ति प्रक्रियालाई अगाडि बढाउन प्रभावकारी भूमिका खेल्न सक्ने भएकोले श्री ५ को सरकारबाट उक्त मानव अधिकार सम्झौतामा हस्ताक्षर गर्ने प्रक्रियालाई अगाडि बढाउन" अनुरोध गरिएको छ।

२०६१।७।३

(राधाकृष्ण उप्रेती)
उप-सचिव

हरिहर भवन, पुल्चोक, फोन नं. ५५२५६५९, ५५२५८४२, ५५४७९७४, ५५४७९७५, ५५४७९७६, ५५४७९७८
पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्स: ५५४७९७३, ईमेल: nhrc@ntc.net.np

राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति :- २०६१/७/११

## प्रेस विज्ञप्ति

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री नयनबहादुर खत्रीले आज प्रधानमन्त्री श्री शेरबहादुर देउवालाई एक पत्र लेखी '२०६१।६।२७ मा श्री ५ को सरकारले जारी गरेको **आतङ्ककारी तथा विध्वंसाात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१** प्रति आयोगको ध्यानाकर्षण भएको' जनाउनुभएको छ ।

उहाँले आफ्नो पत्रमा 'संसद्ले २ वर्षको अवधि तोकी बनाएको कानूनको समयावधि पूरा भएपछि संसद् नभएको अवस्थामा पटक पटक अध्यादेश जारी गरी संसद्ले बनाएको कानूनमा भएको नजरबन्दमा राख्नसक्ने अवधिलाई बढाई १ वर्षसम्म सुरक्षा अधिकारीद्वारा नजरबन्दमा राख्न पाउने व्यवस्था संवैधानिक तथा संसदीय मनसायको समेत विपरीत देखिएका' भन्नुभएको छ ।

प्रधानमन्त्रीलाई लेखिएको उक्त पत्रमा 'वर्तमान अध्यादेशले मानव अधिकारको उपभोगलाई संकुचन गर्न सुरक्षा निकायलाई बढी अधिकार प्रदान गरेकाले यो मानव अधिकारको मान्य सिद्धान्त विपरीत पनि भएको हुँदा आयोगले यसलाई गम्भीरतापूर्वक लिएको बताउँदै श्री ५ को सरकालाई मानव अधिकारसित सम्बन्धित कुनै पनि कानून वा अध्यादेश प्रस्ताव गर्नुभन्दा अघि मानव अधिकार आयोग ऐन, २०५३ अनुसार आयोगसित परामर्श गर्न' पनि अनुरोध गरिएको छ ।

साथै पत्रमा 'बडा दशैंको अवसरमा श्री ५ को सरकार र नेकपा (माओवादी) को आक्रामक फौजी कारवाही नगर्ने नीतिले लामो समयदेखिको हिंसात्मक गतिविधिमा न्यूनीकरण भएको सन्दर्भमा वर्तमान नीतिमा कायमै रही शान्ति प्रक्रियालाई अगाडि बढाउन आयोग सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष आह्वान गर्दछ' भनिएको छ ।

६१/६/११

राधाकृष्ण उप्रेती
उपसचिव

हरिहर भवन, पुल्चोक, फोन नं. ५५२५६५९, ५५२५८४२, ५५४७९७४, ५५४७९७५, ५५४७९७६, ५५४७९७८
पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्स: ५५४७९७३, ईमेल: nhrc@ntc.net.np

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति :- २०६१/९/१३

## प्रेस विज्ञप्ति

विगत केही समयदेखि नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले विभिन्न मार्गहरुलगायत देशका विभिन्न जिल्लामा गरेको यातायात बन्द तथा नाकाबन्दीका कारणले आम नागरिकको जनजीवन अत्यन्तै कष्टकर बन्दै गएको छ । यसैक्रममा माओवादीले सर्वसाधारण चढेका सवारी साधन तथा खाद्यान्न बोकेका मालबाहक ट्रकहरुमा आगजनी गर्ने, एम्बुलेन्स जस्ता अति आवश्यक सवारी साधनमा समेत अवरोध पुऱ्याउने, सार्वजनिक महत्वका ठाउँमा आवागमन बन्द गर्ने, राजमार्गमा रुखहरु ढालेर सर्वसाधारणको आवतजावतको स्वतन्त्रतालाई कुण्ठित गर्ने, गैरसैनिक क्षेत्रमा विष्फोट गराउने, विकास निर्माणका संरचना ध्वस्त पार्ने, विद्यालयमा बङ्कर खन्ने, शिक्षक, विद्यार्थी तथा सर्वसाधारणलाई जबर्जस्ती अपहरण गर्ने जस्ता कार्यहरु गरेको पाइएको छ । यस्ता कार्यहरु मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनका प्रावधान विरुद्ध मात्र मात्र नभएर सिङ्गो मूलुक र मानव सभ्यता विरुद्धका कार्य हुन । जुनसुकै बहानामा गरिएका भए पनि यी कार्यहरु सर्वसाधारण जनताका हित विरोधि कार्य हुन् । माओवादी पक्षबाट गरिँदै आएका यस्ता किसिमका कार्यहरुले नागरिकहरुको निर्वाध आवत जावतको स्वतन्त्रता तथा मानवीय राहतका कार्यक्रममा अवरोध पुगेको मात्र नभई जनताको भेला हुने अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, संगठन गर्ने स्वतन्त्रता आदिमा समेत गम्भीर असर परेको छ । साथै खाद्यान्न, औषधोपचार लगायत मानवीय आवश्यकताका आधारभूत वस्तुहरुको आपूर्तिमा समेत गम्भीर असर पुग्न गएको छ । अतः राष्ट्रिय मानव अधिकार आयोग नेपाल कम्युनिष्ट पार्टी (माओवादी) लाई सर्वसाधारणलाई व्यापक रुपमा असर पर्ने त्यस्ता कार्यक्रम अविलम्ब फिर्ता लिन र निम्नबमोजिम व्यवहार गर्न आह्वान गर्दछ :

- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले जेनेभा महासन्धिका साथै विश्वव्यापी मानव अधिकारको घोषणा पत्रलाई सम्मान गर्ने भनी २०६० चैत्र ३ गते गरेको प्रतिबद्धता व्यवहारिक रुपमा पालना गर्न,
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सशस्त्र विद्रोही समूहको हैसियतमा पनि मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनका सिद्धान्तलाई व्यवहारमा उतार्नुपर्छ भनी राष्ट्रिय मानव अधिकार आयोगले २०६१ जेठ १४ मा नेकपा (माओवादी) लाई पठाएको नेकपा (माओवादी)ले तत्काल अवलम्बन गर्नुपर्ने न्यूनतम सर्तहरुलाई कार्यान्वयन गर्न,
- राजधानीलगायत देशभरिका विभिन्न ठाउँमा लगाइएको नाकाबन्दी तुरुन्त फिर्ता लिन,
- सर्वसाधारणलगायत सशस्त्र विद्रोहमा भाग नलिएका वा लिन नचाहने सबैलाई जेनेभा महासन्धिका प्रावधान अनुरुप व्यवहार गर्न ।

केदारप्रसाद पौड्याल
का. मु. सचिव

हरिहर भवन, पुल्चोक, फोन नं. ५५२५६५९, ५५२५८४२, ५५४७९७४, ५५४७९७५, ५५४७९७६, ५५४७९७८, ५५२२७०९
पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्सः ५५४७९७३, ईमेलः nhrc@nhrc-nepal.org.np

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

मिति :- २०६१।१०।२१

## प्रेस विज्ञप्ति

देशको परिवर्तित परिस्थिति र संकटकाल लागू भएको सन्दर्भमा मानव अधिकारको संरक्षणको विषयमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । संयुक्त राष्ट्र संघको सदस्य र मानव अधिकार सम्बन्धी सबै प्रमुख सन्धिसम्झौताहरुको पक्षराष्ट्रको नाताले मानव अधिकारहरुको संरक्षण गर्नु नेपालको दायित्वभित्र पर्दछ । जस्तोसुकै अवस्थामा पनि नेपाल अधिराज्यको संविधान २०४७ को मूल मर्मअनुसार संकटकालको अवस्थामा समेत बहुदलीय प्रजातन्त्र र मानव अधिकारको संरक्षणको दायित्व प्रति सचेत रहन आग्रह गर्दै संविधानप्रदत्त शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा संलग्न हुन पाउने हकको उपभोग गर्न सक्ने अवस्था सिर्जना गर्न तथा मानव अधिकारकर्मीहरुको सुरक्षाप्रति सजग रहन समेत आयोग सरकार समक्ष अनुरोध गर्दछ ।

साथै, देशलाई लामो समयसम्म संचारविहीन अवस्थामा राख्दा जनताका न्यूनतम अधिकारहरुको उपभोगमा प्रतिकूल प्रभाव परिरहेको स्थितितर्फ ध्यानाकर्षण गराउँदै कुनै पनि निर्णय गर्दा मानव अधिकारका स्थापित मान्यताहरुको सम्मान गर्न समेत आयोग श्री ५ को सरकारसमक्ष अनुरोध गर्दछ ।

केदारप्रसाद पौड्याल
का. मु. सचिव

PR for ...

हरिहर भवन, पुल्चोक, फोन नं. ५५२५६५९, ५५२५८४२, ५५४७९७४, ५५४७९७५, ५५४७९७६, ५५४७९७८, ५५२२७०९

राष्ट्रिय मानव अधिकार आयोग
मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति :- २०६२।१।१६

## प्रेस विज्ञप्ति

राष्ट्रिय मानव अधिकार आयोगले पूर्व प्रधानमन्त्री शेरबहादुर देउवालाई गत बुधवार मध्यरातमा पक्राऊ गरिएको विषयमा आज प्रधानमन्त्री तथा मन्त्रिपारिषदको कार्यालयलाई एक सिफारिस पत्र पठाएको छ ।

आयोगले पठाएको पत्रमा नेपाल अधिराज्यको संविधान, २०४७ को प्रावधान तथा श्री ५ को सरकारले २०६०।१२।२६ मा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको कार्यान्वयनका सम्बन्धमा गरेको प्रतिबद्धताको दफा ४ मा समेत "प्रचलित कानून बमोजिम बाहेक कसैलाई पनि रातको समयमा पक्राउ गरिने छैन" भन्ने व्यवस्था भएको सन्दर्भमा रातको समयमा पक्राउ गर्ने कार्य प्रचलित कानून तथा प्रतिबद्धता विपरीत हुँदा उक्त घटनालाई आयोगले मानव अधिकार उल्लंघनको रुपमा लिएको उल्लेख गरिएको छ ।

आयोगले सोही पत्रमार्फत पूर्व प्रधानमन्त्री देउवालाई मध्यरातमा पक्राउ गर्ने घटनामा संलग्न दोषीउपर कार्वाही गरी भविष्यमा यस्ता उल्लंघनका घटना नहुनेतर्फ आवश्यक व्यवस्था मिलाउन समेत सिफारिस गरेको छ ।

केदारप्रसाद पौड्याल
का. मु. सचिव तथा प्रवक्ता

हरिहर भवन, पुल्चोक, फोन नं. ५५२५६५९, ५५२५८४२, ५५४७९७४, ५५४७९७५, ५५४७९७६, ५५४७९७८, ५५२२७०९
पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्सः ५५४७९७३, ईमेलः nhrc@nhrc-nepal.org.np

राष्ट्रिय मानव अधिकार आयोग
मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति २०६२/१/१९

# प्रेस विज्ञप्ति

विगत केही दिनदेखि नेकपा माओवादीले सुचारु रुपमा पठन पाठन सञ्चालन भइरहेको अवस्थामा भैरहवास्थित सनसाइन आवासीय उच्च माध्यमिक विद्यालय, कैलालीको एभरेष्ट आवासीय उच्च माध्यमिक विद्यालय, चितवनको स्मल हेभन माध्यमिक विद्यालय, नेपालगञ्जको वागेश्वरी वोर्डिङ्ग स्कुल, पोखराको युर्निभर्सल वोर्डिङ्ग स्कुल लगायत विभिन्न शैक्षिक संस्थाहरूमा बम प्रहार गरी विद्यालयलाई क्षतिग्रस्त तुल्याएकाले बालबालिकाहरुको पठन पाठनमा असर पारेको भन्ने विषयले आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

विद्यालय जस्तो पवित्र शैक्षिक संस्थाहरूमा गरिने आक्रमणले बालबालिकाहरूमा मनोवैज्ञानिक असर पार्नुका साथै पढाइमा समेत दूरगामी प्रभाव पार्ने हुन्छ । आयोगले यस अघि पनि नेकपा माओवादीलाई पटक पटक मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न आग्रह गरिरहेको सर्न्दभमा यस्तो घटना घट्नुलाई आयोगले गम्भीर रुपमा लिएको छ । बालबालिका र विद्यालय शान्ति क्षेत्र हुन् भन्ने भनाईलाई सार्थक तुल्याउन शैक्षिक संस्थाहरूलाई शान्ति क्षेत्रको रूपमा मान्यता दिई त्यस्ता संस्थाका हाताभित्र शिक्षा वा शान्ति भङ्ग गर्ने क्रियाकलापलाई प्रोत्साहन नगर्न, नगराउन समेत आयोग सम्बन्धित पक्षहरूलाई आग्रह गर्न चाहन्छ ।

केदारप्रसाद पौडयाल
का. मु. सचिव तथा प्रवक्ता

हरिहर भवन, पुल्चोक, फोन नं. ५५२५६५९, ५५२५८४२, ५५४७९७४, ५५४७९७५, ५५४७९७६, ५५४७९७८, ५५२२७०९
पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्स: ५५४७९७३, ईमेल: nhrc@nhrc-nepal.org.np

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति-२०६२/२/२४

## प्रेस विज्ञप्ति

चितवनको कल्याणपुर गाउँ विकास समिति माडीस्थित बाँदरमुढे खोलाको पुलमा हिजो ने.क.पा. ( माओवादी ) ले विच्छयाएको विद्युतीय धरापमा परी ३५ सर्वसाधारण सहित तीन जना सैनिकको मृत्यु एवं ७२ जनाभन्दा बढी घाइते भएको भनी प्रकाशित/प्रसारित समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक यातायातका सवारी साधनलाई लक्षित गरी यस खालको घटना घटाउनु अत्यन्तै अमानवीय कार्य हो । यसर्थ जुनसुकै पक्षबाट सो घटना घटाइएको भएपनि आयोग घटनाको भर्त्सना गर्दछ ।

सो घटनाको अनुसन्धानका सिलसिलामा आयोगका सदस्य सुदीप पाठकको नेत्तृतवमा तीन सदस्यीय अनुसन्धान टोली आयोगको केन्द्रीय कार्यालयबाट आजै घटनास्थल प्रस्थान गरिसकेको छ । आयोगले उक्त घटनाका घाइतेहरूको उपचार भइरहेको काठमाडौंस्थित अस्पतालमा समेत तथ्य सङ्कलन गर्न कर्मचारीहरू खटाएको छ ।

यसैगरी सशस्त्र द्वन्द्वका कारण मुलुकका विभिन्न भागबाट विस्थापित भएर केही दिन अघिसम्म काठमाडौंको खुला मञ्चमा आश्रय लिइरहेका विस्थापितहरूलाई सुरक्षाकर्मीले ज्यादती गरेको र त्यसमध्ये रूकुमका गणबहादुर घर्तीको सुरक्षाकर्मीले हस्ताक्षेप गर्दा लागेको चोटका कारण मृत्यु हुन पुगेको भन्ने आमसञ्चारका माध्यममा प्रकाशित/प्रसारित समाचारप्रति पनि आयोगको ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा पनि आयोगले आजैबाट अनुसन्धान थालेको छ ।

यसका साथै आजै संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित अनुगमन कार्यालयका प्रमुख इयान मार्टिन आयोगमा आई आयोगका पदाधिकारीहसँग मानव अधिकारको वर्तमान अवस्थाबारे छलफल गर्नुभयो । सो अवसरमा नेपालमा मानव अधिकारको संरक्षणका लागि दुई कार्यालयबीच कसरी समन्वय गर्न सकिन्छ भन्ने बारेमा छलफल भएको थियो । मार्टिनले राष्ट्रिय मानव अधिकार आयोगलाई अरू सक्षम बनाउन संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयबाट निरन्तर रूपमा प्राविधिक सहयोग उपलब्ध गराउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

केदारप्रसाद पौड्याँल
का.मु. सचिव

हरिहर भवन, पुल्चोक, फोन नं. ५५२५६५९, ५५२५८४२, ५५४७९७४, ५५४७९७५, ५५४७९७६, ५५४७९७८, ५५२२७०९
पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल, फ्याक्सः ५५४७९७३, ईमेलः nhrc@nhrc-nepal.org.np

## विविध

# आयोगका क्रियाकलापहरूको एक झलक



आयोगका सम्माननीय अध्यक्ष श्री नयन बहादुर खत्री आयोगका नयाँ पदाधीकारीहरूलाई शपथ ग्रहण गराउदै,
दायाँबाट श्री सुशीला सिंह सिलु, श्री सुदिप पाठक, डा. रामदयाल राकेश र श्री गोकुल पोखेल



संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्त महामहिम लुइस आर्बरलाई आयोगमा स्वागत गर्दै
आयोगका सम्माननीय अध्यक्ष नयनबहादुर खत्री सहित पदाधीकारीहरू




आयोगका पदाधिकारीहरू (बीचमा) आयोगका अध्यक्ष नयनबहादुर खत्री, बायाँबाट सदस्यहरू क्रमश प्रा. कपिल श्रेष्ठ, श्री इन्दिरा राणा र डा. गौरीशंकर लाल दास मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्त को नेपाल स्थित कार्यालयका प्रमुख इयान मार्टीन आयोगका पदाधिकारीहरूसँग छलफल गर्दै




आयोगका पदाधिकारीहरू र नागरिक समाज बीच मानव अधिकारका विविध सवालमा छलफल गर्न आयोजित अन्तरक्रिया कार्यक्रम




आयोगको क्षेत्रीय कार्यालय, पोखराको उद्घाटन समारोहमा सहभागी हुदै आयोगका पदाधिकारी तथा आमन्त्रित महानुभावहरू




मानव अधिकार सम्झौतापत्र सम्वन्धित पक्षहरुलाई हस्ताक्षर गराउने सन्दर्भमा नागरिक समाजसँग आयोगले गरेको अन्तरक्रियाको एक झलक




आयोगका पदाधिकारीहरू तथा कुटनीतिक नियोगका प्रतिनिधि एवं दातृ राष्ट्रका प्रतिनिधिहरुसँग आयोगको गतिविधि तथा मानव अधिकारका विविध विषयमा छलफल गर्दै



नगरिक समाजले आयोजना गरको शान्ति दीप प्रजव्लनमा आयोगका सदस्य डा. राम दयाल राकेश तथा कर्मचारीहरु



अनुगमनका क्रममा स्याङजा जिल्लाको केदालीघाट वृद्ध आश्रममा आयोगका कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु तथा आश्रमका वृद्धवृद्धासँग छलफल गर्दै




आयोगद्धारा आयोजित आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रतिवेदन लेखन सम्वन्धी तालिममा श्री ५ को सरकारका विभिन्न मन्त्रालयका कर्मचारहिरु, गैर सरकारी संस्थाहरुका प्रतिनिधिहरु तथा आयोगका कर्मचारीहरु




आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को पुनरावलोकन विषयक अन्तक्रिया कार्यक्रममा आयोगका पदाधीकारीहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, बार एशोसिएशनका प्रतिनिधि तथा कानून व्यवसायीहरू



मध्यपश्चिमाञ्चलको पोखरामा आयोगका पदाधीकारीहरू तथा कर्मचारीहरू सुरक्षा निकायका प्रतिनिधिहरूसँग मानव अधिकारका विषयमा छलफल गर्दै